# बारा जिल्लाको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**छविरमण सुवेदी**
शैक्षिक सत्र २०६४-२०६६
त्रि.वि. दर्ता नं. ६-३-९९९-२३३०-२००१

**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७०/२०१३

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षका छात्र छविरमण सुवेदीले **बारा जिल्लाको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । अत्यन्त परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म पूर्णतया सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७० असोज १५
१ अक्टुबर, २०१३

**डा. नारायणप्रसाद खनाल**
प्राध्यापक
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**बारा जिल्लाको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालज्यूको निर्देशनमा तयार गरेको हुँ । आफ्नो कार्यव्यस्तताका बीच पनि शोधशीर्षक चयन गर्नका लागि कुहिरोको काग बनेको बेलामा "आफ्नै जिल्लामा रहेको देवकोटा स्मृति सभाको साहित्यिक योगदान विषयमा शोध लेख न" भनेर प्रेमपूर्वक निर्देशन तथा सल्लाह र सुझाव दिएर यो शोधपत्र तयारीका सन्दर्भमा अविस्मरणीय सहयोग गर्नुहुने श्रद्धेय गुरूप्रति म सदा ऋणी रहने छु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख तथा नेपाली विभागप्रति म कृतज्ञ छु । संस्थाको बारेमा झर्को नमानी सविस्तार बताइदिनुहुने मेरा मार्गनिर्देशक श्रद्धेय समालोचक प्रा.डा. केशवप्रसाद उपाध्यायप्रति हृदयतः कृतज्ञता ज्ञापन गर्दछु । सामग्री सङ्कलनका क्रममा आवश्यक कागजपत्र, अभिलेख, पुस्तिका र महत्त्वपूर्ण सहयोग प्रदान गर्नुहुने देवकोटा स्मृति सभाका निवर्तमान अध्यक्ष साहित्यकार निर्मोही व्यास (सहप्राध्यापक डा. वेदव्यास उपाध्याय) प्रति कृतज्ञता व्यक्त गर्नु म आफ्नो कर्तव्य ठान्दछु । सामग्री सङ्कलनकै सिलसिलामा साहित्यिक पुस्तक र संस्थाको तथ्याङ्क उपलब्ध गराइदिनुहुने सुशील मुडभरी, पृथ्वीराज पाण्डे, जंगबहादुर यादव, सुरेश मोदक, रामप्रसाद साह लगायत सङ्घसंस्थाका पदाधिकारीहरूलाई साधुवाद टक्र्याउँदछु ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा आफ्ना व्यावहारिक समस्यालाई पन्छाएर सल्लाह, सुझावका साथै शुद्धीकरणमा समेत महत्त्वपूर्ण सहयोग प्रदान गर्ने मेरा अनुज कविराज सुवेदीलाई हार्दिक आभार प्रकट गर्दछु । मेरो अध्ययनका क्षणमा अविरल प्रेरणा र हौसला प्रदान गर्नुहुने सन्तोष सापकोटाको सहयोग अविस्मरणीय रहेको छ । त्यसै गरी सामग्री सङ्कलनका क्रममा अत्यन्त हार्दिकताका साथमा सहयोग गर्ने भाइ गुणराज सुवेदीलाई धन्यवाद नदिइरहन सक्दिनँ ।

यो शोधपत्र तयारीका क्रममा विभिन्न कोणबाट अमूल्य सहयोग गर्नुहुने मेरा सहृदयी मित्रहरूप्रति आभार प्रकट गर्दछु । साथै मेरो अध्ययनमा सहयोग गर्ने जीवनसङ्गिनी सरस्वती, छोराछोरी प्रकाश, माधव र दीपा पनि प्रेरणाका स्रोत रहेका छन् । कम्प्युटर कार्यमा सहयोग पुऱ्याउने कालिका कम्प्युटर सर्भिस, नारायणगढका महेश पौडेललाई पनि धन्यवाद दिन्छु ।

अन्तमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन समक्ष प्रस्तुत गर्दछु ।

मिति : २००७ असोज १५ ----------------

१ अक्टुबर, २०१३ **छविरमण सुवेदी**

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


१.१ विषयपरिचय १

१.२ शोधसमस्या २

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको विवरण र समीक्षा ३

१.५ शोधको औचित्य, महत्त्व र उपयोगिता ४

१.६ प्राक्कल्पना ५

१.७ शोधको क्षेत्र र सीमाङ्कन ५

१.८ सामग्री सङ्कलन विधि ६

१.९ शोध-विश्लेषण-पद्धति ६

१.१० शोधपत्रको रूपरेखा ६


**परिच्छेद : दुई**

**बारा जिल्ला र कलैया नगरपालिकाका साहित्यिक सङ्घ-संस्थाहरू**


२.१ बारा जिल्लाको सङ्क्षिप्त परिचय ८

२.१.१ ऐतिहासिक परिचय ८

२.२.१.१ बारा जिल्लाको नामकरण १०

२.१.२ सांस्कृतिक पचिय ११

२.१.२.१ जातजाति ११

२.१.२.२ रहनसहन १३

२.१.२.३ भेषभूषा १३

२.२ बारा जिल्लामा क्रियाशील साहित्यिक सङ्घ-संस्थाहरू १४

२.२.१ विषयप्रवेश १४

२.२.२ साहित्य समिति बारा (२०३६) १५
२.२.३ बारा साहित्य परिषद् (२०४४) १५
२.२.४ देवकोटा स्मृति सभा (२०४८) १५
२.२.५ निजगढ साहित्य परिषद् (२०५३) १६
२.२.६ गजल गुँड प्रतिष्ठान (२०५७) १७
४.२.७ सिर्जनशील महिला समूह १८
२.२.८ नेपाल भोजपुरी प्रतिष्ठान (२०६१) १८
४.२.९ भोजपुरी प्रतिष्ठान, सिम्रौनगढ १८
४.२.१० साहित्य समाज बारा (२०७०) १९
२.३ कलैया नगरपालिकामा क्रियाशील साहित्येत्तर सामाजिक सङ्घ-संस्थाहरू १९
२.३.१ सिद्धेश्वर संस्कृत पुस्तकालय (१९९६) १९
२.३.२ पशुपति पुस्तकालय (२००३) १९
२.३.३ जनहित पुस्तकालय (२०१८) २०
२.२.४ कर्मचारी मिलन केन्द्र बारा (२०५२) २०
२.२.५ गोपाल सेवा समिति बारा (२०५३) २१
२.३ निष्कर्ष २१

**परिच्छेद : तीन**

**देवकोटा स्मृति सभाको स्थापना र विकास**

३.१ ऐतिहासिक पृष्ठभूमि २२
३.२ नामकरण २३
३.३ देवकोटाको प्रतिमा अनावरणको झलक २४
३.४ देवकोटा स्मृति सभाको प्रथम साधारण सभा र गठन प्रक्रिया २५
३.५ कार्यकारिणीको पहिलो वैठक र निर्णयहरू २८
३.६ निष्कर्ष ३०
३.७ देस्मृसको विगतदेखि वर्तमानसम्मका कार्यकारिणीका मुख्य निर्णयहरू ३०
३.८ निष्कर्ष ३५

३.९ देवकोटा स्मृति सभाद्वारा सम्मानित स्रष्टाहरूको व्यक्तिवृत्त र नामावली ३६

३.९.१ केशवप्रसाद उपाध्याय ३६

३.९.२ निर्मोही व्यास ३७

३.९.३ देवकोटा स्मृति-सभाद्वारा सम्मानित व्यक्तित्वहरूको नामावली ३८

३.१० देवकोटा स्मृति सभाद्वारा नवोदित प्रतिभाहरू ४०

३.११ देवकोटा स्मृति-सभाको पुरस्कार व्यवस्था ४१

३.११.१ बालपुरस्कार ४१

३.११.२ व्याख्यान पारितोषिक ४१

३.११.३ प्रतियोगितात्मक कवि सम्मेलन ४२

३.११.४ वरिष्ठ साहित्यकारलाई सम्मान र अभिनन्दन ४२

३.११.५ तीर्थराज प्रेमकुमारी पुरस्कार ४३

३.१२ देवकोटा स्मृति-सभाको ऐतिहासिक विकासक्रम ४३

३.१२.१ प्रारम्भिक काल ४४

३.१२.२ उत्थानकाल ४५

३.१२.३ विकासकाल ४६

३.१२.४ शिथिल काल ४७

३.१२.५ पुनरुत्थानकाल ४८

३.१३ देवकोटा स्मृतिसभाको साहित्यिक गतिविधिहरू ४९

३.१३.१ देवकोटा जयन्ती ५०

३.१३.२ भानुजयन्ती ५०

३.१३.३ सम जन्म-शताब्दी समारोह-२०५९ ५०

३.४ निष्कर्ष ५१


**परिच्छेद : चार**

**बाराको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान**


४.१ प्रकाशित कृतिहरू ५२

४.१.१ देवकोटा स्मारिका ५३

४.१.२ कृति : चेतनाको लहर ५४

४.१.३ कृति बाँसुरीमा आँसुको गीत ५६

४.१.४ स्मृति-बिम्ब ५९

४.१.५ महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह ६१

४.१.५.१ पृष्ठभूमि ६१

४.१.५.२ देवकोटा कवितामा पाइने सामाजिक-राजनैतिक चेतना ६५

४.१.५.३ देवकोटाका काव्य जगतमा प्रकृति ७२

४.१.५.४ महाकवि देवकोटाको जीवन-दर्शन ७८

४.१.५.५ देवकोटा : एक अविस्मरणीय व्यक्तित्व ८२

४.१.५.६ नेपाली बालसाहित्य क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटाको योगदान ८५

४.१.५.७ भिखारी कविता र देवकोटाको विचारधारा ९२

४.१.५.८ महाकवि लक्ष्मीप्रसाद देवकोटाको व्यक्तित्व दर्शन ९६

४.१.५.९ निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको योगदान १००

४.१.६ प्रतिभा र प्रसङ्गहरू १०३

४.२ देवकोटा स्मृति सभाको शक्ति र सीमा १०५

४.२.१ शक्ति १०५

४.२.२ सीमा १०६

४.२.३ निष्कर्ष १०७

**परिच्छेद : पाँच**

**उपसंहार तथा निष्कर्ष**

५.१ पृष्ठभूमि १०९

५.२ निष्कर्ष १०९

५.३ उपसंहार ११२

**सन्दर्भसूची**


क) पुस्तकसूची ११६

ख) शोधपत्रसूची ११६

ग) पत्रपत्रिका सूचि ११६


**परिशिष्ट खण्ड**


परिशिष्ट - एक ११८

क) अन्तर्वार्ता फाराम ११८

ख) अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नाम ठेगाना ११९

परिशिष्ट : दुई १२०

प्राध्यापक डाक्टर केशवप्रसाद उपाध्याय घिमिरेसँग लिइएको अन्तर्वार्ताको नमुना-क १२०

सहप्राध्यापक डाक्टर निर्मोही व्याससँग लिइएको अन्तर्वार्ताको नमुना - ख १२३

परिशिष्ट - तीन १२६

व्यक्तिवृत्त - क १२६

व्यक्तिवृत्त-ख १२९

परिशिष्ट - चार : बारा जिल्लाको नक्सा १३२

परिशिष्ट - पाँच : देवकोटा स्मृति सभाको प्रथम साधारण सभाको प्रतिलिपि १३३

परिशिष्ट - छ : अभिनन्दन र सम्मान-पत्रको प्रतिलिपि १४०

परिशिष्ट - सात : देवकोटा स्मृति सभाले गरेका कार्यक्रम र गतिविधिको समाचार प्रतिलिपि १४२

परिशिष्ट - आठ : बारा जिल्लाको पहिलो पुस्तकालयको पहिलो बैठकको प्रतिलिपि १४५

परिशिष्ट - नौ : पुनर्गठित कार्यसमितिलाई शुभकामनाको प्रतिलिपि १४६

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवाद |
| इ.सं. | इस्वी संवत् |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दे.स्मृ.स. | देवकोटा स्मृति सभा |
| ने.भा.प्र.स. | नेपाली भाषा प्रकाशिनी समिति |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| वि.सं. | विक्रम संवत् |
| सं. | संस्करण |
| सम्पा. | सम्पादक |
| स्व. | स्वर्गीय |

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक
# शोधपरिचय

## १.१ विषयपरिचय

नारायणी अञ्चल अन्तर्गत बाराको सदरमुकाम कलैयामा २०४६ साल असार ४ गते निर्मोही व्यासको विशेषता तत्परता र केशवप्रसाद उपाध्यायको संयोजकत्वमा देवकोटा प्रतिभा स्थापना समिति गठन भएको थियो, जसको सचिव निर्मोही व्यास रहेका थिए । सो समितिले २०४८ कार्तिक २५ गते देवकोटाको प्रतिमा अनावरण गरेको थियो । तत्पश्चात् उक्त समितिलाई वि.सं. २०४८/८/२८ गतेका दिन विघटन गरी सो समितिले अँगालेको उत्तरदायित्व र उद्देश्य वहन गर्ने गरी 'देवकोटा स्मृति सभा' को स्थापना गरिएको थियो । समालोचक प्राध्यापक डाक्टर केशवप्रसाद उपाध्यायको अध्यक्षतामा १३ सदस्यीय कार्यकारिणी समिति गठन भएको र सो समितिले सोही वर्ष ११ परिच्छेदको प्रारम्भिक विधान निर्माण गरी जिल्ला प्रशासन कार्यालय कलैया, बारामा दर्ता गरेको छ र प्रमाण-पत्र नं. २४६ प्राप्त गरेको छ ।

अच्युत खनालको **चेतानाको लहर** (कवितासङ्ग्रह-२०४९) अमर त्यागीको **बाँसुरीमा आँसुको गीत** (गजलसङ्ग्रह-२०५७) सुशील मुडभरीको **प्रतिभा र प्रसङ्गहरू** (प्रबन्धसङ्ग्रह-२०६३) जस्ता कृतिको प्रकाशन गर्ने काम यस देवकोटा स्मृति सभाले गरेको छ भने केशवप्रसाद उपाध्यायको प्रधान सम्पादकत्वमा **देवकोटा स्मारिका** (वर्ष १, अङ्क १, २०४९) एवम् **महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह** (२०५९) जस्ता साहित्यिक रचना प्रकाशित गरेर सभाले आफ्ना कार्यक्रमको स्तर उच्च बनाएको छ ।

यस देवकोटा स्मृति सभाले स्थापना कालदेखि नै बारा जिल्लाको सदरमुकाम कलैयाको सेरोफेरोमा रही नेपाली साहित्यको सेवामा गुणात्मक र परिमाणात्मक दुवै दृष्टिले महत्त्वपूर्ण योगदान दिएको छ । स्थापनाकालदेखि निरन्तर २१ वर्षसम्म साहित्य सेवा गरेको अवधिमा मासिक साहित्यिक समारोहको आयोजना गर्नुका साथै कार्यक्रम, गोष्ठी, अन्तरक्रिया, प्रवचन र प्रत्येक वर्ष देवकोटा जयन्ती र समय-समयमा स्थानीय, क्षेत्रीय एवम् राष्ट्रिय स्तरका साहित्यिक समारोहको आयोजना गर्नुका साथै स्रष्टाहरूको सम्मान गर्दै आएको छ । त्यसैले यो संस्था आफैँमा अनुसन्धान गर्न लायक छ ।

यसले गरेका विभिन्न गतिविधिहरूका बारेमा **देवकोटा स्मारिका, महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह** र पत्रपत्रिकाले योगदानको सङ्क्षिप्त चर्चा गरे तापनि यस संस्थाको समग्र अध्ययन भएको देखिँदैन । यस्ता साहित्यिक संस्थाले गरेका साहित्यिक योगदान खोज-अनुसन्धान गर्नु आजको आवश्यकता हो । स्रष्टा राष्ट्रका गहना हुन् । स्रष्टालाई सम्मान गरेर योगदान दिने यस्ता संस्थाको खोजी गरी मूल्याङ्कन गर्नु आवश्यक छ । यसै आवश्यकतालाई हृदयङ्गम गरी यस शोधकार्यका निम्ति देवकोटाको स्मृति सभा र यसका योगदानहरूको अध्ययन-विश्लेषणलाई नै मुख्य विषयवस्तु चयन गरिएको छ र यस शोधकार्यका निम्ति **बाराको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान** विषयक शीर्षक तयार गरिएको छ ।

## १.२ शोधसमस्या

**बाराको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान**को मूल्याङ्कन गर्नु यस शोधकार्यको मुख्य समस्या रहेको छ । ती समस्याहरूलाई निम्न लिखित बुँदाहरूमा यसरी समेटिएको छ :

(क) देवकोटा स्मृति सभाको ऐतिहासिक पृष्ठभूमि कस्तो रहेको छ ?

(ख) देवकोटा स्मृति सभाले के-के काम गरेको छ ?

(ग) बारा जिल्लामा देवकोटा स्मृति सभाको साहित्यिक गतिविधि कस्तो रहेको छ ?

(घ) बारामा देवकोटा स्मृति सभाको योगदान के रहेको छ ?

यिनै समस्याहरूको अधीनमा रही यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.३ शोधको उद्देश्य

देवकोटा स्मृति सभाको ऐतिहासिक पृष्ठभूमि स्थापनाको उद्देश्य र यसको योगदान र भूमिकाको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु नै यस शोध कार्यको मुख्य उद्देश्य रहेको छ । यस शोध कार्यका उद्देश्यहरू बुँदागत रूपमा निम्नलिखित छन् -

क) देवकोटा स्मृति सभाको ऐतिहासिक पृष्ठभूमि पहिल्याउनु,

ख) देवकोटा स्मृति सभाले गरेका कार्यको विवरण प्रस्तुत गर्नु,

ग) देवकोटा स्मृति सभाले बारामा खेलेको साहित्यिक भूमिकाको विश्लेषण गर्नु,

घ) बारामा देवकोटा स्मृति सभाको प्रमुख योगदानको पहिचान गर्नु ।

यिनै उद्देश्यहरूको अधीनमा रही यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यिक दृष्टिकोणले देवकोटा स्मृति सभा अनुसन्धेय भए तापनि सामान्य चर्चा परिचर्चा बाहेक विशिष्ट अध्ययन एवं खोज अनुसन्धान भएको पाइँदैन । यस सभाले बाराका नवकवि वा लेखकलाई प्रोत्साहन गर्ने उद्देश्यले नेपाली तथा भोजपुरी कविता गोष्ठीको आयोजना गरेको छ । देवकोटा जयन्तीको पवित्र तिथिमा वरिष्ठ वा विशिष्ट कवि - लेखकलाई मान-पत्र र देवकोटा स्मृति पदक वा उपहारद्वारा सम्मानित गरेको छ । स्मारिका र अनुसन्धानात्मक पुस्तक पुस्तिकाको प्रकाशनका लागि आवश्यक व्यवस्था मिलाएको छ । त्यसैले देवकोटा स्मृति सभा विशुद्ध साहित्यिक संस्था हो । यसले दुई दशकभन्दा बढी अवधि पार गरिसकेको छ । त्यसैले यस संस्थाले बाराको साहित्यिक विकासमा पुऱ्याएको योगदानको लेखाजोखा र मूल्याङ्कन गर्नु आवश्यक छ । यहाँ देवकोटा स्मृति सभा र यसका कार्यक्रमबारे केही पत्रपत्रिकाहरू र पुस्तकमा गरिएका चर्चा परिचर्चाको कालक्रमिक विवरण प्रस्तुत गरिएको छ ।

देवकोटा स्मृति सभाले आफ्नो उद्देश्य अनुरूप कवि अच्युत खनालको **चेतनाको लहर** (कविता सङ्ग्रह) प्रकाशन गरेको छ । सो कविता सङ्ग्रहमा कवि खनालले आफ्नो कृति यस संस्थाले प्रकाशन गरिदिएकोमा खुशी व्यक्त गरेका छन् (खनाल, २०५५ : भूमिका) ।

देवकोटा स्मृति सभाले गजलकार अमर त्यागीको **बाँसुरीमा आँसुको गीत** (गजल सङ्ग्रह) प्रकाशन गरेको छ । सो गजल सङ्ग्रहमा नियात्राकार निर्मोही व्यासले *प्रकाशकीय* लेखका छन् । त्यस प्रकाशकीय लेखमा देवकोटा स्मृति सभाको उद्देश्य स्थानीय सृजनशील प्रतिभाहरूलाई प्रोत्साहित तुल्याउनु हो भन्दै गच्छेअनुसार उनीहरूका कृतिको प्रकाशन यस देवकोटा स्मृति सभाले गर्नेछ, भनेर यस संस्थाको उद्देश्यमाथि सामान्य चर्चा गरेका छन् । (व्यास, २०५७ : प्रकाशकीय)

देवकोटा स्मृति सभाले कवि अच्युत खनालद्वारा रचित **स्मृति-विम्ब** (संस्मरण सङ्ग्रह) कृति प्रकाशित गरेको छ । त्यस कृतिमा कवि खनालले देवकोटा स्मृति सभालाई आफ्नो कृति प्रकाशित गरिदिएकोमा खुशी व्यक्त गर्नुका साथै आफू संस्थाको ऋणी भएको कुरा उल्लेख गरेका छन् (खनाल, २०५८ : भूमिका) ।

देवकोटा स्मृति सभाले प्रधानसम्पादक समालोचक केशवप्रसाद उपाध्यायद्वारा सम्पादित **महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह** प्रकाशित गरेको छ । सो व्याख्यान

सङ्ग्रहमा तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका उपकुलपति मोहन कोइरालाको मन्तव्य छ । सो मन्तव्यमा देवकोटा स्मृति सभाले महाकवि देवकोटाका सम्भनामा सञ्चालित भए गरेका पूर्व कार्यक्रमका व्याख्यानहरूको एक सङ्ग्रह प्रकाशित गरेकोमा खुसी व्यक्त गरेका छन् (उपाध्याय, २०५९ : मन्तव्य) ।

प्रधान सम्पादक केशवप्रसाद उपाध्यायद्वारा सम्पादित **महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह**मा नियात्राकार निर्मोही व्यासले अध्यक्षका हैसियतले प्रकाशकीय लेखेका छन् । सो *प्रकाशकीय* लेखमा २०४८ सालमा स्थापित देवकोटा स्मृति सभाले प्रत्येक वर्ष प्रायः वार्षिकोत्सवको अवसरमा विशिष्ट विद्वान्‌द्वारा देवकोटाको साहित्यिक यात्राको बारेमा लेख्न लगाएका सारगर्भित व्याख्यानहरूको सङ्ग्रह नै महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह हो भनेर उल्लेख गरेका छन् । साथै देवकोटा स्मृति सभाले आफ्नो दशाब्दी समारोह भव्यताको साथमा मनाएको कुरासमेत उल्लेख गरिएको छ (उपाध्याय, २०५९ : मन्तव्य) ।

देवकोटा स्मृति सभाले निबन्धकार सुशील मुडभरीको **प्रतिभा र प्रसङ्गहरू** प्रबन्धसङ्ग्रह प्रकाशित गरेको छ । सो प्रबन्ध सङ्ग्रहमा प्रबन्धकारले आफ्नो भनाइ राख्ने क्रममा प्रकाशनको अभिभारा लिइदिएकोमा देवकोटा स्मृति सभालाई धन्यवाद दिएका छन् ( मुडभरी, २०६३ : लेखकीय) । संस्थाका अध्यक्ष नियात्राकार निर्मोही व्यासले प्रकाशकीय लेखमा यस संस्थाले पाँचौ ग्रन्थ प्रकाशन गर्न पाएकोमा खुसी व्यक्त गरेका छन् (व्यास, २०६३ : प्रकाशकीय) ।

यसरी देवकोटा स्मृति सभाका बारे समान्य चर्चा परिचर्चा भएका छन् । यस संस्थाले समय-समयमा थोरबहुत पत्रपत्रिका र पुस्तकमा स्थान पाएको देखिन्छ । जे जति अध्ययन भएका छन्  ती पनि अपूर्ण नै देखिन्छन् । अतः प्रस्तावित शोधकार्यमा देवकोटा स्मृति सभाले बाराको साहित्यिक विकासमा पुऱ्याएको योगदानको चर्चा गर्दै देवकोटा स्मृति सभाको ऐतिहासिक पृष्ठभूमि र यसले गरेको साहित्यिक गतिविधिको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता

बाराको साहित्यिक विकासमा देवकोटा स्मृति सभाले पुऱ्याएको योगदान विषयक शोधकार्य औचित्यपूर्ण रहेको छ किनभने २०४८ सालमा स्थापना भएको यस संस्थाले

आफ्नो दशाब्दी समारोह भव्यताका साथमा मनाएको थियो तर वि.सं. २०६३/०६४ को तराई आन्दोलनपछि यस संस्थाको क्रियाकलाप एवं सक्रियतामा शिथिलता आएको देखिन्छ। मोफसलमा रहेका यस्ता साहित्यिक संस्था निष्क्रिय हुनु भनेको दु:खको कुरा हो । यस संस्थाले बाराको साहित्यिक विकासमा पुऱ्याएको वास्तविक योगदानमाथि प्रकाश पारी सक्रिय बनाउनु आवश्यक छ, त्यसैले यस शोधकार्यको औचित्य र महत्त्व एवम् उपयोगिता स्वतः सिद्ध हुन्छ।

## १.६ प्राक्कल्पना

बाराको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान शीर्षकको प्रस्तुत शोधकार्यका निम्नलिखित प्राक्कल्पना रहेका छन् :-

क) देवकोटा स्मृति सभाको दुई दशकभन्दा बढीको ऐतिहासिक पृष्ठभूमि रहेको छ।

ख) देवकोटा स्मृति सभाले कविता गोष्ठी आयोजना, पुस्तक प्रकाशन र साहित्यकारलाई सम्मान गरेको छ।

ग) बाराको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको महत्त्वपूर्ण विशिष्ट योगदान रहेको छ।

घ) नेपाली भाषा साहित्यको विकासमा देवकोटा स्मृति सभाको बहुआयामिक उपलब्धि रहेको छ।

यिनै प्राक्कल्पनाको स्थापना, परीक्षण गरी यो शोधकार्य सम्पन्न गरिएको छ।

## १.७ शोधको क्षेत्र र सीमाङ्कन

प्रस्तुत शोधको विषयगत क्षेत्र बाराको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान रहेको छ। देवकोटा स्मृति सभाको ऐतिहासक पृष्ठभूमि प्रस्तुत गर्नु यस शोधपत्रको क्षेत्र रहेको छ, साथै वि.सं. २०७० सम्म यस संस्थाले गरेका साहित्यिक कामको मात्र अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । यस संस्थाले प्रकाशन गरेका **देवकोटा स्मारिका** र **महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह**को अध्ययनका साथै साहित्यिक गतिविधिलाई विवरणका रूपमा प्रस्तुत गरिएको छ तर यस संस्थाले प्रकाशित गरेका अन्य

व्यक्तिहरूका पुस्तकहरूको सामान्य चर्चा परिचर्चा गरिएको छ, विस्तृत विश्लेषण गरिएको छैन ।

## १.८ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रका लागि क्षेत्रीय पद्धतिका आधारमा सामग्री सङ्कलन गरिएको छ । यस अनुसार प्रश्नावली तयार पारी सम्बन्धित विद्वान्सँग छलफल गरेर सामग्री सङ्कलन गरिएको छ । मौखिक अन्तर्वार्ता, अवलोकन तथा सर्वेक्षणलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ । साथै सङ्कलित सामग्रीहरूको व्याख्या, विश्लेषण र प्रमाणका लागि आवश्यकता अनुसार पुस्तकालयीय पद्धतिलाई पनि अपनाइएको छ ।

## १.९ शोध-विश्लेषण-पद्धति

प्रस्तुत शोधकार्यको लागि वर्णनात्मक व्याख्यात्मक, विश्लेषणात्मक समालोचनात्मक, मूल्याङ्कनपरक शोधविश्लेषणपद्धतिको प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका आन्तरिक संरचनालाई व्यवस्थित रूप दिनका लागि पाँच परिच्छेदमा विभाजन गरिएको छ ।

**प्रथम परिच्छेद : शोधपत्रको परिचय**

यस खण्डमा शोधपत्रको परिचय दिइएको छ । यस अन्तर्गत विषय परिचय, शोधको उद्देश्य, प्रयोजन, प्राक्कल्पना, शोधसमस्या, सामाग्री सङ्कलनविधि, शोधपत्रको क्षेत्र र सीमा, पूर्वकार्यको समीक्षा, शोधपत्रको रूपरेखा आदि प्रस्तुत गरिएको छ ।

**द्वितीय परिच्छेद : बारा जिल्ला र कलैया नगरपालिकाका साहित्यिक सङ्घसंस्थाहरू**

यस परिच्छेदमा बारा जिल्ला र कलैया नगरपालिकाका साहित्यिक सङ्घसंस्थाहरू राखिएको छ । बारा जिल्लाको ऐतिहासिक र सांस्कृतिक परिचय दिइएको छ भने कलैया नगरपालिकाभित्र सञ्चालित साहित्यिक संस्थाको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

### तेस्रो परिच्छेद : देवकोटा स्मृति सभाको स्थापना र विकास

यस परिच्छेदमा देवकोटा स्मृति सभाको स्थापना र विकासको उल्लेख गरिएको छ। देवकोटा स्मृति सभाको पृष्ठभूमि उल्लेख गर्नुका साथै प्रथम सधारण सभा पनि राखिएको छ। कार्यसमितिले गरेका मुख्य निर्णयहरूलाई पनि प्रस्तुत गरिएको छ। यस संस्थाको ऐतिहासिक विकासक्रम छुट्याएर संस्थाको मूल्याङ्कन गरिएको छ।

### चतुर्थ परिच्छेद : बाराको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान

यस परिच्छेदमा बाराको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदानको मूल्याङ्कन गरिएको छ। यस देवकोटा स्मृति सभाले छ वटा कृति प्रकाशित गरेको छ। ती कृतिको सामान्य परिचय दिइएको छ। यस सभाले साहित्यिक विकासमा पुऱ्याएको योगदानको चर्चा शक्तिका रूपमा दिइएको छ भने केही कमीकमजोरी पनि देखिएका छन्। ती कमीकमजोरीलाई सीमाका रूपमा प्रस्तुत गरी सुझाव पनि उल्लेख गरिएको छ।

### पञ्चम परिच्छेद : उपसंहार तथा निष्कर्ष

यस परिच्छेदमा उपसंहारका रूपमा बाराको साहित्यिक पृष्ठभूमि, त्यसले बाराको साहित्यिक विकासमा पुऱ्याएको योगदानको मूल्याङ्कन गरिएको छ भने प्रत्येक परिच्छेदको अनुच्छेद परिवर्तन गरेर निष्कर्ष प्रस्तुत गरिएको छ।

यसप्रकार शोधपत्रको पूर्वभाग, मध्यभाग र अन्त्यभाग समेत तयार गरी सन्दर्भ सामाग्री र परिशिष्टसहित साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ।

# परिच्छेद : दुई

# बारा जिल्ला र कलैया नगरपालिकाका साहित्यिक सङ्घ-संस्थाहरू

# परिच्छेद : दुई

# बारा जिल्ला र कलैया नगरपालिकाका साहित्यिक सङ्घ-संस्थाहरू

## २.१ बारा जिल्लाको सङ्क्षिप्त परिचय

नारायणी अञ्चलअन्तर्गत बाराको सदरमुकाम कलैयामा वि.सं. २०४८ साल मङ्सिर २८ गतेका दिन देवकोटा स्मृति सभाको स्थापना भएको हो । त्यसैले देवकोटा स्मृति सभाको बारा जिल्लाको साहित्यिक विकासमा योगदानको चर्चा गर्नुपूर्व यस जिल्लाको ऐतिहासिक र सांस्कृतिक परिचय दिनु उपयुक्त भएकाले विभिन्न उपशीर्षकमा यस जिल्लाको परिचय दिइएको छ ।

### २.१.१ ऐतिहासिक परिचय

प्रशासनिक दृष्टिकोणले नेपाल अधिराज्यलाई ७५ जिल्ला, १४ अञ्चल र पाँच विकास क्षेत्रमा विभाजन गरिएको छ । सोही विभाजनअनुसार मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चल अन्तर्गत बारा जिल्ला पर्दछ । जम्मा ९८ गा.वि.स. र एक नगरपालिका भएको यस जिल्लामा ६ निर्वाचन क्षेत्र रहका छन् ।

बाराको इतिहास केलाउँदै जाँदा प्रमाणित तथ्य फेला पार्ने क्रममा सन् १०९७ (वि.सं. ११५४) सम्म पुग्नुपर्ने हुन्छ । त्यतिखेर सिम्रौनगढ तिरहुत राज्यको राजधानी थियो र दक्षिण भारतका कर्नाटवंशी नान्यदेव त्यहाँ पहिला राजा थिए । पहिले चालुक्य सम्राटको भारदारीको रूपमा सिम्रौनगढ शासित थियो । सन् १०९७ मा नान्यदेवले सिम्रौनगढलाई स्वाधीन राज्य बनाएका थिए (सञ्चार मन्त्रालय, २०३१ : १०९३) । जब काठमाडौं उपत्यकाको आन्तरिक वातावरण खलबलिन्थ्यो, त्यसबेला सिम्रौनगढका शासकहरू काठमाडौंमा आक्रमण गर्थे तर काठमाडौं उपत्यका विजय गर्न पहिलेका खस तथा मुसलमान आक्रमणकारीहरू असफल भएझैं यिनीहरू पनि सधैं विफल भइरहन्थे । सिम्रौनगढमा नान्यदेवपछि क्रमशः गङ्गादेव, नरसिंहदेव, शक्तिसिंहदेव, भूपालदेव तथा

हरिसिंहदेवले शासन गरे । हरिसिंहदेवको शासनकालम सिम्रौनगढमा दिल्लीका सुल्तान गयासुद्दीनले आक्रमण गरेकाले त्यहाँबाट भागेर काठमाडौं उपत्यका पसे (सञ्चार मन्त्रालय, २०३१ : १०९३) । त्यसपछि सिम्रौनगढमा राजा को भयो ? भन्ने विषयमा स्पष्ट इतिहास फेला परेको छैन ।

१६ औं शताब्दीमा पाल्पाली सेनवंशका राजा मुकुन्दसेन प्रथमका कान्छा छोरा लोहङसेनले सम्पूर्ण पूर्वी तराईका विभिन्न भागहरू जित्दै पूर्वमा महानन्दासम्म पुगेको इतिहास पाइन्छ । यस क्रममा महोत्तरी तथा कोसी क्षेत्रका बिभिन्न रिसायतहरूलाई पनि उनले आफ्नो राज्यमा मिलाए । सिम्रौनगढ तथा यसको सबै क्षेत्रलाई पनि आफ्नो राज्यमा गाभे । उनको शोषणपछि यो विशाल क्षेत्रमा उनको छोरो राघवसेन र हरिहरसेन राजा भए । पछि यो राज्य दुई भागमा टुक्रियो । कोशीभन्दा पश्चिमको भाग शुभसेनको भागमा पर्‍यो । आफूले शासन गरेपछि मणिकसेनले पनि राज्यलाई ४ टुक्रामा विभाजन गरे किनभने उनका चार भाइ छोराहरू थिए । पैतृक सम्पत्तिको रूपमा उनी छोराहरूलाई राज्य बाँडिदिन चाहन्थे । यो विभाजन अनुसार मणिकसेनका छोरा हेमकर्ण सेनले मकवानपुरको पैतृक सम्पत्ति गद्दी भेट्टाए । वर्तमान बारा जिल्ला मकवानपुर राज्य अन्तर्गत पर्दथ्यो (सञ्चार मन्त्रालय, २०३१ : १०९३) ।

हेमकर्ण सेनले आफ्नी छोरी इन्द्रकुमारीको विवाह तत्कालीन गोरखाका युवराज पृथ्वीनारायण शाहसँग गरिदिएका थिए । मकवानपुरका अन्तिम राजा दिग्बन्धन सेन नाताले पृथ्वीनारायणका जेठान भए पनि उनीहरूको आपसी सम्बन्ध सौहार्दपूर्ण थिएन । यो खटपटको थालनी ससुरा हेमकर्ण सेनकै पालादेखि भएको थियो (भट्टराई, २०५२ : २८) । पृथ्वीनारायण शाह नेपाल एकीकरणको अभियानमा जुटेका थिए । यसै क्रममा उनले थुप्रै राज्य-रजौटाहरूलाई पराजित गरेर आफ्नो राज्यमा मिलाई सकेका थिए भने कति मिल्ने तरखरमा थिए । यसै सन्दर्भमा पृथ्वीनारायण शाह उपत्यकालाई नाकाबन्दी गर्ने विचारमा थिए । चारैतिरबाट उपत्यकालाई नाकाबन्दी गर्न सकियो भने मल्ल राजाहरूमा खैलाबैला मच्चिन्छ र त्यसबेला आक्रमण गरेर विजयश्री हात पार्न सजिलो पर्छ भन्ने उनको सोचाइ थियो तर उनले सफलता पाइसकेका थिएनन् । उनका जेठान वा मकवानपुरका राजा दिग्बन्धन सेन यसका बाधक भएर निस्के । उनी उपत्यकामा सहयोग गर्ने गर्दथे । उपत्यकाका जनताहरूलाई आवश्यक पर्ने सामग्रीहरूको पूर्ति पनि गरिरहेका थिए । यो कुरा पृथ्वीनारायण शाहलाई सह्य भएन । त्यसैले वि.सं. १८१९ को भाद्र महिनामा

मकवानपुरमाथि आक्रमण गरी गोरखलीहरूको फौजले यस राज्यलाई विशाल नेपालमा मिलाएपछि मकवानपुर राज्यमा पर्ने वर्तमान बारा जिल्लाका भागहरू स्वतः नेपाल अधिराज्यको अभिन्न अङ्ग बनेका थिए (दाहाल, २०४९ : ९५) ।

## २.२.१.१ बारा जिल्लाको नामकरण

बारा जिल्लाको नामकरण सम्बन्धमा विभिन्न विद्वान्हरूको आ-आफ्नो मतमतान्तर रहेको छ :-

माधवप्रसाद गौतमका विचारमा मध्य तराईमा बोलिने भोजपुरी भाषामा बाराको अर्थ फुरौला जातिको एक खाने परिकार भन्ने बुझिन्छ । यस जिल्लामा धेरै अघिदेखि देशको राजकाजमा पहुँच हुनेदेखि लिएर प्रशासनका उच्च पदमा आसीन तथा सामान्य कर्मचारीहरू समेतको आवतजावत हुने गर्दथ्यो । आउने जाने क्रममा उनीहरूले पहिले 'बारा' पाइने जिल्लाको रूपमा यस जिल्लालाई चिने । सम्भवतः त्यतिखेर बारालाई सङ्केतको रूपमा लिइन्थ्यो र बारा पाइन्ने जिल्ला भनियो । पछि बारा पाइने जिल्ला भन्दाभन्दै कालान्तरमा गएर जिल्लाको नाम नै 'बारा' रहन गएको हो (रिजाल, २०५६ : ७) ।

निर्मोही व्यासको मतमा यो जिल्लाको नाम यहाँको उमजन गाउँ विकास समितिअन्तर्गत पर्ने बारागढी भन्ने स्थानको नामबाट रहन गएको हो । उक्त गढी यस इलाकाको सदरमुकामका रूपमा पनि रहेको थियो यहाँ अहिले पनि अवशेषस्वरूप इनारका पुराना भग्नावशेष देख्न पाइन्छ (रिजाल, २०५६ : ७) ।

ऋषिकेश लोहनीको भनाइअनुसार मिथिला गणराज्यको उत्कर्षदेखि अवसानसम्म त्यसको पश्चिमी सीमा क्षेत्रमो सुरक्षा प्रशासनको सञ्चालन बारागढी वनदुर्गबाट गरिन्थ्यो । बाह्रवटा दुर्गहरूको माझमा रहेको दुर्गलाई बारहगढी नामकरण गरिएको थियो । ती बारहगढीहरू निजगढ, तामागढी, बरियापुर गढी, सिम्रौन गढ नामकरण गरियो, त्यसै गरी हाल चम्पारण भारतमा रहेका रामगढी (रमगढवा) बुधगाइँ, बेनौली, नेवलपुर गढी, पर्सा गढी, बरैनिया गढी, जितपुर गढी र अलौ समेतका गढीहरूको माझमा बारागढी अवस्थित छ । वनदुर्गलाई जमुनी र तियरनदीको माझमा रहेको बारा वनदुर्गलाई जमुनी र तियरनदीको माझको अग्लो भू-भागमा आज पनि देखिने ढिस्कोले प्रमाणित गरेको र बारह गढीबाट बारागढी र बारागढीबाट बारा जिल्लाको नामकरण भएको हो ।

मेचिदेखि महाकालीसम्म दोस्रो भागमा लेखिएअनुसार ऐतिहासिक समयदेखि नै बारागढीको महत्त्वपूर्ण स्थान छ । एकातिर मकवानपुरका राजा हेमकर्ण सेनको हिउँदे राजधानी थियो भने अर्कातिर मकवानपुर लगायतको मध्य नेपालका व्यक्तिहरू यही बाटो हुँदै तीर्थाटन लगायत अन्य कामका लागि पनि भारत जाने आउने गर्दथे । उमजन गा.वि.स. मा पर्ने गढीको नजिक रहेको बारा गाउँ बारागढीको नामबाट रहेको र पछि त्यही गाउँको नामबाट यस जिल्लाको नाम बारा रहन गएको मानिन्छ ।

यसरी विभिन्न विद्वान्हरूका मतहरू मध्ये ऋषिकेश लोहनी, निर्मोही व्यास र मेचीदेखि महाकालीसम्मका प्रमाण विश्वसनीय देखिन्छन् । त्यसैले उमजन गा.वि.स. मा पर्ने बारा गढीको नामबाट नै बारा जिल्लाको नाम रहन गएको हो ।

## २.१.२ सांस्कृतिक पचिय

### २.१.२.१ जातजाति

बारा जिल्लामा बहुजातिको बसोबास छ । यहाँ एक जात वा थरका मात्र मानिसहरू छैनन् । यहाँका बासिन्दाहरूमा सांस्कृतिक अनेकतासमेत छ । यो जिल्लाको जनजीवनलाई जातीय, धार्मिक र सांस्कृतिक आधारमा मात्र विभाजन गर्न सकिँदैन । त्यसैले मोटामोटीरूपमा भौगोलिक उत्पत्ति र धार्मिक पृष्ठभूमिको आधारमा यो जिल्लाका बासिन्दाहरूलाई चारवटा मुख्य समूहमा विभाजन गर्न सकिन्छ ।

**क) तराईमूलका जातिहरू**

**अ) हिन्दूमूलका जातिहरू**

तराईमूलका जातिहरू धेरै किसिमका छन् । ब्राह्मण क्षेत्री र अन्य समूहमा पाइन्छन् । बारा जिल्लामा पाइने ब्राह्मणका थरहरूमा दुबे, तिवारी, चौबे, पाठक, पाण्डे, ओझा र मिश्र प्रमुख छन् । क्षेत्री समूहमा राजपुत पर्दछ । यसपछि भूमिहार भन्ने छुट्टै जाति छ, जो ब्राह्मण र क्षेत्रीमा भन्दा अर्कै विशेषता पाइन्छ । कायस्थ लेखपढमा निपूर्ण मानिन्छन् । अनि ग्वाला, भेडीहट र नुनिया पर्दछन् । ग्वालाहरूलाई अहिर पनि भनिन्छ तर यिनीहरूको थरको आदरसूचक संज्ञा यादव हो । यो जातको बसोबास जिल्लाको दक्षिण भेगतिर फैलिएको छ । यादवहरूमा अन्य जातको तुलनामा बढी आपसी मेलमिलाप र जातीय एकता हुन्छ । यादवहरू

गाईभैँसी पाल्ने भेडीहरहरूले भेडा पाल्ने काम गर्दछन् । कुर्मी, धानुक र अमान अन्य जाति हुन् । त्यस्तै मलाहा, कोइरी, बढई, मुसहर, दुसाद, चमार, तत्मा, डोम, हलखोर आदि यस समूहमा पर्ने अन्य जाति हुन् । यिनीहरूको जात अनुसारको आफ्नै पेसा पनि हुन्छन् ।

थारू आफ्नै छुट्टै संस्कृति र भाषा भएको जाति हो । ज्यादा सोझो भएको नाताले यिनीहरू अन्य जातिबाट हमेशा ठगिन्छन् । नेपालको तराई इलाकामा पूर्व मेचीदेखि महाकालीसम्म यस जातिको बसोबास पाइन्छ । बारा जिल्लाामा यो जातिको मुख्य बस्ती चरवन्त र प्रगन्न भए पनि जिल्लाभर छरिएर बसेका छन् । दनुवार, रौटार, डङ्गरिया, कोचिला, मझिऔर र कछरिया थारूका मुख्य थर हुन् । संयुक्त परिवारमा बस्न रुचाउने यो जातिमा जातीय एकता प्रबल रूपमा रहेको हुन्छ ।

### आ) मुसलमानमूलका जातिहरू

बारा जिल्लामा मुसलमानहरूको कुनै एक क्षेत्र वा इलाकामा मात्र झुरूप्प बस्ती कहीँ छैन । तापनि फरक धर्म मान्ने भएकाले आफ्नो छुट्टै टोल वा वस्ती बनाएर बस्ने प्रचलन भने पाइन्छ । यिनीहरूले मान्ने धर्मलाई इस्लाम धर्म भनिन्छ । मुसलमानहरूमा पनि सिया र सुन्नी जस्ता समूहहरू छन् । बारा जिल्लामा प्रायः सुन्नी समूहका मुसलमानहरू बसोबास गर्दछन् । सामान्य दाह्री पाल्ने यो जातिलाई टाढैबाट चिन्न सकिन्छ । हवारी, अन्सारी, ठकुराई, कुरेसी, धोबी, खाँ, पैठान आदि मुसलमानका प्रमुख थरहरू हुन् ।

### ख) पर्वतीय मूलका जातिहरू

तराईमूलका जातिमाझैँ सांस्कृतिक विविधता पहाडबाट झरेका जातिहरूमा पनि पाइन्छ । यस वर्गमा पर्ने जातजातिमा ब्राह्मण, क्षेत्री, नेवार, तामाङ, गुरुङ, राई, शेर्पा, चेपाङ, जिरेल, दमै, कामी, सार्की, भोटे, दुरा आदि हुन् । यिनीहरूको बस्तीमा एकरूपता छैन । जागिर, जमिन्दारी र पहाडमा जीवनयापनका कठिनाइ जस्ता विविध कारणले तराई झरेका यस वर्गका जातहरूमा छुट्टाछुट्टै थरहरू पाइन्छन् ।

### २.१.२.२ रहनसहन

नेपाली रहन-सहन र जीवन संस्कारमा विविधता पाइन्छ । यसमा धरातलको ठूलो भूमिका रहेको पाइन्छ । बारा जिल्लाको सम्पूर्ण भू-भाग तराईमा पर्दछ । धरातलीय विभाजनअनुसार नेपालको सम्पूर्ण, क्षेत्रफलको ४६.६% मानिस तराईमा बस्छन् । यहाँको जातजाति र धर्मअनुसार जन्म, नामकरण, विवाह र मृत्यु आदि संस्कारमा भिन्नता पाइन्छ । खानपानमा तराईमा पहाडीमूलकाहरू भात, रोटी र ढिँडो जस्ता परिकार प्रयोगमा ल्याउँछन् भने तराईमूलका भात, रोटी र सातु रुचाउँछन् । खोतीमा निर्भर हुने तराईका बासिन्दाहरूको पनि आ-आफ्नो धर्म र संस्कार अनुरूप सम्पूर्ण बासिन्दाहरूको एक आपसमा घनिष्ट सम्बन्ध रहेको देखिन्छ ।

### २.१.२.३ भेषभूषा

बारा जिल्ला बहुभाषी र विविध धर्मावलम्बीहरू भएको जिल्ला हो । खानपान तथा भेषभूषामा भाषाको र धर्मको पनि प्रभाव परेको हुन्छ । यस जिल्लामा तराईमूलका हिन्दू पुरुषहरू कुर्ता, पाइजामा, धोती, सर्ट, पाइन्ट तथा कमिज लगाउने गर्दछन् भने महिलाहरू ब्लाउज, कुर्ता, लुङ्गी, कुर्तासुरुवाल र लहेङ्गा लगाउने गर्दछन् (भट्टराई, २०४९, ४२) । मुसलमान समुदायका पुरुषहरू सर्ट, कुर्ता, लुङ्गी र पाइन्ट । महिलाहरू ब्लाउज, सारी र घाँघर लागाउँछन् । पहाडीमूलका पुरुषहरू सर्टपाइन्ट, कमिज, दौरासुवाल, भोटो, कछाड, पाइजामा र महिलाहरू चोलो, साडी, धोती, लुङ्गी, ब्लाउज, म्याक्सी तथा कुर्ता-सुरुवाल लगाउने गर्दछन् । आभूषणमा पहाडीमूलका महिलाहरू फूली, मुन्द्री, तिलहरी, नौगेडी, बाला, लगाउने गर्दछन् भने तराईमूलका हिन्दू महिलाहरू हसुली, औँठी, पाउजू, जस्ता गहनाहरू लगाउँछन् । मुस्लिम महिलाहरू औँठी लगायत सामन्य गहना मात्र लगाउँछन् । उनीहरूमा बुर्काभित्र रहनुपर्ने भएकाले अन्य गहनातिर त्यति आकर्षित देखिँदैनन् । यसबाहेक तराईतिर तराईमूलका महिला तथा मुस्लिम महिलाहरूमा आफ्नो पतिको नाम हातमा लेख्ने र शरीरका विभिन्न भागमा चित्राकृति बनाउने परम्परा पाइन्छ ।

## २.२ बारा जिल्लामा क्रियाशील साहित्यिक सङ्घ-संस्थाहरू

### २.२.१ विषयप्रवेश

नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने नारायणी अञ्चलको दक्षिण पूर्वमा अवस्थित बारा जिल्ला समथर भूभाग भएको जिल्ला हो । यो जिल्लाको अधिकाशं भूभाग समथर भएकाले तराईमा रहेका जिल्लाहरूको गणनामा बारा जिल्ला पर्दछ ।

प्राचीन कालमा मकवानपुर राज्यसँग गाँसिएको बारा जिल्लाको छुट्टै राज्यका रूपमा अस्तित्त्व भने रहेको देखिदैन । नेपालको एकीकरण अभियानसँगै वि.सं. १८१९ भदौमा यस जिल्लाले पनि नेपालको एक अङ्ग हुने अवसर पाएको देखिन्छ । नेपालको एकीकरण अभियानसँग यस जिल्लाको साहित्यिक र सांस्कृतिक विकास भएको छ । यस जिल्लामा बसोबास गर्ने आदिवासीहरू थारू भए तापनि पहाडबाट बसाइँसराई गरेर आएका पहाडी मूलका मानिसहरूको सङ्ख्या पनि उलेख्य रहेको छ ।

यस जिल्लामा शिष्ट लेख्य साहित्यको विकास हुनुभन्दा अगाडि थारू, भोजपुरी र नेपाली लोकसाहित्यका विभिन्न विधाहरू मौलाएका देखिन्छन् । अहिले पनि लोकसाहित्यका लोकगीत, लोककथा, उखान टुक्का र गाउँखाने कथाले बारा जिल्लाका बासिन्दाहरूमा लोकप्रियता प्राप्त गर्दै आएका छन् । त्यस्तै थारू लोकसाहित्य र भोजपुरी लोकसाहित्यले पनि आफ्नो स्थान सुरक्षित गर्दै आएका छन् । त्यसैले लोकसाहित्यिक परम्पराा दृष्टिले बारा जिल्ला सामान्य रहेको देखिन्छ । नेपाली साहित्यको आधुनिक कालको आरम्भ भएपछि शिष्ट साहित्यको विकास भएकाले प्राथमिक काल र माध्यमिक कालमा बारा जिल्लामा लोकसाहित्य व्याप्त रहेको देखिन्छ ।

नेपाली साहित्यको प्राथमिक कालमा बारा जिल्लाको साहित्यिक परम्परामा कवि साहित्यकारहरू देखिँदैनन् । बारा जिल्लामा देखापर्ने प्रथम कवि नीलहरि शर्मा ढकाल हुन् । यिनले वि.सं. १९९५ सालमा कलैया भवानीपुरमा बसेर **छोरीलाई अर्ती** कृति लेखेका छन् । नीलहरि शर्माले नीति चेतनामूलक काव्य सिर्जना गरी बारा जिल्लामा कविता लेख्ने र प्रकाशन गर्ने परम्परालाई भित्र्याएको देखिन्छ । त्यसपछि बारा जिल्लाको पचहत्तर वर्षे लामो कविता यात्रा निरन्तर गतिशील रहेको छ ।

कुनै पनि जिल्लाको साहित्यिक उत्थान वा विकासका लागि पत्रपत्रिका र साहित्यिक सङ्घ-संस्थाको विकास पनि अनिवार्य छ । नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्रको

स्थापना भएपछि मात्र बारा जिल्लामा साहित्यिक गतिविधिले गति लिन थालेको हो । बारा जिल्लामा स्थापना भएको जनहित पुस्तकालय (२०१८) पहिलो शैक्षिक एवम् साहित्यिक संस्था हो (लोहनी, २०६३ : ४१) । त्यसपछि क्रमशः साहित्य समिति बारा, बारा साहित्य परिषद्, देवकोटा स्मृति सभा, गजलगुँड, नेपाल भोजपुरी प्रतिष्ठान बारा, बारा वाङ्मय परिषद् जस्ता साहित्यिक संस्थाको स्थापना भएको पाइन्छ (लोहनी, २०६२ : ४१) । यस जिल्लामा रहेका साहित्यिक एवम् सांस्कृतिक सङ्घ-संस्थाहरू यस प्रकार रहेका छन् :-

### २.२.२ साहित्य समिति बारा (२०३६)

निर्मोही व्यासका अनुसार यो साहित्य समिति बाराको स्थापना माधव गौतमको अध्यक्षता स्थानीय स्रष्टा र साहित्यप्रेमीहरूको भेलामा गठन भएको थियो, जसका सचिव निर्मोही व्यास नै चुनिएका थिए । वि.सं. २०३६ असार २९ गते निर्मोही व्यासको विशेष तत्परता र सक्रियतामा भानुजयन्ती, मोतीजयन्ती, देवकोटा जयन्ती र लेखनाथ जयन्तीका अवसरमा **प्रतिनिधि** पत्रिकाका ४ वटा अङ्क २०३६ कार्तिक-०३७ मङ्सिर अङ्क प्रकाशित भयो । यी पत्रिकाहरूले निरङ्कुश पञ्चायती व्यवस्थामा पनि कला र साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । ८ वर्षसम्म क्रियाशील रहेर चेतनामूलक कार्य गर्दै आएको यो संस्था निष्कृय अवस्थामा रहेको छ ।

### २.२.३ बारा साहित्य परिषद् (२०४४)

निर्मोही व्यासका अनुसार व्यासको विशेष तत्परता र सक्रियतामा बारा साहित्य परिषद्को स्थापना मुकुन्द आचार्यको अध्यक्षतामा २०४४ सालको भानुजयन्तीका दिन भएको थियो । निर्मोही व्यास सचिव रहेको सो संस्थाले सामाजिक जागरणका निम्ति विविध साहित्यिक गतिविधि सञ्चालन गरेको र **सोपान** नामक साहित्यिक पत्रिका पनि प्रकाशित गरेको थियो । हाल यो संस्था पनि क्रियाशील अवस्थामा रहेको देखिँदैन ।

### २.२.४ देवकोटा स्मृति सभा (२०४८)

नारायणी अञ्चल अन्तर्गत बाराको सदरमुकाम कलैयामा वि.सं. २०४६ असार ४ गते केशवप्रसाद उपाध्यायको संयोजकत्वमा महाकवि देवकोटा प्रतिमा स्थापना समिति गठन भयो । सो समितिले २०४८ कार्त्तिक २५ गते देवकोटाको प्रतिमा नेपाल राजकीय

प्रज्ञा प्रतिष्ठानका उपकुलपति ईश्वर बरालद्वारा अनावरण सम्पन्न गऱ्यो । सोही समारोहमा उक्त समितिले 'देवकोटा स्मृति-सभा' गठन गरी समितिले लिएको सम्पूर्ण दायित्व देवकोटा स्मृति सभाले वहन गर्ने जानकारी गरायो (देवकोटा स्मृति सभा, २०४९ : ९-११) । मिति २०४८ मङ्सिर २८ गते केशवप्रसाद उपाध्यायको सभापतित्त्वमा बसेको साधारण सभाले देवकोटा स्मृति सभा गठन गऱ्यो । सो देवकोटा स्मृति सभामा समालोचक प्राध्यापक केशवप्रसाद उपाध्याय अध्यक्ष रहनु भएको थियो भने २०५३ सालदेखि नियात्राकार निर्मोही ब्यास अध्यक्ष हुनुहुन्छ । देवकोटा स्मृति सभा गठन भएकै एक वसन्त पनि नबित्तै २०४९ सालमा देवकोटा जयन्ती भव्यताका साथमा मनाउनुका साथै **देवकोटा स्मारिका** प्रकाशन गर्न सफल भयो । २०४८ सालदेखि २०५८ सालसम्म प्रायः प्रति वर्ष देवकोटा साहित्यका मर्मज्ञ एकेक जना विशिष्ट विद्वान्बाट तयार गर्न लगाई वार्षिक समारोहमा वाचन गरिएका सारगर्भित व्याख्यान सङ्ग्रहलाई २०५९ सालमा दशाब्दीका उपलक्ष्यमा प्रकाशित गरेको छ । **चेतनाका लहर**, **बाँसुरीमा आँसुका गीत**, **स्मृति बिम्ब**जस्ता कृतिहरू यस संस्थाले प्रकाशित गरिसकेको छ । राष्ट्रियस्तरका नेपाली भाषा र साहित्यिक स्रष्टालाई रथयात्रा, अभिनन्दन, सम्मान पत्र जस्ता सम्मानले सम्मानित गरिएको छ । यस संस्थाले भाषा, साहित्य एवम् संस्कृतिको समुत्थानका लागि हरेक महिनाको पहिलो शनिबार साहित्यिक कार्यक्रम आयोजना गरेको पाइन्छ । नेपाली साहित्यका साथै भोजपुरी, मैथिली, थारू साहित्यलाई पनि प्रश्रय दिएको दसीका रूपमा भोजपुरी साहित्यकार दीपनारायण मिश्रज्यूलाई उभ्याउन सकिन्छ । उहाँलाई यस संस्थाले पहिलो मानार्थ सदस्यका रूपमा स्वीकारेको थियो ।

यस देवकोटा स्मृति सभाले गरेका कार्यक्रमहरू अन्य शीर्षकमा पनि विस्तृत चर्चा गरिने भएकाले यस शीर्षकमा सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

## २.२.५ निजगढ साहित्य परिषद् (२०५३)

निजगढ साहित्य परिषद्को गठन वि.सं. २०५३ भाद्र २९ गते बारा जिल्लाको निजगढ गा.वि.स. वडा नं. ८ मा साहित्यकार अच्युत खनालको संयोजकत्वमा भएको थियो । यस संस्थाले निजगढको सेरोफेरोमा साहित्यिक कार्यक्रम चलाउँदै आएको छ । विभिन्न स्वनामधन्य साहित्इकारको जन्मजयन्तीका उपलक्ष्यमा कविता गोष्ठी आयोजना गर्ने, मूर्धन्य विद्वान्हरूलाई आमन्त्रित गरी साहित्यानुरागीको सहभागितामा रथयात्रासहित

अभिनन्दन, सम्मान र पदकले विभूषित गर्ने काम पनि यस संस्थाले गर्दै आएको छ । यस जिल्लाकै स्थापनाकालदेखि निरन्तर क्रियाशील र सक्रिय संस्थाको रूपमा यस संस्थालाई सगौरव चिनाउन सकिन्छ । यस संस्थाभन्दा अघि वा पछि खुलेका कतिपय संस्था विलीन भइसकेका छन् भने कति कछुवाको गतिमा अगाडि बढिरहेका छन् । त्यसैले यस संस्थालाई जीवित सशक्त पुरानो क्रियाशील संस्था भन्दा अतिशयोक्ति नहोला ।

वि.सं. २०५३ मा निजगण साहित्य परिषद्को स्थापना भएपछि यसले प्रतियोगितात्मक कविगोष्ठी सञ्चालन गर्नुका साथै साहित्यिक पुरस्कारको व्यवस्थार राष्ट्रिय साहित्यिक प्रतिभाहरूलाई अभिनन्दन गर्ने कार्य गरेको छ। अक्षयकोषको स्थापना गरेर संस्थालाई बलियो आर्थिक आधार तयार पार्ने काम पनि भएकाले यो संस्था निरन्तर झाँगिँदै गएको छ । निजगढका धेरै साहित्यानुरागी लगायत अन्य साहित्यप्रेमीहरूले पनि यसलाई स्नेह साथ हुर्काउन र बढाउन मद्दत गरिरहेका छन् । यस संस्थाको स्थापना र निरन्तरतामा निजगढका साहित्यकार अच्युत खनाल (वर्तमान अध्यक्ष) र राम पराजुली (सह-सचिव) को सक्रियतामा साहित्यकार डा. निर्मोही व्यासको अग्रणी भूमिका रहेको छ । यसको स्थापनापश्चात् निजगढका साहित्यकारहरूले एउटा गोरेटो पाएका छन्, जसमा निरन्तर अगाडि बढिरहे एउटा राष्ट्रिय साहित्यिक मूल बाटो भेट्न सकिन्छ र निजगढका प्रतिभावान् साहित्यकारहरू पनि राष्ट्रियस्तरका साहित्यकारका कोटिमा आउन सक्छन् (पाण्डे, २०५५ : २) ।

यस संस्थाले राष्ट्रिय स्तरका मूर्धन्य साहित्यकार र स्थानीय नवोदित साहित्यकारलाई एकै थलोमा उभ्याएर साहित्यिक जागरण ल्याउने काम गरेको छ । राष्ट्रिय स्तरका साहित्यकारको समालोचना, संस्मरण र लेख रचनालाई **निसाप** नामक स्मारिका प्रकाशित गरी संगाल्ने काम गरेको छ भने स्थानीय स्रष्टाका रचनालाई पनि स्थान दिएको छ । अहिलेसम्म **निसाप** नामक स्मारिकाको ४ अङ्क प्रकाशित भइसकेका छन् । त्यसैले यस संस्थालाई विशुद्ध साहित्यिक संस्था मान्न सकिन्छ ।

### २.२.६ गजल गुँड प्रतिष्ठान (२०५७)

अमर त्यागीको अध्यक्षतामा गजल गुँडको स्थापना २०५७ सालमा भएको थियो । यस संस्थाको मुख्य उद्देश्य साहित्यको विविध विधाका साथै गजल विधालाई अगाडि बढाउनु

रहेको थियो । यस प्रतिष्ठानले अमर त्यागीको लेखन तथा सम्पादनमा **मूर्च्छना** नामक गजलसङ्ग्रह प्रकाशित गरेको थियो तर हाल यो संस्था निष्क्रिय रहेको छ ।

## ४.२.७ सिर्जनशील महिला समूह

बारा जिल्लाको सदरमुकाम कलैयामा जुनु क्षेत्रीको अध्यक्षतामा सिर्जनशील महिला समूह गठन गरिएको थियो । महिलाहरूलाई साहित्यमा आकर्षित गर्ने उद्देश्यले सशक्त रूपमा अगाडि बढेको यो संस्था तराई आन्दोलन (२०६३) पश्चात् निष्क्रिय रहेको छ ।

## २.२.८ नेपाल भोजपुरी प्रतिष्ठान (२०६१)

नेपाल भोजपुरी प्रतिष्ठानको स्थापना वि.सं. २०६१ सालमा भएको हो । यो भोजपुरी भाषा, साहित्य र संस्कृतिको विकास गर्ने उद्देश्यले स्थापना भएको साहित्यिक संस्था हो । यस संस्थाका अध्यक्ष रामप्रसाद साह हुन् । भोजपुरी भाषा जनबोलीमा मात्र सीमित भइरहेको अवस्थामा यस संस्थाले साहित्यको क्षेत्रमा प्रवेश गराएर विकास समेत गरेको छ । **पपीहा पुकारे आधीरात** शीर्षकको भोजपुरी लोकगीतसङ्ग्रह यस प्रतिष्ठानले प्रकाशित गरेको छ । कवि सम्मेलन गर्नु, साहित्यिक कार्यक्रम आयोजना गर्नु, भोजपुरी भाषा साहित्यको विकासका लागि अमूल्य योगदान दिनु यस प्रतिष्ठानको उद्देश्य रहेको छ । अहिलेको भोजपुरी भाषा साहित्यको विकासमा क्रियाशील सशक्त संस्था नेपाल भोजपुरी प्रतिष्ठान हो भन्दा यसमा अतिशयोक्ति भएको मानिने छैन । वि.सं. २०६२ देखि त्रैमासिक रूपमा **भोजपुरिया माटी** साहित्यिक पत्रिका प्रकाशित भइरहेको छ ।

## ४.२.९ भोजपुरी प्रतिष्ठान, सिम्रौनगढ

भोजपुरी साहित्यकार रामेश्वर मेहताको अध्यक्षतामा भोजपुरी भाषा, साहित्य र संस्कृतिको विकासका लागि यो भोजपुरी प्रतिष्ठान ऐतिहासिक नगरी सिम्रौनगढ, बारामा स्थापना भएको हो । यस संस्थाले स्थापनाकालदेखि नै निरन्तर कवितागोष्ठी, विभिन्न साहित्यिक कार्यक्रम गर्दै आएको छ तर ग्रामीण इलाकामा भएकाले होला यसले गरेका साहित्यिक गतिविधि ओझेलमा परेको छ । यसको भोजपुरी भाषा साहित्यको विकासमा अमूल्य योगदान रहेको छ ।

### ४.२.१० साहित्य समाज बारा (२०७०)

साहित्य क्षेत्रलाई बाराको उत्तरी भेकमा स्थापित गर्ने उद्देश्यले २०५२ मा रामप्रसाद अधिकारीको अध्यक्षतामा विकल्प साहित्यिक समाज, बाराको स्थापना भएको थियो । बदलिँदो राजनीतिक परिवेशले यो संस्था अघि बढ्न नसकेपछि २०६८ सालमा रामप्रसाद पोखरेलको संयोजकत्वमा सिमरा साहित्य समाजको स्थापना भयो । भानुजयन्ती लगायत विविध कार्यक्रम गरी यो पनि सुषुप्त भएपछि २०७० साल मोतीजयन्तीका दिन साहित्य समाज बाराको स्थापना भयो । यसले भव्यताका साथ मोतीजयन्ती सम्पन्न गरी पाक्षिकरूपमा साहित्यिक गतिविधि गर्ने गरेको छ ।

## २.३ कलैया नगरपालिकामा क्रियाशील साहित्येत्तर सामाजिक सङ्घ-संस्थाहरू

### २.३.१ सिद्धेश्वर संस्कृत पुस्तकालय (१९९६)।

श्री सिद्धेश्वर संस्कृत विद्यालयको स्थापना १९९६ सालमा भएको थियो । विद्यालयको स्थापनासँगै सिद्धेश्वर संस्कृत पुस्तकालयको स्थापना भएको देखिन्छ । २०२८ सालको नयाँ शिक्षा प्रणाली लागू हुनु पूर्व यस विद्यालयमा आचार्यसम्मको अध्ययन-अध्यापन हुने गर्दथ्यो त्यसैले यस पुस्तककालयमा आचार्यमा अध्ययन हुने पुस्तकहरू पनि सुरक्षित छन् । ४ वेद, ७ उपनिषद्, केही पुराण, ज्योतिष, व्याकरण, न्याय दर्शन र साहित्यका गरी जम्मा ६०० पुस्तकहरू रहेका छन् । यो पुस्तकालय ऐतिहासिक धरोहरका रूपमा स्थापित भएको छ । ऐतिहासिक महत्त्व बोकेको पुस्तकालय भए तापनि यसले अपेक्षाकृत साहित्यिक कार्यक्रम भने सञ्चालन गर्न सकेको छैन (जनहित पुस्तकालय, २०५९ : ५४) ।

### २.३.२ पशुपति पुस्तकालय (२००३)

वि.सं. २००३ मा ठाकुरप्रसाद गुप्ताको अध्यक्षतामा पशुपति पुस्तकालयको स्थापना भएको थियो, जसमा जानकीप्रसाद श्रेष्ठ, शम्भुलाल श्रेष्ठ, द्वारकानाथ श्रेष्ठ, काशीलाल श्रेष्ठ, मुकुन्दराज जोशी, गोरखबहादुर सिंह, मनमोहन प्रसाद मिश्र, इन्द्रजित प्रसाद शाह कानु, विष्णुबहादुर, केशवप्रसाद उपाध्याय आदि कार्यकारिणी समितिमा रहेका थिए । हाल यो पुस्तकालय कलैया-६ मा अवस्थित छ । यसले समय-समयमा साहित्यिक कार्यक्रम गर्दै

आएको छ । दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, अर्धवार्षिक, वार्षिक पत्रपत्रिका एवं विभिन्न कक्षाका पाठ्यपुस्तकको समेत व्यवस्था मिलाएको छ ।

### २.३.३ जनहित पुस्तकालय (२०१८)

यो पुस्तकालयको स्थापना वि.सं. २०१८ सालमा भएको हो । कलैया नगरपालिका वार्ड नं. ७ बरेवामा अवस्थित छ । यस पुस्तकालयले जनहित-ज्योति समसामयिक साहित्यिक सङ्गालो प्रकाशन गरेर बारा जिल्लामा भाषिक, साहित्यिक, सांस्कृतिक जागरण ल्याउन र जनचेतना अभिबृद्धि गर्न अहम् भूमिका खेलेको छ । सिर्जना छात्रवृत्तिमार्फत ५ जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई प्रत्येक वर्ष सम्पूर्ण शैक्षिक खर्च बेहोर्दै आएको छ भने दामोदर जनहित प्रतिभा पुरस्कारमार्फत प्रवेशिका परीक्षामा जिल्लाभरिमा उच्च अङ्क ल्याई पास हुने १ छात्र र १ छात्रालाई पुरस्कृत गर्दछ । यस पुस्तकालयमा मानार्थ आजीवन सदस्य, आजीवन सदस्य र साधारण सदस्य गरी तीन किसिमका सदस्यहरू रहेका छन् । यस पुस्तकालयले साहित्यकारको जन्मजयन्तीका अवसरमा कवितागोष्ठीजस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ । पुस्तकालयलाई महत्त्वपूर्ण योगदान दिनेहरूमा हृषिकेश लोहनी, शाहबहादुर खड्का, ललित नेपाल विश्वराज पौड्याल आदि रहेका छन् । हाल सञ्चालक समितिका अध्यक्ष सुरेश मोदक रहेका छन् (जनहिन पुस्तकालय, २०६२ : ५७) ।

### २.२.४ कर्मचारी मिलन केन्द्र बारा (२०५२)

राष्ट्रसेवामा निरन्तर सकारात्मक एवम् भ्रातृत्व तथा आपसी योगदान पुऱ्याउँदै जिल्लामा कार्यरत कर्मचारीहरू बीच आपसी मित्रता, सद्भाव, सहयोग, समन्वय, भातृत्व तथा आपसी हितलाई वृद्धि गर्दै सदस्यहरूको मानसिक र बौद्धिक विकासका लागि विभिन्न रचनात्मक कार्यक्रमहरू सञ्चालन गरी सुषुप्त अवस्थामा रहेको प्रतिभालाई प्रष्फुटित गराउने अवसर प्रदान गराउने उद्देश्यले २०५२ सालमा यो संस्थाको विधिवत् स्थापना भएको हो । यस संस्थाले विभिन्न सरकारी संस्थामा कार्यरत कर्मचारीहरूको आन्तरिक प्रतिभालाई प्रष्फुटन गर्नका लागि मिलन साहित्यिक पत्रिका प्रकाशित गर्ने गर्दछ (मिलन, २०६० : १०८) ।

### २.२.५ गोपाल सेवा समिति बारा (२०५३)

यादव जाति लगायत अन्य जातिको शैक्षिक, सामाजिक, राजनैतिक चेतना अभिवृद्धि गर्ने उद्देश्यले बारा जिल्लामा गोपाल सेवा समितिको स्थापना वि.सं. २०५३।७।१० गतेका दिन भएको थियो । संस्थापक अध्यक्ष राघवप्रसाद यादवले वि.सं. २०५५ मा जङ्गबहादुर यादवलाई अध्यक्षता हस्तान्तरण गरेका थिए । हालसम्म पनि जङ्गबहादुर यादवले नै कुशलतापूर्वक काम गर्दै आएका छन् । यस संस्थाले शैक्षिक विकासका लागि साहित्यिक कार्यक्रम सञ्चालन गर्ने, साहित्यिक पत्रिका प्रकाशन गर्ने, चेतनामूलक कार्यक्रम गर्ने जस्ता कार्य गर्दछ । वार्षिक रूपमा **यादव दर्पण** निस्कने गर्दछ । यस पत्रिकाले बाराको साहित्यिक विकासमा टेवा पुऱ्याएको देखिन्छ ।

## २.३ निष्कर्ष

यस जिल्लामा खुलेका साहित्यिक सङ्घ-संस्थाहरूमा साहित्य समिति बारा, बारा साहित्य परिषद्, देवकोटा स्मृति सभा, निजगढ साहित्य परिषद्, गजलगुँड, नेपाल भोजपुरी प्रतिष्ठान बारा, बारा वाङ्मय परिषद् जस्ता एक दर्जन जति साहित्यिक संस्थाहरू बारा जिल्लामा स्थापना भएका देखिन्छन् तर यी सबै साहित्यिक संस्थाहरू वर्तमान अवस्थासम्म क्रियाशील भने देखिएका छैनन् । यसै गरी साहित्येतर सामाजिक सङ्घ-संस्थाहरूमा सिद्धेश्वर संस्कृत पुस्तकालय, पशुपति पुस्तकालय, जनहित पुस्तकालय, कर्मचारी मिलन केन्द्र-बारा, गोपाल सेवा समिति-बारा जस्ता संस्थाहरू क्रियाशील रहेका छन्, जसले नेपाली साहित्य, शिक्षा र चेतनाको क्षेत्रमा महत्त्वहपूर्ण योगदान पुऱ्याएको देखिन्छ । कतिपय साहित्यिक संस्था चाहिँ एकअर्कामा विलीन भएका छन् भने कतिपय समयको प्रवाहमा निरन्तरता दिन नसकेकाले इतिहासको गर्भमा मात्र सीमित रहन पुगेका छन् । तैपनि यी संस्थाहरूले बारा जिल्लाको साहित्यिक विकासमा जे-जति योगदान पुऱ्याएका छन्, त्यो अविस्मरणीय रहेको पाइन्छ ।

# परिच्छेद : तीन

# देवकोटा स्मृति सभाको स्थापना र विकास

## परिच्छेद : तीन

# देवकोटा स्मृति सभाको स्थापना र विकास

### ३.१ ऐतिहासिक पृष्ठभूमि

साहित्य समाजको बिम्ब हो । कुनै पनि समाजको गति, नियति, चिन्तन, मानसिकता र बौद्धिकताको स्वर पहिचान गर्न त्यो समाजको मान्यता, भाषा, परम्परा, साहित्यिक स्तर, सामाजिक दृष्टिकोणको अध्ययन गर्नुपर्दछ । त्यसैले बारा जिल्लाको साहित्यिक पृष्ठभूमि अध्ययन गर्नु सान्दर्भिक देखिन्छ । बारा जिल्लामा अधिकांश बासिन्दाहरू भोजपुरी भाषी छन् । करिब तीस भाषाको अस्तित्त्व रहे तापनि नेपाली, थारू, भोजपुरी, उर्दू र तामाङ प्रमुख भाषा हुन् । विशेष गरी नेपाली, भोजपुरी र थारू भाषामा साहित्य सृजना भएको छ । २०१९ सालमा प्रकाशित स्व. रामप्रसाद रायको **बउआ और बहुरिया** नामक औपन्यासिक कृतिले भोजपुरी साहित्यमा जिल्लाबाट मात्र होइन नेपालबाटै प्रथम हुने सुअवसर भेट्टाएको छ (रिजाल, २०५९ : ९) ।

१९९५ सालमा नीलहरि शर्माको **छोरीलाई अर्ती** कृति बारा जिल्लामा लिखित पहिलो कृति हो । तीन वर्षे कलैया बसाइको क्रममा यो कृति जन्मिएको हुनाले स्व. ढकाललाई जिल्लाको पहिलो कृतिकार र कृतिलाई प्रथम कृतिको पगरी गुथाइएको हो । त्यसपछि१९९७ सालमा **गुणरत्नमाला र नम्रनिवेदन** प्रकाशित भएको थियो । त्यसपछि गुरागाईकै छबीस वर्षपछि २०२३ सालमा **मन्त्रीको गुणदोष** कृति प्रकाशनमा आएको छ (रिजाल, २०५९ : १०) । छबीस वर्षसम्म कुनै पनि साहित्यिक गतिविधि भएनन् भन्न सकिँदैन । प्रजातन्त्र पश्चात् शिक्षाको लहर देशभरि चलेझैँ बार जिल्लामा पनि चल्यो । साहित्यिक कार्यक्रम हुन थाले । २०१५-१६ सालतिर कवि कुलमणि देवकोटाको सक्रियतामा स्थानीय श्री ३ चन्द्र हाई स्कूलमा भव्यरूपले भानु जयन्ती मनाइएको थियो (व्यास, २०४९ : ३-४) । समालोचक केशवप्रसाद उपाध्यायको २०३४ सालमा राजविराजबाट आगमनसँगै साहित्यिक माहोल सृजना भएको पाइन्छ । उहाँकै तत्परतामा नियात्राकार निर्मोही व्यासद्वारा २०३५ सालमा लक्ष्मी पूजाका दिन देवकोटा जयन्ती मनाइएको पाइयो । त्यसै गरी देवकोटा

जयन्ती मनाउन थालिएदेखि बारामा साहित्यिक वातावरण सृजना भएको थालिएको बारामा साहित्यिक वातावरण सृजना भएको पाइन्छ । निर्मोही व्यासको विशेष तत्परता र स्थानीय गुराँस बालक्लबको सहयोगमा २०४२ सालमा लक्ष्मीपूजाका दिन देवकोटा जयन्ती भव्यताका साथमा मनाइनुका साथै श्री ३ चन्द्र मा.वि.को अघिल्तिर पूर्वोत्तर कुनामा अवस्थित चोकको नाम 'देवकोटा चोक' नामकरण गरिएको पाइयो । बारा जिल्लामा छरिएर रहेका साहित्यकारहरू देवकोटा स्मृति सभामा जम्मा भएर आफ्ना साहित्यिक गतिविधिहरू सञ्चालन गर्न थाले । स्व. नीलहरि शर्मा ढकाल, स्व. जगन्नाथ गुरागाई, केशवप्रसाद उपाध्याय, स्व. रामप्रसाद राय, निर्मोही व्यास, मुकुन्द आचार्य, स्व. कलानाथ अधिकारी, ओममणि शर्मा, अच्युत खनाल, हृदयनारायण चौधरी, ध्रुब घिमिरे जस्ता उल्लेख्य साहित्यकारको बारा जिल्लामा जनचेतना जगाउन र साहित्यिक वातावरण सृजना गर्न अमूल्य योगदान रहेको छ । त्यसै गरी नवराज रिजाल, अमर त्यागी, श्रीराम पाण्डे, रामप्रसाद अधिकारी, ईश्वरराज ढुङ्गेल, जुनु क्षेत्री, राम खनाल, ऋषिकेश लोहनी, रामकुमार घिमिरे, माधवप्रसाद गौतम, सलीम समदर्शी जस्ता साहित्यकारले आफ्ना रचनामार्फत बारा जिल्लालाई सुवासित पारिरहेका छन् ।

साहित्य सिर्जनाको मूल उद्देश्य र अभिप्राय समाजलाई अज्ञानरूपी अन्धकारबाट ज्ञानरूपी उज्यालो पथमा अग्रसर गराउने तथा आफू बसेको समाज र देशको समुन्नत संस्कार संस्कृतिलाई प्रचार-प्रसार गर्नु एवम् सर्जकहरूले भाषाका माध्यमबाट भाव एवम् विचारको प्रस्फुटन र सञ्चारका क्रममा सामाजिक जीवनलाई गतिशील बनाउनुका साथै साहित्य एवम् साहित्येत्तर ज्ञान, विज्ञानको उचाइसम्म पुऱ्याउने गर्दछन् । जसले गर्दा देवकोटा स्मृति सभाको गर्भाधान भयो । देवकोटा स्मृति सभाको जन्म पूर्वको पृष्ठभूमिमा दुई तत्त्वले काम गरेको पाइन्छ । पहिलो जनचेतनाको लहर र दोस्रो साहित्यिक क्षेत्र । त्यसैले देवकोटा स्मृति सभाको जन्म हुनुमा दुबै तत्त्वको सम्मिश्रण रहेको देखिन्छ, यसमा कुनै दुई मत छैन ।

## ३.२ नामकरण

२०३५ सालमा समालोचक केशवप्रसाद उपाध्यायको प्रेरणाले नियात्राकार निर्मोही व्यासको संयोजकत्वमा कलैयामा देवकोटा जयन्तीको आयोजना गरियो । यो नै कलैया नगरीको र सिङ्गो बारा जिल्लामा नै मनाइएको पहिलो देवकोटा जयन्ती थियो । २०३६

सालदेखि देवकोटा चोक स्थापित गर्न उपयुक्त स्थानको खोजी हुन थाल्यो । अन्तमा २०४२ सालमा निर्मोही व्यासको अग्रसरता र गुराँस क्लबको सहयोगमा वर्तमान स्थललाई देवकोटा चोक नाम प्रदान गरियो र केशवप्रसाद उपाध्यायको हातबाट नामपाटी समेत राखियो । २०४५ साल चैत्रमा केशवप्रसाद उपाध्याय र निर्मोही व्यासबाट ने.रा.प्र.प्र. का सचिवसित महाकवि देवकोटाको प्रतिमा मागबारे प्रारम्भिक कुराकानी थालियो । वि.सं. २०४६ सालमा लक्ष्मीपूजाको दिन तत्कालीन नारायणी अञ्चलाधीश श्री टेकबहादुर थापाबाट शिलन्यास गराइयो । २०४७ साल माघ ८ गते ने.रा.प्र.प्र. का सदस्य धनुषचन्द्र गौतमबाट केशवप्रसाद उपाध्यायलाई एउटा लघुसमारोहका बीच देवकोटाको प्रतिमा हस्तान्तरण गरियो । २०४८ साल कार्तिक १९ गते लक्ष्मीपूजाका दिन साहित्यप्रेमी स्थानीय बयोवृद्ध श्री नरनाथ उपाध्याय न्यौपाने (निर्मोही व्यासका पिता)को करकमलबाट महाकवि देवकोटाको प्रतिमा स्थापना भयो । २०४८ साल कार्तिक २५ गते देवकोटाको प्रतिमाको अनावरण कार्य एक बृहत् समारोहका बीच ने.रा.प्र.प्र. का उपकुलपति ईश्वर बरालद्वारा सम्पन्न गरियो । उक्त समारोहमा भावी कार्यक्रम सञ्चालन गर्न देवकोटा स्मृति नामक सभा नामक संस्था गठन गर्ने र वर्तमान महाकवि देकोटा प्रतिमा स्थापना समितिलाई त्यसैको अन्तर्गत विलीन पारी उसले लिएको सम्पूर्ण दायित्व देवकोटा स्मृति सभाले बहन गर्ने जानकारी गराइयो । ( देवकोटा स्मृति सभा, २०४९ : ९-११) । २०४८ मङ्सिर २८ गते समालोचक केशवप्रसाद उपाध्यायको सभापतित्त्वमा देवकोटा स्मृति सभाको स्थापना गरेको देखिन्छ ।

केशवप्रसाद उपाध्यायको प्रेरणा र निर्मोही व्यासको दुर्दर्शीताले देवकोटा जयन्ती २०३५ सालमा मनाइयो । सोही कार्यलाई निरन्तरता दिँदै देवकोटाको प्रतिमा अनावरण गरियो । सो महाकवि देवकोटा प्रतिमा स्थापना समितिलाई विलीन गर्दै देवकोटा स्मृति सभाको स्थापना र नामकरण गरिएको छ ।

## ३.३ देवकोटाको प्रतिमा अनावरणको झलक

वि.सं. २०४८ कार्तिक २५ गते ने.रा.प्र.प्र. का उपकुलपति ईश्वर बराले देवकोटाको प्रतिमा कलैयामा अनावरण गर्नु भएको थियो । त्यस दिनको भव्य कार्यक्रमलाई तीन भागमा विभाजन गरिएको थियो १. प्रभात फेरि २. प्रतिमा अनावरण समारोह ३. त्यसै अन्तर्गत कवि सम्मेलन ।

प्रभात फेरि अन्तर्गत ८:३० बजे शोभा यात्रा गरिएको थियो । यसम चूडामणि बन्धु, स्थानीय अनेक गण्यमान्य व्यक्तिहरू, शिक्षक, बुद्धिजीवि, पत्रकार, कानुनवेत्ता, भोजपरीका वरिष्ठ कविवर श्री दीपनारायण मिश्र, निर्मोही व्यास, रमेश गोर्खाली, बसन्त नेपाल, मुकुन्द आचार्य आदि साहित्यकारहरूको ठूलो उपस्थिति रहेको थियो । प्रतिमास्थलबाट निस्केको जुलुसले बजार परिक्रमा गरी श्री ३ चन्द्र मा.वि. पुगी आमसभामा परिणत भएको थियो । जुलुसको अगाडि देवकोटाका तीनवटा फोटालाई स्थानीय वाहन गाडा, टाँगामा शोभायात्रा गरिएको थियो । राष्ट्रियता र साहित्य सेवकका बारेमा अनेक सुरम्य एवम् गरिमामय जयघोष भैरहेको थियो ।

करिब १०:३० बजेदेखि बरालको प्रमुख आतिथ्यमा प्रतिमा अनावरण कार्यक्रम सुरु भएको थियो । देवकोटा आख्यान मालाको पहिलो प्रवचन बन्धुले ५० मिनेट लगाएर सारसङ्क्षेपमा सुनाउनु भएको थियो । भोजपुरी साहित्यकार दीपनारायण मिश्रलाई भोजपुरी साहित्य साधना गरेकाले दोसल्ला ओढाई सम्मान गरिएको थियो । ईश्वर बराल, धनुषचन्द्र गौतम, बसन्त नेपाल, रमेश गोर्खाली, निर्मोही व्यास, ऋषिकेश लोहनीजस्ता साहित्यकारहरूले आफ्ना सारगर्भित प्रवचन गर्नुभएको थियो । देवकोटाको प्रतिमा अनावरणको समाचार नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र, द राईजिङ्ग नेपाल र अन्य स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिकाले प्राथमिकताका साथ छापेका थिए । (भट्ट : २०४८) ।

## ३.४ देवकोटा स्मृति सभाको प्रथम साधारण सभा र गठन प्रक्रिया

### साधारण सभा

आज मिति वि.सं. २०४८ मार्ग २८ गते श्री ३ चन्द्र मा.वि. कलैयामा महाकवि देवकोटा प्रतिमा स्थापना समितिका संयोजक केशव उपाध्यायको आह्वानमा निजकै सभापतित्त्वमा समितिका सदस्य र महाकविका प्रमिास्थलको निर्माणकालदेखि उनका प्रतिमाको स्थापना तथा त्यसको अनावरण समारोहसम्मका चरणहरूमा विभिन्न रूपले सहयोग गर्ने लेखक एवम् देवकोटाप्रेमी साहित्यानुरागीहरूको एक महत्त्वपूर्ण सभा सम्पन्न सो सभामा निम्नलिखित विषयहरूमा निम्नलिखित निर्णय लिइयो ।

क) महाकविका प्रतिमाको स्थापना कार्य र अनावरण समारोह समेत वि.सं. २०४८ कार्तिक २५ गते सम्पन्न भइसकेकाले म दे.प्र.व्या.स. को

कार्यकारिणीको सल्लाहकार चूडामणि बन्धुको सल्लाहको आधारमा दे.प्र.व्या.स. को विघटन गरी उक्त समितिले अँगालेको उद्देश्य र लक्ष्यअनुरूपका भावी कार्यक्रमहरूको सञ्चालनका लागि देवकोटा स्मृति सभा गठन गर्ने ।

ख) संयोजकद्वारा प्रस्तुत गरेको र म.दे.प्र.व्या.स. का सदस्यहरूले दिएको सुझाब तथा विभिन्न व्यक्तिहरूसँग सल्लाह गरी सामान्य संशोधन सहित सो विधान सर्वसम्मतिबाट पारित गरियो । सो को मूल र प्रमाणित प्रतिलिपि तल लेखिए बमोजिम हुनेछ ।

साधारण सभाले यस संस्थाको विधान पारित गरे तापनि परिशष्टमा विधान राखिने हुनाले यहाँ उल्लेख गरिएको छैन ।

ग) विधानअनुसार देवकोटा स्मृति सभाको गठनकार्य निम्नलिखित व्यक्तिहरूको समावेश गरी पूरा गरियो ।

कार्यकारिणी समितिको चयन

| | | | |
|---|---|---|---|
| क) | केशव उपाध्याय | - | अध्यक्ष |
| ख) | विवेकानन्द गौतम | - | उपाध्यक्ष |
| ग) | ऋषिराम न्यौपाने | - | महासचिव |
| घ) | कामोदकुमार उपाध्याय | - | सचिव |
| ङ) | अमर त्यागी | - | सहसचिव |
| च) | सुरेश लामिछाने | - | कोषाध्यक्ष |
| छ) | निर्मोही व्यास | - | सदस्य |
| ज) | मुकुन्द आचार्य | - | सदस्य |
| झ) | अच्युत खनाल | - | सदस्य |
| ञ) | ललितकुमार नेपाल | - | सदस्य |
| ट) | सुनिल अधिकारी | - | सदस्य |
| ठ) | उमा अर्याल | - | सदस्य |
| ड) | ऋषिकेश अर्याल | - | सदस्य |

साधारण सदस्यहरू

१) केशवप्रसाद उपाध्याय

२) विवेकानन्द गौतम

३) अमर त्यागी

४) निर्मोही व्यास

५) अच्युत खनाल

६) ललितकुमार नेपाल

७) ऋषिकेश लोहनी

८) बाबुनन्द साहु

९) सुरेश लामिछाने

१०) निर्मल कुमार अर्याल

११) बैकुण्ठ सिग्देल

१२) पृथ्वीराज पाण्डे

१३) नारायण थापा

१४) भाइराजा शाह

१५) कूलराज पौडेल

१६) अन्जु घिमिरे

१७) उमा अर्याल

१८) नरेन्द्रलाल श्रेष्ठ

१९) सुजित कुमार अर्याल

२०) कामोद कुमार उपाध्याय

२१) मुकुन्द आचार्य

२२) प्र.अ. श्री ३ चन्द्र मा.वि. कलैया - पदेन

२३) प्र.अ. सिद्धेश्वर सं.मा.वि. कलैया - पदेन

२४) अध्यक्ष जनहित पुस्तकालय, कलैया -१०- पदेन

२५) अध्यक्ष गुराँस क्लब कलैया - पदेन

२६) सुनिल अधिकारी

२७) विनोद तिमल्सेना

२८) विष्णु गौतम

२९) विन्दा सहनी

३०) सुन्दर थापा

३१) सुशील पौडेल

३२) अजय उपाध्याय

३३) मदनप्रसाद कुर्मी

३४) गणेश भण्डारी, विराटनगर

३५) पोषराज निरौला, धरान

३६) आनन्ददेव भट्ट, काठमाडौं

३७) कृष्णप्रसाद पराजुली, काठमाडौं

३८) घटराज भट्टराई, काठमाडौं

३९) वामदेव पहाडी, भैरहवा

४०) रमेश गोर्खाली, वीरगंज

४१) जयदेव भट्टराई, काठमाडौं

४२) ऋषिराम न्यौपाने, काठमाडौं

मानार्थ सदस्य

श्री दीपनारायण मिश्र

## ३.५ कार्यकारिणीको पहिलो वैठक र निर्णयहरू

आज मिति २०४८/१०/१३ गते स्थानीय रामराजा बहुमुखी क्याम्पसको भवनमा केशव प्रसाद उपाध्यायको अध्यक्षतामा बसेको दे.स्मृ.स. कार्यकारिणी समितिको बैठकमा निम्न पदाधिकारीहरूको उपस्थिति भयो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १) केशवप्रसाद उपाध्याय | - | सभापति |
| २) विवेकानन्द गौतम | - | उपसभापति |
| ३) ऋषिराम न्यौपाने | - | महासचिव |
| ४) कामोदकुमार उपाध्याय | - | सचिव |
| ५) अमर त्यागी | - | सहसचिव |
| ६) सुरेश लामिछाने | - | कोषाध्यक्ष |
| ७) निर्मोही व्यास | - | सदस्य |
| ८) मुकुन्द आचार्य | - | सदस्य |
| ९) अच्युत खनाल | - | सदस्य |
| १०) सुनिल अधिकारी | - | सदस्य |

११) उमा अर्याल - सदस्य

१२) ऋषिकेश लोहनी - सदस्य

१३) ललितकुमार नेपाल - सदस्य

प्रस्ताव र निर्णयहरू

क) दे.स्मृ.स. लाई दर्ता गराउने प्रकृया चलाउने बारे ।

निर्णय :- दे.स्मृ.स. लाई दर्ता गराउने प्रशासनिक प्रक्रिया चलाउने निर्णय गरियो ।

ख) प्रस्ताव :- मानार्थ सदस्यता प्रदान गर्ने आधार खडा गर्ने

निर्णय :- वरिष्ठ साहित्यकारलाई सो सदस्यता दिने क्रममा पहिलो मानार्थ सदस्यता श्री दीपनारायण मिश्रज्यूलाई प्रदान गर्ने निर्णय गरियो ।

ग) प्रस्ताव :- सल्लाहकारको नियुक्ति गर्ने

निर्णय :- अनावरण गरिएका ने.रा.प्र.प्र. का उपकुलपति र चूडामणि बन्धुलाई सल्लाहकार मनोनीत गरियो ।

हाललाई स्थानीय सल्लाहकारकार रूपमा प्रमुख जिल्ला अधिकारी बारा तथा जिल्ला शिक्षा निरीक्षक बारालाई पदेन सल्लाहकार मनोनित गरियो ।

प्रस्ताव नं. ३ मा उल्लेख भएको मानार्थ सदस्यताको हकमा दे.स्मृ.स. प्रति सद्भाव राखी आवश्यक सहयोग गर्ने र यसले वार्षिक समारोहमा आमन्त्रित गरी सम्मानित गर्ने । विशिष्ट साहित्यकारलाई मानार्थ सदस्यताको मुख्य आधार स्वीकार गरियो ।

घ) स्मृति सभाको सदस्यता प्रदान गर्ने ।

निर्णय :- दे.स्मृ.स. का लागि अत्यन्त सहयोगी हुने स्थानीय व्यक्तिका साथै काठमाडौं उपत्यकाका, पूर्वी नेपाल, पश्चिमी नेपालका साहित्यकार रा साहित्यानुरागीलाई रिक्त रहेको सदस्य पदमा स्मृति सभाको सदस्यका रूपमा हाललाई निम्न लिखित महानुभावहरूलाई मनोनयन गरियो ।

१) मदनप्रसाद कुर्मी

२) अजय उपाध्याय

३) गणेश भण्डारी

४) पोषराज निरौला

५)    आनन्ददेव भट्ट

६)    कृष्णप्रसाद पराजुली

७)    घटराज भट्टराई

८)    वामदेव पहाडी

## ३.६ निष्कर्ष

समग्ररूपमा अध्ययन गर्दा देवकोटा स्मृति सभाको गठन वि.सं. २०४८ साल मङ्सिर २८ गते भएको हो । यस लघु शोधमा साधारण सभाले गरेका महत्त्वपूर्ण निर्णय र कार्यसमितिको पहिलो बैठक र त्यो बैठकले पारित गरेका निर्णयहरू मात्र उल्लेख गरिएको छ । अन्य वैठकका निर्णयहरू यहाँ उल्लेख गर्न असम्भव भएकाले अन्य शीर्षकमा चर्चा गरिएको छ । देवकोटा स्मृति सभाले गरेका निर्णयअनुसार आफ्ना साहित्यिक गतिविधिलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । विशेषगरी यसका गतिविधिले छोटो समयमा नै साहित्यिक कार्यक्रम गरेर आफूलाई चिनाउने काम गरेको पाइन्छ । साधारण सभा र पहिलो बैठकलाई निहाल्दा अत्यन्त तार्किकता, बौद्धिकता र सचेतता अपनाएको देखिन्छ । लेखाइका क्रमम केरिएको ठाउँमा अध्यक्षको सही हुनु खुसीको कुरा हो ।

## ३.७ देस्मृसको विगतदेखि वर्तमानसम्मका कार्यकारिणीका मुख्य निर्णयहरू

२०४८/११/२४    - देवकोटा स्मृति सभा प्र.जि.अ. कार्यालय कलैयामा २०४८/११/२१ मा दर्ता भएको जानकारी गराउने
- देवकोटा जयन्ती, बालपुरस्कार, व्याख्यानमाला कवि सम्मेलन गर्ने
- स्मारिका विमोचन गर्ने
- २०४८/०४९ को अनुमानित वार्षिक आयव्यय प्रस्तुत गर्ने

०४८/१२/१५    - २०४९ वैशाख १ गते नेपाली र भोजपुरी कवि सम्मेलन गर्ने,
- निर्मोही व्यासद्वारा लिखित **ठोरीको एलबम** पुस्तकको विमोचन
- प्रकाशन सम्बन्धी नियम पारित गरिएको

२०४९/१/१    - कवि अच्युत खनालको **चेतनाको लहर** कविता सङ्ग्रहको विमोचन
- आर्थिक कारोबार सम्बन्धी निर्णय
- नेपाली र भोजपुरी कवि सम्मेलन सम्पन्न

| | |
|---|---|
| २०४९/३/१३ | कवि सिद्धिचरण श्रेष्ठको देहावसानको शोक प्रस्ताव पारित |
| २०४९/५/२० | महाकवि देवकोटा बालपुरस्कार तथा व्याख्यान समारोह कार्तिक ७ गते देवकोटा जयन्तीमा गर्ने निर्णय |
| २०४९/६/३ | देवकोटा स्मारिका प्रकाशनमा सहयोग गर्ने जनहित पुस्तकालय लगायत अन्य संस्थालाई धन्यवाद ज्ञापन |
| २०४९/७/४ | स्व. साहित्यकार जगन्नाथ गुरागाई तथा नीलहरि ढकाललाई मरणोपरान्त सम्मान<br>व्याख्यानकर्तालाई पारितोषिक र उपहार दिने निर्णय |
| ०४९/७/७ | देवकोटा जयन्तीको अवसरमा नेपाली तथा भोजपुरी कविगोष्ठी, बालपुरस्कार र लेखकद्वयलाई सम्मान (जगन्नाथ र ढकाल) |
| २०५०/८/२६ | आख्यानकार मदनमणि दीक्षितज्यूलाई रथारोहण गरी नगर परिक्रमा, |
| २०५०/१०/९ | साधारण सभाबाट नयाँ कार्यकारिणी समितिको चयन |

अध्यक्ष - केशवप्रसाद उपाध्याय

उपाध्यक्ष - ऋषिकेश लोहनी

महासचिव - निर्मोही व्यास

सचिव - अच्युत खनाल

सहसचिव - अमर त्यागी

कोषाध्यक्ष - हरेराम नेपाल

सदस्य - कामोदकुमार उपाध्याय

सदस्य - श्यामकुमार पाण्डे

सदस्य - विन्दु गौतम

सदस्य - उमा अर्याल

सदस्य - नरेन्द्रलाल श्रेष्ठ

सल्लाहकार-

चूडामणि बन्धु

प्रह्लादराज गौतम

माधवप्रसाद मधुकर

| | |
|---|---|
| २०५१/४/८ | केशवप्रसाद उपाध्यायले शारीरिक अस्वस्थताका कारण दिएको राजिनामा अस्वीकृत । |
| २०५१/७/५ | मैथिली साहित्यकार श्री सुन्दर झा शास्त्रीलाई देवकोटाको व्यक्तित्व र कृतित्त्वबारे व्याख्यान गर्न अनुरोध गर्ने । |
| २०५१/७/१७ | देवकोटाको ८६ औं लक्ष्मी जयन्ती (देवकोटा जयन्ती) कवि गोष्ठी आयोजना गरी मनाइयो । |
| २०५१/८/१७ | २०५१ पौष २ गते कविगोष्ठी सम्पन्न गर्ने । |
| | देवकोटा बालपुरस्कार स्थगित गरी बालसाहित्यका लेखकलाई सम्मानित गर्ने । |
| २०५१/१०/९ | वि.सं. २०५१/१/१ गतेका दिन नेपाली र भेजपुरी कवि सम्मेलन गर्ने । |
| २०५१/११/१३ | रेडियो नेपालका गीतकार श्री कृष्ण सिंखडालाई सम्मान गर्ने |
| २०५१/१/१३ | लक्ष्मी जयन्तीमा व्याख्यान समारोह र प्रतिभा सम्मान गर्ने । |
| | नेपाली तथा भोजपुरी संयुक्त कवि सम्मेलन गर्ने । |
| | बालसाहित्य पुरस्कार रमेश विकललाई दिने । |
| २०५३/७ | नयाँ कार्यसमितिको चयन अध्यक्षमा निर्मोही व्यास । |
| २०५४/७/३० | नयाँ कार्यसमितिको चयन अध्यक्षमा कामोद उपाध्याय । |
| २०५५/५/७ | साहित्यकार सुन्दर झा, सूर्यप्रसाद श्रेष्ठ, सल्लाहकार माधवमधुकर, केदारमान व्यथितको असामयिक निधनप्रति शोक प्रस्ताव पारित । |
| २०५७/१०/७ | अध्यक्षमा निर्मोही व्यासको चयन । |
| | देवकोटा स्मृति सभाले श्रीराम पराजुली, आशाराम आत्मालाई सदस्यमा चयन गर्ने । |
| | तारानाथ शर्मा, श्यामप्रसाद शर्मा, ध.च. गोतामे, दौलतविक्रम विष्ट, गोविन्द भट्ट, भीम विराग र प्रेम विनोद नन्दनलाई अभिनन्दन गर्ने । |
| २०५७/१०/२१ | दशवर्ष सम्मका देवकोटा ब्याख्यानहरूको प्रकाशन गर्ने |
| २०५८/८/२९ | देवकोटा स्मृति सम्मान दसवर्ष पुगेको अवसरमा प्रथम पटक साहित्यकार राजवलाई दिने निर्णय गरियो । |
| २०५८/१०/१ | यस सभाका सदस्य आशाराम आत्माको असामयिक निधनप्रति शोक प्रस्ताव पारित |
| | रिक्त सदस्य पदमा घनश्याम न्यौपाने परिश्रमीलाई मनोनित |

| | |
|---|---|
| २०५८/७/१८ | १९ औँ देवकोटा जयन्तीका उपलक्ष्यमा उपन्यासकार भीमचरण थापा, गजलकार घनश्याम न्यौपाने, भोजपुरी साहित्यकार गोपाल अश्क लाई सम्मान गर्ने । |
| २०५९/७/१६ | देवकोटा जयन्तीका उपलक्ष्यमा उपर्युक्त साहित्यकारलाई सम्मान गरियो । |
| २०५९/१०/२४-२५ | दे.स्मृ.स. र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको संयुक्त तत्त्वावधानमा सम जन्म शताब्दी समारोह विभिन्न कार्यक्रम का साथ आयोजना । |
| २०५९/१०/२४ | विधान संशोधन गरी सदस्य सङ्ख्या ११ बाट १५ जना हुने व्यवस्था गरियो । |

नयाँ कार्यसमितिको गठन गरियो ।

| | |
|---|---|
| मुख्य संरक्षक | - केशवप्रसाद उपाध्याय |
| अध्यक्ष | - निर्मोही व्यास |
| उपाध्यक्ष | - धनश्याम न्यौपाने 'परिश्रमी' |
| महासचिव | - जुनु क्षेत्री |
| कोषाध्यक्ष | - टीना सुवेदी |
| सदस्य | - अच्युत खनाल |
| सदस्य | - नवराज रिजाल |
| सदस्य | - रामप्रसाद शाह |
| सदस्य | - पृथ्वीराज पाण्डे |
| सदस्य | - सुजित अर्याल |
| सदस्य | - म.इसहाक हुसेन |
| सदस्य | - भीम खकुरेल |
| सदस्य | - कामोद उपाध्याय |
| सदस्य | - राम पराजुली |

सल्लाहकार समिति-

मुकुन्द आचार्य

माधव गौतम

ऋषिकेश लोहनी

| | |
|---|---|
| २०५९/१०/२५ | आख्यानकार दौलत विक्रम विष्ट र विशिष्ट प्रतिभा नयनराज पन्तको असामयिक निधनप्रति शोक प्रस्ताव पारित |

२०५२९/१०/२७ सभाको लेखापरीक्षण गर्ने

२०५९/१/३ जि.वि.स. र नगरपालिकालाई आर्थिक सहयोग गर्न अनुरोध गर्ने ।

२०६०/२/१० यस सभाबाट प्रकाशित संस्मरण कृति **स्मृति बिम्ब** नारायणी वाङ्मयबाट पुरस्कृत भएकोमा बधाई ज्ञापन गर्ने ।

२०६०/७/१ देवकोटा जयन्तीम बाबुराम लामिछानेलाई सम्मान गर्ने

२०६०/७/८ ९५ औँ देवकोटा जयन्ती सम्पन्न ।

२०६०/९/५ वि.सं. २०६० माघ ३ गते केशवप्रसाद उपाध्यायको ७१ औँ जन्मदिनमा शोभायात्रा सहित अभिनन्दन गर्ने ।

उपाध्यायको जीवनी, व्यक्तित्व, कृतित्त्व सम्बन्धी लेख रचना तयार पार्ने ।

२०६०/९/८ १२ औँ वार्षिकोत्सवका अवसरमा देवकोटाको मासिक प्रयोग विषयमा व्याख्यान प्रस्तुत गर्न विष्णुराज आत्रेय ज्यूलाई अनुरोध गर्ने ।

२०६१/३/२१ यस सभाका संस्थापक महासचिव ऋषिराज न्यौपानेको असामयिक निधनमा शोकप्रस्ताव पारित गरियो ।

संस्थाको लोगो संशोधन गर्ने सम्बन्धमा ।

२०६१/४/१२ बाढी पीडित साहित्यकार माधव काफ्लेलाई सहयोग गर्ने ।

२०६१/४/२५ सभाको नवीकरण गर्ने

२०६१/२/२६ केशवप्रसाद उपाध्यायको अभिनन्दन ग्रन्थ प्रकाशन गर्ने ।

२०६१/७/१० ९७ औँ देवकोटा जयन्तीमा कविगोष्ठी, देवकोटाको रचना पाठ गराउने ।

बाराबाट नेपाली विषयमा सर्वोत्कृष्ट अङ्क ल्याउने छात्र-छात्रालाई पुरस्कार दिने ।

२०६२/७/१५ ९७ औँ देवकोटा जयन्ती सम्पन्न

२०६३/६/२८ सभाको लेखा परीक्षण गर्ने ।

अभिनन्दन ग्रन्थ प्रकाशित गर्ने ।

देवकोटा स्मृति सभाको स्थापना दिवस मनाउने ।

लेखनाथ जयन्ती मनाउने ।

२०६३/८/२ सुशील मुडभरीद्वारा लिखित पुस्तक प्रकाशन गर्ने ।

| | |
|---|---|
| २०६३/९/१९ | देवकोटा स्मारक व्याख्यान माला २०६१ सालका लागि घनश्याम कँडेल, २०६२ सालका लागि राजेन्द्र विमल र २०६३ सालका लागि गोविन्दराज भट्टराईज्यूलाई व्याख्यान गर्न चयन गर्ने । |
| २०६३/९/२२ | सभाको कार्य समितिमा कवयित्री वीणा पोखरेललाई चयन गरियो । |

स्रोत : २०४८ देखि २०६३ सम्मको निर्णय पुस्तिकाअनुसार ।

## ३.८ निष्कर्ष

यस शीर्षकमा देवकोटा स्मृति सभाको स्थापना कालदेखि २०६३ सालसम्मका निर्णययुस्तिकाका मुख्य निर्णयहरूलाई उल्लेख गरिएको छ । जम्मा २०५३ र २०५६ सालमा एउटा पनि निर्णय भएको पाइदैन, त्यस्तो हुँनै सक्दैन तर उपलब्ध नभएकाले नराखिएको हो । हालसम्म जम्मा १४६ पटक कार्यकारिणी र साधारण वैठक बसेको देखिन्छ ।

यस सभाले संस्थाको दर्ता गर्ने, नेपाली तथा भोजपुरी कविगोष्ठी गर्ने र बहुभाषिक सम्मेलन गर्ने जस्ता कार्य गरेको छ । सहित्यकारहरूको पुस्तक प्रकाशन गर्ने र राष्ट्रिय स्तरका साहित्यकारलाई देवकोटा व्याख्यानमाला लेखाई पारितोषिकसमेत उपलब्ध गराउने काम गरेको छ । केन्द्रीयस्तर र मोफसलका विभिन्न विधाका स्रष्टालाई रथारोहण गरी परिक्रमा गराउने र विभिन्न उपहार तथा पुरस्कारले सम्मान गर्ने काम पनि यस संस्थाले गरेको छ । नेपाली साहित्य लगायत भोजपुरी र मैथिली साहित्यको विकासका लागि संयुक्त कविगोष्ठीहरूको आयोजना गरिएको छ । बारा जिल्लाका प्रथम कविलाई मरणोपरान्त पनि सम्मान गरिएको छ । समग्रमा भन्दा यस संस्थाले जीवित साहित्यकारलाई रथारोहण र सम्मान गरेको छ भने भौतिक र शरीर गुमाएका साहित्यकारको जन्मजयन्ती र प्रतिमामा माल्यार्पण गरेर सम्मान गरेको छ । नवप्रतिभाले प्रतिभा प्रस्फुटन गर्न पाएका छन् भने मूर्धन्य साहित्यकारले अनुभव साटासाट गर्न यस संस्थामार्फत पाएका छन् ।

**देवकोटा स्मृति सभाका विगतदेखि वर्तमानसम्मका अध्यक्षहरू**

| क.सं. | नाम | कार्यकाल |
|---|---|---|
| १ | केशवप्रसाद उपाध्याय | वि.सं. २०४८ देखि वि.सं. २०५३ कार्तिकसम्म |
| २ | कामोदकुमार उपाध्याय | वि.सं. २०५४ देखि वि.सं. २०५८ |
| ३ | निर्मोही व्यास | वि.सं. २०५३ कार्तिक- २०५४, २०५७-२०७० जेठसम्म |
| ४ | सुशील मुडभरी | वि.सं. २०७० जेठदेखि हालसम्म |

## ३.९ देवकोटा स्मृति सभाद्वारा सम्मानित स्रष्टाहरूको व्यक्तिवृत्त र नामावली

देवकोटा स्मृति सभालाई माया गर्ने र सद्भावपूर्ण व्यवहार देखाउने साहित्य साधकहरू स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म ख्यातिप्राप्त एवम् चर्चित सर्जकका रूपमा रहेकाले तिनको जीवनकृत यहाँ उल्लेख गरिएको छ । केही सम्मानित व्यक्तित्वको विवरण प्राप्त भएका सामग्रीको आधारमा गरिएको छ भने कोही सर्जकको तालिकीकरण गरेर उहाँहरूले प्राप्त गर्नुभएको अभिनन्दन-पत्र, बधाइ-पत्र, मान-पत्र, प्रमाण-पत्र, सम्मान-पत्रका आधारमा उल्लेख गरिएको छ ।

### ३.९.१ केशवप्रसाद उपाध्याय

केशवप्रसाद उपाध्याय १९९० साल (२ जनवरी १९३३) मा मकवानपुर गढीमा जन्मेका हुन् । पिता तीर्थराज उपाध्याय र माता प्रेमकुमारीको कोखबाट जन्मेका उपाध्यायको न्वारानको नाम धनराज हो । यिनको अक्षरारम्भ चारवर्ष पुगेपछि भएको थियो । यिनले सन् १९५८ मा साहित्याचार्य गरेका थिए भने वि.सं. २०४३ सालमा विद्यावारिधि उपाधि हासिल गरेका थिए । यिनले महेन्द्र विन्देश्वरी क्याम्पस राजविराज, ठाकुरराम बुहुमुखी क्याम्पस वीरगञ्ज, पद्मकन्या क्याम्पस, रत्नराज्य क्याम्पस र त्रिचन्द्र बहुमुखी क्याम्पसमा अध्यापन गराएका थिए । हाल यिनी केशवाश्रम-९२, अलौकिक मार्ग, सरस्वतीनगर, चाबहिल-६, काठमाडौंमा बसोबास गरेका छन् । उपाध्यायको पहिलेको निवास्थान कलैया, भवानीपुर-४, बारा हो । यिनी देवकोटा स्मृति सभाका सोचकर्ता, आरम्भकर्ता, स्थापना कर्ता र प्रथम कार्यकारिणीका अध्यक्ष मात्र नभएर अहिलेसम्म पनि तन, मन र कर्मले सहयोग गर्ने भीष्मपितामह हुन् । यिनले **हिन्दी नेपाली शिक्षक** (२०२०), **साहित्य प्रकाश** (२०३०), **प्राथमिक कालीन कवि र काव्यप्रवृति** (२०३२), **केही रचना केही विवेचना** (२०३२), **तरुण-तपसीको पुनर्मूल्याङ्कन** (२०३४), **पूर्वीय साहित्य सिद्धान्त** (२०३६), **बालकृष्ण समको दु:खान्त नाट्य चेतना** (२०४५), **पाश्चात्य दु:खान्त नाटकको सृजन परम्परा** (२०५५), **नाटकको अध्ययन** (२०५६), **दु:खान्त नाट्य चिन्तन** (२०६०), **मेरो सृष्टि : मेरो दृष्टि** (२०६०) जस्ता कृतिहरू प्रकाशित गरी आफूलाई राष्ट्रियस्तरको ख्यातिप्राप्त एवम् चर्चित सर्जकका रूपमा स्थापित गरेका छन् । यिनले शिक्षा दिवस पुरस्कार (सं २०३३), सैन्यध्वज नन्दकुमारी विद्वत्वृति पुरस्कार (२०४४), झपट पुरस्कार (२०५६), मदन पुरस्कार (२०५५), रुद्रराज पुरस्कार जस्ता पुरस्कारहरू पाएका छन् । विभिन्न सङ्घ-संस्थाहरूले

उपाध्यायलाई सम्मान र अभिनन्दन गरेका छन् । २०५३ सालमा झरना साहित्यिक परिवारले सम्मानित र अभिनन्दित गरेको थियो भने २०५६ सालमा निजगढ, साहित्य परिषद् बाराद्वारा रथयात्रासहित अभिनन्दन गरिको थियो । २०६० सालमा सप्ततिपूर्तिका अवसरमा देवकोटा स्मृति सभा बाराले अभिनन्दन गरेको थियो । यसै गरी उपाध्यायलाई विभिन्न सङ्घ-संस्थाले सम्मान गर्दै आएका छन् । उपाध्यायले आफूले पनि पुरस्कारको स्थापना गरेका छन् । आमाबुवाको स्मृतिमा २०५२ सालमा प्रेमचन्द्र-देवकुमारी स्मृति पुरस्कारको स्थापना गरेका छन् । सो पुरस्कार नेपाली विषयमा सर्वोत्कृष्ट अङ्क ल्याई स्नातकोत्तर उत्तीर्ण गर्ने पदमकन्या क्याम्पसकी एक छात्रालाई प्रतिवर्ष दिने व्यवस्था गरिएको छ । त्यसै गरी २०५२ सालमा नै तीर्थराज-प्रेमकुमारी पुरस्कार बारा जिल्लामा स्थापना गरी सञ्चालनको अभिभारा देवकोटा स्मृति-सभालाई दिइएको छ । यसरी केशवप्रसाद उपाध्यायले साहित्यका क्षेत्रमा अतुलनीय योगदान दिएका छन् ।

### ३.९.२ निर्मोही व्यास

निर्मोही व्यासको जन्म २००९ साल भदौ ४ गते का दिन भवानीपुर, कलैया, बारामा भएको थियो । उनको प्रचलित नाम वेदव्यास उपाध्याय न्यौपाने हो । पिताको नाम नरनाथ उपाध्याय न्यौपाने हो भने माताको नाम भगवती देवी न्यौपाने हो । यिनले आठ वर्षको उमेरदेखि साहित्य रचना गरेका थिए । आठवर्षको उमेरदेखि साहित्यका क्षेत्रमा कलम चलाए तापनि सन् १९७० मा मात्र यिनको यात्रा निबन्ध प्रकाशित भएको थियो । पहिलो प्रकाशित रचना *सम्झना* नियात्रा निबन्ध हो । यो रचना नेपाली छात्र सङ्घ हरिद्वार (भारत) को वार्षिक मुखपत्र **सगरमाथा**मा प्रकाशित भएको थियो । व्यासले ठाकुरराम बहुमुखी क्याम्पस लगायत अन्य शैक्षिक सङ्घसंस्थामा अध्यापन गरेका छन् । यिनका प्रकाशित कृतिहरू **बेहुली अन्माएको घर** (कवितासङ्ग्रह-२०३३), **सरिता** (काव्य-२०३६), **एलबमका पानाहरू** (उपन्यास-२०४३), **नौ पाईला** (नियात्रासङ्ग्रह-२०४६), **स्वयम्भूका आँखाहरू** (कथासङ्ग्रह-२०४७), **ठोरीको एलबम** (यात्रा संस्मरण-२०४८), **झलझली आँखामा** (नियात्रासङ्ग्रह-२०५१), **सम्भवामि युगे युगे** (संस्मरणसङ्ग्रह-२०५३), **सेरोफेरो सबै मेरो** (नियात्रासङ्ग्रह-२०६१/२०६८), **साँचेको सम्झना** (संस्मरणसङ्ग्रह) र **बोधिवृक्षको छायामा** (कवितासङ्ग्रह) हुन् ।

देवकोटा स्मृति-सभा स्थापना र सञ्चालनमा निर्मोही व्यासको महत्त्वपूर्ण भूमिका रहेको छ । सो कुरा व्यासले नै सोचेको सम्झना संस्मरणात्मक निबन्धमा उल्लेख गरेका छन् । २०३५ सालदेखि २०६३ सालसम्म उनन्तीस वर्ष देवकोटा जयन्तीको आयोजना गर्ने, देवकोटाको प्रतिमा स्थापना गर्ने, 'देवकोटा स्मृति सभा' नामक संस्थाको स्थापना र सञ्चालन गर्ने कार्यमा बित्यो । त्यसै गरी नेपाली साहित्यका साथै भोजपुरी र मैथिली भाषा साहित्यका समेत देशका अनेक मूर्धन्य र विशिष्ट वाङ्मय सेवीहरूलाई रथयात्रा सहित अभिनन्दन गर्ने, सम्मान गर्ने, 'देवकोटा स्मृति स्वर्ण पदक', 'देवकोटा स्मृति रजतपदक' ले विभूषित गर्ने, समय-समयमा विशेष साहित्यिक भेलाको आयोजना गर्ने, देवकोटा सम्बन्धी पुस्तक पत्रिका साथै विभिन्न विधाका पुस्तकहरू प्रकाशित गर्ने देवकोटा स्मृति सभा मार्फत गरिन्थ्यो (व्यास, २०६८ : १५२) ।

वास्तवमा निर्मोही व्यासले लेखेझैँ २०३५ सालभन्दा पहिले कुनै पनि साहित्यिक कार्यक्रम सञ्चालन हुँदैनथ्यो । उनकै प्रयासबाट साहित्यिक वातावरण सृजना भएको थियो । उनको काठमाडौँ गमनसँगै साहित्यिक वातावरण शिथिल हुँदै गएको छ । त्यसैले व्यास बारेली साहित्यका मियो थिए भन्दा अतिशयोक्ति नहोला ।

यस देवकोटा स्मृतिसभालाई महत्त्वपूर्ण सल्लाह दिने स्रष्टा चूडामणि बन्धु, कुमारबहादुर जोशी, शिवगोपाल रिसाल, सुन्दर झा शास्त्री, राजेन्द्र सुवेदी, मोहनराज शर्मा, घटराज भट्टराई तथा दुर्गाप्रसाद अर्यालको सङ्क्षिप्त व्यक्तिवृत्त 'देवकोटा स्मृति व्याख्यान सङ्ग्रह' को विश्लेषण गर्दा चर्चा गरिएको छ । अन्य धेरै स्रष्टा तथा सर्जकहरूले यस सभालाई आवश्यकतानुसार सहयोग गर्नुभएको छ । यो लघुशोधमा सबै स्रष्टाको जीवनवृत्त प्रस्तुत गर्न नसकिने हुनाले तालिकीकरण गरी यस संस्थाले सम्मान तथा अभिनन्दन गरेका मिति र स्रष्टाको नाम उल्लेख गरिएको छ ।

## ३.९.३ देवकोटा स्मृति-सभाद्वारा सम्मानित व्यक्तित्वहरूको नामावली

| क्र.सं. | सम्मानित व्यक्तित्वहरू | सम्मान/अभिनन्दन | मिति |
|---|---|---|---|
| १ | चूडामणि बन्धु | मान-पत्र | २०४८।७।२५ |
| २ | साहित्यकार मदनमणि दीक्षित | रथयात्रासहित अभिनन्दन | २०५०।८।२६ |
| ३ | साहित्यकार सुन्दर झा शास्त्री | मान-पत्र | २०५१।७।१७ |
| ४ | राजेन्द्र सुवेदी | मान-पत्र | २०५२।७।४ |

| | | | |
|---|---|---|---|
| ५ | साहित्यकार रमेश विकल | मान-पत्र | २०५०।७।४ |
| ६ | साहित्यकार सलिम समदर्शी | मान-पत्र | २०५०।७।४ |
| ७ | गीतकार कृष्ण सिंखडा | अभिनन्दन | २०५१।११ |
| ८ | साहित्यकार निर्मोही व्यास | मान-पत्र | २०५३।७।२३ |
| ९ | भाषाशास्त्री मुकुन्द आचार्य | मान-पत्र | २०५३।७।२३ |
| १० | बालकृष्ण पोखरेल | मान-पत्र | २०५३।९२० |
| ११ | साहित्यकार रमेश गोर्खाली | सम्मान-पत्र | २०५५।६।३१ |
| १२ | साहित्यसेवी भाग्यनाथ गुप्ता | सम्मान-पत्र | २०५५।६।३१ |
| १३ | केशवप्रसाद उपाध्याय | बधाई-पत्र | २०५६।८।२५ |
| १४ | मोहन राज शर्मा | मान-पत्र | २०५६।८।२५ |
| १५ | सनत रेग्मी | बधाई-पत्र | २०५६।८।२५ |
| १६ | कृष्णप्रसाद पराजुली | अभिनन्दन-पत्र | २०५६।८।२५ |
| १७ | घटराज भट्टराई | मान-पत्र | २०५७।९।८ |
| १८ | ज्ञानुवाकर पौडेल | मान-पत्र | २०५७।९।८ |
| १९ | दुर्गाप्रसाद अर्याल | मान-पत्र | २०५९।७।१६ |
| २० | तारानाथ शर्मा | रथयात्रा र अभिनन्दन | २०५९।७।१६ |
| २१ | साहित्यकार ध.च. गोतामे | अभिनन्दन-पत्र | २०५९।७।१६ |
| २२ | श्यामप्रसाद शर्मा | रथयात्रा र अभिनन्दन | २०५९।७।१६ |
| २३ | साहित्यकार दौलत विक्रम विष्ट | रथयात्रा र अभिनन्दन | २०५९।७।१६ |
| २४ | साहित्यकार जनार्दन पुडासैनी 'राजव' | देवकोटा सम्मान | २०५९।७।१६ |
| २५ | गोविन्द भट्ट | रथयात्रा र अभिनन्दन | २०५९।७।१६ |
| २६ | साहित्यकार प्रेमविनोद नन्दन | रथयात्रा र अभिनन्दन | २०५९।७।१६ |
| २७ | भीम विराग | रथयात्रा र अभिनन्दन | २०५९।७।१६ |
| २८ | केशवप्रसाद उपाध्याय | अभिनन्दन-पत्र | २०६०।१०।३ |
| २९ | साहित्यकार अच्युत खनाल | बधाइ-पत्र | २०६०।२।२४ |
| ३० | साहित्यसेवी बाबुराम लामिछाने | सम्मान-पत्र | २०६०।७।८ |
| ३१ | डा. रामदयाल राकेश | अभिनन्दन | २०६०।७।८ |

| | | | |
|---|---|---|---|
| ३२ | गोविन्दराज भट्टराई | सम्मान-पत्र | २०६३।९।२२ |
| ३३ | राजेन्द्र विमल | सम्मान-पत्र | २०६३।९।२२ |
| ३४ | घनश्याम कँडेल | सम्मान-पत्र | २।६३।९।२२ |

स्रोत : अभिनन्दन पत्र र मानपत्रहरू

## ३.१० देवकोटा स्मृति सभाद्वारा नवोदित प्रतिभाहरू

यस देवकोटा स्मृति सभाले मासिकरूपमा साहित्यिक कार्यक्रम स्थापना कालदेखि नै गर्दै आएको छ । विभिन्न स्वनामधन्य साहित्यकारको जन्मजयन्तीको उपलक्ष्यमा बहुभाषिक कविगोष्ठी र व्याख्यान समारोह गर्दै आएको छ । राष्ट्रियस्तरका व्यक्तित्वलाई आमन्त्रित गरी स्थानीय नवोदित स्रष्टालाई प्रेरणा र हौसला प्रदान गर्दै आएको छ, जसकारण स्थानीय साहित्यानुरागी नवोदित पल्लवित प्रतिभा बन्न पुगेका छन् । यस देवकोटा स्मृति सभाबाट प्रभावित र उत्पादित प्रतिभाहरू निम्नलिखित रहेका छन् :-

| क.सं. | नवोदित प्रतिभाहरू |
|---|---|
| १. | सुजित अर्याल |
| २. | पृथ्वीराज पाण्डे |
| ३. | पुरुषोत्तम पौडेल |
| ४. | अमर त्यागी |
| ५. | जुनु क्षेत्री |
| ६. | रामप्रसाद खनाल |
| ७. | रामप्रसाद अधिकारी |
| ८. | कविराज सुवेदी |
| ९. | छविरमण सुवेदी |
| १०. | विवेक भट्टराई |
| ११. | अभिषेक खनाल |
| १२. | चन्द्रप्रकाश सुवेदी |
| १३. | प्रगति गुप्ता |
| १४. | गौरी ढकाल |
| १५. | उज्ज्वल अर्याल |

१६. चिरञ्जीवी सापकोटा

१७. ललित नेपाल

१८. राज बस्नेत

१९. अप्सरा पुडासैनी

२०. सञ्जुबाबा मोची

२१. धर्मेन्द्र राम

## ३.११ देवकोटा स्मृति-सभाको पुरस्कार व्यवस्था

देवकोटा स्मृति-सभाले स्थानीय र राष्ट्रियस्तरमा ख्यातिप्राप्त साहित्यिक स्रष्टाहरूलाई विभिन्न प्रकारको पुरस्कारले स्रष्टासम्मान र पुरस्कार प्रदान गर्ने गरेको यसरी संस्थाबाट प्रत्येक वर्ष प्रदान गर्ने पुरस्कारको व्यवस्था कार्यकारिणीले पारित गरेअनुसार कायम गरिएको छ ।

देवकोटा स्मृति सभाको विधानको परिच्छेद ६ दफा २० अनुसार निम्नानुसार पुरस्कारको व्यवस्था गरेको छ -

### ३.११.१ बालपुरस्कार

यस देवकोटा स्मृति सभाको विधानको परिच्छेद ६ दफा २० उपदफा १ अनुसार बाल पुरस्कारको व्यवस्था गरिएको छ । यस संस्थाको मिति २०४८/११/२४ गते बसेको कार्यकारिणीको बैठकले सो कुरालाई पारित गरेको छ । सोही वैठकले २०४८/०४९ को अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्दै बालपुरस्कारतर्फ ११०१ ।- (एक हजार एक सय एक रूपैयाँ) बजेट पारित गरिएको कुरा सो निर्णय पुस्तिकामा उल्लेख गरिएको छ । यो पुरस्कार २०५१/८/१७ गतको कार्यकारिणीले स्थगित गरी बालसाहित्यका लेखकलाई सम्मानित गर्ने निर्णय गरेको छ ।

### ३.११.२ व्याख्यान पारितोषिक

देवकोटा स्मृति सभाको विधानको परिच्छेद ६ दफा २० उपदफा २ अनुसार महाकवि देवकोटा स्मारक व्याख्यानमालाको पारितोषिकको व्यवस्था गरिएको छ ।

"ख्यातिप्राप्त विद्वान् वा साहित्यकारलाई कुनै निश्चित शीर्षकमा लिखित व्याख्यान प्रत्येक वर्ष लेख्न लगाई प्रस्तुत गर्ने र यसका निमित्त निज विद्वान्लाई यथाशक्ति नगद पारितोषिक सहित मानपत्र र उपहार दिने । पारितोाषिकको रकम यथासमय कार्यकारिणीले तोक्ने छ ।" भनी सो उपदफामा उल्लेख गरिएको छ । सोही विधानअनुसार मिति २०४८/११/२४ गते बसेको कार्यकारिणीको बैठकले अनुमानित आयव्ययको विवरण २०४८/०४९ को प्रस्तुत गर्दै पारितोषिक तर्फ ११०१ ।- (एक हजार एक सय रूपैयाँ) पारित गरेको छ । यो देवकोटा व्याख्यान माला प्रायजसो प्रत्येक वर्ष २०५८ सालसम्म भव्यताका साथ आयोजना भएको थियो ।

### ३.११.३ प्रतियोगितात्मक कवि सम्मेलन

देवकोटा स्मृति सभाको परिच्छेद ६ दफा २० उपदफा ३ अनुसार प्रतियोगितात्मक कवि-सम्मेलन गर्ने र पुरस्कार नगदका रूपमा नभएर वस्तुको रूपमा दिने व्यवस्था उल्लेख गरिएको छ । मिति २०४८/११/२४ गते बसेको यस संस्थाको कार्यकारिणीको बैठकले २०४८/०४९ को आय-व्ययको विवरण प्रस्तुत गर्दै प्रतियोगितात्मक कवि सम्मेलनतर्फ १,४००।- (एक हजार चार सय) खर्च गर्ने अनुमानित बजेट पारित गरेको छ । साथै सो कार्यक्रम प्रतिवर्ष नववर्षको उपलक्ष्यमा वैशाख १ गते गर्ने निर्णय पनि गरेको छ । यस संस्थाले नवयुवा कवि तथा कवियित्रीलाई साहित्यमा जिम्मेवारीबोधको महशुस गराएको छ । यस संस्थाले यस क्षेत्रमा रहेका सर्जकहरू राष्ट्रिय ख्यातिप्राप्त भएर पनि ओझेलमा परेकालाई खोजेर राष्ट्रका अगाडि जनताका माझमा ल्याइदिनु आफ्नो कर्तव्य ठानेको छ । साहित्य साधकलाई सम्मान गर्नुपर्छ, पुरस्कृत गर्नुपर्छ, कदर गर्नुपर्छ र यिनका साधना र सृजनाको सम्मान गर्नुपर्छ भन्ने देवकोटा स्मृति सभाको रहेको छ ।

### ३.११.४ वरिष्ठ साहित्यकारलाई सम्मान र अभिनन्दन

देवकोटा स्मृति सभाको परिच्छेद ६ को दफा २० अन्तर्गत उपदफा ५ अनुसार सकभर प्रतिवर्ष वरिष्ठ कवि लेखकलाई मानपत्र र देवकोटा स्मृति पदक वा उपहारद्वारा सम्मानित गर्ने कार्यक्रम रहेको छ । सोही अनुसार यस संस्थाले राष्ट्रियस्तरका ओजस्वी साहित्यकारलाई रथारोहणसहित अभिन्दन गरेको छ भने साहित्यका क्षेत्रमा अमूल्य योगदान

दिने साहित्यकारलाई सम्मानित गरेको छ । कुनै पनि असल व्यक्तिलाई मरेपछि सम्मान गर्नुभन्दा ऊ बाँच्दै उसको सम्मान गर्नुपर्छ भन्ने कुरामा यो संस्था विश्वस्त रहेको देखिन्छ । जिउँदो छउन्जेल कुनै पनि व्यक्तिको निन्दा आलोचना गरिरहने तर ऊ मर्नासाथ एकाएक उसको प्रशंसा र पूजा गर्न थाल्ने परम्परालाई तोड्नुपर्छ भन्ने मान्यता यस संस्थाको रहेको छ । त्यसैले बालसाहित्यकार मदनमणि दीक्षित, विशिष्ट समालोचक केशवप्रसाद उपाध्याय र आख्यानकार दौलत विक्रम विष्ट जस्ता विद्वान्लाई यस संस्थाले अभिनन्दन गरेको छ । अन्य सम्मानित साहित्यकारको उपलब्ध भएअनुसार सम्मानित व्यक्तित्व शीर्षकमा उल्लेख गरिएको छ ।

### ३.११.५ तीर्थराज प्रेमकुमारी पुरस्कार

देवकोटा स्मृति सभाले प्रत्येक वर्ष देवकोटा जयन्तीको अवसर पारेर वितरण गर्ने पुरस्कार तीर्थराज प्रेमकुमारी पुरस्कार हो । यो पुरस्कारको स्थापना सभाका संस्थापक अध्यक्ष र मुख्य संरक्षक केशवप्रसाद उपाध्यायले आफ्ना श्रद्धेय पिता तीर्थराज उपाध्याय र ममतामयी माता प्रेमकुमारीको स्मृतिमा वि.सं. २०५२ सालमा स्थापना गरेका हुन् । प्रवेशिका परीक्षामा बारा जिल्लाबाट नेपाली विषयमा सर्वोत्कृष्ट अङ्क ल्याउने छात्र वा छात्रालाई पुरस्कृत गर्ने परम्परा रहेको छ ।

समग्रमा देवकोटा स्मृति सभा यस क्षेत्रकै गरिमापूर्ण साहित्यिक संस्था रहेको पुष्टि हुन्छ । संस्थाका गतिविधि र यसलाई नेतृत्वप्रदायक व्यक्तित्वहरूको कार्यकुशलता, दक्षता हेरेर नै साहित्यानुरागी व्यक्तित्वहरूको सभाप्रति माया र सद्भाव अभिवृद्धि भएको पाइन्छ । यस प्रकारका स्थापित र गौरवशाली साहित्यिक संस्थाहरूमा सरकारले निरन्तर सहयोग गर्नुपर्ने देखिन्छ ।

## ३.१२ देवकोटा स्मृति-सभाको ऐतिहासिक विकासक्रम

मिति २०४८ मङ्सिर २८ गते केशवप्रसाद उपाध्यायको संयोजकत्वमा बसेको साधारण सभाले देवकोटा स्मृति सभाको गठन गऱ्यो । त्यसपछि यस संस्थाले धेरै नै उकाली ओराली तथा बाधा-व्यवधान पार गर्दै आफ्नो यात्रा तय गरेको देखिन्छ । यस संस्थाले कुनै बेला राष्ट्रियस्तरका सर्जकलाई कलैया नगरीमा उतारेर साहित्यिक नगरी बनाएको छ भने

कुनै बेला चीरनिद्रामा लमतन्न परेर सुतेको छ फेरि उठ्ने तरखर गर्दैछ । त्यसैले यस संस्थाको चिरफार गरेर अध्ययन गर्नुपर्ने आवश्यकता देखिन्छ । कुनै पनि संस्थाको काल विभाजन गर्न आफैमा चुनौतिपूर्ण कार्य हो । संस्थाको कार्यका मूल्याङ्कन गर्न सजिलो होस् भनेर निम्नानुसार यहाँ काल विभाजन गरिएको छ, जसअनुसार :-

क) प्रारम्भिक काल - वि.सं. २०४८ पूर्वको समयावधि

ख) उत्थान काल - वि.सं. २०४८ देखि वि.सं. २०५७ सम्म

ग) विकास काल - वि.सं. २०५८ देखि वि.सं. २०६३ सम्म

घ) शिथिल काल - वि.सं. २०६४ देखि वि.सं. २०६९ सम्म

ङ) पुनरुत्थान काल - वि.सं. २०७० देखि हालसम्म

उपर्युक्त कालअनुसार देवकोटा स्मृति सभाको विकास क्रमलाई निम्नानुसार अध्ययन गरिएको छ ।

## ३.१२.१ प्रारम्भिक काल

देवकोटा स्मृति सभाको स्थापना वि.सं. २०४८ मङ्सिर २८ गते विधिवत् रूपमा भएको हो । यस संस्थाको स्थापना हुनुपूर्व धैरै कार्यहरू भएका छन् । स्थापना कालदेखि मात्र अध्ययन गरियो भने त्यसभन्दा पूर्व भएका काम र त्यसमा अमूल्य योगदान दिने व्यक्तित्वप्रति अन्याय हुने देखेर नै प्रारम्भिक कालअन्तर्गत स्थापना हुन पूर्वको समयावधिमा भएका कामको विवरण प्रस्तुत गर्न खोजिएको छ, जसलाई निम्नानुसार हेर्न सकिन्छ :-

क) ग्राम विकास अधिकारीका रूपमा कलैया सरुवा भई आएका कुलचन्द्र देवकोटाको आयोजनामा २०१५ सालको मंसिर २९ गते भानुजयन्ती मनाइएको थियो । यही नै कलैया र सिङ्गो बारा जिल्लाको पहिलो साहित्यिक कार्यक्रम थियो ।

ख) त्यसको बिस वर्षको अन्तरालपछि वि.सं. २०३५ कार्तिक १४ गते केशवप्रसाद उपाध्यायको प्रेरणा र निर्मोही व्यासको व्यक्तिगत आयोजनामा सर्वप्रथम कलैयामा देवकोटा जयन्ती मनाइएको थियो ।

ग) वि.सं. २०३६ मा देवकोटा चोक स्थापना गर्न स्थानको खोजि गरिएको थियो ।

घ) वि.सं. २०४२ को देवकोटा जयन्तीका अवसरमा निर्मोही व्यासको अग्रसरता र गुँरास क्लवको सहयोगमा केशवप्रसाद उपाध्यायको हातबाट हालको, देवकोटा चोकमा कालोपाटी राखिएको थियो ।

ङ) वि.सं. २०४५ चैतंमा केशव उपाध्याय र निर्मोही व्यासद्वारा संयुक्त रूपमा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान हालका नेपाल प्रज्ञा प्रतिष्ठानमा महाकवी देवकोटाको धातुको प्रतिमा माग गरिएको थियो । २०४६ मंसिरमा महाकवि देवकोटाको प्रतिमा स्थापना समिति गठन गरिएको थियो ।

च) देवकोटा जयन्तीका अवसरमा हालको देवकोटा चोकको प्रतिमा स्थापना मण्डपको शिलान्यास तत्कालीन नारायणी अञ्चलाधीश टेकबहादुर थापाबाट गरिएको थियो ।

छ) वि.सं. २०४७ माघ ८ गते ने.प्र.प्र. का सचिव श्री धनुषचन्द्र गौतमले देवकोटाको अर्धकदको प्रतिभा समितिलाई हस्तान्तरण गरेका थिए ।

ज) वि.सं. २०४८ कार्तिक २५ गते स्थापित गरिएको महाकवि देवकोटाको प्रतिमाको अनावरण ने.प्र.प्र.का तत्कालीन उपकुलपति ईश्वर बरालद्वारा गरिएको थियो ।

झ) सोही समारोहमा चूडामणि बन्धुले *देवकोटाका कवितामा सामाजिक राजनैतिक चेतना* शीर्षक लिखित व्याख्यान प्रस्तुत गर्नुभएको थियो ।

ञ) उक्त समारोहमा भोजपुरीका वरिष्ठ कवि दीपनारायण मिश्रलाई सम्मान गरियो । बाल पुरस्कारको घोषणा गरियो । अक्षय कोष खडा गरिएको थियो ।

ट) तत्कालीन महाकवि देवकोटा प्रतिमा स्थापना समितिलाई विलीन पारी उसले लिएको सम्पूर्ण दायित्व देवकोटा स्मृति सभा गठन गरी सोही सभालाई सुम्पने घोषणा गरियो । सोही अनुसार मिति २०४८ मङ्सिर २८ गते देवकोटा स्मृति सभा गठन भएको हो (देवकोटा स्मृति सभा, २०४९ : ९-११) ।

### ३.१२.२ उत्थानकाल

वि.सं. २०४८ देखि वि.सं. २०५७ सम्मको समयलाई उत्थानकाल मानिएको छ । सभाले यस अवधिमा उल्लेखनीय कार्य गरेको देखिन्छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

क) देवकोटा स्मारिकाको प्रकाशन गर्ने ।

ख) ख्यातिप्राप्त विद्वान्द्वारा लिखित देवकोटा व्याख्यानमाला लेखाइ प्रस्तुत गर्ने ।

ग) स्थानीय सर्जकको सिर्जना प्रकाशन र विमोचन गर्ने ।

घ) कविगोष्ठी र व्याख्यान समारोहको आयोजना गर्ने ।

ङ) लक्ष्मी जयन्ती प्रत्येक वर्ष भव्यताका साथमा मनाउने ।

च) नवप्रतिभालाई प्रोत्साहन, साहित्य सर्जकलाई सम्मान र वरिष्ठ साहित्यकारलाई रथारोहणसहित अभिनन्दन गर्ने ।

छ) साप्ताहिक, मासिक, वार्षिक र दशाब्दी कविगोष्ठी आयोजना गर्ने ।

ज) दैविक प्रकोपमा परेका साहित्यकारलाई सहयोग उपलब्ध गराउने ।

झ) ने.प्र.प्र. को संयुक्त तत्त्वावधानमा संयुक्त कार्यक्रम आयोजना गर्ने ।

ञ) साहित्यिक जागरुकताको प्रयास गर्ने ।

ट) साहित्यक प्रतियोगिता गरी पुरस्कार वितरण गरेर नवप्रतिभालाई प्रोत्साहित गर्ने ।

ठ) व्याख्यान कर्तालाई पारितोषिक प्रदान गर्ने ।

ड) अन्य साहित्यिक सङ्घसंस्थासँग समन्वय गरी साहित्यिक गतिविधि सञ्चालन
गर्ने ।

ढ) साहित्यकार र निकटस्थ आफन्तजनको मृत्युमा समवेदना र श्रद्धाञ्जली अर्पण गर्ने ।

ण) साहित्यकारको शोक सभा आयोजनागर्ने ।

## ३.१२.३ विकासकाल

वि.सं. २०५८ देखि २०६३ सालसम्मको समयावधिलाई विकासकाल मानिएको छ । यस समयावधिमा सभाले महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह प्रकाशित गऱ्यो । यो यस सभाको सबैभन्दा ठूलो उपलब्धि हो किनकि यस व्याख्यान सङ्ग्रहमा प्रस्तुत गरिएका केही कुराहरू अरू विद्वान्का लागि पनि खोजिको विषय हुन सक्दछ । यस पुस्तकमा व्याख्यानकर्ता सबै विद्वान्हरू देवकोटाका अनुसन्धान कर्ता भएकाले पनि यो कृति महत्त्वपूर्ण

बन्न गएको हो । त्यसैले देवकोटा स्मृति सभाको यो चरण विकास काल मानिएको हो । सभाले गरेका उल्लेखनीय कार्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

क) यस सभाबाट प्रकाशित भएका कृति अन्य संस्थाबाट पुरस्कृत भएमा बधाई दिने ।

ख) बहुभाषिक कवि गोष्ठी आयोजना गर्ने ।

ग) नेपाली विषयमा प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याएका छात्र/छात्रालाई पुरस्कृत गर्ने ।

घ) देवकोटा जयन्ती र भानुजयन्तीका कार्यक्रमलाई निरन्तरता दिने ।

ङ) प्रत्येक वर्ष देवकोटा व्याख्यानमाला लिखितरूपमा साहित्यिक सम्मेलन गरी प्रस्तुत गर्ने ।

च) प्रत्येक वर्ष लेखापरीक्षण गराई नवीकरण गर्ने ।

छ) स्रष्टा सम्मान र पुरस्कार वितरण गर्ने कार्यलाई निरन्तरता दिने ।

ज) प्रत्येक महिनाको अन्तिम शनिबार साप्ताहिक साहित्यिक कार्यक्रम आयोजन गर्ने ।

झ) राष्ट्रियस्तरका वरिष्ठ साहित्यकारलाई सम्मान तथा अभिनन्दन गर्ने ।

ञ) देवकोटा व्याख्यानमाला विशेषज्ञलाई लेखाई प्रकाशन गर्ने ।

ट) प्रतियोगितात्मक कार्यक्रम आयोजनागर्ने ।

ठ) स्थापना कालदेखि चलिआएका कार्यक्रमलाई दिरन्तरता दिने ।

यस देवकोटा स्मृति सभाले वरिष्ठ साहित्यकार मदनमणि दीक्षित, कृष्णप्रसाद पराजुली, साहित्यकार ध.च. गोतामे, दौलत विक्रम विष्ट, केशवप्रसाद उपाध्यायलाई अभिनन्दन गरेको छ भने अन्य साहित्यकारलाई सम्मानित तुल्याएको छ ।

## ३.१२.४ शिथिल काल

वि.सं. २०६३ माघ १३ गते शनिबारका दिन दिउँसो १ बजे कलैयाको देवकोटा चोकमा अवस्थित महाकवि देवकोटाको त्यो सजीव र मनमोहक धातुप्रतिमा घनले बजारी बजारी ध्वस्त पारेर टाउको नालीमा फालिन्छ । त्यस दिन देवकोटाको प्रतिमालाई सम्भाव्य दुर्घटनाबाट बचाउने विषयमा महासचिव अमर त्यागीको निवासमा आकस्मिक बैठक बसेको हुन्छ । सोही स्थलमा देवकोटाको प्रतिमा फुटाइएको खबर फोनमार्फत पुग्छ । त्यो कुदिन नै

देवकोटा स्मृति सभाको शिथिल कालको पहिलो दिन थियो (व्यास, २०६८ : १५९) । त्यसपछि क्रमशः अध्यक्ष निर्मोही व्यास, महासचिव अमर त्यागी र सहसचिव जुनू क्षेत्री, सचिव रामकृष्ण काफ्ले कलैयाबाट काठमाडौं केही स्थायीरूपमा सर्छन् भने कोही अस्थायीरूपमा सर्छन् । त्यस पछि यो संस्था निस्क्रिय बन्दै जान्छ । यस कुरालाई निर्मोही व्यास यसरी व्यक्त गर्दछन्- २०३५ सालदेखि २०६३ सालसम्मका तीन दशक लामो समयावधिमा देवकोटा जयन्ती आयोजना गर्ने, देवकोटाको प्रतिमा स्थापना गर्ने, देवकोटा स्मृति सभा नामक संस्थाको स्थापना र सञ्चालन गर्ने, महाकवि देवकोटा सम्बन्धी स्मारक व्याख्यानमाला कार्यक्रम सञ्चालन गर्ने आदि काम भए । देवकोटाको प्रतिमा भञ्जनपश्चात् म आफ्नो त्यस पाँचपुस्ते थातथलोलाई सँधै सँधैकालागि चटक्कै छोडेर भिटीभाम्टा लिएर काठमाडौंमा बस्न आएको पनि अब त तीन वर्ष पुगेसकेको छ (व्यास, २०६८ : १६२) ।

## ३.१२.५ पुनरुत्थानकाल

वि.सं. २०४८ साल मङ्सिर २८ गते स्थापना भएको यस देवकोटास्मृति सभाले आफ्नो स्थापना कालदेखि नै स्वनामधन्य साहित्यकारको जन्मजयन्ती मनाउने महाकवि देवकोटासम्बन्धी स्मारक व्याख्यानमाला कार्यक्रम सञ्चालन गर्ने, विशिष्ट वाङ्मयसेवीलाई रथारोहणसहित अभिनन्द गर्ने जस्ता धेरै राष्ट्रिय स्तरका कार्यक्रम सञ्चालन गर्दै आएको थियो । तराई आन्दोलनमा वि.सं. २०६३ साल माघ १३ गते देवकोटाको प्रतिमा ध्वस्त पारिएमछि उब्जेको अत्यन्त असहज र प्रतिकूल वातावरणका कारणले राष्ट्रमै प्रतिष्ठित र गौरवयोग्य देवकोटा स्मृत सभा विगत छ-सात वर्षदेखि अस्तव्यवस्त र छिन्नभिन्न भई मृतप्रायः अवस्थामा रहन बाध्य भयो (निर्मोही व्यासले पुनर्गठित कार्य समितिलाई हार्दिक शुभकामना दिएबाट साभार) । निवर्तमान अध्यक्ष निर्मोही व्यासको शुभकामना पत्रमा पनि देवकोटा स्मृति सभाको पुनर्जीवन भनेर मिति २०७० साल जेठ २६ गतेको देवकोटा स्मृति सभाको साधारण सभालाई भनिएको छ । छ-सात वर्षसम्म सुस्त रहेको यो संस्थाले मिति २०७० साल जेठ २६ गते साधारण सभा गरी सभाको कार्यसमिति गठन गऱ्यो सोही समयावधिलाई आधार मानी पुनरुत्थान काल भनिएको हो । सो साधारण सभा रामराजा (मोहन विक्रम शाह) बहुमुखी क्याम्पस, कलैयाका सञ्चालक समितिका अध्यक्ष ध्रुव गर्तौलाको अध्यक्षतामा सम्पन्न भएको थियो । सो सभाले देवकोटा स्मृति सभाको नयाँ कार्यसमिति गठन गरेको छ । नवगठित कार्य समितिको नामावली यसप्रकार रहेको छ :-

अध्यक्ष : सुशील मुडभरी

उपाध्यक्ष : चन्द्रप्रकाश सुवेदी

महासचिव : छविरमण सुवेदी

सचिव : राजकिशोर सहनी

सहसचिव : अप्सरा पुडासैनी

कोषाध्यक्ष : पशुपति न्यौपाने

सदस्यहरू -

विश्वमणि पौडेल

भागवत पाण्डेय

हृदयनारायण चौधरी

सुरेश मोदक

पूर्णचन्द्र पाण्डेय

मधुसुदन चौधरी

संजुबाबा मोची

राज बस्नेत

धर्मेन्द्रकुमार राम

सलिम समदर्शी

संरक्षकहरू-

केशवप्रसाद उपाध्याय

निर्मोही व्यास

सल्लाहकार समिति -

वरिष्ठ पत्रकार जगदीश शर्मा

व्यवसायी हरिलाल अग्रवाल

जंगबहादुर यादब

विक्रमप्रसाद शाह

भरतबहादुर मल्ल

## ३.१३ देवकोटा स्मृतिसभाको साहित्यिक गतिविधिहरू

केशवप्रसाद उपाध्याय र निर्मोही व्यासको अथक परिश्रम, मिहिनेत र प्रयासबाट देवकोटा स्मृति सभाको स्थापना भएको हो । स्थापना कालदेखि नै यसले विभिन्न साहित्यिक

कार्यक्रमहरू आयोजना गर्दै आएको छ । ती गतिविधिलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ :-

### ३.१३.१ देवकोटा जयन्ती

देवकोटा स्मृति सभाको स्थापना २०४८ सालमा भए तापनि वि.सं. २०३५ साल देखि नै केशवप्रसाद उपाध्यायको सत्प्रयास र निर्मोही व्यासको अथक परिश्रमले देवकोटा जयन्ती प्रत्येक साल भव्यताका रूपमा मनाइँदै आइएको थियो । महाकवि देवकोटाको प्रतिमा स्थपना पश्चात् त्यसको संरक्षण, सम्वर्द्धन र विकासका लागि नै यो संस्थाको स्थापना भएको हुनाले वास्तवमा यो संस्थाको मुख्य उद्देश्य नै देवकोटा जयन्ती भव्य रूपमा मनाउनु, देवकोटा व्याख्यानमाला समारोह आयोजना गर्नु र देवकोटा जयन्तीका लागि पर्याप्त छ । स्थापना पूर्वदेखि नै देवकोटा जयन्ती मनाउँदै आइएको थियो । संस्थाको स्थापना पश्चात् देवकोटा जयन्तीका दिन देवकोटाको प्रतिमामा माल्यार्पण गर्ने तत्पश्चात् कविगोष्ठी गर्ने र बेलुका देवकोटाको प्रतिमामा दीपावली गरेर देवकोटा जयन्ती भव्यताका साथमा सम्पन्न गरिएको छ ।

### ३.१३.२ भानुजयन्ती

भानुजयन्ती अषाढ २९ गते संस्थाले भव्यताका रूपमा मनाएको छ । भानुजयन्तीका अवसरमा नेपाली काव्यजगत्का आदिकवि भानुभक्त आचार्यको व्यक्तित्व, कृतित्त्व र योगदानमाथि विद्वान्हरूबाट प्रवचन गर्न लगाउने, साहित्यिक गोष्ठी सम्पन्न गर्ने, प्रतियोगितात्मक साहित्यिक कार्यक्रम गर्ने तथा पुरस्कृत गर्ने जस्ता कार्यक्रमलाई यस सभाले निरन्तरता दिँदै आएको छ ।

### ३.१३.३ सम जन्म-शताब्दी समारोह-२०५९

देवकोटा स्मृति सभाले उपत्यका बाहिर यस किसिमको कार्यक्रम गर्नु उल्लेखनीय पक्ष देखिन्छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नाट्य-सङ्गीत (शोध-समालोचना) विभाग तथा देवकोटा स्मृति-सभा कलैयाको संयुक्त आयेजनामा सम जन्मशताब्दी समारोह भव्यताका साथमा मनाइएको थियो । सो अवसरमा कविगोष्ठी सम्मेलन गरिएको थियो भने भोजपुरी नाटकको मञ्चन पनि गरिएको थियो । राजकीय प्रज्ञाप्रतिष्ठासँग मिलेर यस्ता राष्ट्रियस्तरका गौरवशाली कार्यक्रम गर्नु यस संस्थाको महान् कार्य हो ।

## ३.४ निष्कर्ष

देवकोटो स्मृति सभा नामक साहित्यिक संस्थामार्फत कलैया र त्यसको सेरोफेरोमा देवकोटा जयन्तीका साथै अन्य स्वनामधन्य साहित्यकारहरूको समेत जन्मजयन्ती भव्यरूपले मनाउने काम भएको छ । महाकवि देवकोटा सम्बन्धी स्मारक व्याख्यानमाला कार्यक्रम सञ्चालन गरी प्रतिवर्ष मूर्धन्य विद्वान्‌हरूबाट देवकोटा विषयक लिखित व्याख्यान गर्न लगाइएको छ । उनीहरूलाई पुरस्कृत र सम्मानित गर्ने तथा पुस्तकाकारमा ती व्याख्यनहरूको सङ्ग्रह प्रकाशित गरिएको छ । नेपाली भाषा साहित्यका साथै भोजपुरी र मैथिली भाषा साहित्यका समेत देशका अनेक मूर्धन्य र विशिष्ट वाङ्मयसेवीहरूलाई सयौँ, हजारौँ श्रद्धालुहरूको सहभागितामा रथयात्रासहित अभिनन्दन, सम्मान गर्ने, देवकोटा स्मृति स्वर्णपदक, देवकोटा स्मृति रजतपदकले विभूषित गर्ने काम भएको छ। समयसमयमा विशेष साहित्यिक भेला आयोजना गरिएको छ । देवकोटासम्बन्धी पुस्तक पत्रिकाका साथै स्थानीय स्रष्टाहरूका समेत विभिन्न विधाका पुस्तकहरू प्रकाशित गर्ने काम भएको छ । अनेक वाङ्मयिक गतिविधिहरूको सञ्चालन गरी महाकवि देवकाटाको अर्चना, आराधना र उपासना गर्ने काम यस संस्थाले गरेको छ (व्यास, २०६८ : १५२-१५३) ।

समग्रमा भन्नुपर्दा देवकोटा स्मृतिसभा तराई मूलका आदिबासीको बाहुल्य भएको र सीमान्त क्षेत्रमा स्थापना भएको एउटा साहित्यिक संस्था हो । यसले नेपाली भाषा, साहित्य, संस्कृतिको विकासमा जे-जति गतिविधि गरेको छ त्यो यस क्षेत्रमा अन्य कुनै साहित्यिक संस्थाहरूले गर्न सकेको देखिँदैन । आफ्नो स्थापना कालदेखि नै जुझारु प्रकृतिको देखिने देवकोटा स्मृति सभा साहित्यका क्षेत्रमा देवकोटा लागेझैँ अनवरत लागिरह्यो । यस संस्थाले नवोदित साहित्यिक संस्थाहरूलाई उत्साह र प्रेरणा समेत दिएको पाइन्छ ।

# परिच्छेद : चार

# बाराको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान

# परिच्छेद : चार

# बाराको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान

## ४.१ प्रकाशित कृतिहरू

देवकोटा स्मृति सभाको लक्ष्य नै दिवङ्गत साहित्यकारको जन्मजयन्तीमा विभिन्न साहित्यिक कार्यक्रमहरू गर्नु, नवोदित साहित्यकारलाई मान-सम्मान र बधाइ ज्ञापन गर्नु, बरिष्ठ सहित्यकारलाई अभिनन्दन गर्नु तथा स्थानीय सर्जकको सिर्जनालाई समयानुकूल प्रकाशित गर्दै जानु रहेको छ । स्मारिका, वार्षिक पत्रिका र अनुसन्धानात्मक एवम् सृजनात्मक पुस्तक-पुस्तिकाको प्रकाशनका लागि आवश्यक व्यवस्था मिलाउने कुरा यस संस्थाको विधानको परिच्छेद ६, दफा २० तथा उपदफा ६ मा उल्लेख गरिएको छ । सोही अनुसार आफ्नो स्थापना कालदेखि निरन्तर कृति प्रकाशन गरिरहको कुरा यसले हालसम्म ६ वटा पुस्तक प्रकाशन गरेबाट पनि बुझ्न सकिन्छ । जसमा २ वटा कृति संस्थासँग सम्बन्धित भएर प्रकाशित भएका छन् भने ४ वटा कृतिमा लेखकका आफ्ना सिर्जनात्मक अभिव्यक्ति प्रकटिएका छन् । यस संस्थाले प्रकाशित गरेका कृति यसप्रकार रहेका छन् :-

| क्र.सं. | रचनाकार/प्रधान सम्पादक | प्रकाशित कृतिहरू | मिति |
|---|---|---|---|
| १ | | देवकोटा स्मारिका (वर्ष १, अङ्क १) | २०४९ |
| २ | अच्युत खनाल | चेतनाको लहर (कविता सङ्ग्रह) | - |
| ३ | अमर त्यागी | बाँसुरीमा आँसुको गीत (गजल सङ्ग्रह) | २०५७ |
| ४ | अच्युत खनाल | स्मृति - बिम्ब (संस्मरण) | २०५८ |
| ५ | प्रधान सम्पादक- केशवप्रसाद उपाध्याय | महाकवि देवकोटा स्मारक (व्याख्यान सङ्ग्रह) | २०५९ |
| ६ | सुशील मुडभरी | प्रतिभा र प्रसङ्गहरू | २०६३ |

### ४.१.१ देवकोटा स्मारिका

देवकोटा स्मारिका वि.सं. २०४९ सालमा प्रकाशित यस संस्थाको पहिलो समसामयिक साहित्यिक सङ्गालो हो । महाकवि देवकोटा प्रतिमा स्थापना समितिले गरेका कार्यहरूलाई दस्तावेज बनाइ राख्ने उद्देश्यले यो स्मारिका प्रकाशन गरिएको अनुमान गर्न सकिन्छ किनकि यस स्मारिकामा विशेष गरी प्रतिमा स्थापना समितिले देवकोटाको प्रतिमा स्थापना गर्दा गरेका कार्यहरूको विवरण प्रस्तुत गरिएको छ। देवकोटा स्मृति सभाको विधान पनि समावेश गरिएको छ । प्रतिमा स्थापना समितिका दाताहरूको नाम उल्लेख गरिएके छ । साथै देवकोटा सम्बन्धी र स्वतन्त्र रचनालाई पनि स्थान दिएको पाइन्छ । निम्नानुसारको रचना र रचनाकार यसप्रकारका छन् :-

| क.सं. | लेखक | शीर्षक | पृष्ठ |
|---|---|---|---|
| १ | मोतीलाल गुप्ता | स्वागत भाषण | १-२ |
| २ | निर्मोही व्यास | प्रतिमा अनावरण समारोहमा प्रस्तुत प्रतिवेदन | ३-७ |
| ३ | परासर लोहनी 'आँसु' | पागल लेखकको भनाई | ८ |
| ४ | शङ्कर आचार्य | बाँकी नै छ | १२ |
| ५ | केशवप्रसाद उपाध्याय | सभाध्यक्षको मन्तव्य र धन्यवाद ज्ञापन | १३-१८ |
| ६ | विष्णुप्रसाद गौतम | ईश्वरीय अवतार देवकोटाको बहुआयामिक व्यक्तित्व | २३-२५ |
| ७ | ऋषिराम न्यौपाने | श्रद्धाञ्जली | २६ |
| ८ | श्यामप्रसाद | मलाई बेलाबेलामा सम्झने गर्नुभएको | २७-२८ |
| ९ | कृष्णचन्द्र सिंह प्रधान | विलक्षण वक्ता देवकोटा | २९-३२ |
| १० | पुरुषोत्तम पौडेल | देवकोटा स्मारक अनावरण समारोह मेरो स्मृतिमा | ३३-३४ |
| ११ | हरिप्रसाद पौडेल | देवकोटा प्रेरणाका स्रोत | ३५-३६ |
| १२ | लक्ष्मीदेव घिमिरे | महाकवि लक्ष्मीप्रसाद देवकोटासँगको तेस्रो भेट | ३७-४० |
| १३ | रामबहादुर थापा | देवकोटा के होइनन् ? | ४३-४६ |
| १४ | बासुदेव त्रिपाठी | लक्ष्मी ! तिमी अमर छौ कवितामा | ४९-५६ |
| १५ | अमर त्यागी | गाउँबाट | ५६ |
| १६ | जमुना कुमारी क्षेत्री | कविता लेख्ने साइतै जुरेन | ५८ |
| १७ | मुकुन्द आचार्य | देवकोटासँग टेलिफोन वार्ता | ५९-६१ |

| | | | |
|---|---|---|---|
| १८ | सुशील खनाल | यात्रा देवकोटाको खोजिमा | ६२-६४ |
| १९ | केशवप्रसाद उपाध्याय | आधुनिकताका विश्वासी र प्राचीनताका पुजारी महाकवि देवकोटा (सोपानबाट साभार) | ६५-६६ |
| २० | केदार बेहोसी | युवक | ६७ |
| २१ | अच्युत खनाल | हीनताबोध | ६८ |
| २२ | विनोद तिमिल्सिना | तरीका बातके | ६९-७० |
| २३ | भाग्यनाथ प्र. गुप्ता | आजु ठिठुरल चिरैया के ठोड हो गईल | ७१ |

यो देवकोटा स्मारिका आवर्त प्रेस कालिमाटी काटमाडौंबाट मुद्रित भएको देखिन्छ । बाह्य पृष्ठको अगाडि दह्रो खालको कागजमा देवकोटाको चाक्लो निधार, लामो नाक र कालो कोट लगाएको अर्धकदको तस्वीर राखिएको छ । त्यसैगरी भित्री पृष्ठमा स्मारिकाको नाम शीर्ष स्थानमा राखिएको छ भने प्रकाशक भनेर देवकोटा स्मृति सभा लेखिएको छ । भित्री पृष्ठको पछाडिपट्टि यस संस्थाको प्रकाशन मिति २०४९ कार्तिक ७ गते उल्लेख गरिएको छ तर सम्पादक मण्डल, प्रति, आवरण, प्रमुख वितरक, मूल्यजस्ता कुराहरू यस स्मारिकामा उल्लेख गरिएको पाइँदैन । पूर्वाञ्चल साहित्य प्रतिष्ठान विराटनगरका तत्कालीन अध्यक्ष नरेन्द्र चापागाई, प्रतिभा पुरस्कार प्रतिष्ठान विराटनगरका तत्कालीन अध्यक्ष दधिराम सुवेदी, ठाकुरराम बहुमुखी क्याम्पसका तत्कालीन क्याम्पस प्रमुख महेन्द्र गुप्ता र जनहित पुस्तकालयका तत्कालीन अध्यक्ष ऋषिकेश लोहनीले क्रमशः शुभकामना मन्तव्य लेखेका छन् । शुभकामना मन्तव्य पश्चात् महाकवि देवकोटा प्रतिमा स्थापना समितिको नाम राखिएको छ । स्मारिकाको पृष्ठ ७२ देखि ८३ सम्म देस्मृसको विधान प्रस्तुत गरिएको छ । सभालाई आर्थिक सहयोग गर्नेको नामावली ८४ पृष्ठ देखि ९० पृष्ठसम्म राखिएको छ । स्मारिका को अन्तिम आवरणमा बाल एकता वोर्डिङ्ग स्कूल, बाराले देस्मृसको उत्तरोत्तर प्रगतिको कामना गरेका छ । यो कृति १०२ पृष्ठमा संरचित छ ।

## ४.१.२ कृति : चेतनाको लहर

यो **चेतनाको लहर** कवितासङ्ग्रह हो । वि.सं. २०४९ मा देवकोटा स्मृति सभाद्वारा प्रकाशित गरिएको थियो । यो कवितासङ्ग्रह १००० प्रति छापिएको र यसको मूल्य रु. १३ राखिएको देखिन्छ भने रवि प्रिन्टिङ्ग प्रेस, बारामा मुद्रित रहेको छ । बाह्य पृष्ठको अगाडि

दह्रो खालको कागजमा कालो, सेतो र रातो रङ्गमा मानव मस्तिष्कको आकारमा अमूर्त चित्र कोरिएको देखिन्छ । यो चित्र वसन्त घिमिरेले बनाएको कुरा लेखकले धन्यवादका क्रममा व्यक्त गरेका छन् । लेखकले यो कृति कवितात्मक श्लोकमा मातापितालाई समर्पण गरेका छन् । देवकोटा समृति सभाका अध्यक्षलय प्रकाशकीय लेखेका छन् तर अध्यक्षको नाम उल्लेख गरिएको छैन । केशवप्रसाद उपाध्यायले *शुभ-कामना* शीर्षकमा कृतिको समीक्षात्मक टिप्पणी गरेका छन् । कवि अच्युत खनालले *मेरा दुई शब्द* शीर्षकमा पुस्तक प्रकाशन गर्न सहयोग गर्ने सहयोगीप्रति आभार प्रकट गरेका छन् । पुस्तकको बाह्य पृष्ठको पछाडिपट्टि लेखकले आफ्नो व्यक्तिवृत्त जीवनी उतारेका छन् । यस कृतिको जम्मा ६८ पृष्ठ रहेको छ । यस कृतिमा निम्नानुसारका कविताहरू छन् :

| क.सं. | शीर्षक | पृष्ठ | क.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | चेतना | ११ | ४६ | स्वदेशको गरिमाप्रति | ४० |
| ४७ | आलोक छर्दै रहूँ | १२ | ४८ | माटोलाई सम्झँदा | ४१ |
| ४९ | सद्भाव शहीदलाई | १३ | ५० | मानवसँग | ४२ |
| ५१ | सदाशय | १४ | ५२ | शंखनाद | ४३ |
| ५३ | चिन्तन | १५ | ५४ | जहाँ राष्ट्रियता हुन्छ | ४४ |
| ५५ | ऊ सक्षम हुनेछ | १६ | ५६ | भावी छोरोप्रति | ४६ |
| ५७ | लेखनी कुन पक्षमा ? | १७ | ५८ | औडाहा | ४७ |
| ५९ | बाडुली लाग्दा | १८ | ६० | कस्तो जिन्दगानी ? | ४८ |
| ६१ | खनालथोकलाई सम्झँदा | १९ | ६२ | घेराभित्रै म जल्दछु | ५० |
| ६३ | मेरो आस्था | २५ | ६४ | बनेली चरो | ५१ |
| ६५ | अतीतलाई सम्झेर | २६ | ६६ | सुन्दर शान्त विशाल | ५२ |
| ६७ | कवि र काव्य | २७ | ६८ | श्रद्धाको सुमन | ५४ |
| ६९ | उमेर ढलेपछि | २८ | ७० | किन किन आजभोलि | ५५ |
| ७१ | मेरा साथी फूल | २९ | ७२ | अच्युत | ५६ |
| ७३ | शिशु स्याहारप्रति | ३० | ७४ | हीनताबोध | ५७ |
| ७५ | अविरल जीवन | ३१ | ७६ | आमाको माया | ५८ |
| ७७ | महाकवि देवकोटालाई | ३२ | ७८ | नहुने के छ र ? | ६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७९ | बन्दो भएँ जर्जर | ३३ | ८० | आमा हाँसिदेऊन | ६२ |
| ८१ | धर्तीको मुस्कान | ३४ | ८२ | वन्दना | ६४ |
| ८३ | भरिया | ३५ | ८४ | आमा मुस्कुराउ | ६५ |
| ८५ | माटोसित | ३७ | ८६ | मेरो आँगन | ६६ |
| ८७ | मीठो सपनाबाट ब्युँझेपछि | ३८ | ८८ | आजका हामी कोपिला | ६७ |
| ८९ | के जस्तो ? | ३९ | ९० | पुकार | ६८ |

## ४.१.३ कृति बाँसुरीमा आँसुको गीत

यो **बाँसुरीमा आँसुको गीत** गजलसङ्ग्रह हो । यो कृति वि.सं. २०५७ सालमा देवकोटा स्मृति सभाले प्रकाशन गरेको थियो । सुशील सौरभद्वारा बनाइएको रातो रङको मानव आकृति झल्कने अमूर्त चित्र बाह्य पृष्ठको अगाडि दह्रो खालको कागजमा राखिएको छ । बाँसुरीको अमूर्त चित्र पनि कोरिएको छ । भित्री पृष्ठको शीर्ष भागमा कृतिको नाम, बीचमा गजलकार अमर त्यागीको नाम र अन्तिम भागमा प्रकाशक लेखी देवकोटा स्मृति सभाको नाम उल्लेख गरिएको छ । भित्री पृष्ठको पछाडिपट्टि साधारण मूल्य रु. ३५।- र विशेष मूल्य १००।- राखिएको छ । पहिलो संस्करणका रूपमा एक हजारप्रति प्रकाशित गरिएको देखिन्छ । विनोदानन्द झा र धर्मवेद जोशीले कम्प्यूटर सेटिङ्ग गरेका छन् भने प्रतीक प्रकाशन समूह, वीरगञ्जले मुद्रणको जिम्मा लिएको देखिन्छ । तेस्रो पृष्ठमा गजलकार अमर त्यागीले पिता रणबहादुर श्रेष्ठ र माता स्व. लक्ष्मी श्रेष्ठलाई यो गजलसङ्ग्रह समर्पण गरेका छन् । देस्मृसका तत्कालीन अध्यक्ष निर्मोही व्यासले प्रकाशकीय लेखेका छन् । यो गजलसङ्ग्रह जम्मा ६८ पृष्ठमा संरचित रहेको छ । प्रत्येक पृष्ठमा एउटा गजल सङ्ग्रहित गरिएको छ । ती गजलका शीर्षक निम्नानुसार छन् :-

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | मायाको मोहनी | १ |
| २ | मान्छेको अस्तित्त्व | २ |
| ३ | आँगनको घाम | ३ |
| ४ | परिस्थितिको गीत | ४ |
| ५ | चेतनाको ज्योति | ५ |

| | | |
|---|---|---|
| ६ | प्रयायको प्रत्याभूति | ६ |
| ७ | कालीगडको शिल्पकला | ७ |
| ८ | समयको दस्तावेज | ८ |
| ९ | मझेरीको शोक | ९ |
| १० | हार्दिकताको मृत्यु | १० |
| ११ | आफन्तको घात | ११ |
| १२ | फूलको काँडा | १२ |
| १३ | फूलको कथा | १३ |
| १४ | चुनौतीको हुरी | १४ |
| १५ | इमानको भाउ | १५ |
| १६ | परेलीको ओस | १६ |
| १७ | अस्मिताको विज्ञापन | १७ |
| १८ | अँध्यारोको जँघार | १८ |
| १९ | गरिबको आँसु | १९ |
| २० | जिन्दगीके यन्त्रणा | २० |
| २१ | लुटिएको अस्मिता | २१ |
| २२ | विकृतिको तुवाँलो | २२ |
| २३ | रगतको होली | २३ |
| २४ | वेदनाको झरी | २४ |
| २५ | पिरतीको फूल | २५ |
| २६ | सङ्कटको संस्कार | २६ |
| २७ | अन्तरको रहर | २७ |
| २८ | मनको व्यथा | २८ |
| २९ | तापको राप | २९ |
| ३० | समयको कुचक्र | ३० |
| ३१ | आत्माको घाउ | ३१ |
| ३२ | सदिच्छाको उद्बोध | ३२ |

| | | |
|---|---|---|
| ३३ | अस्तित्त्वको अवमूल्यन | ३३ |
| ३४ | शकुनिको चाल | ३४ |
| ३५ | दुखाइको अनुभूति | ३५ |
| ३६ | ईखबिनाको मान्छे | ३६ |
| ३७ | कुरीतिको फूल | ३७ |
| ३८ | मान्छे हुनुको अर्थ | ३८ |
| ३९ | संगोलको वैमनस्य | ३९ |
| ४० | नियतिको उपहार | ४० |
| ४१ | पीरको जहर | ४१ |
| ४२ | नैतिकताको लिलाम | ४२ |
| ४३ | चेतनाको चीत्कार | ४३ |
| ४४ | आत्मीयताको अभाव | ४४ |
| ४५ | बेखुसीको खुशी | ४५ |
| ४६ | मोफसलको महफिल | ४६ |
| ४७ | छलको दाउपेच | ४७ |
| ४८ | पिरतीको डोली | ४८ |
| ४९ | अव्यक्त वेदना | ४९ |
| ५० | मुसा-बिरालोको मेल | ५० |
| ५१ | मनको घाउ | ५१ |
| ५२ | जीवनको पीडा | ५२ |
| ५३ | धरापको भीड | ५३ |
| ५४ | दुखेको जिन्दगी | ५४ |
| ५५ | काँढामा अल्झेको मन | ५५ |
| ५६ | हृदयको शूल | ५६ |
| ५७ | प्रपञ्चको हतियार | ५७ |
| ५८ | मिलनको रात | ५८ |
| ५९ | जिन्दगीको बहिखाता | ५९ |

| | | |
|---|---|---|
| ६० | मझदारको जीवन | ६० |
| ६१ | विरोधाभास समय | ६१ |
| ६२ | दुनियाँको रीत | ६२ |
| ६३ | विचारको बिम्ब | ६३ |
| ६४ | विषाद्को अभिव्यक्ति | ६४ |
| ६५ | समयको विभेद | ६५ |
| ६६ | आस्थाको विस्थापन | ६६ |
| ६७ | समयको ओझेलमा छेलिएको घाम | ६७ |
| ६८ | बाँसुरीमा आँसुको गीत | ६८ |

### ४.१.४ स्मृति-बिम्ब

वि.सं. २०५८ मा प्रकाशित अच्युत खनालद्वारा रचित स्मृति बिम्ब संस्मरणात्मक कृति हो । यस कृतिमा लेखकले आफ्ना मानस पटलमा प्रतिबिम्बित घटनाक्रमलाई उन्ने काम गरेका छन् । आफ्ना स्मृतिमा रहेका भोगेका र देखेका घटनाहरूलाई प्रतिबिम्बित गरिएको छ । त्यसैले शीर्षक अनुसारकै विषयवस्तु यस कृतिमा पाइन्छन् । यस कृतिको बाह्य आवरण निलो रङ्को छ । निलो रङ्को आवरणमा सेतो र कालो रङ्ले बनाएको मानवीय आकृति जस्तो देखिने अमूर्त चित्र कोरिएको छ । भित्री पृष्ठमा एउटा मोटो र दुईवटा पातला धर्सा कोरिएको छ । सर्वाधिकार लेखकमा रहेको कुरा उल्लेख गरिएको छ । एक हजारप्रति छापिएको यस कृतिको साधारण मूल्य रु. ६०।- र विशेष मूल्य रु. १००।- तोकिएको छ । सुशील सौरभले आवरण कला बनाएको र मुद्रण प्रतीक प्रकाशन समूह प्रा.लि.ले गरेको जानकारी गराइएको छ । आफ्नी जीवन साथीलाई समर्पण गरिएको छ । देवकोटा स्मृति सभाका अध्यक्ष निर्मोही व्यासले प्रकाशकीय लेखेका छन् । कृतिको बाह्य पृष्ठको पछाडिपट्टि लेखकको जीवनवृत्त प्रस्तुत गरिएको छ । लेखकले *आफ्नै कुरा* शीर्षकमा संस्मरणसँग सम्बन्धित अभिव्यक्ति दिनुका साथै आर्थिक व्ययभार समेत बेहोरी पुस्तक प्रकाशन गरिदिएकोमा देस्मृसलाई साधुवाद दिएका छन् । १४ वटा संस्मरणलाई ६९ पेजमा संरचित गरिएको छ ।

यस स्मृति-बिम्ब संस्मरणात्मक कृतिमा भएका शीर्षकको जानकारी गराउन खोजिएको छ । *ऊ हाम्मो गाडी* पहिलो शीर्षक हो । यसमा आफ्नी चार वर्षे छोरी

हराउँदाको विषयवस्तु समेटिएको छ । यो संस्मरण सर्वप्रथम सूर्योदय पत्रिकामा प्रकाशित भएको थियो । रेलयात्रामा आफ्ना छोराछोरीको बिचल्ली भएको घटनालाई रोचकताका साथ *के लगेर बुझाउँथें हुँला* शीर्षकमा प्रस्तुत गरिएको छ । बर्दियाको राजापुरबाट तीनकोश टाढा ईश्वरीगञ्ज भन्सारबाट त्रिभुवननगर भन्सार सर्लाही सरुवा हुँदाको पीडादायी क्षणलाई *खोइ त्यो पोको* शीर्षकमा भावुकताका साथमा लेखिएको छ । यो लेख सर्वप्रथम नव प्रज्ञापनमा प्रकाशित भएको छ । जागिरको सिलसिलामा अन्य स्थानमा गए पनि आफ्नो जन्मथलो बिर्सन नसकेको *गङ्तिरको तीरैतीर* शीर्षकमा पाठकलाई जन्मथलो घुमाएका छन् । **मिर्मिरे** मासिक पत्रिकामा सर्वप्रथम प्रकाशित भएको थियो । आफ्ना पितृको श्रद्धाकर्म गर्न गयामा जाँदा पाएको दुःख सास्तिलाई *गयामा पिण्डदान* शीर्षकमा उल्लेख गरेका छन् । घरबाट काठमाडौं पढ्न जाँदा आफ्ना मनमा उठेका काल्पनिक क्षणहरू बाल्यकालको स्मरण गर्दै *दुई चुल्ठी बाटेर* शीर्षकमा व्यक्त गरेका छन् । सगर साहित्यिक पत्रिकामा यो संस्मरण पहिलोपल्ट प्रकाशित भएको थियो । नानपाराको रात्रीकालीन साहित्यिक कार्यक्रममा देखिएको जनसहभागितालाई नानपाराको अनिंदो रात शीर्षकको संस्मरणमा समेटिएको छ । **प्रतीक** प्रत्रिकामा २०५३ सालमा प्रकाशित भएको थियो । पद्मोदय विद्यालयमा पढ्दाखेरी आफूले देखेको कान्तिपुरी नगरीको चित्रण *पाइलो सारेपछि* शीर्षकमा गरिएको छ । **प्रतीक** पत्रिकामा २०५४ सालमा प्रकाशित भएको थियो । पढाइप्रति जनचेतना नफैलिएको पहाडी दयनीय जीवनको यथार्थ चित्रण *मनै हरर* शीर्षकमा गरिएको छ । मनोभाव त्रैमासिक पत्रिकामा २०५७ सालमा प्रकाशित भएको थियो । श्री ५ त्रिभुवन राजाको यात्राका क्रममा लेखकले राजाले आफूलाई दिएको मोहर पाएर दङ्ग परेको कुरा *मोहरसितको मोह* शीर्षकमा बाल्यकालीन स्मरणलाई देखाएका छन् । यो संस्मरण **मधुपर्क**मा सर्वप्रथम प्रकाशित भएको थियो । ट्रकमा यात्रा गर्दा ड्राइभरले सुनाएका तीतामीठा अनुभूतिलाई *यात्रा अनुभूति* शीर्षकमा समेटिएको छ । २०५६ सालमा **वागीश्वरी** समसामयिक सङ्कलनमा प्रकाशित भएको थियो । पूर्व २ नं. रामेछाप जिल्ला अन्तर्गत पर्ने गुन्सी भदौरेको विद्यालयमा पढाउँदा त्यस गाउँमा भएका बालविवाह, बहु-विवाह, र अनमेल विवाहलाई यस *रहर पलाउँदा* संस्मरणमा लेखिएको छ । **हिमाली गुराँस** मासिक साहित्यिक पत्रिकामा सर्वप्रथम प्रकाशित भएको थियो । जङ्गलमा अनाथ महिला भेटिँदाको प्रसङ्गलाई *रहस्यभित्रको रहस्य* शीर्षकमा प्रस्तुत गरिएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित संस्मरण गोष्ठीमा भाग लिन चितवन जाँदाको घटनालाई रोचकताका साथमा यस संस्मरणमा उल्लेख गरिएको छ ।

**वागीश्वरी** संस्मरण विशेषाङ्कमा प्रकाशित प्रथमपटक भएको थियो । यसरी जीवनका तीतामीठा घटनालाई यस संस्मरणमा समेटिएको छ । यसका शीर्षकहरू निम्नानुसार रहेका छन् :-

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | ऊ हाम्मो गाडी | ९ |
| २ | के लगेर बुझाउँथे हुँला ? | १२ |
| ३ | खोइ त्यो पोको | १७ |
| ४ | गड्तिरको तीरैतीर | २३ |
| ५ | गयामापिण्डदान | २९ |
| ६ | दुई चुल्ठी बाटेर | ३९ |
| ७ | नानपाराको अनिंदो रात | ४३ |
| ८ | पाइतो सारेपछि | ४७ |
| ९ | मनै हरर ...... | ५० |
| १० | मोहरसिनको मोह | ५६ |
| ११ | यात्रा : अनुभूति | ५९ |
| १२ | रहर पलाउँदा | ६२ |
| १३ | रहस्यभित्रको रहस्य | ६६ |
| १४ | हिउँको आवरण | ६९ |

### ४.१.५ महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह

### ४.१.५.१ पृष्ठभूमि

देवकोटा स्मृति सभा कलैया, बाराले २०४८ देखि २०५८ सालसम्मका महाकवि देवकोटा सम्बन्धी व्याख्यान सङ्ग्रह जम्मा पारी यो महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह तयार पारेको हो । यस व्याख्यान सङ्ग्रहमा चूडामणि बन्धुद्वारा तयार पारिएको *देवकोटाका कवितामा पाइने सामाजिक राजनैतिक चेतना,* कुमारबहादुर जोशीद्वारा लिखित *देवकोटाका काव्य जगत्मा प्रकृति,* शिवगोपाल रिसालले प्रस्तुत गरेको *महाकवि देवकोटाको जीवन दर्शन* तथा स्व. सुन्दर झा शास्त्रीको *देवकोटा : एक अविस्मरणीय व्यक्तित्व*जस्ता व्याख्यान समावेश गरिएको छ । साथै राजेन्द्र सुवेदीद्वारा प्रस्तुत *नेपाल बाल साहित्य क्षेत्रमा*

*लक्ष्मीप्रसाद देवकोटाको योगदान* रहेको छ । भाषाशास्त्री मोहनराज शर्माले *भिखारी कविता र देवकोटाको विचारधारा*मा व्याख्यान गरेका थिए । साहित्यकार घटराज भट्टराईको *महाकवि लक्ष्मीप्रसाद देवकोटाको व्यक्तित्व दर्शन*का साथै दुर्गाप्रसाद अर्यालको *निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको योगदान* गरी आठवटा देवकोटा सम्बन्धी व्याख्यानमाला समावेश गरिएको छ । परिशिष्टका रूपमा कृष्णप्रसाद पराजुलीले २०५६ सालमा प्रस्तुत गरेको बालसाहित्य सम्बन्धी मन्तव्य राखिएको छ ।

हुन त २०४८ सालदेखि २०५८ सम्ममा ११ वटा व्याख्यान हुनुपर्नेमा कारणवश २०५४ र २०५५ सालमा व्याख्यान समारोह आयोजना हुन नसकेको र वि.सं. २०५३ मा बालकृष्ण पोखरेलले देवकोटाको **चम्पा** उपन्यासको भाषाबारे दिएको व्याख्यान लिखितरूप प्राप्त हुन नसकेकाले यस व्याख्यान सङ्ग्रहमा आठवटा देवकोटासम्बन्धी व्याख्यान सङ्कलन गर्नुपरेको कुरा सम्पादकीयमा उल्लेख गरिएको छ ।

देवकोटा स्मृति सभाले यो व्याख्यान सङ्ग्रह २०५९ सालमा प्रकाशित गरेको हो । यस व्याख्यान सङ्ग्रहका प्रधान सम्पादक केशवप्रसाद उपाध्याय हुन् भने सम्पादक मण्डलमा निर्मोही व्यास, अमर त्यागी र नवराज रिजाल रहेका छन् । जम्मा १५२ पृष्ठमा रचित यस सङ्ग्रहमा सर्वप्रथम नेपाल प्रज्ञा प्रतिष्ठानका तत्कालीन उपकुलपति मोहन कोइरालाले शुभकामना दिएका छन् । सो शुभकामना मन्तव्यमा सभाले शताब्दी समारोह मनाउनुका साथै पूर्वकार्यक्रममा प्रस्तुत गरिएका देवकोटा सम्बन्धी व्याख्यान सङ्ग्रह गरी प्रकाशित गरेकामा खुसी व्यक्त गरेका छन् ।

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका प्रमुख साहित्यकार ठाकुरप्रसाद पराजुलीले पनि देवकोटा स्मृति सभाको उत्तरोत्तर सफलता र प्रगतिको कामना गरेका छन् । सो शुभकामना युगनिर्माता महाकविको नाममा स्थापित संस्थाबाट वि.सं. २०४८ देखि प्रायः नियमित रूपमा देवकोटाका बारेमा व्याख्यान गरी रचनात्मक कार्यको थालनी गर्नु र त्यसका उपलब्धिलाई प्रकाशनमा ल्याउनु अन्य संस्थाका लागि पनि एउटा अनुकरणीय कार्य हो भनी प्रशंसा गरेका छन् ।

देवकोटा स्मृति सभाका अध्यक्ष निर्मोही व्यासले प्रकाशकीय लेखेका छन् । सो लेखमा २०४८ सालमा स्थापित यस संस्थाले विभिन्न आरोह-अवरोह पार गरी दश वर्ष पुगेको उपलक्ष्यमा व्याख्यान सङ्ग्रह प्रकाशित गर्न पाएकोमा खुसी व्यक्त गरेका छन् । महाकवि जयन्ती तथा अन्य अवसरमा देवकोटाको सृजनाका विविध नौला पक्षसँग

सम्बन्धित व्याख्यान-माला आयोजना, प्रतिभा सम्मान, काव्योत्सव र स्थानीय सर्जकको पुस्तक प्रकाशन आदि गतिविधिको नियमित सञ्चालन भइरहेको कुरा उल्लेख गरेका छन् । व्यख्यानकर्ताप्रति भूरीभूरी साधुवाद टक्र्याएका छन् ।

नेपाल प्रज्ञा प्रतिष्ठानका तत्कालीन सदस्य तथा यस व्याख्यान सङ्ग्रहका प्रधान सम्पादक केशवप्रसाद उपाध्यायले सम्पादकीय लेखेका छन् । सो सम्पादकीयमा चूडामणि बन्धु, कुमारबहादुर जोशी, शिवगोपाल रिसाल, मैथिली भाषाका साहित्यकार सुन्दर झा शास्त्री, राजेन्द्र सुवेदी, मोहनराज शर्मा, घटराज भट्टराई र दुर्गाप्रसाद अर्यालका देवकोटा सम्बन्धी व्याख्यान सङ्कलन गरिएको कुरा उल्लेख गरेका छन् । ती व्याख्यान प्रस्तोताको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ । आफ्नो अमूल्य समय खर्च गरी ब्याख्यान सङ्ग्रह प्रकाशित गर्न सहयोग पुऱ्याउने प्रति धन्यवाद ज्ञापन गरिएको छ ।

महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रहको परिशिष्ट भागमा २०५६ सालमा प्रस्तुत गरिएको बालसाहित्यकार कृष्णप्रसाद पराजुलीको मन्तव्य राखिएको छ । सो मन्तव्यमा पराजुलीले बालसाहित्यकारका रूपमा आफूलाई यस सभाले सम्मानित गरेकामा खुसी व्यक्त गरेका छन् । आफूले एक दर्जन बालसाहित्यिक कृति लेखिसकेको उल्लेख गरेका छन् । बालसाहित्य लेख्दा घोडाको जस्तो पैया छोडाइ नभएर बाखाको पाठा जस्तो भएर खेल्दै, उफ्रँदै, छुनुमुनाउँदै र रमाउँदै लेख्नुपर्दछ । त्यसैले बालसाहित्य लेखन कठिन भएको कुरा उल्लेख गरेका छन् । अन्तर्राष्ट्रिय स्तरमा बालसाहित्यको प्रचुर विकास भए तापनि नेपालमा चाहे अनुरूप हुन नसकेको कुरा जानकारी गराएका छन् । नेपालमा बालसाहित्यको विकास गर्ने हो भने नेपाली बालसाहित्य-प्रतिष्ठान आवश्यक रहेको कुरा पनि सो मन्तव्यमा उल्लेख भएको छ । मन्तव्यको अन्त्यमा सबैलाई धन्यवाद दिँदै कलैयाको नबिलाउने सम्झना गाँस्छु भनेर दुई पङ्क्तिको कविता प्रस्तुत गरेका छन् :-

कलैयाको तलैयामा नुहाएँ, अब फिर्छु म
सम्झनाको तरेलीमा मनैमा गीत भर्छु म ।

(पराजुली, २०५९ : १५२)

यसरी कृष्णप्रसाद पराजुलीले बालसाहित्यको वर्तमान अवस्था, यसको विकासमा गर्नुपर्ने काम र आफ्नो बालसाहित्यसम्बन्धी मान्यता प्रस्तुत गरेका छन् । मन्तव्य भनिए तापनि बालसाहित्य सम्बन्धी विहङ्गम दृष्टिकोण प्रस्तुत गरिएकोले यो आफैमा महत्त्वपूर्ण

रहेको छ । **महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह**मा सङ्ग्रहित व्याख्यानहरू यसप्रकारका छन् :-

| क.सं. | शीर्षक | प्रस्तोता | मिति | उपलक्ष्य |
|---|---|---|---|---|
| १ | देवकोटा कवितामा पाइने सामाजिक राजनैतिक चेतना | चूडामणि बन्धु | २०४८।०७।२५ | प्रतिमा अनवरण समारोह |
| २ | देवकोटाका काव्यजगत्मा प्रकृति | कुमारबहादुर जोशी | २०४९।०७।७ | देवकोटा जयन्ती |
| ३ | महाकवि देवकोटाको जीवन दर्शन | शिवगोपाल रिसाल | २०५०।०५ | व्याख्यान समारोह |
| ४ | देवकोटा : एक अविस्मरणीय व्यक्तित्व | सुन्दर झा शास्त्री | २०५१।०७।१७ | देवकोटा जयन्ती |
| ५ | नेपाल बाल साहित्यक्षेत्रमा लक्ष्मीप्रसाद देवकोटाको योगदान | राजेन्द्र सुवेदी | २०५२ | - |
| ६ | भिखारी कविता र देवकोटाको विचारधारा | मोहनराज शर्मा | २०५६ | - |
| ७ | महाकवि लक्ष्मीप्रसाद देवकोटाको व्यक्तित्व दर्शन | घटराज भट्टराई | २०५७ | - |
| ८ | निबन्धकार लक्ष्मीप्रसाद देवकोटा को योगदान | दुर्गाप्रसाद अर्याल | २०५८ | - |
| ९ | परिशिष्ट-मन्तव्य | कृष्णप्रसाद पराजुली | २०५६ | - |

वि.सं. २०५४ र २०५५ सालमा व्याख्यान समारोह आयोजना हुन नसकेको र वि.सं. २०५३ सालम बालकृष्ण पोखरेलले देवकोटाको **चम्पा** उपन्यासबारे दिइएको व्याख्यान मौखिक रूपमा भएकाले ती वर्षको व्याख्यान समावेश गर्न नसकिएको हो । परिशिष्टमा राखिएको मन्तव्य कृष्णप्रसाद पराजुलीले लिखित रूपमा प्रस्तुत गरेकाले वि.सं. २०५६ सालमा प्रस्तुत मन्तव्य पनि यस पुस्तकमा राखिएको छ ।

### ४.१.५.२ देवकोटा कवितामा पाइने सामाजिक-राजनैतिक चेतना

#### क) पृष्ठभूमि

देवकोटाका कवितामा पाइने सामाजिक राजनैतिक चेतना व्याख्यान चूडामणि बन्धुले वि.सं. २०४८ साल कार्तिक २५ गते सोमबारका दिन देवकोटा प्रतिमा अनावरण समारोहमा प्रस्तुत गरेका थिए (प्रतिक, २०४८ : ४) । देवकोटा सम्बन्धी व्याख्यान ५० पृष्ठको थियो तर सारसङ्क्षेपमा बन्धुले ५० मिनेटमा सुनाएका थिए । अनि सुन्दर, विशद् र सरल ढङ्गले देवकोटाका जीवनका सत्यतथ्य घटनाको रहस्योद्घाटन गरिएको थियो ।

#### ख) चूडामणि बन्धुको व्यक्तिवृत्त जीवनी

त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा स्नातकोत्तर उपाधि हासिल गरी भाषाका क्षेत्रमा विद्यावारिधिको उपाधि बन्धुले प्राप्त गरेका छन् । बन्धु भाषाशास्त्री एवम् बालसाहित्यका सेवक तथा लोकसाहित्यका अन्वेषकका रूपमा देशविदेशमा प्रतिष्ठित छन् । यिनले भाषाका साथै साहित्यका क्षेत्रमा सिर्जनात्मक, समीक्षात्मक र कृतिसङ्ग्रह र सम्पादकका रूपमा विशिष्ट योगदान पुऱ्याएका छन् । शान्त, सौम्य, शिष्ट, गम्भीर र विनीत स्वभावका धनी बन्धु देवकोटा स्मृति सभाका प्रमुख सल्लाहकार पनि हुन् । यस संस्थाको नामकरण उनकै सल्लाहमा भएको थियो । अहिलेसम्म यिनका आफूले लेखेका र सम्पादित गरेका निम्न लिखित ग्रन्थ प्रकाशमा आएका छन् :-

अ) नेपाली साहित्यको उत्पत्ति (२०२५)

आ) कर्णाली लोक-संस्कृति, भग ४ (२०२८)

इ) भाषा विज्ञान (२०३०)

ई) अनुसन्धान प्रबन्धको रूप र शैली (२०३४)

उ) देवकोटा (२०३६) स्मृतिका केही पृष्ठहरू (२०४०)

ऊ) सृजनात्मक लेखन (२०५०)

ए) नेपाली लोकसाहित्य (२०५८)

ऐ) साझा कविता (सम्पा. २०२५)

ओ) साझा एकाङ्की (सम्पा. २०२५)

औ) लक्ष्मी कवितासङ्ग्रह (सम्पा. २०३३)

अं) लक्ष्मी गीतिसङ्ग्रह (सम्पा. २०४०)

अः) संस्कृत सूक्तिसङ्ग्रह (सम्पा. .....)

देवकोटाको साहित्यिक जीवनीको लेखन तथा देवकोटाका कविता एवम् गीतिरचना सम्पादन समेत गरेर बन्धुले महाकवि देवकोटाप्रति आफ्नो श्रद्धाभाव देखाएका छन् भने उनको व्यक्तित्व र कृतित्त्वबारे सूक्ष्म, गहन र आधिकारिक अध्ययन पनि प्रस्तुत गरेका छन् । उनले प्रस्तुत गरेका व्याख्यानबाट पनि यो कुराको पुष्टि भएको छ ।

## ग) विषयवस्तु

चूडामणि बन्धुले देवकोटाका कवितामा पाइने सामाजिक राजनैतिक चेतना व्याख्यानमा केही झलक भनेर एघारवटा देवकोटा जीवनका मोडहरू प्रस्तुत गरेका छन् र प्रत्येक मोडमा सामाजिक चेतना र राजनैतिक चेतना खोजी गरेका छन् । यस लघु शोधमा ती झलकहरूको विषयवस्तु केलाउने प्रयास गरिएको छ ।

लक्ष्मीप्रसाद देवकोटाको पहिलो झलकमा जन्म, बाल्यकाल र प्रारम्भिक राजनैतिक अभियान भनेर प्रस्तुत गरिएको छ । देवकोटालाई बुद्धिजीवी, श्रद्धेय गुरु तथा राजनीति र शिक्षा क्षेत्रमा समर्पित तेजिलो चिराक भनिएको छ । राणकालीन प्रतिकूल परिस्थितिमा पनि समाजका निम्ति मानवतावादी मूल्य मान्यताको बीऊ छरेर हुर्काए । राजनीति लाई निषेध गरेर राजनीति गर्नु पर्नेबेलामा पनि खुलेआम राजनीतिमा लागे र राजनीति गरे त्यसैले देवकाटा महान् छन् र महान रहिरहन्छन् भन्ने अभिव्यक्ति यस लेखमा पाइन्छ । देवकोटाको जीवनमात्र सङ्कटपूर्ण रहेन उनको जन्मकाल पनि सङ्कटपूर्ण नै रहेको थियो । जुन समयमा जनतालाई दमन गरेर राणाहरू ऐस-आरामको जीवन बिताइरहेका थिए । वि.सं. १९७१ सालको विश्वयुद्धले संसारलाई प्रभावित पारिरहेको थियो त्यसबेला देवकोटाको जन्म भएको थियो । देवकोटाका पिता पं तिलमाधव देवकोटा दरवारिया पण्डित थिए भने दाजु लेखनाथले म्याट्रिक पास गरेर राणा दरवारमा ट्युसन पढाउने मास्टर बनेका थिए । चन्द्रशमशेरका लौहशासन र घरको पण्डित-मास्टरको वातावरणमा देवकोटाले आफ्नो बाल्यकाल र किशोरावस्था बिताएका थिए ।

दसवर्षको उमेरमा भाउजूको वेदनाबाट संवेदित भएर संसारलाई दुःखको सागर मान्दै कविता यात्रा सुरु गरेका देवकोटाले १९८१ सालमा विवाह गरे । वि.सं. १९८७ सालमा जनताका निम्ति पुस्तकालय खोल्न ४६ जनाको हस्ताक्षर भएको विन्तीपत्र तत्कालीन प्रधानमन्त्री भीमशमशेरलाई दाखिला गर्दा रु १००-१०० जरिवाना तिर्नु परेको थियो ।

चूडामणि बन्धुले देवकाटाको दोस्रो मोड नेपालको महाभूकम्प र नेपाली कवितामा स्वच्छन्दवादी युगको प्रभावसँगै विकसित भएको उल्लेख गरेका छन् । १९९० सालको भुकम्पले धेरै धनजनको क्षति पुऱ्याएको थियो । तिनै गरिब नेपालीलाई मलममट्टी लगाउन देवकोटाले १९९१ सालमा गरिब कविता लेखेका थिए । देवकोटाका *गरिब, किसान* र *भिखारी* कविता तथा **मुनामदन** खण्डकाव्यमा मानवतावादी मूल्य र मान्यताको स्थापना भएको छ । यिनले यी रचनामार्फत युरोपेली मानवतावादी स्वच्छन्दवाद र भारतीय देशप्रेमले ओतप्रोत भएको छायाँवाद समेटेर नेपाली साहित्यमा स्वच्छन्दतावादी प्रवृत्ति विकास गरेका थिए ।

तेस्रो मोड १९९७ सालमा सहिद काण्ड भएपछि सुरु भएको छ । सहिद काण्डपछि नेपाली जनता त्रसितमात्र भएनन् आक्रोशित पनि भए । देवकोटाले त्यो आक्रोश *वन* कवितामा देखाएका छन् । त्यसै समयमा प्रकाशित भएको *राजकुमार प्रभाकर*मा राणाविरोधी राजनैतिक चेतना प्रबल रूपमा देखाइएको छ ।

चौथो मोड चूडामणि बन्धुले सामाजिक र राजनैतिक चेतना २००२ सालदेखि लेखिएको महाकाव्यमा प्रतिबिम्बित भएको देखाएका छन् । देवकोटाले शकुन्तलालाई नचिन्ने दुष्यन्तलाई आधार बनाएर **शाकुन्तल** महाकाव्यमा विद्रोहको स्वर उरालेका छन् ।

रुनु पर्ला राजा नजर दुनियाँका सरि बनी
सबै शेखी झर्ला यश सब उठी बुङ्ग अबनी
बनी छारो आई विकट हरि अन्याय गढमा
त्यसै ठूला बन्छौ छलसँग नजाने अपढमा

(बन्धु, २०५९ : ६)

चूडामणि बन्धुले देवकोटाके पाँचौं मोड व्यङ्ग्यात्मक कवितालाई मानेका छन् । देवकोटाले विशेष गरी २००३ सालदेखि आफूले देखे-भोगेको विसङ्गति र विरोधाभासपूर्ण कुरालाई व्यङ्ग्यात्मक ढङ्गबाट प्रकट गर्न थालेका छन् । *बाघले*

*बच्चा किन खान्छ ?, प्रभुजी भेडो बनाउ, खैरे कुकुर* जस्ता कविताहरू सशक्त व्यङ्ग्यात्मक कविता हुन् ।

२००४ सालमा देवकोटाले आफ्ना परिवारलाई छोडेर प्रजातन्त्रिक आन्दोलनका लागि बनारस लागे । त्यसपछि यिनको छैठौं मोड प्रवासकालको सुरुवात भएको छ । यस चरणमा **युगवाणी** पत्रिका प्रकाशन गर्ने काम देवकोटाले गरे । प्रवासकालीन समयमा २० वटा कृति देवकोटाले निज धितालालाई दिएको कुरा धितालकै पुस्तकमा छापिएको विज्ञापनबाट थाहा पाउन सकिन्छ (बन्धु, २०५९ : १७) ।

प्रजातन्त्रको प्रतीकात्मक अभिव्यक्तिलाई सातौँ झलक मानिएको छ । २००६ सालमा राजनैतिक लहडबाजी नगर्ने शर्तमा स्वदेश देवकोटा फर्किएका थिए । नेपालमा प्रजातन्त्र पनि आयो । फेरि पूर्ववत् ट्युसन चल्न थाल्यो भने आत्मसन्तुष्टिका लागि साहित्य लेख्न थालेका थिए । देवकोटाले नेपाल शिक्षा परिषद्, नेपाल सांस्कृतिक परिवार र नेपाल दार्शनिक सङ्घजस्ता संस्थाहरूमा आफ्नो सक्रियता बडाएका थिए । २००९ सालमा सल्लाहकार समितिको पुनर्गठन हुँदा उनी त्यसका मनोनित सदस्य भएका थिए ।

देवकोटाको आठौँ झलक सक्रिय राजनीतिमा सहभागिता हुनु हो भन्ने कुरा बन्धुले उल्लेख गरेका छन् । २०११ सालमा देवकोटालाई राजनैतिक बुद्धिजीवीका रूपमा श्री ५ त्रिभुवनले सल्लाहकार सभाको सदस्यका रूपमा मनोनित गरेका थिए ।

देवकोटाको साहित्य रचना र परिष्कारतिर अग्रसर भएको प्रसङ्गलाई नवौँ झलकका रूपमा बन्धुले प्रस्तुत गरेका छन् । *कामीदाइलाई, झञ्झाप्रति, हुरीको गीत, हामी नेपाली, गधा बोल्छ, मातृभूमिको माटो रुन्छ, पूर्णचाकी सुवासिनी मरी, ज्वरशमना प्रकृति, जित्नु छ साथी जिताउनु छ साथी, राष्ट्रभाषाको प्रेम, तुलारामको सिद्धान्त*जस्ता तीन दर्जनभन्दा बढी कविताहरू देवकोटाले लेखेका छन् । यी कवितामा प्रकृतिको विशद् चर्चा गर्नुका साथै मानवीकरण गर्ने काम पनि गरेका छन् ।

देवकोटा राजनैतिक प्रशासन, जनमुखी साहित्य र व्यथापूर्ण हाँसोलाई दशौँ झलकका रूपमा बन्धुले लिएका छन् । २०१४ सालमा के.आई.सिंहको मन्त्रीमण्डलमा शिक्षा तथा स्वायत्त प्रशासनमन्त्री भएर देवकोटा राजनीतिमा सक्रिय

भए । २०१५ सालमा मुनामदनको परिष्कृत संस्करण निकाले । राजनीति सक्रियताले होला साहित्यिक रचना प्रशस्त देखा परेनन् ।

बन्धुले देवकोटाको अन्तिम अवस्थालाई प्रमिथसीय यातना, नव नेपालको निर्माण र प्रजातन्त्रको अमरताको कामना तथा महाप्रलयलाई अन्तिम झलकका रूपमा लिएका छन् । २०१५ सालमा तासकन्दामा भएको एफ्रो एसियाली लेखक सम्मेलनमा भाग लिन देवकोटा गएका थिए । त्यहाँबाट उपचार गराउन मस्को गएका थिए । बिदा स्वीकृत नगराइकन गएको भनेर एकेडेमीको पारिश्रमिक रोक्का गरियो । रोगले च्याप्दै लग्यो । २०१६ भदौ २९ गते प्रजातन्त्र फलोस् फुलोस् भन्दै यस संसारबाट बिदा लिएका थिए ।

### अ) राजनैतिक चेतना

लक्ष्मीप्रसाद देवकोटा लगायत ४६ जना युवा मिलेर जनताका निम्ति पुस्तकालय खोल्न खोज्दा जनता सचेत बनाएर राजनीति गर्न खोजेको भनी रु १००-१०० जरिवाना तिराएर १२ वर्ष यस्ता जनहितका कार्य नगर्ने सर्तमा छोडिएको थियो । यसै प्रसङ्गमा शङ्कर लामिछानेले देवकोटालाई कहिलेदेखि राजनीतिमा लाग्नु भयो ? भनेर प्रश्न गर्दा देवकोटाले राणाशाहीका विरोधमा मेरो मन पहिलेदेखि नै लागिरहन्थ्यो भन्ने उत्तर दिएका थिए । यसबाट के बुझिन्छ भने देवकोटा बुबाको कारणले पनि दरवारलाई नजिकबाट बुझेका थिए र उनी त्यसको विरोधमा लागिरहेका थिए । देवकोटाको राजनैतिक चेतना बाल्यकालदेखि नै पलाए तापनि लाईब्रेरी पर्वमा प्रष्ट देखिएको थियो ।

अध्ययनका क्रममा पटनाको बसाई र भारतको विभिन्न स्थलको भ्रमणले गर्दा उनको ज्ञान फराकिलो भएको थियो भने त्यसैबेला बी.पी. कोइरालासँगको भेटले पनि राजनैतिक चेतना विकसित भएको पाइन्छ ।

१९९७ सालमा सहिद काण्ड भएको थियो । प्रजापरिषद्का सदस्य शुक्रराज शास्त्री र धर्मभक्त माथेमालाई झुन्ड्याएर मारिएको थियो भने गंगालाल र दशरथचन्द्रलाई गोली ठोकी सार्वजनिक प्रदर्शनी गरिएको थियो । महात्मा गान्धी र मदनमोहन मालवीयसँग सम्पर्क राखेकै कारणले मार्नु अत्याचार थियो । कति त्रसित भएका थिए भने कति आक्रोशित । देवकोटाले त्यो आक्रोशलाई वन कवितामा प्रकट

गरेका छन् । शाकुन्तल महाकाव्यमा दुष्यन्तलाई आधार बनाएर व्यक्त गरेका छन् । **महाराणा प्रताप** महाकाव्यमा महाराणा प्रतापको श्रद्धा गरेर राणाहरूको एकतन्त्री व्यवस्थालाई देवकोटाले धक्का दिएका छन् ।

**वनकुसुम** महाकाव्यमा राजकुमारलाई प्राकृतिक वातावरणमा पुऱ्याएर नेपाली जनताले स्वतन्त्रता चाहेको कुरा व्यक्त गरिएको छ भने अर्कातिर विश्वयुद्धले त्रस्त मानवलाई शान्ति र सद्भावको फुलबारीमा आबद्ध हुन आह्वान गरिएको छ । **रावण-जटायु युद्ध** खण्डकाव्यमा बृद्ध जटायुले अत्यन्त बलशाली रावणलाई हाँक दिन्छ । यो हाँक निश्चय पनि नेपालीले राणाहरूलाई दिएको हाँक भन्दा कम छैन । *बाघले बच्चा किन खान्छ ?* कवितामा यस संसारमा कमजोरलाई जीवित रहने हक छैन त्यसैले बाघले कमजोर देखेर मारेको हो भनी नेपालीलाई कमजोर भएर नबस्न चेतना फैलाएका छन् । खैरे कुकुर कविता मा नेपाली जनताको दासत्वको चित्रण गरेका छन् ।

**मायाविनी सर्सी** खण्डकाव्यमा युलिसिसको यात्रालाई प्रजातन्त्रको साहसपूर्ण यात्रा मानेका छन् । यस खण्डकाव्यमार्फत आफ्ना सहयात्रीलाई आफ्ना लक्ष्यबाट बिचलित नहुनका लागि सावधान तुल्याएका छन् । कविता लेखेर क्रान्तिको राँको बालेर अन्धकारमा नेपाली जनतालाई बाटो देखाउने काम गरेका छन् ।

**प्रमिथस** महाकाव्यमा जिउसले जति यातना दिए पनि प्रमिथस विचलित नभई मानवताका लागि लडेको प्रसङ्ग उठाएर प्रजातन्त्रका लागि योगदान दिने प्रमिथसीय नेपाली जनतालाई सम्झेका छन् ।

त्रिचन्द्र कलेजको आफ्नो स्थायी प्राध्यापकको कुर्सीलाई लत्याएर घरमा आफ्नी पत्नीलाई पनि नभनी ६ जनाको परिवारलाई छोडी नेपाली जनताका निम्ति प्रजातन्त्रको सङ्ग्राममा सम्मलित हुन वनारस पुगे । उनले साहित्यमा राजनैतिक चेतनामात्र पोखेनन् आफू स्वयम्ले राजनीति पनि गरे । सल्लाहकार सभाको विरोधी दलका नेता चुनिए । देवकोटा नेतृत्वमा विरोधी दलका नेताले पाएको विजय निकै महत्त्वपूर्ण रहेको छ । २०१४ सालमा शिक्षामन्त्री पनि भए । त्यसैले राजनीतिको विषेध गरेर राजनीति गर्नुपर्ने अवस्थामा देवकोटाका कृतिमा कुनै न कुनै रूपमा राजनैतिक चेतना पाइन्छ भने स्वयम् पनि एक राजनीतिज्ञ बनेका छन् ।

**आ) मानवतावादी चेतना**

दस वर्षको उमेरमा भाउजूको वेदनाबाट संवेदित भएर संसारलाई दुःख सागर मानेर कविता लेख्ने काम देवकोटाले गरे उनको मानवतालादी चेतना यही प्रकटित भएको छ । भाउजूको वेदना नै यिनको मानवतावादी स्वर बनेर देखा पऱ्यो । जनताका निम्ति पुस्तकालय खोलेर चेतनशील बनाउने कार्य गर्न खोज्नु पनि उनीमा भएको मानवतावादी चेतनाकै उजागर हो भन्न सकिन्छ । **मुनामदन** खण्डकाव्यमा आर्थिक सामाजिक जालमा अल्झेका नेपालीको चित्रण भएको छ । **सुलोचना** महाकाव्यमा सामाजिक समस्यालाई प्रस्तुत गरिएको छ । नारीहरूको जीवनलाई पुरुषहरूले आफ्नो कूल, इज्जत र प्रतिष्ठासँग जोडेर हेरेको कुरा देखाउनुका साथै पुरुषका गलत विचारले सुलोचनाको अन्त भएको देखाइएको छ । **वनकुसुम** महाकाव्यमा विश्वयुद्धले त्रस्त मानवलाई शान्ति र सद्भावको फूलबारीमा राजनैतिक चेतनाभन्दा बढी सामजिक चेतना पाइन्छ । यसरी मानवतावादी चेतना देवकोटाका कृतिमा छताछुल्ल भएका छन् ।

**घ) निष्कर्ष**

चूडामणि बन्धुले *देवकोटाका कवितामा पाइने सामाजिक राजनैतिक चेतना* व्याख्यानमा देवकोटाको आद्योपान्त चर्चा गरेका छन् । चर्चाको क्रममा एघारवटा महत्त्वपूर्ण कार्य प्रस्तुत गरेका छन् । देवकोटासँग सम्बन्धित भएका अन्य घटनालाई पनि समेट्ने प्रयास गरेका छन् । १९९० सालको भूकम्प, सहिद पर्व आदि । घोडा दौडमा भए पनि समग्र पक्षको चित्रण गर्न सक्नु बन्धुको विद्वत्ता झल्किन्छ । यस व्याख्यानमालाले देवकोटाको सामजिक चेतना र राजनैतिक चेतनालाई केन्द्रबिन्दु बनाए पनि यतिमा मात्र सीमित रहेको देखिँदैन । **शाकुन्तल**, **सुलोचना**, **प्रमिथस**, **वनकुसुम**, **महाराणा प्रताप** जस्ता महाकाव्यको झिल्कोको रूपमा भएपनि चर्चा गरिएको छ । **मुनामदन**, **मायाविनी**, **सर्सी**, **रावण-जटायु युद्ध**, **कुञ्जिनी** जस्ता खण्डकाव्यको लेखाजोखा गरिएको छ । त्यसैले देवकोटा सम्बन्धी अध्येतालाई यो व्याख्यान उपयागी हुने देखिन्छ ।

### ४.१.५.३ देवकोटाका काव्य जगतमा प्रकृति

#### क) पृष्ठभूमि

मिति २०४९ कार्तिक ७ गतेका दिन श्री ३ चन्द्र मा.वि. कलैयामा देवकोटा स्मृति सभाले महाकवि देवकोटाको ८४ औँ जयन्तीका अवसरमा पद्मप्रसाद देवकोटा (महाकविका सुपुत्र) को प्रमुख आतिथ्यमा महाकवि देवकोटा स्मारक व्याख्यान माला अन्तर्गत कुमारबहादुर जोशीद्वारा तयार पारिएको *देवकोटाका काव्यमा प्रकृति* शीर्षक व्याख्यानको प्रस्तुति गरेको थियो । सो व्याख्यान गणेश भण्डारीले प्रस्तुत गरेका थिए (प्रतीक प्रकाशन, २०४९ : ३) । यस कुरालाई सभाको मिति २०४९ कार्तिक ७ गते बैठकले पनि पुष्टि गर्दछ । व्याख्यान उपलब्ध गराई दिने जोशीलाई र प्रस्तुत कर्ता भण्डारीलाई सभाले धन्यवाद ज्ञापन गरेको छ । यसबाट के प्रष्ट हुन्छ भने व्याख्यान प्रस्तुत गर्न स्वयम् उपस्थित नभएको देखिन्छ ।

#### ख) कुमारबहादुर जोशीको सङ्क्षिप्त परिचय

कुमारबहादुर जोशी (जन्म सं. १९९८) ले प्रारम्भमा संस्कृतको पूर्वमध्यमासम्मको अध्ययनपछि दरवार हाई स्कुलमा भर्ना भएर अङ्ग्रेजी शिक्षा प्राप्त गर्नतिर लागेको र एस.एल.सी. गरेपछि शिक्षा पेसामा प्रवेश गरी घरव्यवहार थाम्दै र स्वाध्यायन गर्दै बि.ए. र त्यसपछि नेपालीमा एम.ए. को उच्च शिक्षा प्राप्त गरेका थिए । उनले देवकोटाको कवितायात्राको विश्लेषण र मूल्याङ्कन विषयमा शोधकार्य गरी विद्यावारिधि पनि प्राप्त गरेका छन् । जोशीले त्रिचन्द्र क्याम्पस र त्यसपछि केन्द्रीय क्याम्पस, कीर्तिपुरको नेपाली विभागमा प्राध्यापन कार्य गरेका छन् । जोशीले मृगौला प्रत्यारोपण गराएर पनि साहित्य साधनामा तल्लीन छन् । उनी सिर्जनात्मक एवम् समालोचनात्मक दुबैथरी प्रतिभाले सम्पन्न छन् । उनका निम्नलिखित ग्रन्थ प्रकाशित छन् :-

१) सञ्चयन (निबन्धसङ्ग्रह, सं. २०२५)

२) सिंह सार्थवाह (खण्डकाव्य, सं. २०२६)

३) चार अमर कविका पाँच काव्य कृति (समालोचना, सं. २०२९)

४) महाकवि देवकोटा र उनका महाकाव्य (समालोचना, सं. २०३१)

५) विकीर्ण चिन्तन (समालोचनासङ्ग्रह सं. २०३३)

६) पाश्चात्य साहित्यका केही वाद (साहित्य सिद्धान्त, सं. २०३८)

७) कविता चर्चा (समालोचनासङ्ग्रह, सं. २०४०)

८) एक व्यक्तित्व : अनेक दृष्टि (अन्तर्वार्ता, सं. २०४३)

९) कुराकानी (सं. २०४५)

१०) देवकोटाका कविता यात्राको विश्लेषण र मूल्याङ्कन (शोध प्रबन्ध, सं. २०४७)

११) देवकोटाका कविताका कालक्रमिक विवेचना (समालोचना, २०४९)

१२) केही कृति र कृतिकार (समालोचना, सं. २०५४)

१३) मृत्यु शैयाबाट फर्केर (सं. २०५४)

१४) कवि कोइराला र उनको गङ्गा प्रवास (सं. २०५५)

जोशीले महाकवि देवकोटाका कविता र काव्यको अन्वेषण र अध्ययनमा आफ्नो समग्र जीवन नै अर्पित गरेका छन् । उनको देवकोटा सम्बन्धी अध्ययन व्यापक, गहन र सूक्ष्म छ र निकै मूल्यवान् छ । उनले देवकोटा स्मारक व्याख्यानमाला अन्तर्गत दोस्रो मालाका रूपमा प्रस्तुत गरेको देवकोटाका कवितामा चित्रित प्रकृतिसम्बन्धी व्याख्यानबाट यो कुरा प्रष्ट भएको छ ।

**ग) विषयवस्तु**

लक्ष्मी प्रसाद देवकोटाले नेपाली साहित्यका प्रायः सबै विधामा सशक्त कलम चलाएका छन् । **लक्ष्मी कथासङ्ग्रह** यिनको एक मात्र कथा सङ्ग्रहको नाम हो भने **चम्पा** यिनको उपन्यास हो । **लक्ष्मी निबन्धसङ्ग्रह** र **दाडिमको रुखनेर** दुईवटा निबन्ध सङ्ग्रहहरू हुन् । यस्तै **सावित्री सत्यवान** र **कृषिवाला** उनका छापिएका नाट्यकृति हुन् । **जन्मोत्सव**, **मुटुका थोपा**, **भिखारी**, **पुतली**, **सुनको बिहान**, **गाइने गीत**, **भावनागाङ्गेय**, **आकाश बोल्छ**, **छाँगासँग कुरा**, **चिल्ला पातहरू**, **छहरा**, **लक्ष्मी कविता संग्रह**, **लक्ष्मी गीति सङ्ग्रह**, **मनोरञ्जन**, **मृत्युशैयाबाट** तथा **महाकवि देवकोटाका कविता** जस्ता उनका गीत र कविता सङ्ग्रहहरू निस्केका छन् । यसैगरी काव्य-खण्डकाव्यमा **मुनामदन**, **राजकुमार प्रभाकर**, **लुनी**, **कुञ्जिनी**, **दुष्यन्त-शकुन्तला-भेट**, **रावण-जटायु-युद्ध**, **म्हेन्दु**, **सीताहरण**, **रामायण** (शोकगाथा), **बसन्ती**, **मायाविनी सर्सी**, **नवरस**, **कटक**जस्ता कृतिहरूका साथै उनका सातवटा काव्यहरू

(**मैना**, **बसन्ती**, **सृजामाता**, **नेपाली मेघदूत**, **वैराग्य लहरी**, **आनन्दशतक** र **झञ्झावर्णन**) को सङ्ग्रह **मैना** पनि प्रकाशित भएको भेटिन्छ । महाकाव्यमा शाकुन्तला, सुलोचना, महाराणा प्रताप, वनसुकुम र प्रभिथस जस्ता कृति प्रकाशित भएका छन् । म्याक्वेथ अंग्रेजीबा नेपालीमा अनुवाद गरिएको कृति हो (जोशी, २०५९ : ३८-३९) ।

देवकोटाले लेखेका कविताकृतिहरूमा ६ वटा महाकाव्य १४ वटा कवितासङ्ग्रह र ६४४ फुटकर कविता भनेर शोधप्रबन्धमा उल्लेख गरिएको छ । यिनलाई साहित्यका क्षेत्रमा विभिन्न नामले चिनिन्छ । कसैले जन्मजात कवि भन्छन् त कसैले विद्युत कवि कसैले सरस्वतीको प्रसाद जसले जे भने पनि देवकोटाले आफ्नो कवित्वलाई सुलोचना महाकाव्यमा निम्नानुसार चिनाएका छन् :-

"मेरो २५ वर्षको कविताको तपस्या थियो, म श्लोकमा कुरा गर्न सक्छु, दिनभरि श्लोकमा फतफताइरहन सक्छु । तबत दस दिनमा एउटा महाकाव्य किन नबनोस् ? अझ होड गरेको थिइनँ, शायद एक दिनभरिमा एउटा लेख्न सक्छु कि भन्ने समेत मलाई आशा छ ।"

देवकोटा वास्तवमा हिन्दीका प्रसाद-पन्त-निराला र महादेवी वर्मा जस्ता छायावादी कवि-कवयित्रीहरू, उर्दूका उमर खैयाम र बङ्गालका रवीन्द्रनाथ प्रभृति तथा अङ्ग्रेजी साहित्यका शेक्सपियरका साथै वर्डस्वर्थ, कलरिज, किट्स, ब्लेक, वायरन एवम् शेली जस्ता रोमान्टीक कविहरूबाट अनि संस्कृतका कालिदासबाट प्रेरित र प्रभावित भएका छन् । देवकोटाले वर्डस्वर्थको प्रकृति चित्रण र कलरिजको काल्पनिक उडानलाई आत्मसात गरेको पाइन्छ । सन् १८०० तिरको वर्डस्वर्थ र कलरिजको लिरिकल व्यालेडको भूमिकालाई अङ्ग्रेजी साहित्यको रोमान्टिक आन्दोलनको घोषणा पत्र मानिएझैँ नेपाली साहित्यको स्वच्छन्दतावादी आन्दोलनको घोषणापत्र देवकोटाका केही निबन्ध र निबन्धांशलाई लिन सकिन्छ । देवकोटा किट्स र कालिदासजस्तै सौन्दर्यका उपासक ब्लेकजस्तै रहस्यवादी, वायरनजस्तै विद्रोही र शेली जस्तै काल्पनिक देखिएका छन् । देवकोटालाई काव्यजगत्मा प्रकृतिका कवि भन्न सकिन्छ । साँच्ची भन्ने हो भने देवकोटाको प्रथम प्रकाशित कविता *पूर्णिमाको जलधि* (**गोरखापत्र**, १९९१ मार्ग १५) नै विशुद्ध प्रकृति कविता हो, जसमा कविले पूर्णिमाको सौन्दर्यमा सागर उर्लिएजस्तै आफ्नो हृदय सागरमा भावलहरी उर्लिएको

आशय प्रकट गरेका छन् । *पूर्णिमाको जलधि* कवताको प्रकाशनसँगै देवकोटाको कवितायात्रा सुरु भएको छ । यस कवितायात्रालाई दुई भागमा विभाजन कुमार बहादुर जोशीले गरेका छन् :-

अ) पूवार्द्ध चरण : १९९१ देखि २००३ सालसम्म

आ) उत्तरार्द्ध चरण : २००४ देखि २०१६ सम्म

**अ) पूर्वार्द्ध चरण :**

यस चरणमा देवकोटाका फुटकर कवितामध्ये अत्यधिक प्रकृति कवित्व भएका कवितामा *पूर्णिमाको जलधि* पछि तिनको *घँसिया गीत, शरच्चन्द्र, वृक्ष, विश्वमन्दिर, बुलबुलको गाना, किसान, बालककाल, रातमा, झरना, प्रश्नोत्तर, सन्ध्या, वसन्त, चारु, बादल, प्रभात तारा, सुन्दरीजल, एक विहान, सुनको विहान, वर्षा, सौन्दर्य उपासना, फूल-परी, कुहूकुहू, पृथ्वी भकुण्डो, झाँगघर, पुतली, इन्द्रधनु, पानी, बसन्तबेला, भँगेरी, गाइने गीत, प्रभाकर, शीतबिन्दु, कोजाग्रत पूर्णिमा, तारा फूलको बारी, जङ्गलिनी, प्रात, प्रबोध, शिशु फूल, साँझसँग, कुइरी विहान, कल्पनाको चाहना, सुख प्रेरणा, एकरात, गाइने, रुँ रुँ, कविताको घर, खोला* जस्ता ४६ वटा फुटकर कविताको उल्लेख जोशीले यस व्याख्यान सङ्ग्रहमा गरेका छन् । यी कविताको प्राकृतिक पक्षलाई पनि औँल्याएको देखिन्छ ।

जोशीले पूवार्द्धकालीन फुटकर कवितामा प्राकृतिक पक्षको मात्र खोजी नगरेर मुनामदन खण्डकाव्य र शाकुन्तल महाकाव्यको विभिन्न सन्दर्भको चित्रण गर्दै प्राकृतिक पक्षको खोजी गरेका छन् । **मुनामदनमा** देवकोटाले खासगरी कान्तिपुर सहर, कान्तिपुरबाट तिब्बतसम्मका यात्रामा पर्ने हिमाली भेगहरू तथा ल्हासा सहर र ल्हासाबाट फर्कदाखेरी बाटोमा पर्ने हिमाली भेगहरू जस्ता ठाउँहरूका प्राकृतिक सौन्दर्यको अत्यन्त मनोरम चित्रण गरेको कुरा उल्लेख गरिएको छ । देवकोटाले शाकुन्तल महाकाव्यमा विराट् प्राकृतिक कवित्व प्रष्फुटन गराएका छन् । यस महाकाव्यमा खास गरेर विश्वामित्र, कण्व, कश्यपजस्ता पूर्वीय प्राचीन ऋषिमहर्षिहरूका आश्रमको नाना रूप, वैभव र पक्षहरूको उच्च कवित्वमय चित्रण गरेका छन् । सर्ग २ : श्लोक १-१६ सम्म विश्वामित्रको तपस्याश्रम बनेको गोदावरी वनको प्राकृतिक परिवेशको अत्यन्त प्रभावशाली एवम् कवित्वमय चित्रण गरेका

छन् । देवकोटाले **शाकुन्तल** महाकाव्यको पाँचौँ सर्गमा मालिनी नदीको तटमा अवस्थित कण्वाश्रम वनको वर्णन गरेका छन् । शिशु शकुन्तलालाई सम्बोधन गर्दै कविले प्रकृतिलाई आमातुल्य दयावती बताउँदै तिनको स्तनपान गरेर फूलझैँ बढ्ने आशीष दिएका छन् ।

बच्ची छौ सुरसुन्दरी चुर तिमी यी दूध मीठा स्तन
आमातुल्य दयावती प्रकृतिका खाए सबै व्यञ्जन
मेरो आशिषसाथ दिव्य सुषमा पाई बढे फूलझैँ
आफ्नो चाहचुसी हवा र वनमा राम्रो फुले फूलझैँ

(देवकोटा स्मृति सभा, २०५९ : ६५)

कुमारबहादुर जोशीले देवकोटा काव्यजगतमा प्रकृति व्याख्यानमालामा देवकोटाको पूर्वार्द्ध चरणका ४६ वटा फुटकर कविताको प्राकृतिक पक्षको चित्रण गरेका छन् । त्यसैगरी **मुनामदन** खण्डकाव्य र **शाकुन्तल** महाकाव्यको प्राकृतिक पक्षको पनि चित्रण गरिएको छ तर उत्तरार्द्धकालीन काव्यजगतमा प्रकृति भन्दा पनि प्रगतिवादलाई आत्मसात् गरेको पाइन्छ । त्यसकारणले पनि होला जोशीले यस व्याख्यानमालामा उत्तरार्द्ध चरणलाई उल्लेख गरेका छैनन् ।

## घ) प्राकृतिक चित्रण

सुन्दरीजल झरना झरिरहेको बेला एक्लै एउटी बैंसालु सुन्दरी ग्रामबालाले घाँस काट्दै गाइरहेको गीतलाई *तिनको घसिया गीत*मा उल्लेख गरेका छन् । शरच्चन्द्र कविताम शरद्ऋतुको जुनेली रातमा सौन्दर्य मदिरा पिएर कवि लठ्ठिएका छन् । जीवनको सार वृक्षमा कविले देखेका छन् । जुनेली रातको प्राकृतिक सौन्दर्यमा बुलबुलको भाका हाल्दै *बुलबुलको गाना* देवकोटाले गाएका छन् । *किसान* कवितामा प्रकृतिसम्बन्धी जीवनदर्शन व्यक्त गरिएको छ। *रातमा* कवितामा रातको शून्यता र एकान्तता तथा सौन्दर्यले चरम आनन्दानुभूति प्रदान गरेको उल्लेख गरिएको छ । *झरना* कवितामा झरनाको महिमा गान गाइएको छ । *सन्ध्या* कवितामा सन्ध्या सौन्दर्यको मानवीकरण गरिएको छ । *चारु* कवितामा चारुलाई प्रकृतिप्रेमीकाको रूपमा प्रस्तुत गरिएको छ । *एक बिहान* कवितामा देवकोटाले एक विहानको तत्क्षणताको प्राकृतिक सौन्दर्य र सङ्गीतलाई शब्दचित्रमा उतारेका छन् । प्रकृति र

प्राकृतिक सौन्दर्यबाट पुलकित बनेका कविले *फूल परी* कवितामा यति राम्रो संसारको सृष्टि गर्ने सृष्टिकर्ता झन कस्तो होला भनेर कल्पना गरेका छन् । असुन्दर झुसिल्कीराबाट सुन्दर पुतली बनेको कुरा *पुतली* कवितामा उल्लेख गरेका छन् । *पानी* कवितामा पानीको रहस्योद्घाटन गरेका छन् । फुक्का जीवन र स्वतन्त्रप्रतिको मोह *भँगेरी* कवितामा व्यक्त गरिएको छ । फूलझैँ बनेर सुवास फैलाउने शिक्षा *पाप लाग्छ* कवितामा दिइएको छ । यसरी देवकोटाले जुनसुकै कवितामा पनि कुनै न कुनै रूपम प्रकृतिलाई आत्मसात् गरेका छन्, त्यसैले देवकोटा प्रकृतिको चित्रण गर्ने स्वच्छन्दतावादी कवि हुन् ।

लक्ष्मीप्रसाद देवकोटा नेपाली काव्यजगत्का स्वच्छन्दतावादका प्रवर्तक र विकास कर्ता पनि हुन् । उनको होष्टेमा अरूले हैँसे नगरेका होइनन् । प्रकृतिको चित्रण गर्नु, मानवतावादको पक्षमा वकालत गर्नु, आफ्नो प्राचीनताप्रतिमोह राख्नु, विद्रोही स्वभाव देखाउनु, राष्ट्रियताप्रति सचेत हुनु स्वच्छन्दवादको मान्यता हो । यी मान्यतामा देवकोटा अडिग रहेका छन् । विशेष गरी देवकोटाका पूर्वार्द्ध चरणमा कवितामा प्राकृतिक छटा छताछुल्ल भएको छ । कल्पनामा बौद्धिकता रमरम भए पुग्छ भन्ने देवकोटाले प्रकृतिको चित्रण गर्दा केवल प्रकृतिको मात्र चित्रण गेका छैनन् । प्रकृतिमा मानव जीवन देखेका छन् । गुलाबको फूलमा गुलाबमात्र नदेखेर हेलेन र पद्मिनी देखेका छन् । शरद ऋतुको चन्द्रमामा कवि लठ्ठिएर मातेका छन् । यसरी देवकोटा आफैँ प्रकृतिमा चुर्लुम्म डुबेका छन् । करिब ६४४ वटा फुटकर कविता, ६ वटा महाकाव्य र दुई दर्जन जति खण्डकाव्यमा देवकोटाले कतै खहरे खोला, कतै सामुन्द्रिक ज्वारभाटा भएर प्रकृतिको चित्रण गरेका छन् भने कतै जरुवा पानी बनेर निरन्तर बगिरहेका छन् ।

**ङ) भाषाशैली**

देवकोटाका काव्यजगत्मा प्रकृति व्याख्यानमाला देवकोटा स्मृति सभामा प्रस्तुत भएको दोस्रो व्याख्यानमाला हो । यस व्याख्यानमाला देवकोटाको काव्यजगत्को पूर्वार्द्धकालीन कविता र काव्यको प्राकृतिक पक्षको चर्चा गरिएको छ । ३६ पृष्ठमा संरचित यो व्याख्यानमालालाई मध्यम आकारको मान्न सकिन्छ । भाषिक प्रस्तुतिलाई हेर्दा विषयवस्तुसँग सम्बन्धित भाषाचयन, वाक्यगठन र संरचनागत

बनोटको तारतम्य मिलेको देखिन्छ । तत्सम शब्दको बढी प्रयोग भए पनि ती क्लिष्ट छैनन् । सभामा वाचन गर्नका लागि लेखिएको हुनाले प्रभावोत्तेजक भाषाशैलीको प्रयोग गरिएको छ । विराट प्रतिभाका धनी देवकोटाका रचनाको समग्र काव्यजगत्को प्रकृति पक्ष देखाउनलाई द्रुतत्तर लेखनशैलीको प्रयोग गरिएको छ ।

### ४.१.५.४ महाकवि देवकोटाको जीवन-दर्शन

#### क) पृष्ठभूमि

यो महाकवि देवकोटाको जीवन-दर्शन व्याख्यानमाला शिवगोपाल रिसालले प्रस्तुत गरेका हुन् । २०५० भाद्र महिनामा देवकोटा स्मृति सभा कलैयामा प्रस्तुत गरेका थिए । यो व्याख्यान देवकोटा स्मृति सभाको तेस्रो व्याख्यान हो ।

#### ख) व्याख्यान प्रस्तोता शिवगोपाल रिसालको सामान्य परिचय

शिवगोपाल रिसाल (वि.सं. १९९४) ले नेपालीमा प्रथम श्रेणीमा स्नातकोत्तर गरेका छन् । २०१८ सालदेखि त्रि.वि. अन्तर्गत प्राध्यापन कार्यमा लागेका रिसालको समग्र जीवन प्राध्यापनमा वितेको छ । उनी कविता, निबन्ध र लेख लेख्ने गर्दछन् । शैक्षिक, सामाजिक, धार्मिक र सांस्कृतिक क्षेत्रमा क्रियाशील अद्वैत दर्शनको चिन्तन र व्याख्यानमा निमग्न मनीषीका रूपमा चिनिन्छन् । रिसाल गुणराज स्मरक समितिका अध्यक्ष हुन् । उनले सामाजिक सेवा समितिका सभापति, पशुपति विकास कोषका सदस्य, भारती खरेल प्रतिष्ठानका सदस्य जस्ता विविध पदमा रहेर काम गरिसकेका छन् । उनी गुणराज पुरस्कार तथा उदयानन्द पुरस्कारबाट पुरस्कृत भएक छन् । रिसालका निम्न लिखित कृति प्रकाशमा आएका छन् :-

१. नेपाली भाषा र व्याकरण (सहलेखन)
२. दुर्गा पूजा र बलिको रहस्य (भक्तिकाव्य, सं. २०४४)
३. म को हुँ (दार्शनिक काव्य, सं. २०४४)
४. रामनाम (भक्तिकाव्य, २०४५)
५. विष्णु सहस्रनाम (अनुवाद र व्याख्या)
६. चर्पट पञ्जरिका (अनुवाद)

अध्यात्मवादी विद्वान् रिसालले महाकवि देवकोटा स्मारक व्याख्यानमाला अन्तर्गत तेस्रो मालाका रूपम देवकोटाका काव्यमा दार्शनिक पक्षको खोजी गरेका छन् (देवकोटा स्मृति सभा, २०५९ : सम्पादकीय) ।

**ग) विषयवस्तु**

देवकोटाको पहिलो भनेर मानिएको दश वर्षमा लेखिएको कविता दार्शनिक पक्ष पाइन्छ । जस्तै :-

घनघोर दुःख सागर संसार जान भाइ ।

नगरे घमण्ड कहिले मर्नू छ हामीलाई ॥

शिवगोपाल रिसालले पहिलो रचनामा नै दर्शन छ भनेका छन् । संसार दुःखमय छ, एकदिन यसलाई छोडेर जानै पर्छ । बाँचुन्जेल आनन्दसँग अभिमानरहित भएर बाँच, कहिल्यै कुनै कुराको घमण्ड नगर । दुःखमय संसारमा नफँस, मोहित नहोऊ जस्ता वेदान्तीय दर्शन देवकोटाको पहिलो रचनामा पाइन्छ । दशवर्षका बालकहृदयमा यति महान् र गम्भीर चिन्तनको आविर्भाव भइसक्नु साधारण कुरा होइन । त्यसैले देवकोटा जसरी जन्मजात कवि हुन् त्यसरी नै जन्मजात दार्शनिक पनि हुन् । यस भनाइलाई देवकोटा स्वयम्ले पनि पुष्टि गरेका छन् । दर्शन शीर्षक एक लेखनमा देवकोटा भन्छन् :- “दर्शनमा मलाई पनि चौपट्ट शोख लाग्दछ । दर्शन वस्तुस्थितिलाई सजीवता प्रदान गराउने साधन हो । मेरो आफ्नो क्षेत्र त थियो कविता र सहित्य तर कुनै कवितामा साहित्यिक पनि केही अंशमा दार्शनिक पनि हुन्छ । यो कवि आफूभित्र बराबर दार्शनिकता पाउँछ र कुनै समयमा दार्शनिक आफूभित्र कवि ।” (देवकोटा स्मृति सभा, २०५९ : ८२) ।

यस रचनामा देवकोटामा दार्शनिक चेत भएकै कारणले जीवनभर घमण्ड गरेनन्, मर्नुपर्छ भन्ने कुरा बिर्सेनन्, अन्याय र अत्याचार गरेनन्, शोषण गरेनन्, उनलाई थाहा थियो संसार दुःख सागर हो र एक दिन अवश्य मर्नुपर्छ । दर्शन पढ्न र पढाउन भन्न र देखाउनका लागि नभएर यो त हुनका लागि भएकाले देवकोटाले जीवनमा प्रयोग गरेका थिए । देवकोटाको जीवनको अन्तिम कवितामा पनि अध्यात्मवादी दर्शन पोखिएको छ :-

आखिर श्रीकृष्ण रहेछन् एक

न भक्ति भो ज्ञान न भो विवेक

म शून्यमा शून्य सरी बिलाएँ ।

घनघोर दुःख सागरबाट शुभारम्भ भएको देवकोटाको कविता दर्शनयात्रा 'आखिर श्रीकृष्ण रहेछन् एक ....” मा गएर टुङ्गो लागेको छ । दुःख सागरबाट पार लाग्ने एकमात्र विकल्प वा सहयोगी डुङ्गा श्रीकृष्णलाई देवकोटाले देखेका छन् । न भक्ति भो ज्ञान न भो विवेक ..... भनेर जीवनको अन्तिम क्षणमा होश आएको कुरा व्यक्त गरेका छन् । भएन भन्नु पनि हुनु भित्रै पर्छ जसले जानिँन भन्छ, उसैले जान्यो भन्ने घोषणा उपनिषद्को रहेको छ । जीवनको अन्तिम क्षणमा श्रीकृष्ण सम्झेर प्राण त्याग गर्ने भक्त मोक्ष हुन्छन् भनेर भक्तिपरक शास्त्रमा उल्लेख गरिएको छ । अतः देवकोटाले अन्तिम अवस्थामा अवश्य पनि श्रीकृष्ण दर्शन पाए होलान् । उनको निष्पाप आत्मा श्रीकृष्णमा लीन भएको होला भन्ने अनुमान लगाउन सकिन्छ । पाश्चात्य दर्शन प्राप्त गर्न देवकोटाले पाश्चात्य कविलाई गुहार्नु पर्‍यो होला तर आध्यात्मवादी दर्शनका लागि आफ्नै पैतृक सम्पत्ति गीता, उपनिषद् र भागवतजस्ता ग्रन्थ खासै पढ्नुपनि परेन किनकि तत्कालीन समाज नै अध्यात्मवादी थियो । उनको घर नै पूर्वीय दर्शनको धरोहर थियो ।

शिवगोपाल रिसालले देवकोटा कवि मात्र नभएर दार्शनिक हुन् भनेका छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाका प्रायः कविताम कुनै न कुनै रूपमा दर्शन पाउन सकिन्छ । देवकोटाबाट दर्शन झिकिदिने हो भने लङ्गडो हुन्छ । अनि देवकोटाबाट कवि झिकिदिने हो भने उनको दर्शन अन्धो हुन्छ । त्यसकारण देवकोटालाई राम्ररी चिन्न र मूल्याङ्कन गर्न दार्शनिक पक्ष खोजी गर्नु आवश्यक छ । देवकोटाको **भिखारी, मार्ग, यात्री, प्रश्नोत्तर, लक्ष्मी कवितासङ्ग्रह**का कवितामा विशेष दार्शनिक पक्ष पाइन्छ । ईश्वर मनमन्दिरमा विराजमान हुन्छन् बाहिर खोजेर पाइँदैन । जसको शुद्ध मन हुन्छ त्यसले मात्र ईश्वरलाई चिन्दछ भनेर यात्री कवितामा ईश्वरको बासस्थानको महिमा गाइएको छ । शुद्ध चित्तमा परमात्माको बास हुन्छ भन्ने वेदान्त दर्शनलाई प्रश्नोत्तर कवितामा व्यक्त गरिएको छ । ईश्वर, आत्मा, धर्म, स्वर्ग र नरक जीवनमा नभई नहुने कुरा हुन् । ईश्वरविना केही हुँदैन, आत्माबिना माटो हुन्छ,

किरण हुँदैन, जवाफदेही हुँदैन । नरकबिना भास हुँदैन र धर्मबिना बाटो हुँदैन, भनेर देवकोटाले पाँच ओटा चाहिने कुरा निबन्धमा व्यक्त गरेका छन् ।

देवकोटा बाहिरबाट हेर्दा दुःखी, चिन्तित, अभाव र नपुगेका रोगले आक्रान्तजस्ता देखिन्थे तर भित्री रूपमा खुसी, आनन्दित र मग्नमस्त थिए । आध्यात्मिक दृष्टिले, दार्शनिक दृष्टिले उनी सदा आनन्दी थिए, यो उनका आत्मस्वीकृति हो । जीवनम आशा, निराशा हर्ष र चिन्ता भए तापनि *पागल, सुन्दरी वेश्याप्रति, प्रभुजी भेडो बनाऊ* जस्ता कविताम देवकोटा मानसिक रूपमा निकै बलिया देखिन्छन् । आत्मबल नहुनेले आत्मसाक्षात्कार गर्न सक्दैन भनेझैं उनी उच्च मनोबल लिएर सामाजिक कुरीतिका विरुद्ध लडेका थिए । पैसालाई हातको मैला सम्झन्थे । पैसा भन्दा ठूलो धन मिजासिलो स्वभाव हो भन्ने उनलाई लागेको थियो ।

### घ) देवकोटाका काव्यमा अध्यात्मदर्शन

लक्ष्मीप्रसाद देवकोटाका प्रायः सबै काव्यमा दर्शन पाइन्छ । देवकोटा जति कवि हुन् त्यो भन्दा बढी दार्शनिक होलान् तर कम चाहिँ छैनन् । देवकोटा जे बोल्थे त्यो लेख्थे जो लेख्थे त्यो गर्थे । त्यसैले दर्शन उनी लेख्ने काम मात्र गर्दैनथे व्यवहारमा पनि उतार्ने गर्दथे । उनले पढेर भन्दा पनि भोगेर तथा गरेर दर्शन प्राप्त गरेका थिए । **मुनामदन, शाकुन्तल, सुलोचना महाराणा प्रताप, प्रमिथस** आदि काव्यमा देवकोटाले राष्ट्रवादी भावना पोखेका छन् । **गरिब, यात्री, मार्ग, प्रश्नोत्तर, भिखारी, लक्ष्मी निबन्धसङ्ग्रह**जस्ता कवितामा ईश्वरीय अस्तित्त्व स्वीकारिएको छ । *घाँसी, वृक्ष* जस्ता कवितामा विश्वको अस्तित्त्व मानेका छन् । त्यसैले देवकोटाका काव्यमा सामाजिक, धार्मिक, आध्यात्मिक दर्शन पाइन्छ । देवकोटा आस्तिक भएर पनि नास्तिक र नास्तिक भएर पनि आस्तिक हुन् । किनकि आस्तिक भन्नाले आडम्बरी, ढोगी र अन्धभक्त छैनन्, नास्तिक भने पनि खानु, पिउनु, मोज मस्ती गर्नु भोलि मरेपछि कहाँ पुगिन्छ भन्ने सिद्धान्तका छैनन् । समग्रमा देवकोटा अध्यात्मवादी कवि हुन् । शिवगोपाल रिसालले देवकोटाको अध्यात्मवादी चिन्तनको खोजी गरेका छन् । अध्यात्मवादमा पनि वेदान्त दर्शनको खोजी गरिएको छ ।

देवकोटा जस्ता अद्वितीय कविको कविता दर्शनजस्तो प्रभुसम्मित उपदेशलाई सहजताका साथमा प्रस्तुत गर्नु रिसालको बौद्धिक चातुर्य देखिन्छ ।

**ङ) भाषा शैली**

शिवगोपाल रिसालले महाकवि देवकोटाको जीवनदर्शन व्याख्यानमालामा कविता दार्शनिक पक्षको खोजी गरेका छन् । यस व्याख्यानमालामा दर्शनजस्तो गहन विषयलाई सहज, सरल र स्वभाविक भाषाशैलीमा प्रस्तुत गरेका छन् । देवकोटाका कवितामा पइने अध्यात्म पक्षको खोजी गरिएकाले स्वभावैले तत्सम शब्दको बाहुल्यता पाइन्छ । देवकोटा स्वच्छन्दतावादी प्रवृत्तिका हस्ती भएकाले आगन्तुक शब्दको प्रयोग हुनु पनि स्वाभाविकै हो । झर्रा नेपाली शब्दको प्रयोग पनि यथास्थानमा गरिएको छ । 'नायमात्मा बलहीनेन लभ्य' (आत्मबल नहुनेले आत्मसाक्षात्कार गर्न सक्दैन) जस्ता संस्कृतका सूक्तिको पनि प्रयोग रिसालले आफ्नो व्याख्यानमा गरेका छन् । जसले जानिन भन्यो उसैले जान्यो जस्ता उपनिषद्का वाणीलाई प्रस्तुत गरेर देवकोटेली कविताको दर्शनलाई पुष्टि गरेका छन् । त्यसैले यो व्याख्यानमाला देवकोटाका कृतिमा अध्यात्म दर्शनको खोजी गर्ने अध्येतालाई कोशे ढुङ्गो सावित हुनेछ । यहाँ प्रयोग भएका दार्शनिक सूक्तिले अध्ययन गर्न सहयोग पुऱ्याउने छन् ।

## ४.१.५.५ देवकोटा : एक अविस्मरणीय व्यक्तित्व

**क) पृष्ठभूमि**

यो **देवकोटा : एक अविस्मरणीय व्यक्तित्व** व्याख्यानमाला २०५१ साल कार्तिक १७ गते बिहीबार लक्ष्मी पूजाका दिन ८६ औँ देवकोटा जयन्तीका उपलक्ष्यमा स्व. सुन्दर झा शास्त्रीले देवकोटा स्मृति सभा कलैयामा प्रस्तुत गरेका हुन् । सो अवसरमा कविता गोष्ठी कार्यक्रम भएको थियो ।

**ख) व्याख्यानकार स्व. सुन्दर झा शास्त्रीको सामान्य परिचय**

स्व. सुन्दर झा शास्त्री (वि.सं. १९८७-२०५५) ले संस्कृत व्याकरणमा आचार्य उपाधि प्राप्त गरेका थिए । उनी मैथिली भाषी थिए । श्री ५ को सरकार

(नेपाल सरकार) को प्रशासनिक पदमा रही विभिन्न जिम्मेवारी पूरा गरेपछि सेवाबाट अवकाश प्राप्त गरेका शास्त्रीको समय साहित्यको सेवामा बितिरहेको थियो । उनी आफ्नो भाषा मैथिलीका साथै राष्ट्रभाषा नेपालीका पनि सेवक थिए । उनी राजकीय प्रज्ञा प्रतिष्ठानका मानार्थ सदस्य थिए । साहित्य सेवाका लागि राष्ट्रिय प्रतिभा पुरस्कारबाट पुरस्कृत भएका थिए । उनका रचना विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । उनका **श्रृङ्गारतिलक, मुनामदन मञ्जुषा** आदि पुस्तकाकार कृति प्रकाशमा आएका छन् । उनी देवकोटाका परमभक्त थिए र उनले **मुनामदन**को झ्याउरे लयमा मैथिलीमा अनुवाद गर्नेजस्तो महत्त्वपूर्ण काम गरेका छन् ।

### ग) विषयवस्तु

**देवकोटा : एक अविस्मरणीय व्यक्तित्व** व्याख्यानमालामा विशेष गरी देवकोटाको बाह्य र आन्तरिक व्यक्तित्वलाई चिनाउने प्रयास गरिएको छ । अग्लो भव्य शरीर, चौडा र समुन्नत ललाट, लामो-ठाडो र चुच्चे नाक देवकोटाको बाहिरी व्यक्तित्व हो भनिएको छ । तत्कालीन समयमा देवकोटा र लेखनाथको वर्चस्व रहेको थियो । सूर्य र चन्द्रमा दुवै उच्च नक्षत्र भए तापनि सूर्यभन्दा चन्द्रमामा बढी आह्लादकता रूपी गुण भएको हुनाले चन्द्रमा उत्कृष्ट मानिन्छ त्यस्तै नेपाली साहित्यमा देवकोटा र लेखनाथ दुवै उच्च नक्षत्र हुन् तापनि लेखनाथ सूर्य हुन् भने देवकोटा चन्द्रमा हुन् भनेर शास्त्रीले व्याख्यानमा देवकोटाको व्यक्तिलाई चिनाएका छन् । आध्यात्मिकता आशावादिता, समानता, राष्ट्रवाद, सरसताजस्ता गुण देवकोटामा पाइन्थ्यो । शास्त्रीले देवकोटा ईश्वरवादी थिए भन्दै **शाकुन्तल** महाकाव्यको प्रसङ्ग उठाएका छन् । **शाकुन्तल** महाकाव्य शिव र पार्वतीलाई सम्झेका छन् । शिवले सबैलाई कल्याणको चुम्बन दिऊन् भनेर शिवस्तुति गरिएको कुरा व्यक्त गरेका छन् । मुनाले मदनलाई ल्हासा नजान रोक्दा 'ईश्वरमाथि मुटु छ साथी जङ्घार तरौँला' जस्ता व्यभिव्यक्ति मदनले दिएका छन् । जङ्गलमा अलपत्र परेका मदन ईश्वरीय कृपाले एउटा दयालु भोटे भेटिन्छ । मदनलाई घर लान्छ । स्याहार सुसार गरेर निको पार्छ । ईश्वरीय कृपाबाट भाग्य बदलिन्छ । यस्ता प्रसङ्गबाट देवकोटा ईश्वरवादी रहेको कुरा शास्त्रीले पुष्टि गरेका छन् ।

वर्णाश्रममूलक हाम्रो हिन्दू समाजमा अमुक जातिको मानिस भएका कारण कुनैलाई उच्च तथा कुनैलाई नीच सम्झने चलन छ तर देवकोटाले **मुनामदन**मा क्षेत्रीको छोरो मदनलाई शूद्र भोटेको पाउ समाउन लगाएर हाम्रो खोक्रो जातीय परिवेश र अवधारणालाई कडा प्रहार गरेका छन् । त्यसकारण देवकोटा जातीयताका विरोधी भए भन्ने कुरा व्याख्यानमालामा उल्लेख गरिएको छ ।

शास्त्रीले देवकोटाको निष्पक्ष र निःस्वार्थ राष्ट्रप्रेमलाई देखाएका छन् । देवकोटाले यो राष्ट्रलाई जीवनभर दिए तर यो राष्ट्रलाई जीवनभर दिए तर यो राष्ट्रले उनले खाइपिइ आएको तलब दिन पनि हिच्किचायो । त्यसैले देवकोटारूपी साहित्य सागरमा डुबुल्की लगाउँदा विभिन्न किसिमका साहित्यिक हीरा, मोती र रत्नहरू हामी पाउँछौँ । देवकोटा आफ्ना काव्यगत उच्च गुणहरूले गर्दा युगौँसम्म एक अमर एवम् अविस्मरणीय व्यक्तिको रूपमा प्रबुद्ध नेपाली साहित्यिक समाजमा सर्वाधिक सम्मानित स्थान ओगट्ने छन्, भनेर यस व्याख्यानमा देवकोटालाई चिनाइएको छ ।

**घ) भाषाशैली**

**देवकोटा : एक अविस्मरणीय व्यक्तित्व** व्याख्यानमा देवकोटाको आन्तरिक र बाह्य व्यक्तित्वलाई चिनाइएको छ । बाह्य व्यक्तित्व अग्लो शरीर, समुन्नत ललाट, लामो-ठाडो र चुच्चे नाक रहेको छ भने अध्यात्मवादी, आशावादी, राष्ट्रवादी र जातीय विभेद नमान्ने उनको आन्तरिक व्यक्तित्व हो भनेर यस व्याख्यानमालामा चिनाइएको छ । शास्त्रीले तत्सम शब्दको बढी प्रयोग गरेका छन् । यस व्याख्यानमा शिवपुरी बाबाको भनाइ भनेर अङ्ग्रेजीमा भनिएको कुरालाई पनि उल्लेख गरेका छन् । जुन यस्तो छ :- Gods graecaon ultra your destiny अर्थात् ईश्वरीय शक्तिले तेरो भाग्य बदल्न सक्छ । त्यसै गरी संस्कृतमा पनि भनिएको छ :- प्रारब्ध बलक्तरं खलु नृणां भोगे तस्य क्षय : अर्थात् आफ्नो सत् र असत् कर्मको पुञ्जीभूतरूप प्रारब्ध हो र प्रारब्धको भोग भोग्नै पर्छ । त्यसै गरी हिन्दीको श्लोकलाई पनि प्रयोग गरिएको छ :-

दुखमे सुमिरन सब करै सुखमे करै न कोय ।
सुखमे जौ सुमिरन करै दुःख काहेको होय ॥

शास्त्रीले यस व्याख्यानमा संस्कृतका सूक्ति, हिन्दीका श्लोक र अङ्ग्रेजी भनाइसमेतलाई प्रस्तुत गरेका छन् । त्यसैले तत्सम, तद्भव र आगन्तुक शब्द छ भन्न सकिन्छ । चारवटा भाषा प्रयोग गरे तापनि सरल सहज र सरस भाषाशैली पाइन्छ ।

### ४.१.५.६ नेपाली बालसाहित्य क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटाको योगदान

**क) पृष्ठभूमि**

नेपाली बाल साहित्यमा लक्ष्मीप्रसाद देवकोटाको योगदान व्याख्यान २०५२ सालको लक्ष्मी जयन्तीको अवसरमा राजेन्द्र सुवेदीले देवकोटा स्मृति सभा कलैयामा प्रस्तुत गरेका हुन् । उक्त व्याख्यान समारोहमा नेपाली तथा भोजपुरीको संयुक्त कवि सम्मेलन पनि भएको थियो । बालकवि पुरस्कार वरिष्ठ तथा विशिष्ठ बालसाहित्यकार रमेश विकललाई प्रदान गरिएको थियो । उक्त कुरा निर्णय पुस्तिकामा उल्लेख गरिएको छ ।

**ख) व्याख्यानकार राजेन्द्र सुवेदीको सामान्य परिचय**

राजेन्द्र सुवेदी (जन्म सं. २००२) ले नेपाली विषयम स्नातकोत्तर उपाधि प्राप्त गरी त्रिवि सेवाअन्तर्गत प्राध्यापन क्षेत्रमा प्रवेश गरेका छन् र सम्प्रति उनी केन्द्रीय क्याम्पस कीर्तिपुरमा नेपाली विभागमा प्राध्यापक पदमा कार्यरत छन् । उनी विभिन्न साहित्यिक, सांस्कृतिक एवम् सामाजिक संस्थाहरूमा संलग्न छन् भने साहित्यसाधनामा पनि निरन्तर डुबिरहेकै छन् ।

सुवेदी सिर्जनात्मक र समालोचनात्मक दुवै प्रतिभाबाट सम्पन्न छन्  उनले केही उपन्यास र केही निबन्ध (व्यङ्ग्य र संस्मरण) लेखेको देखिन्छ भने ज्यादाजसो समालोचनात्मक लेखन गरेको देखिन्छ । समालोचनात्मक लेखनअन्तर्गत उनी अनुसन्धानात्मक लेखनमा संलग्न देखिन्छन् भने कृति विमोचनमा पनि संलग्न देखिन्छन् । विभिन्न पत्रपत्रिकामा फुटकर रचना प्रकाशित गराइरहने सुवेदीको ग्रन्थसम्पादनमा पनि अभिरुचि छ । उनका अनेकौं ग्रन्थकार कृति प्रकाशमा आइसकेका छन् :-

१. सुद्युम्न (पौराणिक उपन्यास, सं. २०३०)
२. स्व. प्रसंसार (पौराणिक उपन्यास, २०४८)
३. खाली सिसी पुराना कागज (निबन्धसङ्ग्रह सं. २०४९)
४. मेरो यात्रा : मेरै परिवेशभित्र (संस्मरण सं. २०५४)
५. विषयगहन सतह चिन्तन (समालोचना, सं. २०३८)
६. विराटनगरको साहित्यिक गतिविधिको अध्ययन (अन्वेषण सं. २०४८)
७. समकालीन साहित्यकारका बीचमा झपटबहादुर राणा (अन्वेषण, २०४८)
८. केही समीक्षण केही विश्लेषण (समालोचना, सं. २०४९)
९. केही सृजनविविधका परिधिभित्र ध्रुवचन्द्र गौतम (समालोचना सं. २०५०)
१०. नेपाली उपन्यास परम्परा र प्रवृत्ति (अन्वेषक सं. २०५३)
११. सृजनविधाका परिधिमा पारिजात (समालोचना सं. २०५३)

**सम्पादित ग्रन्थहरू**

१. समसामयिक साझा कथा (सं. २०४१)
२. स्रष्टा सृष्टि, द्रष्टा दृष्टि (सं. २०४१)
३. दाडिमको रुखनेर (सं. २०४१)
४. गौतमका प्रतिनिधि कथाहरू (सं. २०४४)
५. स्रष्टा देवकोटा : द्रष्टा परिवेश (......) ।

## ग) विषयवस्तु

राजेन्द्र सुवेदीले नेपाली बालसाहित्य क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटाको योगदान व्याख्यानमालामा देवकोटाका कृतिमा पाइने बालसाहित्यको चर्चा गरेका छन् । सर्वप्रथम विषय प्रवेश भनेर बालसाहित्य कस्ता रचनालाई भनिन्छ ? भनी चर्चा गरिएको छ । नेपाली बालसाहित्यको पृष्ठभूमि : सङ्क्षिप्त चर्चामा नेपाली बालसाहित्यको विजारोपण कसरी भयो ? र यसको विकासमा महत्त्वपूर्ण योगदान दिने साहित्यकार को-को हुन् उल्लेख गरिएको छ । तेस्रो शीर्षक अन्तर्गत लक्ष्मीप्रसाद देवकोटाको आगमन दिइएको छ । यस अन्तर्गत देवकोटाको बालसाहित्यमा प्रवेश किन र कसरी भयो ? भन्ने कुराको विवरण प्रस्तुत गरिएको छ । चौथो शीर्षक अन्तर्गत देवकोटाको बालसाहित्य सृजनाको चरण विभाजन

राखिएको छ । जसमा पूवार्द्ध र उत्तरार्द्ध गरी दुईवटा चरण विभाजन गरिएको छ । उत्तरार्द्ध चरणमा पर्ने **सुनको बिहान** कवितासङ्ग्रह र **पुतली** कवितासङ्ग्रहको सङ्क्षिप्त जानकारी दिइएको छ । यिनै शीर्षकलाई उल्लेख गरी ती शीर्षकमा भनिएका कुरालाई मोटामोटी रूपमा प्रस्तुत गरिनेछ :-

### अ) विषय प्रवेश

राजेन्द्र सुवेदीले बालकको जन्मदेखि लिएर जुन समयसम्म उसमा परिपक्वता आउँदैन त्यस उमेरसम्मको अवस्था बाल अवस्था र त्यो अवस्थालाई लक्षित गरेर सृजना गरिएको साहित्य बालसाहित्य हो, भनेर बालसाहित्यको परिभाषा दिएका छन् ।

बालबालिकाका लागि भनेर सृजना गरिएका साहित्यिक सामग्रीहरू वयस्क भनिने पाठकले पनि पसिना काढेर पढ्नु पर्ने हुन्छ । उदाहरणका लागि लेखनाथ पौड्यालको *पिञ्जराको सुगा* र *गौथलीको चिरीविरी* कवितामा वयस्क चिन्तन, वयस्क दर्शन, वयस्क भाव र वयस्क प्रस्तुतीकरण भएकाले बालकविता हुँदाहुँदै पनि वयस्कका बीच पनि लोकप्रिय बन्न पुगेका छन् । जे भए पनि बालकहरूले आत्मसात् गर्न सक्ने विषय, भाव, कला, शिल्प र प्रस्तुतीकरणका आधारमा सुवेदीले बालसाहित्यको परिभाषा दिएका छन् ।

### आ) नेपाली बालसाहित्यको पृष्ठभूमि : सङ्क्षिप्त चर्चा

नेपाली बालसाहित्यको छनक माध्यमिक कालका रोमाञ्चकारी र तिलस्मी आख्यानहरूमा पनि पाइन्छ । यसको संस्थागत सुरुवात चाहिँ वि.सं. १९६९ सालमा गठित गोरखा भाषा प्रकाशिनी समितिले भाषापाठशालामा पाठ्यसामग्री निर्धारण र विकास गर्नका लागि बाल रचना सृजना गर्ने प्रक्रिया औपचारिक रूपमा आरम्भ गरेपछि वि.सं. १९७० देखि भएको हो । त्यसबेला कक्षा १,२,३ का पाठ्यवस्तुका रूपमा लेखनाथका **ईश वन्दना**, **गौंथली चिरीबिरी**, **पिञ्जराको सुगा** तथा चक्रपाणि चालिसेको **चक्र कविता तरङ्गिणी** अनि **सङ्क्षिप्त रामायण** र **सङ्क्षिप्त महाभारतका कथांश**हरू समावेश भए । यहीँबाट बालसाहित्यका सचेत र संस्थागत लेखन

शुभारम्भ भएको मानिन्छ । वि.सं. २०२८ सालपछि नयाँ शिक्षा प्रणाली लागु भएपछि बालकको बौद्धिक स्तर र मनोविज्ञानका आधारमा शिक्षा दिन थालियो भने बालसाहित्यिक रचनाहरू पनि सचेतरूपमा लेखिन थालिएको छ ।

### इ) लक्ष्मीप्रसाद देवकोटाको आगमन

राजेन्द्र सुवेदीले लक्ष्मीप्रसाद देवकोटाको आगमन भनेर हालसम्म पनि प्रकाशित हुन नसकेको *फुल्यो आलुबखडा* कवितालाई पहिलो बालकविता मानेका छन् । *नपाऊँ पोइ घुर्ने* कवितामा पनि बालभावना समेटिएको छ । देवकोटाका रचना भण्डारबाट माध्यमिक तहमा छानिएका कवितालाई आधार मानेर हेर्ने हो भने *किताब चरो, पाप लाग्छ, प्रश्नोत्तर, यात्री, वन, गरिब, भिखारी, सरस्वती वन्दना, पुतली* आदि कवितालाई बालकविता मान्न सकिन्छ भनेर यस व्याख्यानमालामा उल्लेख गरिएको छ । बालकको उमेर अनुसार सामाजिक, सांस्कृतिक र वैज्ञानिक संस्कार प्रदान गर्नु, चरित्र निर्माणका लागि सचेत बनाउनु, बालकमा आत्मविश्वासको भावना जगाउनु देवकोटाको बालसाहित्य हो, भनेर सुवेदीले देवकोटाको बालसाहित्यको समग्र मूल्याङ्कन गरेका छन् ।

### ई) देवकोटाको बाल साहित्य सृजनाको चरण विभाजन

राजेन्द्र सुवेदीले देवकोटाको बालसाहित्यलाई दुई चरणमा विभाजन गरेका छन् :-

क) पूर्वार्द्ध चरण : वि.सं. १९८७ देखि वि.सं. १९९९ सम्म

ख) उत्तरार्द्ध चरण : वि.सं. २००० पछिको अवधि

### क) असचेत सृजनाको पूर्वार्द्ध चरण

राजेन्द्र सुवेदीले असचेत सृजनाको समयावधि १३ वर्ष मानेका छन् । वि.सं. १९८७ सालमा लेखिएको *फुल्यो आलुबखडा* र *नपाऊँ पोइ घुर्ने* जस्ता कवितामा बालभावनालाई उद्वेलित बनाइएको छ । वि.सं. १९९१ सालमा प्रकाशित *गरिब* कवितामा बालकको कैशोर्य चिन्तनलाई आदर्श पक्ष तिर तानिएको छ । अति लोभी र अति स्वार्थी बन्नु हुँदैन, जे छ त्यसैमा सन्तुष्ट हुनुपर्छ भन्ने भाव देखाइएको छ ।

वि.सं. १९९६ सालमा प्रकाशित यात्री र **प्रश्नोत्तर** कवितामाा बालस्तरको नैतिकता, मानवता र आदर्श पहिल्याइएको छ । नैतिक सन्देश, कुतूहलताको पालन, लयात्मक संवेगको उतार चढावले कवितालाई बालमस्तिष्कबाट ग्रहण गरिन सक्ने बनाएको छ । वि.सं. १९९७ सालमा प्रकाशित **वन** कविता पनि एक समयमा माध्यमिक शिक्षाको कक्षा आठमा समावेश भएको थियो । यस कवितामा आदर्शका नैतिक पक्षहरू रहस्यका भण्डारबाट उद्घाटित भएका छन्, त्यसैले किशोर वयका निम्ति उपयोगी सामग्री नै मानिन्छ ।

कविताको अतिरिक्त देवकोटाको *उनको मन* (१९९६) बालमनोविज्ञानमा आधारित बालोपयोगी कथा हो । देवकोटाका *वीरहरू, शिक्षा, कविराजको च्याङ्ग्रे खच्चर* जस्ता निबन्धहरूलाई पनि विभिन्न समयमा विभिन्न शैक्षिक संस्थाले पाठ्यपुस्तकमा समावेश गरिएको पाइन्छ ।

उपर्युक्त कविता, कथा र निबन्धहरू बालसाहित्यमा पूर्णरूपमा दरिन नसक्लान्, असचेत लेखनकै क्षणमा भए पनि देवकोटाबाट सृजना भएका बालोपयोगी रचना भने अवश्य हुन् । किनकि यी रचनालाई माध्यमिक तहसम्म बिभिन्न समयमा पाठ्यपुस्तकमा राखिएकोले पनि यस कुरालाई पुष्टि गर्दछ ।

### ख) सचेत सृजनाको उत्तरार्द्ध चरण

वि.सं. २००० सालदेखि देवकोटामा सचेतनापूर्वक बालसाहित्य सृजना गर्ने परम्परा आरम्भ भएको हो । वि.सं. २००० सालमा लेखिएर २००९ सालमा मात्र छापिएको **सुनको बिहान** कवितासङ्ग्रह देवकोटाले बालसमूहको प्रयोजनका निम्ति लेखेको पहिलो पुस्तकाकार कृति हो । यस सङ्ग्रहमा जम्मा १९ वटा कविता समाविष्ट छन् । मात्रिक, वार्णिक र लोकगीतमा रचिएका कवितामा पञ्चतन्त्रीय, लोकाख्यान र वैज्ञानिक विषयवस्तु प्रस्तुत गरिएको छ । **सुनको विहान** कविता सङ्ग्रहभित्र *सुनको विहान, पाप लाग्दछ, पैसा, सिंह र मुसा, पल्टन, टाउकोलाई पहाड, कपाललाई वन, जुम्रालाई बाट, जुनी, किताब चरो, फूल परी, सौन्दर्य उपासना* आदि कविताहरू सङ्ग्रहित छन् । **सुनको बिहान** कवितामा राष्ट्र, जाति र आफ्नो संस्कृतिप्रतिको सेवाभाव व्यक्त भएको छ । पैसामा अति आसक्ति देखाउनु नहुने कुरा पैसा शीर्षकमा देखाइएको छ । शक्तिभन्दा ठूलो जुक्ति र बुद्धि हुन्छ भन्ने

कुरा *बाघ र मुसा* कवितामा प्रस्तुत गरिएको छ । देशको संरक्षणका निम्ति उत्साहित युवा जन्माउनुपर्ने कुरा *पल्टन* कवितामा व्यक्त गरिएको छ । तृष्णा र लालसाले मान्छेलाई आपराधिक प्रवृत्तितिर अभिमुख गराउन सक्छ भन्ने कुरा *जुनी* कवितामा देवकोटाले देखाएका छन् । *किताब चरो* कविताले विश्वविचरण गर्ने चरोजस्तै मानसिक चरो किताब हो भनेर किताबको महत्त्व दर्शाएका छन् ।

पुतली कवितासङ्ग्रह २००० साल मा लेखिएको र २०१० सालमा प्रकाशित भएको बालकवितासङ्ग्रह हो । यस कवितासङ्ग्रहमा १६ वटा कविता सङ्ग्रहीत छन् । राष्ट्रप्रति आस्था र सम्मान जगाउने विषयवस्तु भएका *आमा, इन्द्रधनु* र *को हो नेपाल* जस्ता कविता रहेका छन् । पुतली कविताले जीव विकासलाई प्रस्तुत गरेको छ । *पानी, भँगेरी, सपनाहरू, छ बहिनी र बसन्त मेला* जस्ता कविताले प्राकृतिमूलक कोमल र सुन्दर वैज्ञानिक यथार्थलाई समावेश गराएका छन् । *साँचो* बालकलाई सत्मार्गमा डोऱ्याउने कविता हो । *ढुङ्गा बुहारी* कविता अल्छी बुहारीलाई लक्ष्य गरेर लेखिएको व्यङ्ग्यात्मक कविता हो । नेपालको इतिहासले बोकेका गौरवमय महिमालाई सुनेका कथामा व्यक्त गरिएको छ । जीवन भनेको अञ्जुलीमा थापेको पानीजस्तै हो, जसलाई जोगाउँदैमा सकिन्छ भन्ने कुरा *सम्झना* कवितामा प्रस्तुत गरिएको छ ।

**सुनको विहान** र **पुतली** बाल कवितासङ्ग्रहमा समावेश नभएका तर विभिन्न सङ्ग्रहमा सङ्कलित भइसकेका केही फुटकर रचनाहरूमा *जुनकिरी, मूसागान, दमाई, झाँक्री, जाग, किसान, रोपाइँ सरस्वती बन्दना, सरस्वती प्रार्थना, उपदेश, आदर्श विद्यार्थी, बकरा बाबा, भ्याकुर नारान, तिगडम्, नयाँ जमाना, घोडचढी* आदि कविताहरू पर्दछन् । **सुनको विहान** बालकवितासङ्ग्रहका तुलनामा **पुतली** बालकवितासङ्ग्रह निकै प्रौढ र बौद्धिक किसिमका छन् । यसो हुँदाहुँदै पनि किशोर मस्तिष्क भएका माध्यमिक स्तरका विद्यार्थीलाई वस्तुगत चेतना जगाउने खालका रचना भएर देखिएका छन् ।

### ग) बालसाहित्यमा देवकोटाको योगदान

राजेन्द्र सुवेदीले देवकोटाको पहिलो बालकविता *फुल्यो आलुबखडा* मानेका छन् । **सुनको बिहान** बालकवितासङ्ग्रह लेखिनुभन्दा पहिलेको समयावधिलाई

असचेत सृजनाको युग भनेका छन् । यस समयका कविताम बालोपयोगी विषयवस्तु पाइने तर बालसाहित्यको कसीमा दाँज्न नसकिने कविताहरू रचिएका छन् । त्यसैले सुवेदीले असचेत सृजना भनेका होलान् । त्यसो नभएर म बालकविता रचना गर्छु भन्ने नसोचीकन रचना गरिएकाले पनि असचेत युग भनेका हुन् सक्छन् । जेहोस्, देवकोटाका यस समयावधिमा रचना गरिएका *गरिब, भिखारी, मार्ग, यात्री, वन* जस्ता कवितालाई माध्यमिक विद्यालयमा विभिन्न समयमा राखिएको थियो । माध्यमिक विद्यालयको पाठ्यवस्तु निर्माण गर्दा विद्यार्थीको उमेर, बौद्धिक विकास, शारीरिक विकास र सामाजिकस्तर समेतलाई ध्यान राख्ने हुनाले देवकोटाका उपर्युक्त कविता चयन गर्नुमा बालकविता भएकै कारणले हो भन्ने आधार मान्न सकिन्छ ।

राजेन्द्र सुवेदीले सचेत सृजनाको चरण भनेर **सुनको बिहान** लेखन कालपश्चात्को समयावधिलाई मानेका छन् । **सुनको बिहान** कवितासङ्ग्रह र **पुतली** कवितासङ्ग्रहलाई नेपाली भाषा प्रकाशिनी समितिले अनुरोध गरी देवकोटालाई लेख्न लगाएको कुरा दुबै पुस्तकको अग्रपृष्ठमा उल्लेख गरिएको छ । यसरी संस्थागत रूपमा नै देवकोटाले बालकविता सङ्ग्रह लेखेका थिए । त्यसै गरी पारसमणि प्रधानको संयोजनमा दार्जिलिङबाट प्रकाशित **नेपाली पाठ्यसङ्ग्रह**मा समावेश गरिएका *दान* र *श्री पञ्चमीको दिन* २०१० निबन्धहरू पनि पाठ्यपुस्तक तर्जुमाका क्रममा देवकोटालाई अनुरोध गरी लेखाइएको थियो (सुवेदी, २०५९ : ९९) । *देवकोटाका प्रार्थना, नेपाली राष्ट्रिय गान, राष्ट्र भाषा नेपाली, भोटेले साईकल देख्छ, चिडियाहरू* र *तारा* जस्ता कविताहरूले बालचेतनाको सीमा र परिधिलाई लक्ष्य बनाएका छन् । त्यसैले यी कविताहरूलाई बालकविताको सिद्धान्तको कसीमा दऱ्याउन सकिन्छ । नेपालको बाल साहित्य मौलाउने वातावरण नभएका बेला नयाँ र चुनौतिपूर्ण मार्गको अवलम्बन गर्नु नयाँ दिशाको पहिचान गर्नु र सबैलाई लाग्न प्रोत्साहित गर्नु नै ठूलो कुरा हो । देवकोटाले समकालीन साहित्यजगत्मा बालरचना सृजना गरेर योगदान दिए भने उत्तरकालीन स्रष्टालाई बाटो देखाएर बालसाहित्यको भण्डार सम्पन्न गर्ने वातावरण तयार गरिदिए । यी दुवै पक्षको सापेक्षतामा देवकोटालाई मूल्याङ्कन गरिनु पर्दछ भन्ने मान्यता राजेन्द्र सुवेदीको रहेको छ ।

### घ) भाषाशैली

राजेन्द्र सुवेदीले नेपाली बालसाहित्य क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटाको योगदान व्याख्यानमालामा काव्यात्मक भाषाको प्रयोग गरेका छन् । जस्तै देवकोटाको जूनकीरी ज्ञानको प्रकाश फैलाउँछ । देवकोटाको मगन्ते बुद्ध भएर विचरण गर्छ । देवकोटाको मान्छे मन्दिर भएर उभिन्छ । यसरी काव्यात्मक भाषाको प्रयोग गरेर समीक्षा जस्तो निरस विषयलाई सरस बनाएका छन् । सुवेदीले यस व्याख्यानमा सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग गरेर सूक्ष्मातिसूक्ष्म अध्ययन गरेको देखिन्छ । एउटा सानो रेखामा पूर्ण आकार भएझैँ सानो व्याख्यानमालामा विषयसँग सम्बन्धित सम्पूर्ण कुरालाई समेट्ने काम भएको छ । देवकोटाको बालसाहित्य सम्बन्धी अध्ययन गर्नेका लागि यो व्याख्यान महत्त्वपूर्ण हुनेछ । स्वभावैले तत्सम शब्दको बाहुल्य पाइन्छ भने तद्भव र आगन्तुक शब्दको पनि प्रयोग भएको छ । सुवेदीले कोमलकान्त पदावलीद्वारा मनका सुकुमार सुकोमल भावलाई सुन्दर र आकर्षक शैलीमा प्रस्तुत गरेका छन् ।

## ४.१.५.७ भिखारी कविता र देवकोटाको विचारधारा

### क) पृष्ठभूमि

मोहनराज शर्माले **भिखारी कविता र देवकोटाको विचारधारा** व्याख्यान देवकोटा स्मृति सभा कलैयामा २०५६ सालमा प्रस्तुत गरेका थिए । सो सभामा पर्सा, रौतहट र मकवानपुरसमेतका गरी सैकडौं विद्वान्हरूको जमघट भएको थियो । त्यस कार्यक्रममा व्याख्यानकारलाई पारितोषिकले पनि सम्मान गरिएको कुरा निर्णय पुस्तिकामा उल्लेख गरिएको छ ।

### ख) व्याख्यान कर्ता मोहनराज शर्मा

मोहनराज शर्मा (जन्म सं. १९९६) नेपाली वाङ्मयका बहुमुखी प्रतिभा सम्पन्न विलक्षण व्यक्तित्वका रूपमा देखिएका छन् । उनले बनारस हिन्दू विश्वविद्यालयबाट इतिहास विषयमा स्नातकोत्तर उपाधि हासिल गरी पछि गएर नेपालीमा पनि स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । उनी केन्द्रीय क्याम्पस, कीर्तिपुरमा नेपाली विभागमा प्राध्यापक पदमा कार्यरत छन् । उनले **बैकुण्ठ एक्सप्रेस**

(२०४२) का निम्ति मदन पुरस्कार प्राप्त गरेका छन् र आफ्नो योगदानको निम्ति विभिन्न संस्थाहरूबाट सम्मानित छन् । शर्माका विभिन्न विधाका कृति प्रकाशित छन् र तिनको विवरण निम्न लिखित छन् :-

कथा : च्याँखे धर्ना (२०२४), कोर्रा (२०४०), वैखरी (२०५४)

निबन्ध : च्याखे धर्ना (२०२४), मिस्टर झप्पु सिंह (२०२४), पुछारको पातो (२०४०

नाटक : जेमन्त-यमा (२०४१), बैकुण्ठ एक्सप्रेस (२०४२)

समालोचना : नेपालीका केही आधुनिक समालोचना (२०२६)

साहित्य सिद्धान्त : शैली विज्ञान (२०४८) समकालीन समालोचना सिद्धान्त र प्रयोग (२०५५)

- कथाको विकास प्रक्रिया (२०३५)
- नेपाली साहित्यको सङ्क्षिप्त इतिहास (सहलेखन, २०३४)
- शब्दरचना वर्ण विन्यास

स्रष्टाका रूपमा प्रयोगवादी धारासँग सम्बद्ध शर्मा समालोचनाका क्षेत्रमा शैली वैज्ञानिक धाराका प्रवर्तकका रूपमा स्थापित एवम् प्रतिष्ठित छन् । विश्वको समकालीन साहित्यिक प्रवृत्तिसँग निकटतम रूपमा परिचित छन् र उनी उत्तर आधुनिक लेखनका प्रवक्ताका रूपमा देखिन्छन् । भाषा विज्ञानका क्षेत्रमा पनि उनको गहन अभिरुचि छ । उनी यस क्षेत्रमा भइरहेका नवचिन्तन र नवप्रयोगको कुशलताका साथ प्रयोग गर्ने कुशाग्र बुद्धिका विद्वान्का रूपमा देखिन्छन् ।

शर्मा स्रष्टा र द्रष्टाका उभयरूपमा आफ्नो सृजन र चिन्तन दुबै फाँटमा नवीनताका अनुसन्धानमा अविश्रान्त यात्राका महान् यात्रीका रूपमा देखिन्छन् । उनी बीसौँ शताब्दीका अन्तिम दशकमा जन्मेका हाम्रा महान् साहित्यकार एवम् विद्वान्हरूमध्ये एक हुन् ।

## ग) विषयवस्तु

मोहनराज शर्माले लक्ष्मीप्रसाद देवकोटाको *भिखारी* कविताको दृष्टिविन्दुका आधारमा विश्लेषण गरेका छन् । शर्माका अनुसार हेराइको कोण अथवा परिप्रेक्षलाई नै दृष्टिबिन्दु भनिन्छ । समाख्याताको हेराइको परिप्रेक्ष्यलाई दृष्टिबिन्दु भनिन्छ ।

कृतिमा समाख्याताले केकस्ता व्यक्ति, वस्तु वा घटना प्रस्तुत गरेको छ ? के कस्ता मूल्य, मान्यता, धारणा, सिद्धान्त, विश्वास अँगाली जीवन र जगत्सम्बन्धी अनुभव एवम् भोगाईलाई वास्तविकताको रूप दिएर के-कसरी अभिव्यक्त गरेको छ भनेर हेर्नु नै दृष्टिबिन्दुगत विश्लेषण हो । यसै अर्थमा दृष्टिबिन्दु र विचारधारालाई एउटै मानिएको छ भनेर शर्माले नवीन धारणा प्रस्तुत गरेका छन् । शर्माले दृष्टिबिन्दुगत विश्लेषण गरेर *भिखारी* कविताको विचारधाराको अध्ययन गर्ने प्रयास गरेका छन् ।

*भिखारी* कविताको आरम्भ 'हेर भिखारी अडि अडि आयो' पङ्तिमा हेर शब्दको प्रयोग गरिएको छ । हेर विध्यर्थक क्रिया हो र यस क्रियाले कसैले कसैलाई आदेश दिएको छ । स्वयं कविले पाठकलाई सम्बोधन गरेको हुनाले यस कवितामा तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसमा लेखक र पाठक दुबै व्यक्त नभएर अव्यक्त रहेका हुँदा अन्तर्निहित भएकाले विचार पनि अन्तर्निहित भएको छ । विचारधारा अन्तर्निहित नभई प्रकट हुँदा रचना उपदेशात्मक हुन्छ तर विचारधारा अन्तर्निहित हुँदा कृति कलात्मक हुन्छ ।

दृष्टिबिन्दुको सन्दर्भमा पहिलो पङ्क्तिमा प्रयुक्त दोस्रो शब्द *भिखारी* पनि ज्यादै महत्त्वपूर्ण छ । *भिखारी* यस कविताको प्रमुख पात्र पनि हो र कविताको शीर्षक पनि हो । त्यसैले भिखारीमार्फत देवकोटाले जीवनजगत्को वास्तविकतालाई अवधारणीकृत गरी आफ्ना सोचाइ र भोगाइका अनुसार व्यक्त गरेका छन् ।

'अडिअडि आयो' पदावलीलाई शर्माले विभिन्न अर्थमा अर्थ्याएका छन् । भिखारीको प्रवेश स्थल उज्योलो आँगन रहेको छ । उसको हेराई (स्थिति) अँध्यारो अवलोकन हुन पुगेको छ । तत्कालिक स्थितिमा गरिमापूर्ण (उज्यालो) जगत् (आँगन) मा एउटा गरिमाहीन (अँध्यारो) जीवन (अवलोकन) का रूपमा प्रस्तुत गरेका छन् । आन्तरिक चरित्रचित्रण 'गाढा सुखको मौन प्रकाश', 'हाँसोबीच रोदन' जस्ता पदावलीको प्रयोग गरिएको छ । समग्रमा यो जीवन र जगत् (गुलाफको हाँसोमय) छ तर भिखारीको जीवन र जगत् करुण, दारुण र दयनीय (उन्यौको रोदनमय) छ । कविले यसै असमानता र विषमताको विचारलाई प्रकट गर्न भिखारीलाई अघि सारेका छन् । भिखारी अडिअडि आउनुका दुईवटा कारण हुन्छन् :- १) समाजले हेलाको दृष्टिकोणले हेर्ने हुनाले, २) शारीरिक अक्षमतावश । प्रस्तुत कवितामा दोस्रो कारण चयन गरिएको छ । भिखारीको बाह्य चरित्र चित्रण एवम् क्रियाकलापमा

प्रयुक्त 'काँपिरहेको थुरथुर' 'करले अस्थिर काँतर' 'तुषारा शिरको उपर गिरेका' 'मुखमा खोच परेका', 'छातिमाथि चिरा चरक्क चिरेका' जस्ता पदसमूहले उसलाई दुर्बल, निर्बल र जर्जर देखाएका छन् । यस चित्रणद्वारा समस्त गरिब वा विपन्न वर्गको अवधारणीकरण गरेका छन् । समाजमा बहुसङ्ख्यक वर्ग निमुखा (मौन प्रकाश, झिना आशा-चार मौन बिलौना), दुर्वल (थुरथुर, अस्थिर र काँतर), निर्बल ( अडिअडि धरमर, स्वाँस्वा गर्दै), जर्जर (मुखमा खोँच परेका, छाती चिरिएको), पराश्रयी (लट्ठिको भरमा), उपेक्षित (गुलाबको हाँसोमा उन्यौको रोदन) यी सबै कारणले उज्यालो आँगनमा अँध्यारो अवलोकन हुन पुगेका छ भन्ने विचार भिखारीमार्फत कविले व्यक्त गरेका छन् ।

मानिस मानिसको सम्बन्ध स्थापित गरेर लेखकले मानवतावादी विचार पोखेका छन् । भिखारीको इतिहास पनि कविले खोतल्ने काम गरेका छन् । भिखारीलाई गरिमामय बनाएका छन् । बुद्धदेवको उत्प्रेरक र बालीको शेखी झार्ने वामन भेष भनेर भिखारीको व्यक्तित्व देखाएका छन् ।

देवकोटाको मानवतावदी विचारधारा क्रिश्चियन वा मुस्लिम नभएर बुद्धबोली र वामनसँग सम्बद्ध हिन्दू मानवतावादी विचारधारा रहेको छ । हिन्दू, मानवतावादको उपल्लो हात धार्मिक मान्यताबाट प्रभावित छैन । ईश्वर शब्दको बढी प्रयोग भए तापनि ईश्वरीय सत्ता स्थापित गर्ने उद्देश्य देखिँदैन । भिखारीको कलात्मक अभिव्यक्ति भएको सुन्दर रचना हो ।

### घ) भिखारी कवितामा मानवतावाद

मोहनराज शर्माले दृष्टिबिन्दुका आधारमा *भिखारी* कविताको विचारधारा प्रस्तुत गरेका छन् । भिखारी मार्फत बहुसङ्ख्यक निमुखा, दुर्बल, निर्बल, जर्जर, पराश्रयी, उपेक्षित, र अवाञ्छित विपन्न वर्गको दयनीय अवस्थाको चित्रण गरिएको छ । तत्कालीन अवस्थामा एकातिर उज्यालो घाम लागेको थियो । गुलाबको हाँसो थियो भने अर्कातिर अँध्यारो स्थिति थियो । उन्यौको रोदन थियो । यसैबीच देवकोटाले मानवसँग मानवको सम्बन्ध स्थापित गरेका छन् । भिखारी माग्नेमात्र नभएर बुद्धदेवको उत्प्रेरक र वामन पनि भएको कुरा उल्लेख गरिएको छ । ईश्वरीय शक्ति भएको भिखारी (विपन्न वर्ग) लाई भिखारी (माग्ने) मात्र नबुझ्न देवकोटाले

आह्वान गरेका छन् । मानिससँग मानिसको सम्बन्ध बिग्रनु हुँदैन । हाम्रो पूर्वीय मान्यताअनुसार मानवता स्थापना हुनपर्दछ भन्ने मानवतावादी दृष्टिकोण देवकोटामा रहेको छ भनेर शर्माले भिखारी कविताको विश्लेषण गरेका छन् ।

**ङ) भाषाशैली**

केशवप्रसाद उपाध्यायले विवेच्य कृतिको सम्पादकीयमा भनेझैँ शर्माको गहन अभिरुचि छ । यस क्षेत्रमा भइरहेको नवचिन्तन र नव प्रयोगको कुशलतासाथ उपयोग गर्ने व्यक्ति शर्मा हुन् । यसको ज्वलन्त उदाहरण प्रस्तुत शीर्षक पनि हो । यसमा पाश्चात्य साहित्यमा देखापरेको शैली विज्ञानको प्रयोग गरिएको छ । यस व्याख्यानमा प्रयोग भएका समाख्याता, संरचनात्मक दृष्टि, प्रापक, अन्तर्निहित, अवधारणीकृत जस्ता शब्दहरू भाषावैज्ञानिक शब्द हुन् । विश्लेषण पनि सूत्रात्मक ढङ्गले भाषावैज्ञानिक सिद्धान्तका आधारमा गरिएको छ ।

## ४.१.५.८ महाकवि लक्ष्मीप्रसाद देवकोटाको व्यक्तित्व दर्शन

**क) पृष्ठभूमि**

महाकवि लक्ष्मीप्रसाद देवकोटाको व्यक्तित्व दर्शन व्याख्यान घटराज भट्टराईले २०५७ सालमा एक भव्य कार्यक्रमका बीच प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रममा कविगोष्ठी, प्रवचन पनि आयोजना गरिएको थियो । व्याख्यानकर्तालाई पुरस्कृत पनि गरिएको थियो ।

**ख) व्याख्यानकार घटराज भट्टराई**

घटराज भट्टराई (वि.सं. १९९९) ले नेपाली विषयमा स्नातकोत्तर उपाधि हासिल गरी त्रि.वि. सेवा अन्तर्गत रत्नराज्य क्याम्पसमा नेपाली विषयको प्राध्यापन कार्य गरेका हुन् । सम्प्रति उनी त्रिविबाट सेवा निवृत्त भएका छन् । विभिन्न साहित्यिक, सांस्कृतिक र सामाजिक सेवाका लागि झपट पुरस्कार (२०३८) मुक्ति पुरस्कार (२०५३), छिन्नलता सम्मान (२०५३), दीपरत्न सम्मान (२०५४) आदि पुरस्कार र सम्मान प्राप्त गरेका छन् । कविका रूपमा साहित्य क्षेत्रमा प्रवेश गरेका

यी साहित्य साधकले समीक्षा क्षेत्रमा पनि आफ्नो योगदान दिँदै आएका छन् । यिनी अन्वेषणात्मक लेखन एवम् कृतिसम्पादन कार्यमा पनि संलग्न रहेका छन् ।

कविता काव्य : कविता कुसुम (२०२३) बादल फाटेपछि (२०२५)

अमर ज्योति (२०२९) आजकी सित (२०२३)

काव्यत्रयी (२०२३)

समालोचना-अनुसन्धान-जीवनी : भीमनिधी व्यक्ति र कृति (२०३२) गुणराज : व्यक्ति र कृति (२०३१), संस्कृतिका अमर साहित्यकार (२०३४), प्रतिभै प्रतिभा र नेपाली साहित्य (२०४०) बालचन्द्र शर्मा : व्यक्ति र साधना (२०४४), खोजखाज (२०५४)

यात्रा साहित्य : डोल्पाकी छोरी (२०३९), गोसाईकुण्ड (२०४६), भानुयात्राका आठ दिन ।

## ग) विषयवस्तु

महाकवि लक्ष्मीप्रसाद देवकोटाको व्यक्तित्व दर्शन व्याख्यानमा घटराज भट्टराईले विभिन्न उपशीर्षकमा बाँडेर लक्ष्मीप्रसाद देवकोटाको व्यक्तित्व चिनाउने प्रयास गरेका छन् । यस व्याख्यानमा उल्लेख भएका अधिकांश प्रसङ्ग र विषयवस्तु चूडामणि बन्धुले प्रस्तुत गरेका र ती विषयवस्तुलाई यस शोधमा उल्लेख गरिसकिएकाले सङ्क्षिप्त जानकारीमूलक विषयवस्तुमात्र यहाँ समेटिएको छ :

घटराज भट्टराईले देवकोटाको विभिन्न उपशीर्षकमा बाँडेर व्यक्तित्व उल्लेख गरेका छन् । देवकोटाको बाल्यकालीन व्यक्तित्व भनेर १९६६ साल कार्तिक २७ गते राति ९:५४ बजे जन्मेको कुरा उल्लेख गरेका छन् । बाल्यकालमा नै देवी-देवताको स्तोत्रहरू कण्ठस्थ पार्ने कुशाग्र बुद्धि भएका थिए । ५ वर्षमा अक्षरारम्भ गराइएको थियो । बाल्यकालमा शान्त थिए देवकोटाको ८ वर्षमा व्रतबन्ध गराइएको थियो ।

देवकोटाको विद्यार्थी व्यक्तित्वमा दाजु र आमाको कारणले दरबार हाइस्कुलमा देवकोटालाई ५ औँ कक्षामा भर्ना गरिएको कुरा बताइएको छ । कविता रचेको नपत्याएर उनलाई सुकुलगुन्डो र नक्कली मयुर भनेर पनि साथीभाइले जिस्क्याउँथे । सन् १९२६ मा पटना विश्वविद्यालयबाट प्रवेशिका पास (एस.एल.सी) गरेका थिए । त्रिचन्द्र कलेजमा पढ्दा क्याम्पसमा भन्दा घरमा बढी पढ्दथे । १९८६ सालमा उनी एक्लैले बी.ए. द्वितीय श्रेणीमा उर्त्तीण गरेका थिए ।

जागिरे व्यक्तित्वमा २००० देखि २००३ सम्मको नेपाली भाषानुवाद परिषद् र त्रिचन्द्र कलेजमा प्राध्यापन गर्दाको समयलाई समेटिएको छ । त्यसबेला शाकुन्तल र सुलोचना महाकाव्य लेखेका थिए । वि.सं. १९८१ मा १५ वर्षको उमेरमा मनदेवीसँग उनको विवाह भएको थियो । १९९० सालको भूकम्प जाँदा देवकोटा पटनाबाट थानकोट आइपुगेका थिए ।

राजनीतिक व्यक्तित्वमा व्याख्यानकारले २००४ सालमा देवकोटा बनारस गएको कुरा उल्लेख गरेका छन् । देवकोटा सल्लाकार सभाका दुई पटक सदस्य भएका थिए । २०१४ सालमा के.आई.सिंहको मन्त्रीमण्डलमा देवकोटा शिक्षामन्त्री भएका थिए ।

अन्तर्राष्ट्रिय व्यक्तित्व भनेर २०१० सालमा चौँथो विश्व युवक महोत्सवमा भाग लिन नेपाली प्रतिनिधि मण्डलमा सम्मिलित भएर यस्को गएको कुरालाई उल्लेख गरिएको छ । चीनमा राष्ट्रिय दिवसमा माओत्सेतुङ्सँग भेट भएको कुरा लेखिएको छ । नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने व्यक्तित्वका रूपमा देवकोटालाई चिनाइएको छ ।

साहित्यिक व्यक्तित्वमा देवकोटालाई कवि, महाकाव्यकार, खण्डकाव्यकार, महान्, निबन्धकार, नाटककार, उपन्यासकार, कथाकारका रूपमा चिनाइएको छ ।

देवकोटाको व्यक्तित्व केही रोचक प्रसङ्ग भनेर घटराज भट्टराईले देवकोटा सम्बन्धी रोचक प्रसङ्ग पनि समावेश गरेका छन् । २०११ सालमा सल्लाहकार सभामा फुकालेर राखेको देवकोटाको कोट हराएछ । एकजनाले कोटको मूल्य कति थियो ? भन्दा देवकोटाले कोटको मूल्यको कुरा नगर्नोस् महाशय, हामी नेपालीको नैतिक मूल्य कति छ ? त्यसको लेखाजोख गर्नुहोस् ।

सल्लाहकार सभामा छुवाछुतका बारेमा धेरै बहसपछि प्रस्ताव पास भएछ । त्सपछि भूगोलपार्कमा हरिजनका बीच देवकोटाले एक गिलास पानी पिउँदै भन्नुभयो “अरू केही अछुत छैन, पानी अछुत हो, त्यो मैले पिइदिएँ, अब तिमीहरू पनि मजस्तै छुत भयौ ।”

सल्लाहकार सभामा हिन्दी भाषीले हिन्दी बोल्न थाले । अरू जातीय भाषीहरूले पनि आ-आफ्नै भाषा प्रयोग गर्न थाले त्यो देखेर देवकोटाले अङ्ग्रेजीमा

धाराप्रवाह भाषण गर्न थाले । त्यसपछि सबै ठिक भएछन् र सबै नेपालीमात्रै बोल्न थालेछन् ।

पूर्णप्रसाद ब्राह्मणले देवकोटालाई तपाईको प्रतिभा श्रीहरिको जस्तै छ भनेछन् । देवकोटाले श्रीहर्षको नैषधीय चरित्र पढेछन् र त्यस्तै महाकाव्य लेख्न थालेछन् । कतैकतै व्याकरणगत त्रुटि भएछ अनि भनेछन् - तपाईहरूको संस्कृतमा पनि लेख्न सक्छु कि सक्दिनँ भनेर प्रयास गरेको पो ? (भट्टराई, २०५९ : १२२) ।

### घ) महाकवि देवकोटाको व्यक्तित्व

घटराज भट्टराईले देवकोटाको बाल्यकालदेखि विभिन्न पक्षको व्यक्तित्वको चर्चा गरेका छन् । देवकोटा केवल कवि मात्र होइनन्, उनी त राजनीतिज्ञ, अर्थशास्त्री, कानुनविद्, समाजसेवी, भाषासेवी हुन् । उनी विभिन्न क्षेत्रमा काम गर्ने बहुमुखी व्यक्तित्वका धनी थिए । देवकोटाका यिनै व्यक्तित्वलाई देखाउने काम यस व्याख्यानमा भएको छ । दशवर्षदेखि कविता लेख्ने देवकोटाको व्यक्तित्व बाल्यकालदेखि नै सुरु भएको छ । क्याम्पसमा भन्दा घरमा बढी अध्ययन गरेर विद्यार्थी जीवनमा सबैलाई चकित बनाइदिएका छन् । तत्कालीन समयमा उनी मात्रै बि.ए. पास भएका थिए । भाषा प्रकाशिनी समितिमा भाषिक स्वतन्त्रताका लागि पुष्कर शमशेरसँग पनि लड्न पछि परेनन् । त्रिचन्द्र कलेजमा नेपाली र अङ्ग्रेजीका प्राध्यापक बनेर आश्चर्यमा पारेका थिए । भएको जागिरै छोडेर स्वतन्त्रताको सङ्ग्राममा लाग्ने व्यक्ति भए राजनीतिज्ञ बने । **युगवाणी** पत्रिकाको सम्पादन गरेर सम्पादकत्व निभाउन पनि भ्याए । शिक्षामन्त्री भए शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण कार्य पनि गरे । नेपाली साहित्यलाई नेपालमा मात्र होइन अन्तर्राष्ट्रिय जगत्मा पनि चिनाउन सफल भए । देवकोटा जे सोच्दथे त्यही गर्दथे जे गर्थे त्यही लेख्थे त्यसैले उनी बहुमुखी व्यक्तित्वका धनी थिए ।

### ङ) भाषाशैली

घटराज भट्टराईको भाषाशैली अनेक दृष्टिकोणबाट विवेचनीय छ । भाषा कोमल रागात्मक र अनुद्वेगकर पनि छ । कलात्मक भाषाको प्रयोग गरेका छन् । भाषामा कृत्रिमता छैन बरु सहजता छ । प्रवाहशील गति अँगालेको छ । प्रचलित शब्दको प्रयोग पाइन्छ । समीक्षात्मक भावपूर्ण भाषा उपयोग गरिएको छ ।

सरलतापूर्वक गहिरो भावनालाई भाषाशैलीमार्फत प्रस्तुत गर्न खोजिएको छ । संस्कृत शब्दको प्रशस्त प्रयोग हुनु स्वाभाविकै हो ।

### ४.१.५.९ निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको योगदान

**क) पृष्ठभूमि**

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको योगदान नामक व्याख्यान दुर्गाप्रसाद अर्यालले वि.सं. २०५८ सालम प्रस्तुत गरेका थिए । सो समारोहमा कविगोष्ठी र देवकोटा सम्बन्धी चर्चा गरिएको थियो । व्याख्यानकारलाई सो कार्यक्रममा सम्मानित पनि गरिएको थियो ।

**ख) व्याख्यानकार दुर्गाप्रसाद अर्याल**

दुर्गाप्रसाद अर्याल (वि.सं. २००९) ले संस्कृतको अध्ययन गरी नेपाली विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेपछि वि.सं. २०३५ देखि प्राध्यापन कार्य थालेका हुन् । उनले त्रिचन्द्र क्याम्पस र पाटन क्याम्पसमा अध्यापन गरी पद्मकन्या क्याम्पसमा अध्यापन गर्दै आएका छन् । उनी यतिखेर अतिथि प्राध्यापकका रूपमा बनासर हिन्दू विश्वविद्यालयमा नेपाली विभागमा क्रियाशील छन् । अर्यालका लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आएका छन् । महेन्द्र विश्वविद्यालयबाट निबन्धकार देवकोटाका दार्शनिक चिन्तन विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेका छन् ।

**ग) विषयवस्तु**

दुर्गाप्रसाद अर्यालले निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको योगदान व्याख्यानमा निबन्ध लेख्नलाई देवकोटाले कहाँबाट प्रेरणा प्रदान गरे । उनका निबन्धगत मान्यता के-कस्ता रहेका छन् । उनका निबन्धलाई कसरी वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ, जस्ता बिषयवस्तु यस व्याख्यानमा समावेश गरिएका छन् ।

पाश्चात्य निबन्धजस्ता निबन्धहरू नेपाली साहित्यमा नभएकाले अभाव पूर्तिका लागि देवकोटाले निबन्ध विधामा क्रियाशील बन्ने प्रेरणा प्राप्त गरेका थिए । देवकोटाको मूलभूत प्रेरणा अङ्ग्रेजी साहित्यको गम्भीर अध्ययनबाट प्राप्त प्रभाव र चेतना हो, भन्न सकिन्छ । देवकोटाले आत्मपरक निबन्धकार मोन्तेको पद्धति र

विचारप्रधान निबन्धकार बेकनको संरचनात्मक विधिको उपयोग गर्नुका साथै आफ्नो निजी स्वतन्त्र संरचना पद्धतिको समेत अवलम्बन गरेका छन् । तसर्थ देवकोटाका निबन्धहरू उनको अङ्ग्रेजी साहित्यको अध्ययनका साथै उनको आफ्नो निजी व्यक्तित्व पनि प्रेरणाका स्रोत बनेका छन् (अर्याल, २०५९ : १२८) ।

देवकोटाको निबन्ध यात्राको प्रारम्भ १९९३ सालको शारदा पत्रिकामा प्रकाशित *आषाढको पन्ध्र* शीर्षकको आत्मपरक निबन्धबाट भएको थियो । *आषाढको पन्ध्र* नेपाली साहित्यको इतिहासको पहिलो आत्मपरक निबन्ध पनि हो । राजेन्द्र सुवेदीले **दाडिमको रुखनेर** को भूमिका भाग **देवकोटाका निबन्ध : केही मेलो केही झमेलो** मा उल्लेख गरेअनुसार देवकोटाको निबन्धयात्रा उनको जीवनको २०१५/१६ को समयमा चलेको अवगत हुन्छ (सुवेदी, २०४५ : ६) । लक्ष्मी निबन्धसङ्ग्रह २००२ आधुनिक नेपाली निबन्ध साहित्यकै समग्र यात्रामा कोसे ढुङ्गो सावित भएको छ । यसले समकालीन र उत्तरवर्ती अनुज निबन्धकारलाई समेत उत्साह र ऊर्जा प्रदान गर्ने काम गरेको छ ।

लक्ष्मीप्रसाद देवकोटाका निबन्धसम्बन्धी आफ्नै मान्यता रहेका छन् । रसिलो कुराकानीका रूपमा निबन्धलाई लिएका छन् । आफू निबन्धमा जीवनको गफाडी र टिप्पणीकारका रूपमा देखिएका छन् । निबन्धमा शास्त्रीय गुरु गम्भीर विषयभन्दा सरस विषयमा आधारित लहडी लेखन कला हुनुपर्नेमा उनले जोड दिएका छन् । दर्शनका गम्भीर कुरामा घेरिएर, बिल्लिएर पाण्डित्य प्रदर्शन गरिने विषयवस्तुले भन्दा सहज अनुभव र अनुभूतिलाई सोझो रूपमा प्रस्तुत गरिनु पर्दछ, भन्ने मान्यता देवकोटामा रहेको छ । निबन्धको विषयवस्तु रमणीय र रोचक हुनुपर्दछ भने प्रस्तुतीकरण पनि रमणीय हुनुपर्दछ भन्ने मान्यताले जगन्नाथको काव्य सम्बन्ध मान्यता “रमणीयार्थ प्रतिपादकः शब्द काव्यम्”लाई सम्झाउँछ । त्यसैले देवकोटालाई निबन्धसम्बन्धी मौलिक मान्यता प्रस्तुत गरी सोही अनुरूप निबन्ध रचना गर्ने प्रखर निबन्धकारका रूपमा चिनाउन सकिन्छ ।

### घ) देवकोटाका निबन्धको वर्गीकरण

देवकोटाका निबन्धलाई दुर्गाप्रसाद अर्यालले आत्माभिव्यक्ति प्रधान, विचार प्रधान र मिश्रित गरी तीन प्रकारमा वर्गीकरण गरेका छन् (अर्याल, २०५९ : १३४) ।

**अ) आत्माभिव्यक्ति प्रधान निबन्धहरू :-**

"आफ्नो बारेमा राम्ररी जान्ने म नै मेरा निबन्धको विषयवस्तु हुँ" भन्ने मोन्तेनको भनाईबाट पाश्चात्य जगत्‌मा आत्मपरक निबन्धको सुरुवात् भयो । देवकोटा पनि यही आत्मपरक चिन्तनबाट प्रभावित भएका छन् । यिनका निम्नलिखित निबन्धहरू आत्याभिव्यक्तिप्रधान निबन्ध रहेका छन् - *पहाडी जीवन, मेरी शिशु, सुकुलमाथि, सरिताको कलकलमा, मान्छे जादु, हाई ! हाई! अङ्ग्रेजी, के नेपाल सानो छ ?, फूल, आषाढको पन्ध्र, कुम्भकर्ण, साधुको महात्म्य, मसलाको बोटले के हेर्छ ?, आमाको दिल, गौरी शङ्कर, यात्रा, जुवा, एउटी चरीके चिरिबिरी, निन्द्रा, बेलामा, फर्सीको भोल, श्री पञ्चमीको दिन २०१०, धुम्रपानको क्षमा प्रार्थना, म सुवासिनी मानिस भए के गर्ने थिएँ, शिशु भक्षकका लागि क्षमा प्रार्थना, साँढे, मेरो पाल्ला तानसेनको यात्रा* जस्ता निबन्धलाई आत्माभिव्यक्तिप्रधान निबन्ध भन्न सकिन्छ ।

**आ) विचार प्रधान निबन्धहरू**

तर्क, दर्शन, विचार र बुद्धिलाई विषयगत प्रयोजनमा सन्निवेद गरी सर्वप्रथम विचारकेन्द्री निबन्ध लेख्ने निबन्धकार वेकन हुन् । देवकोटाले यस परम्पराबाट पनि प्रभावित भएर निबन्ध रचना गरेका छन् । यिनले विषयवस्तुको वास्तविकतालाई निरूपण गर्ने क्रममा बुद्धि, तर्क र दार्शनिक चेतना प्रस्तुत गरेका छन् । त्यसैले देवकोटाका विचार प्रधान निबन्धकार हुन् । यिनका विचार प्रधान निबन्धहरूमा नेपाली साहित्यको इतिहासमा *सर्वश्रेष्ठ पुरुष, पाँचौटा चाहिने कुरा, भलाद्‌मी, कला र जीवन, हास्य रस, कल्पना, वैराग्य, शिक्षा, जुँघा, सत्य सोभ्हो हुन्छ, निन्द्रा, कट्टरता, नर-नारी, नेपाली भाषा, दान, भ्रमणको महत्त्व, साहित्यमा शिवत्व र दाडिमको रुखनेर* विचारप्रधान निबन्धहरू हुन् ।

**इ) मिश्रित निबन्ध**

मिश्रित निबन्धमा देवकोटाले एकातिर आफ्नो व्यक्तित्व अनुभव र आत्मरागलाई प्रकट गरेका छन् भने अर्कोतिर विषयमा आधारित विचारलाई प्रस्तुत गरेका छन् । रमरम वौद्धिकता प्रयोग गरेर भावलाई सोभ्हो दिलले सरस रूपमा

प्रकट गरेका छन् । वैयक्तिकता र विषयवस्तुको प्रधानतालाई महत्त्व दिएर संरचित निबन्धलाई मिश्रित निबन्ध भनिएको हो । *श्री गणेशाय नमः, लेख्नेबानी, वीरहरू, गधा बुद्धिमान कि गुरु, कविराजको च्याङ्ग्रे खच्चर, छन्द र लय, सुस्तरी सास फेर, मान्छेलाई घडीबाट हानी, कवि हुने धुनमा* जस्ता निबन्धहरू मिश्रित निबन्ध हुन् ।

देवकोटा निबन्धमा उनको बहुमुखी व्यक्तित्व प्रतिबिम्बित भएको छ । उनी स्वच्छन्दतावादी कवि भएकाले वस्तुपरकताभन्दा वैज्ञानिकता उनका निबन्धमा अत्यधिक देखिन्छ । आफ्ना निबन्धसम्बन्धी मान्यता अनुरूपका अधिकांश निबन्धहरू लेखेर उनले आनुनिक निबन्धलाई गुणात्मक र परिमाणात्मक हिसाबले समुन्नत बनाएका छन् । निबन्धका माध्यमबाट परिचित हुने देवकोटाको सरल, स्वच्छन्दतावादी, प्रकृतिप्रिय, इमान्दार, विवेकशील र उत्तरदायी व्यक्तित्वले पनि पाठकलाई पर्याप्त सचेतता प्रदान गरेको छ । कल्पनाको उडानमा बौद्धिकता रमरम भए पुग्छ भन्ने देवकोटाले आत्माभिव्यक्तिपरक र बौद्धिक निबन्ध लेखेर आधुनिककाल ल्याएका छन् भने आत्मपरक निबन्धको ढोका खोलिदिएका छन् ।

**ङ) भाषा शैली**

देवकोटाले कलात्मक, रागात्मक र अनुद्‌वेगकर भाषाको प्रयोग गरेको हुनाले पोथी गद्य शब्दावलीको प्रयोग गरिन्छ । उनको भाषामा कृत्रिमता नभएर सहजता पाइन्छ । उनको भाषामा अद्‌भूत चमत्कार पाइन्छ ।

## ४.१.६ प्रतिभा र प्रसङ्गहरू

सुशील मुडभरीले २०६३ सालमा प्रतिभा र प्रसङ्गहरू प्रबन्धात्मक कृति प्रकाशित गरेका छन् । देवकोटा स्मृति सभाले मुडभरीको प्रबन्धलाई प्रकाशित गरिदिएको थियो । यस कृतिको बाह्य आवरण निलो रङ् र खैरो रङले बनाइएको छ । अमर त्यागीलाई सम्पादक र प्रकाशन सहयोगी भनेर आठजनाको नाम उल्लेख गरिएको छ । पहिलो संस्करणका रूपमा एक हजारप्रति प्रकाशन गरिएको छ । व्यक्तिगत मूल्य ६०।- तोकिएको छ । मानवाकृति चित्र रामप्रसाद साहले बनाएका हुन् । बारा अफसेट प्रेस, कलैयाले मुद्रण गरेको छ । आफ्ना प्रातः स्मरणीय पिता स्वर्गीय भीमप्रसाद मुडभरीको सम्झनामा श्रद्धापूर्वक यो पुस्तक समर्पण गरिएको छ । देस्मृतिका अध्यक्ष निर्मोही व्यासले प्रकाशकीय लेखेका छन् । साहित्य, संस्कृति,

दर्शन आदि विविध विषय क्षेत्रसँग सम्बन्धित यो प्रबन्ध प्रकाशन गर्न पाएकोमा खुसी व्यक्त गरेका छन् । अमर त्यागीले *सरल भाषाका प्रबन्धकृति* भनेर कृतिको विषयवस्तुको चर्चा गरेका छन् । पच्चीसवटा प्रबन्धहरू समावेश गरी ७६ पेजमा यो कृति लेखिएको छ । कृतिको बाह्य आवरणको पछाडिपट्टि लेखकको तस्वीरसहित व्यक्तिवृत्त उतारिएको छ । यस कृतिमा समावेश भएका प्रबन्धलाई तालिकीकरण गरेर देखाइएको छ :

| | | |
|---|---|---|
| १ | चारुमति | ९ |
| २ | अदिकवि भानुभक्त | १२ |
| ३ | अंशुवर्मा | १५ |
| ४ | चिनियाँ यात्री : ह्.एन.साङ | १८ |
| ५ | गोस्वामी तुलसीदास | २१ |
| ६ | क्रान्तदर्शी कबीर | २४ |
| ७ | इन्द्र | २७ |
| ८ | मीराबाई | ३० |
| ९ | सुफी | ३३ |
| १० | नायक खलनायक | ३६ |
| ११ | घुमक्कड राहुल सांकृत्यायन | ३९ |
| १२ | दार्शनिक कन्फ्युसियस | ४१ |
| १३ | खसराज्य र संस्कृतिका नायक नागराज | ४३ |
| १४ | चार प्रगतिवादी कविहरू | ४६ |
| १५ | चन्दशमशेरको न्याय | ५० |
| १६ | काष्ठमण्डप | ५२ |
| १७ | मुनि वेदव्यास | ५५ |
| १८ | बृहस्पति | ५६ |
| १९ | किराँत | ५९ |
| २० | वैदिक समाजमा नारी | ६२ |

| | | |
|---|---|---|
| २१ | वेदमा विज्ञान | ६४ |
| २२ | शुद्रराजा महापद्मानन्द | ६६ |
| २३ | भक्तिमार्गका चार सष्टाहरू | ६८ |
| २४ | इतिहासका चार योद्धाहरू | ७१ |
| २५ | धर्मचक्र प्रवर्तन | ७५ |


## ४.२ देवकोटा स्मृति सभाको शक्ति र सीमा

### ४.२.१ शक्ति

देवकोटा स्मृति सभाको स्थापना यस क्षेत्रका विभिन्न प्रबुद्ध व्यक्तित्वहरूको सहभागितामा २०४८ साल मङ्सिर २८ गते भएको हो । यसमा संलग्न साहित्यिक व्यक्तित्वहरू केही राष्ट्रियस्तरका छन् भने केही स्थानीय स्तरका रहेका छन् । केशवप्रसाद उपाध्याय, चूडामणि बन्धु, निर्मोही व्यास, घनश्याम न्यौपाने, राष्ट्रियस्तरका साहित्यिक प्रतिभाहरू हुन् भने मुकुन्द आचार्य, अमर त्यागी, रामकृष्ण काफ्ले, जुनु क्षेत्री, नवराज रिजाल, पृथ्वीराज पाण्डे, राम पराजुली, सुशील मुडभरी, छविरमण सुवेदी, पशुपति न्यौपाने, भावगत पाण्डेय, हृदयनारायण चौधरी, सलीम समदर्शी, सुरेश मोदक, पूर्णचन्द्र पाण्डेय आदि स्थनीयस्तरका प्रतिभा हुन् । यी विभिन्न व्यक्तित्वहरूको उल्लेखनीय योगदान रहेको छ । उपर्युक्त प्रतिभाहरूले राष्ट्रको शैक्षिक तथा प्रशासनिक क्षेत्रको अनुभव हासिल गरी सम्बन्धित क्षेत्रको जिम्मेवारी वहन गरेका छन् । महत्त्वपूर्ण पदमा पुगेकाले पनि यी स्रष्टाहरूबाट यस सभाको गरिमालाई अभिवृद्धि गरेको देखिन्छ । त्यसैले पनि परिषद्को यस क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेको छ । सद्भावपूर्ण व्यवहार गर्ने स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म ख्यातिप्राप्त चर्चित सर्जक केशवप्रसाद उपाध्यायको मानसपटलबाट यो देवकोटा स्मृति सभाको जन्म भएको हो । यसले वर्षेनी कलैया र त्यसको सेरोफेरोमा देवकोटा जयन्तीका साथै अन्य स्वनामधन्य साहित्यकारहरूको समेत जन्मजयन्ती भव्यरूपले मनाउने काम गरेको छ । महाकवि देवकोटा सम्बन्धी स्मारक व्याख्यानमाला कार्यक्रम सञ्चालन गर्ने र प्रतिवर्ष मूर्धन्य विद्वान्हरूबाट देवकोटा विषयक व्याख्यानलाई पुस्तकाकारका रूपमा प्रकाशित गरिएको छ । नेपाली भाषासाहित्यका साथै भोजपुरी र मैथिली भाषासाहित्यकारको वृद्धिका लागि प्रत्येक वर्ष कवि सम्मेलन गरिंदै आएको छ ।

साहित्यिक कार्यक्रम गरेर साहित्यकर्मीलाई भेला पार्ने, तिनका रचना वाचन गर्ने, पुरस्कार प्रदान गर्ने, भाषा विकासका गोष्ठीहरू गर्ने जस्ता महत्त्वपूर्ण कार्य यस सभाले गर्दै आएको छ । साहित्यानुरागीको सहभागीतामा रथयात्रासहित अभिनन्दन, सम्मान, देवकोटा स्मृति स्वर्ण पदक, देवकोटा स्मृति रजतपदकले विभूषित गर्ने काम पनि भएको छ । स्थानीय स्रष्टाहरूका विभिन्न विधाका पुस्तकहरू प्रकाशित गर्ने काम भएको छ । सभा यस क्षेत्रको आद्यापि जीवित एवम् पुरानो एउटा साहित्यिक संस्था हो । यस क्षेत्रकै सशक्त रूपमा क्रियाशील एउटा पुरानो २२ बसन्त पार गरिसकेको साहित्यिक संस्थाका रूपमा देखा परेको छ । सभाभन्दा पछि खुलेका कतिपय साहित्यिक संस्थाहरू विलीन भइसकेका छन् भने कति कछुवाको गतिमा अगाडि बढिरहेका छन् । यसप्रकार यस संस्थालाई जीवित र सशक्त पुरानो संस्थाभन्दा अतिशयोक्ति नहोला ।

देवकोटा स्मृतिसभाले नवोदित साहित्यिक स्रष्टाहरूको साझा चौतारीका रूपमा काम गरेको छ । यस संस्थाले आयोजना गर्ने विभिन्न कार्यक्रमहरू राष्ट्रियस्तरका रहेका पाइन्छन् । राष्ट्रका महत्त्वपूर्ण क्षेत्रमा वरिष्ठ साहित्य सर्जकहरूलाई सम्मान र पुरस्कृत गर्ने सन्दर्भमा होस् चाहे देवकोटा स्मारक व्याख्यानमाला कार्यक्रम सञ्चालन गर्ने क्रममा होस् अथवा राष्ट्रियस्तरका सर्जकलाई अभिनन्दन र सम्मान गर्ने गतिविधिमा होस् प्रायजसो कार्यक्रममा राष्ट्रियस्तरका सर्जकलाई उपस्थित गराइएको छ । त्यसैले यसका हरेक क्रियाकलाप राष्ट्रियस्तरका रहेका छन् । राजधानीमा हुने साहित्यिक कार्यक्रमभन्दा कुनै पनि अर्थमा कमसल देखिँदैन । स्रोत र साधनले भ्याएसम्म यसले गरेका कार्यक्रमहरू राष्ट्रियस्तरको विभिन्न पत्रपत्रिकाहरूमा तथा सञ्चारका साधनहरूमा चर्चा हुने गरेको छ । केशवप्रसाद उपाध्यायको सत्प्रयास, निर्मोही व्यासको भगीरथी प्रयत्न र कलैयाबासीको सहित्यानुरागीको परिणाम स्वरूप यो सभाले यस्ता उल्लेखनीय योगदान दिन सफल भएको छ । यस संस्थाको महत्त्वपूर्ण उपलब्धि र योगदान नै वास्तवमा परिषद्को शक्ति हो ।

## ४.२.२ सीमा

देवकोटा स्मृति सभाका माथि उल्लेख गरिएका केही शक्ति तथा उपलब्धीहरूको विवेचना पश्चात् यसका केही आलोचनीय पक्ष समेत देखा परेका छन् । त्यस्ता कुरालाई यहाँ सीमाअन्तर्गत राखेर केही सङ्क्षेपरूपमा चर्चा गर्ने प्रयास गरिएको छ । महाकवि देवकोटा प्रतिमा स्थापना मूल समितिले देवकोटाको अर्धकदको प्रतिमा स्थापना गर्नु

स्वागतयोग्य काम थियो । यस्ता राष्ट्रका निधिहरूको सम्मान गर्नु राष्ट्र र देशबासीको परम कर्तव्य पनि हो तर देवकोटा प्रतिमा स्थापना स्थल साँघुरो भएको गुनासो तत्कालीन समयदेखि अहिलेसम्म पनि पाइन्छ । तराई आन्दोलनका क्रममा कलैयाको देवकोटाको प्रतिमामात्र नभएर वीरगञ्जमा भानुभक्त, देवकोटा र थिरवम मल्लको, गौरमा विश्वेश्वरप्रसाद कोइरालाको, जनकपुरमा भानुभक्तको र सिराहामा सिद्धिचरणको प्रतिमा फुटाइएको छ । 'विद्वान् सर्वत्र पूज्यते' भनेझैँ विद्वान् कुनै एउटा भाषा-भाषीको र भूगोलमा मात्र सीमित नहुने हुनाले यस्ता विद्वान्को सम्मान नगरेपनि हेला चाहिँ गर्नु हुँदैनथ्यो । यस्ता कार्यलाई कसैले पनि स्वीकार्न सक्दैनन् । तापनि भीडको विवेक हुँदैन भन्ने कुरालाई मनन गर्नु त्यत्तिकै आवश्यक छ । भत्काइएका सालिक पुनः निर्माण गरिएका घटना पनि प्रशस्त रहेका छन् । यसलाई प्रगतिवादी स्रष्टाहरूको साझा मञ्च भनेमा अक्तिशयोक्ति नहोला किनभने प्रगतिशील विचार त सबै खालका साहित्यकारमा हुन्छ । प्रगतिशील भनेको परिवर्तनकारी हुन् । विभिन्न व्यक्तिहरूसँगको भेटघाटमा छलफल गर्न विगतमा प्रगतिशील वैचारिक आस्था भएका साहित्य सर्जकहरूको वर्चस्व रहेको देखिन्छ तर पुनरुत्थान कालदेखि यो क्रम पनि देखा परेको छैन । सभा समावेशी चरित्रको भएन भन्ने आवाज पनि नउठेको होइन तर सभाको पहिलो वैठकले नै दिपनारायण मिश्रलाई मानार्थ सदस्य दिएको देखिन्छ । केही हदसम्म समावेशी नहुनु भनेको पनि सभाको सीमा नै हो । जेहोस् आगामी दिनमा बहुजाति र बहुभाषीले एकजुट भएर स्वतन्त्र, समानता, मान अधिकारको सार्वभौम मूल्यको पक्षमा संयुक्त र सशक्त ढङ्गले अगाडि बढ्नु आवश्यक छ । साहित्यिक सङ्घ-संस्था र साहित्यकार हामी सबैका सम्पत्ति हुन् भन्ने कुरा बुझेर अगाडि बढ्न सकेको खण्डमा सबैको भलो हुन्छ ।

## ४.२.३ निष्कर्ष

बारा जिल्लामा २०१८ सालमा जनहित पुस्तकालयको स्थापना पश्चात् साहित्यिक गतिविधि अगाडि बढेको देखिन्छ, त्यसपछि क्रमशः साहित्य समिति बारा, साहित्य परिषद् बारा स्थापना भयो । कालान्तरमा जनहित पुस्तकालयबाहेक अन्य संस्थाले निरन्तरता दिन नसकेको अवस्थामा २०४८ मङ्सिर २८ गते देवकोटा स्मृति सभाको स्थापना भएको हो । जसको स्थापनाले बारा जिल्लाकै साहित्यिक गतिविध अग्रगतिमा अगाडि बढेको देखिन्छ । यस संस्थाको साहित्यिक गतिविधिको अनुकरण पछि खुलेका विभिन्न साहित्यिक संस्थाहरूले

समेत गरेको पाइएको छ । यस संस्थाले आफ्नो उद्देश्य अनुरूप विभिन्न साहित्यिक कार्यक्रमलाई प्रभावकारी रूपले अगाडि बढाएको देखिन्छ । नेपाली साहित्यजगत्का मूर्धन्य साहित्यसाधकहरूका जन्मजयन्ती मनाउने, सम जन्म-शताब्दी समारोह मनाउने, वरिष्ठ साहित्य साधकहरूलाई सम्मान र अभिनन्दन गर्ने नेपाली तथा भोजपुरी भाषाका सर्जकहरू भेला पारी कवि सम्मेलन गर्ने प्राकृतिक प्रकोपमा परेका स्रष्टालाई आर्थिक सहयोग गर्ने, प्राकृतिक प्रकोपमा परेका स्रष्टालाई आर्थिक सहयोग गर्ने, कृतिहरू प्रकाशन गर्ने, विभिन्न किसिमका पुरस्कार स्थापना र वितरण एवम् सम्मान गर्ने, महाकवि देवकोटा स्मारक व्याख्यानमला समारोह आयोजना गर्ने र लिखित देवकोटा विषयक व्याख्यानलाई प्रकाशित गर्ने, साप्ताहिक र मासिक साहित्यिक कार्यक्रमलाई निरन्तरता दिने स्रष्टाहरूको आफन्तजन तथा राष्ट्रका विभिन्न स्रष्टाहरूको दिवङ्गत आत्माको चिरशान्तिका लागि शोकप्रस्ताव पारित गर्ने, जिल्ला स्तरीय खुल्ला साहित्यिक प्रतियोगिता गर्ने, देवकोटाको प्रतिमा स्थापना, संरक्षण र संवर्द्धन गर्ने जस्ता यस सभाका महत्त्वपूर्ण कार्यहरूको मूल्याङ्कन गर्दा देवकोटा स्मृति सभाको स्थापनापश्चात् बारा जिल्लामा यस संस्थाले महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । भविष्यमा यसमा रहेका केही कमजोरीलाई हटाई अझ सशक्त ढङ्गले अगाडि बढ्ने विश्वास गरिएको छ ।

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

# परिच्छेद : पाँच
# उपसंहार तथा निष्कर्ष

## ५.१ पृष्ठभूमि

कुनै पनि जिल्लाको साहित्यिक विकासका लागि साहित्यिक सङ्घ-संस्थाको विकास पनि अनिवार्य छ । यस जिल्लाको पहिलो साहित्यिक संस्था वि.सं. २०१८ सालमा स्थापना भएको जनहित पुस्तकालय हो । यस पुस्तकालयले बारा जिल्लाको साहित्य, संस्कृति र कलाको विकास गर्ने, नवप्रतिभालाई प्रोत्साहन गर्ने, साहित्यिक गोष्ठी आयोजना गर्ने, जिल्लाबाट प्रकाशित रचनालाई सम्मानित गर्ने परम्पराको विकास गरेको देखिन्छ । पछिल्ला दिनहरूमा जे जति साहित्यिक सङ्घ-संस्था खुल्दै गए तिनीहरूले यसै परम्परालाई आत्मसात् गरेको पाइन्छ । यस जिल्लामा खुलेका अन्य साहित्यिक सङ्घ-संस्थाहरूमा साहित्य समिति बारा, बारा साहित्य परिषद्, देवकोटा स्मृति सभा, निजगढ साहित्य परिषद्, गजलगुँड, नेपाल भोजपुरी प्रतिष्ठान बारा, बारा वाङ्मय परिषद् जस्ता एक दर्जन जति साहित्यिक संस्थाहरू कलैया नगरपालिकामा स्थापना भएका देखिन्छन् तर यी सबै साहित्यिक संस्थाहरू वर्तमान अवस्थासम्म क्रियाशील भने देखिएका छैनन् । कतिपय संस्था एकअर्कामा विलीन भएका छन् भने कतिपय समयको प्रवाहमा निरन्तरता दिन नसकेकाले इतिहासको गर्भमा मात्र सीमित रहन पुगेका छन् । तैपनि यी संस्थाहरूले बारा जिल्लाको साहित्यिक विकासमा जे-जति योगदान पुऱ्याएका छन्, त्यो अविस्मरणीय रहेको पाइन्छ ।

## ५.२ निष्कर्ष

यस जिल्लामा साहित्यिक संस्थाहरू खुल्ने र बन्द हुने परम्परा चल्दै आएको छ । यस अवधिको मध्यखण्डमा वि.सं. २०४८ मंसिर २८ गते देवकोटा स्मृति सभा स्थापना भएको हो । यस परिषद्ले आफूभन्दा पूर्वका साहित्यिक संस्थाहरूले बसालेको साहित्यिक परम्परालाई परिमार्जित र गतिशील बनाउँदै अग्रगामी दिशातिर लम्केको पाइन्छ । यद्यपि

जिल्लाका साहित्यिक संस्थाहरूले गर्ने साहित्यिक गतिविधिमा यस संस्थाले गरेका क्रियाकलाप अन्यको तुलनामा महत्त्वपूर्ण एवम् प्रशंसनीय रहेका छन् । सभाप्रतिको जिम्मेवारीमा जुन तरिकाले वृद्धि भएको छ, त्यसले पनि यसको गतिविधि महत्त्वपूर्ण रहेको पुष्टि भएको देखिन्छ । राष्ट्रिय ख्यातिप्राप्त व्यक्तित्वहरूको संलग्नता, प्राज्ञिक प्रतिभाहरू, स्थापित स्रष्टाहरू, उदीयमान तथा नवोदित साहित्य सर्जकहरूको संलग्नता एवम् सहभागिताले सभाको गतिमा थप अभिवृद्धि भएको पाइन्छ । यसैले पनि यसले गरेका साहित्यिक कार्यक्रमहरू राष्ट्रियस्तरमा हुनु, महाकवि देवकोटा व्याख्यानमालालाई निरन्तरता दिनु, साहित्यिक कार्यक्रमहरू राष्ट्रियस्तरका हुनु, नेपाली वाङ्मयका क्षेत्रमा थप योगदान पुऱ्याउन कृतिहरू प्रकाशन गर्नु, गोष्ठी तथा प्रतियोगिताको आयोजना गर्नु, सांस्कृतिक पर्वउत्सव मनाउनु र विभिन्न महत्त्वपूर्ण विषयमा निर्णय गर्नु तथा विभिन्न अग्रज स्रष्टाहरूका जन्मजयन्ती मनाउनु र भावी कार्ययोजनामा तराई आन्दोलनमा फुटाइएको देवकोटाको प्रतिमा निर्माणतर्फ लाग्नु जस्ता साहित्यिक गतिविधि र योजनाले बारा जिल्लाको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ ।

देवकोटा स्मृति सभामा विभिन्न क्षेत्रमा रहेका राष्ट्रिय प्रतिभाहरूको सहयोग, सद्भाव, सल्लाह र सुझाव बारम्बार प्राप्त भएको छ । यस संस्थामा नियमित रूपमा नभए पनि बेलाबखतमा आएर सल्लाह दिने, कार्यक्रममा सहभागी हुने र सभाप्रति सद्भाव प्रकट गर्ने स्रष्टाहरूको सङ्ख्या पनि उल्लेखनीय रहेको छ । यसरी आफ्नो अमूल्य सुझाव र सहयोग पुऱ्याउने स्रष्टाहरूमा चूडामणि बन्धु, कुमारबहादुर जोशी, राजेन्द्र सुवेदी, मोहनराज शर्मा, घटराज भट्टराई, दुर्गाप्रसाद अर्याल, कृष्णप्रसाद पराजुली, शिवगोपाल रिसाल, सुन्दर झा शास्त्री, मदनमणि दीक्षित, रमेश विकल, सलिम समदर्शी, मुकुन्द आचार्य, भाग्यनाथ गुप्ता, रमेश गोर्खाली, ध.च. गोतामे, दौलतविक्रम विष्ट, गोविन्दराज भट्टराई, राजेन्द्र विमल, घनश्याम कँडेल आदि उल्लेखनीय रहेका छन् ।

देवकोटा स्मृति सभाको आर्थिक स्थिति कमजोर रहेको छ । विभिन्न क्षेत्रबाट आर्थिक सहयोग जुटाएर मात्र कार्यक्रमहरू सम्पन्न गरेको देखिन्छ । नियमित रूपमा प्राप्त भइरहने कुनै भरपर्दो आर्थिक स्रोत नभएकाले कार्यक्रम विस्तार गर्न सकेको छैन । तापनि सीमित साधन र स्रोतको बीच रहेर पनि सभाका सदस्यहरूको सक्रियता र सहभागिताको समर्थन तथा सहयोगले यसले आफ्ना साहित्यिक गतिविधिलाई निरन्तरता दिएको पाइन्छ ।

देवकोटा स्मृति सभाले प्रत्येक वर्ष गर्ने बालपुरस्कार, व्याख्यान पारितोषिक, प्रतियोगितात्मक कवि सम्मेलन, वरिष्ठ साहित्यकारलाई सम्मान र अभिनन्दन, तीर्थराज प्रेमकुमारी पुरस्कार आदि प्रमुख पुरस्कारहरूको व्यवस्था गरेको छ । यी पुरस्कारहरू प्रायः देवकोटाजयन्तीको अवसरमा वितरण गरेको पाइन्छ तर वरिष्ठ साहित्यकारलाई गरिने सम्मान र पारितोषिक उपयुक्त अवसरमा भव्य कार्यक्रम आयोजना गरी उपलब्ध गरेको देखिन्छ ।

देवकोटा स्मृति सभाको स्थापना वि.सं. २०४८ मंसिर २८ गते भए तापनि यसको ऐतिहासिक विकासक्रम विभाजन गर्ने क्रममा संस्थाको स्थापना हुनुभन्दा पहिले पनि महत्त्वपूर्ण कार्य भएको यसलाई पनि विकासक्रममा समेटी यस संस्थाको विकासक्रम छुट्याइएको छ । त्यसैले प्रारम्भिक काल भनेर संस्था स्थापना हुनुभन्दा पहिलेको समयावधिलाई मानिएको छ भने उत्थानकालमा संस्थाको स्थापना र यसले गरेको प्रारम्भिक कामलाई बुझाउँछ । संस्थाले गरेका महत्त्वपूर्ण उपलब्धि विकास कालमा पर्दछ भने संस्थाको चीरनिद्रालाई शिथिल कालमा राखिएको छ तथा यस शोधार्थीले यस संस्थाको शोध गर्ने क्रममा पुनः जागरण ल्याई कार्यसमितिको गठन गरे पश्चात्को समयावधिलाई पुनरुत्थान काल मानिएको छ । यसरी चर्चा गर्ने क्रममा प्रत्येक कालखण्डमा भए गरेका साहित्यिक गतिविधि र उपलब्धिहरूको लेखाजोखा गर्ने काम समेत भएको छ । जसले गर्दा सभाको मूल्याङ्कन र योगदानको निरूपण गर्न सहज भएको छ । सभाको साहित्यिक गतिविधिहरूमा स्थानीय स्तरमा उल्लेखनीय पक्ष भनेको महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह प्रकाशित गर्नु हो । यस संस्थाले वि.सं. २०४८ सालदेखि वि.सं. २०५८ सालसम्म जम्मा ९ वटा महाकवि देवकोटा स्मारक व्याख्यानमाला कार्यक्रम आयोजना गरेको छ । त्यस कार्यक्रममा देवकोटा सम्बन्धी अनुसन्धानलाई देवकोटा व्याख्यान लेखाइ वाचन गराउने र व्याख्यानकर्तालाई पारितोषिक उपलब्ध गराउने काम पनि यस संस्थाले गरेको छ । सो पुस्तक देवकोटा सम्बन्धी अनुसन्धाताबाट व्याख्यान गराइएको हुनाले यस पुस्तकले. देवकोटाका धेरै रहस्यमय कुरालाई खोतल्ने काम गरेको छ ।

यस देवकोटा स्मृति सभाले केशवप्रसाद उपाध्याय, मदनमणि दीक्षित, ध.च. गोतामे, गोविन्द भट्ट, दौलतविक्रम विष्ट, तारानाथ शर्मा, श्यामप्रसाद, भीम विराग, प्रेमविनोद नन्दन जस्ता राष्ट्रियस्तरका ख्यातिप्राप्त एवं चर्चित सर्जकलाई रथारोहण गरी अभिनन्दन गरेको छ

भने अन्य विद्वान्लाई सम्मानित गरेको छ, जुन कुरा यस शोधमा प्रस्तुत गरिसकिएको छ । नेपाली साहित्यका साथै भोजपुरी र मैथिली भाषासाहित्यको बृद्धिका लागि प्रत्येक वर्ष कविसम्मेलन गरिँदै आएको छ । यस्ता कार्यक्रममा वरिष्ठ सर्जकका साथै बालस्रष्टाको समेत जमघट हुने भएकाले एक खालको गरिमा बढाएको देखिन्छ ।

देवकोटा स्मृति सभामा वाचित रचनाको समीक्षा गर्ने परिपाटीले निरन्तरता पाएको देखिन्छ । जसले गर्दा पाठक, लेखक र श्रोताहरूलाई पनि फाइदा भएको पाइन्छ भने समीक्षकको योग्यता र दक्षतामा समेत अभिवृद्धि भएको देखिन्छ । त्यसै गरी देवकोटा जयन्तीमा प्रत्येक वर्ष भव्य रूपमा कार्यक्रम भएको पाइन्छ । त्यस देवकोटा जयन्तीमा विभिन्न लेखकहरूका कृतिको विमोचन हुने गरेको देखिन्छ । यस सभाले स्थानीय सर्जकको कृति प्रकाशित पनि गरेको छ । अच्युत खनालको **चेतनाको लहर** (कवितासङ्ग्रह), अमर त्यागीको **बाँसुरीमा आँसुको गीत** (गजलसङ्ग्रह), अच्युत खनालकै **स्मृति बिम्ब** (संस्मरण), सुशील मुडभरीको **प्रतिभा र प्रसङ्गहरू**जस्ता कृतिहरू यस संस्थाले प्रकाशित गरेको छ । त्यसै गरी केशवप्रसाद उपाध्यायको प्रधान सम्पादकत्वमा आफ्नो संस्थाको गतिविधिलाई समेटेर देवकोटा स्मारिका प्रकाशित गरेको छ भने उनकै सम्पादकत्वमा महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह प्रकाशित भएको पाइन्छ ।

यसरी समग्र रूपमा देवकोटा स्मृति सभाको इतिहासलाई खोजी गरी यसले गरेका साहित्यिक गतिविधिहरूको मूल्याङ्कन गर्दा बारा जिल्लाको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान महत्त्वपूर्ण रहेको पुष्टि भएको छ । जिल्लाको क्रियाशील साहित्यिक संस्थासँग तुलनात्मक अध्ययन गर्ने हो भने पनि यस कुरालाई पुष्टि गर्न सकिन्छ । जिल्लाको अग्रणी नेतृत्ववाहक र जीवित साहित्यिक संस्थाका रूपमा देवकोटा स्मृति सभा रहेको देखिन्छ । अतः बारा जिल्लाको साहित्यिक विकासलाई समृद्ध पार्न र साहित्यिक गतिविधिमा श्रीवृद्धि गर्न परिषद्को अमूल्य योगदान रहेको देखिन्छ ।

## ५.३ उपसंहार

प्रस्तुत शोधपत्रमा बारा जिल्लाको ऐतिहासिक र सांस्कृतिक परिचय दिँदै कलैया नगरपालिकाका साहित्यिक सङ्घ-संस्थाको सङ्क्षिप्त चिनारी प्रस्तुत गरेर मात्र विषयवस्तुमा प्रवेश गर्ने काम भएको छ । देवकोटा स्मृति सभाको स्थापना र विकासको चर्चा गर्नुभन्दा

पहिले बारा जिल्लाको साहित्यिक पृष्ठभूमि केलाउने काम गरिएको छ । यस क्षेत्रको साहित्य सृजना परम्पराको अध्ययन गर्दा प्रारम्भिक अवस्थामा लोकसाहित्यको श्रुति परम्परामा मौखिक साहित्यका रूपमा भोजपुरी र थारु लोकगीत रहेको पाइन्छ । त्यसै गरी रामेछाप, सिन्धुली, ओखलढुङ्गा जस्ता विभिन्न पहाडी जिल्लाबाट बसाइँ सरी आउनेले यहाँको थलोमा बसेर कविताकाव्यको सृजन गर्नुका साथै त्यस्ता अन्य कतिपय प्रतिभाले नीलहरि शर्मा ढकाल र जगन्नाथ गुरागाई जस्ता विशिष्ट काव्य साधकपहाडबाट नेपाली भाषाका लोकगीत भित्र्याएकाले नेपाली लोकसाहित्यको समेत विकास भएको पाइन्छ । लिखित साहित्यको विकास भने वि.सं. १९९५ सालबाट भएको पाइन्छ । त्यसपछि क्रमशः विभिन्न साहित्यिक सङ्घ-संस्थाको स्थापना, साहित्यिक गोष्ठीहरू र पुस्तकाकार कृतिहरू प्रकाशित हुन थालेको देखिन्छ ।

शोधपत्रमा देवकोटा स्मृति सभाको स्थापना र यसको गठन प्रक्रियाको विशद् चर्चा गर्दै सभाको विधा र कार्यकारिणी समितिका सदस्यहरूको चर्चा गरिएको छ । सभाका गतिविधिहरूको विस्तृत रूपमा विश्लेषण गरी निष्कर्ष निकालेर बाराको साहित्यिक विकासमा यस संस्थाले पुऱ्याएको योगदानको निरूपण गरिएको छ । साथै सभाको विस्तृत चर्चा गर्ने क्रममा यसको स्थापना, साधारण सदस्यहरू, मानार्थ सदस्यहरू तथा सल्लाहकार समितिहरू उल्लेख गरिएको छ । संस्थाको स्थापनाकालदेखि वि.सं. २०६३ सम्म कार्यकारिणीले गरेका निर्णयहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । त्यसै गरी सभाका स्थापनाकालदेखि वर्तमान अवस्थासम्मका कार्यकारी अध्यक्षहरूको नाम र कार्यविधि पनि उल्लेख गरिएको छ । सभाले क-कसलाई अभिनन्दन, सम्मान र बधाई गरेको रहेछ भनी नामावली टिप्ने प्रयास पनि गरिएको छ । यस्ता कार्यले स्रष्टाको मनोबल उच्च हुनेछ । त्यसै गरी देवकोटा स्मृति सभाको संस्थापक अध्यक्ष केशवप्रसाद उपाध्याय र निवर्तमान अध्यक्ष निर्मोही व्यासको सङ्क्षिप्त परिचय दिने काम गरिएको छ । कुनै पनि साहित्यिक संस्थाको परम धर्म भनेको नै विभिन्न किसिमका पुरस्कार स्थापना र वितरण गर्ने तथा वरिष्ठ साहित्य साधकहरूलाई रथारोहण गरी सम्मान र अभिनन्दन गर्ने हो । सोही अनुरूप यस संस्थाले सम्मान गरेका वरिष्ठ साहित्यकारको नामावली टिप्ने काम गरिएको छ ।

देवकोटा स्मृति सभाको आर्थिक अवस्था नाजुक रहेको छ र आम्दानीको स्थायी स्रोत नभएकाले यसले आफ्ना कार्यक्रमहरूलाई येनकेन रूपमा विभिन्न सङ्घ-संस्था र

व्यक्तिहरूबाट आर्थिक स्रोत जुटाएर सम्पन्न गरेको पाइएको छ । तापनि यसका हरेक कार्यक्रमहरू स्थानीय, जिल्ला, क्षेत्र र राष्ट्रियस्तरको रहेको पुष्टि भएको छ । यस संस्थामा स्थापना भएको पुरस्कारको व्यवस्था हेर्दा यस क्षेत्रकै महत्त्वपूर्ण कार्य रहेको पाइएको छ ।

देवकोटा स्मृति सभाको २२ वर्षे जीवनकाललाई ऐतिहासिक विकासक्रममा राखेर संस्थाका साहित्यिक गतिविधिको चर्चा गरिएको छ । यस संस्थाको स्थापना हुनुभन्दा पनि पहिले अविस्मरणीय कार्य भएकाले प्रारम्भिक कालमा संस्था स्थापनाभन्दा पूर्व भएका कामहरूको उल्लेख गरिएको छ । संस्था स्थापनापश्चात भएका प्रारम्भिक कार्यलाई उत्थानकालमा राखिएको छ । संस्थाले गरेको महत्त्वपूर्ण उपलब्धिलाई विकासकाल भनिएको छ भने निष्कृय समयलाई शिथिलकाल मानिएको छ । पुनः संस्थाको सक्रियतालाई पुनरुत्थानकालको नामले चिनाइएको छ ।

देवकोटा स्मृति सभाको लक्ष्य नै दिवङ्गत साहित्यकारको जन्मजयन्ती मनाउनु, वरिष्ठ साहित्यकारलाई अभिनन्दन गर्नु र स्थानीय सर्जकको सिर्जनालाई समयानुकूल प्रकाशित गर्दै जानु रहेकाले यस संस्थाले विभिन्न स्थानीय सर्जकको सिर्जनालाई प्रकाशित गरेको छ । ती प्रकाशित कृतिको सङ्क्षिप्त चिनारी दिइएको छ । ती कृतिको समीक्षात्मक टिप्पणी समेत प्रस्तुत गरिएको छ । जसले गर्दा कृतिको मूल्याङ्कन पनि भएको मान्न सकिन्छ । वि.सं. २०४८ सालदेखि २०५८ सालसम्म यस संस्थाले प्रायः प्रत्येक वर्ष महाकवि देवकोटा स्मारक व्याख्यान समारोह आयोजना गऱ्यो । त्यस समारोहमा देवकोटासम्बन्धी अध्येतालाई देवकोटाका विभिन्न पक्षसँग सम्बन्धित लिखित व्याख्यान प्रस्तुत गर्न लगायो र ती व्याख्यान सङ्ग्रहलाई **महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह**का नामले वि.सं. २०५९ मा प्रकाशित गऱ्यो । वास्तवमा यो पुस्तक अत्यन्त मूल्यवान् र महत्त्वपूर्ण ठानी केही बढी पृष्ठ खर्चिएको छ । केही बढी पृष्ठ खर्चिए तापनि कृतिको समीक्षात्मक टिप्पणी र मूल्याङ्कन पनि भएको मान्न सकिन्छ ।

प्रस्तुत शोधपत्रमा उल्लेखनीय पक्ष भनेको कलैया नगरपालिकामा स्थापना भएका चर्चित साहित्यिक संस्थाको सङ्क्षिप्त चिनारी प्रस्तुत गर्नुका साथै देवकोटा स्मृति सभाले बाराको साहित्यिक विकासमा पुऱ्याएको योगदानको चर्चा गर्नु हो । यसले मूर्धन्य साहित्यसाधकहरूका जन्मजयन्ती मनाउने, वरिष्ठ साहित्यकासाधकहरूलाई रथारोहणसहित अभिनन्दन गर्ने, बहुभाषिक कवि सम्मेलन गर्ने, कृति प्रकाशन गर्ने, महाकवि देवकोटा

स्मारक व्याख्यानमाला समारोह आयोजना गर्ने र लिखित देवकोटा विषयक व्याख्यानलाई प्रकाशित गर्ने जस्ता महत्त्वपूर्ण कार्य गरेको छ । त्यसैले देवकोटा स्मृति सभा मध्य तराईको महत्त्वपूर्ण साहित्यिक संस्था हो । यति हुँदाहुँदै पनि यसका केही कमीकमजोरी छन् । ती कमीकमजोरीलाई भविष्यमा परिमार्जन र संशोधनीय रूपमा अझ प्रभावकारी ढङ्गले सबैको सक्रिय सहभागितामा गतिशील बनाई राख्नुपर्ने आवश्यकता महशुस गरिएको छ ।

देवकोटा स्मृति सभाका केही महत्त्वपूर्ण सामग्रीहरूलाई यसै शोधपत्रको परिशिष्ट खण्डमा राखिएको छ । जसले यसका गतिविधिको झलक र योगदानलाई थप पुष्टि गर्न सक्ने देखिन्छ । अतः समग्र रूपमा बारा जिल्लाको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान खोज्दा यसले गरेका साहित्यिक गतिविधि र यसले वहन गरेका दायित्वको बोझलाई समेत अध्ययन गर्दा यस संस्थाको मूल्याङ्कन उच्चस्तरको रहेको पाइन्छ । त्यसै गरी बारा जिल्लाको क्रियाशील र जीवित साहित्यिक संस्थाको अनुसन्धान गर्ने हो भने पनि देवकोटा स्मृति सभाको नाम जोडिन आएको देखिन्छ । त्यसैले बारा जिल्लाको साहित्यिक विकासमा यस संस्थाको उल्लेखनीय र महत्त्वपूर्ण योगदान रहेको छ ।

**बाराको साहित्यिक विकासमा देवकोटा स्मृति सभाको योगदान** शीर्षकअन्तर्गत रहेर शोध-अनुसन्धान गर्दा प्राप्त भएका सामग्री र सूचनाहरूको आधारमा जिल्लाको परिचय दिँदै स्थानीयस्तरका पत्र-पत्रिका, सङ्घ-संस्था र सभाप्रति सद्भाव राख्ने साहित्यिक साधकहरूको योगदानको चर्चा गर्दै र अन्य साहित्यिक संस्थाको अध्ययन गर्दै प्रस्तुत शोधपत्र तयार पारिएको छ । यो शोधपत्र तयार गर्ने क्रममा उत्पन्न भएका समस्याहरूलाई ध्यानमा राख्दै भविष्यमा शोध गर्न चाहने व्यक्ति वा संस्थाहरूलाई सजिलो होस् भन्ने उद्देश्यले यहाँ केही सम्भावित शोधशीर्षकहरू उल्लेख गरिएको छ ।

## ५.४ सम्भावित शोधशीर्षकहरू

क) बारा जिल्लाको साहित्यिक विकासमा साहित्यिक पत्रपत्रिकाहरूको योगदान ।

ख) नेपाली साहित्यमा बारा जिल्लाका साहित्यिक सङ्घ-संस्थाको योगदान ।

ग) महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन ।

घ) बारा जिल्लामा क्रियाशील साहित्यकारहरूको सर्वेक्षण र मूल्याङ्कन ।

# सन्दर्भसूची

# सन्दर्भसूची


## क) पुस्तकसूची

खनाल, अच्युत (२०५८), **स्मृति-बिम्ब**, बारा : देवकोटा स्मृति सभा ।

त्यागी, अमर (२०५७), **बाँसुरीमा आँसुको गीत**, बारा : देवकोटा स्मृति सभा ।

दहाल, पेशल (२०४९), **नेपालको इतिहास र संस्कृति**, काठमाडौं : एम.के. पब्लिसस् एन्ड डिस्ट्रब्युटर्स ।

पोखरेल, बालकृष्ण र अन्य (२०५५), **बृहद् शब्दकोश**, रूपन्देही : लक्ष्मी पुस्तक सदन ।

भट्टराई, कृष्णप्रसाद (२०५८), **नेपाल परिचय प्रश्नोत्तर**, काठमाडौं : पशुपति पुस्तक भण्डार ।

मुडभरी, सुशील (२०६३), **प्रतिभा प्रसङ्ग**, बारा : देवकोटा स्मृति सभा ।

व्यास, निर्मोही (२०६८), **साँचेको सम्झना**, ललितपुर : साझा प्रकाशन ।

## ख) शोधपत्रसूची

न्यौपाने, देवीप्रसाद, **रूपन्देही जिल्लाको साहित्यिक विकासमा सिद्धार्थ साहित्य परिषद्को योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही, २०६४ ।

पौडेल, घनश्याम, **नेपाली साहित्यमा पर्वत साहित्य सङ्गमको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर २०६५ ।

सुवेदी, कविराज, **बारा जिल्लाको नेपाली तथा भोजपुरी लोकगीतको तुलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६३ ।

## ग) पत्रपत्रिका सूची

*उपकुलपतिद्वारा प्रतिमा अनावरण,* **प्रतीक**, (वर्ष ५, कार्तिक २०४८) वीरगंज : प्रतीक प्रकाशन समूह प्रा.लि., पृ. ३ ।

*कलैया नगरमा महाकवि देवकोटाको प्रतिमा स्थापनाको इतिवृत्त,* **देवकोटा स्मारिका**, बारा : देवकोटा स्मृति सभा, पृ. ९-१०, २०४९ ।

जोशी, कुमारबहादुर, *देवकोटाका काव्यजगत्मा प्रकृति,* **महाकवि देवकोटा स्मारक व्याख्यानसङ्ग्रह**, बारा, पृ. ३८-३९, २०५९ ।

*देवकोटा स्मृति सभाको साधारण सभा सम्पन्न,* **प्रतीक**, (वर्ष २६, अङ्क २८२, २०६०), वीरगञ्ज : प्रतीक प्रकाशन समूह प्रा.लि., पृ. १ ।

पराजुली, कृष्णप्रसाद, *मन्तव्य,* **महाकवि देवकोटा स्मारक व्याख्या सङ्ग्रह**, बारा : देवकोटा स्मृति सभा, १५२, २०४९ ।

बन्धु, चूडामणि (२०५९), *देवकोटाका कवितामा पाइने सामाजिक राजनैतिक चेतना,* **महाकवि देवकोटा स्मारक व्याख्या सङ्ग्रह**, बारा, पृ. ३ ।

बन्धु, चूडामणि (२०५९), *देवकोटाका कवितामा पाइने सामाजिक राजनैतिक चेतना,* **महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह**, पृ. १७१, ।

भट्ट, आनन्ददेव, *बाराबासीलाई कोटीकोटी नमस्कार,* **जनता साप्ताहिक** (अङ्क २, २०४८), काठमाडौं, पृ. ७-११ ।

**मिलन केन्द्र बाराको गतिविधि** (२०६०), बारा : कर्मचारी मिलन केन्द्र, पृ. १०८ ।

रिजाल, नवराज, *बाराको साहित्यिक चिनारी,* **जनहित ज्योति** (अङ्क २, २०६२), पृ. ७-११ ।

लोहनी, सचिता, *बारा जिल्लाका कवि र तिनका काव्य प्रवृत्ति,* **जनहित ज्योति** (अङ्क ५, २०६२), पृ. ४१-४२ ।

व्यास, निर्मोही, *प्रतिमा अनावरणको प्रतिवेदन,* **देवकोटा स्मारिका**, बारा, (वर्ष १, अङ्क १, २०४९), पृ. ३ ।

*श्री सिद्धेश्वर संस्कृत पुस्तकालयको झलक,* **जनहित-ज्योति** (अङ्क २ : ४४, २०५९), बारा : जनहित पुस्तकालय ।

*स्वर्गीय कविद्वय मरणोपरन्त सम्मानित हुने,* **प्रतीक** (वर्ष ६, २०४९), वीरगंज : प्रतीक प्रकाशन समूह प्रा.लि., पृ. ३ ।

# परिशिष्ट खण्ड

# परिशिष्ट - एक

## क) अन्तर्वार्ता फाराम

सामग्री सङ्कलनन गर्दा देवकोटा स्मृति सभासँग आबद्ध साहित्यकारसँग सोधिएको लिखित प्रश्नहरूको नमुना :-

१) देवकोटा स्मृति सभाले के-के काम गरेको छ ?

२) देवकोटा स्मृति सभाले साहित्यको कुन क्षेत्रमा बढी योगदान दिएको छ ?

३) देवकोटा स्मृति सभाले राष्ट्रिय-स्तरका को-को स्रष्टाहरूसँग भेटघाट गरेको छ ?

४) देवकोटा स्मृति सभाले आयोजना गरेको कार्यक्रममा मन, वचन र कर्मले अविस्मरणीय सहयोग गर्ने व्यक्तिलाई सम्झनु पर्दा क-कसलाई सम्झनुहुन्छ ?

५) देवकोटा स्मृतिसभाको साहित्यिक गतिविधिबाट प्रेरित भई बनेका साहित्यिक स्रष्टाहरू को-को हुन् ?

६) देवकोटा स्मृति सभाले आयोजना गरेको अविस्मरणीय कार्यक्रमहरू कुन कुन हुन् ?

७) यस संस्थाको नाम देवकोटा स्मृति सभा नै राख्नुको कारण के होला ?

८) नेपालको लोकतान्त्रिक आन्दोलनमा यस संस्थाको कस्तो भूमिका रह्यो ?

९) २०६३ सालको तराई आन्दोलनले बाराको नेपाली साहित्य र यस संस्थाको गतिविधिमाथि कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ?

१०) वि.सं. २०६४ यता देवकोटा स्मृति सभाले कुनै पनि साहित्यिक कार्यक्रम, गतिविधि र नवीकरण समेत गरेको छैन ? यस बारे के भन्नुहुन्छ ?

११) देवकोटा स्मृति सभालाई पुनः सञ्चालन सक्रिय एवं पुनर्जिवन दिन स्थानीय साहित्यि स्रष्टा, साहित्यानुरागी, प्रशासन र नागरिक समाजबाट कस्तो अपेक्षा गर्नु भएको छ ?

१२) देवकोटा स्मृति सभाले गरेका कामप्रति तपाईंको कुनै गुनासो छ ?

१३) यस्तो साहित्यिक, सामाजिक संस्थालाईं कसरी जीवन्त राख्न कसले कस्तो भूमिका निर्वाह गर्नुपर्छ ?

१४) देवकोटा स्मृति सभाबाट सम्मानित, अभिनन्दित प्रमुख स्रष्टाहरू को को हुन् ?

१५) देवकोटा स्मृति सभाको स्थापना, सञ्चालन र कार्यक्रममा तपाईको दुःख वा सुखको अविस्मरणीय क्षणलाई कसरी सम्झनुहुन्छ ?

| | |
|---|---|
| उत्तरदाताको हस्ताक्षर | शोधार्थी |
| नाम थर : | छविरमण सुवेदी |
| पद : | |
| मिति : | |

**ख)    अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नाम ठेगाना**

| | | |
|---|---|---|
| १. | श्री अच्युत खनाल | निजगढ-२, बारा |
| २. | प्रा.डा. केशवप्रसाद उपाध्याय घिमिरे | काठमाडौं-६, सरस्वतीनगर |
| ३. | सहप्रा.डा. निर्मोही व्यास | इमाडोल-२, ललितपुर |
| ४ | श्री राम पराजुली | निजगढ-३, बारा |
| ५. | श्री सुजित अर्याल | सिमरा-३, बारा |

## परिशिष्ट : दुई

### प्राध्यापक डाक्टर केशवप्रसाद उपाध्याय घिमिरेसँग लिइएको अन्तर्वार्ताको नमुना - क

१) देवकोटा स्मृति सभाले के-के काम गरेको छ ?

⇒ साहित्यिक प्रतिभाहरुको सम्मान, स्मारिका प्रकाशन, दशवर्षसम्मको देवकोटा व्याख्यानमालाको प्रकाशन, केही लेखकका कृतिहरुको प्रकाशन, साहित्यिक गोष्ठी, कवितागोष्ठी, देवकोटा बाल पुरस्कार प्रदान, देवकोटा व्याख्यानमालाको सञ्चालन आदि ।

२) देवकोटा स्मृति सभाले साहित्यको कुन क्षेत्रमा बढी योगदान दिएको छ ?

⇒ देवकोटासम्बन्धी व्याख्यानको सञ्चालन, प्रमुख र विशिष्ट साहित्यकारहरुको रथयात्रा, व्याख्यानदाताहरुको सम्मान ।

३) देवकोटा स्मृति सभाले राष्ट्रिय-स्तरका को-को स्रष्टाहरूसँग भेटघाट गरेको छ ?

⇒ राष्ट्रकवि माधव घिमिरे, नाटककार विजय मल्ल, उपन्यासकार ध.च. गोतामे, चूडामणि बन्धू, ईश्वर बराल, कमलमणि दीक्षित, वासुदेव लुइँटेल, आनन्ददेव भट्ट, वासुवेद त्रिपाठी, कुमारबहादुर जोशी आदि ।

४) देवकोटा स्मृति सभाले आयोजना गरेको कार्यक्रममा मन, वचन र कर्मले अविस्मरणीय सहयोग गर्ने व्यक्तिलाई सम्झनु पर्दा क-कसलाई सम्झनुहुन्छ ?

⇒ तत्कालीन प्र.जि.अ. श्रीकान्त रेग्मी, कामोदकुमार उपाध्याय, रामप्रसाद साह, मोतीलाल गुप्ता, गुराँस क्लबका सदस्य, पुरुषोत्तम पौडेल, निर्मोही व्यास, हृषीकेश लोहनी, जनहित पुस्तकालय, राजवेदी क्लब आदि ।

५) देवकोटा स्मृतिसभाको साहित्यिक गतिविधिबाट प्रेरित भई बनेका साहित्यिक स्रष्टाहरू को-को हुन् ?

⇒ अमरत्यागी, अच्युत खनाल, रामप्रसाद साह, जमुना क्षेत्री आदि ।

६) देवकोटा स्मृति सभाले आयोजना गरेको अविस्मरणीय कार्यक्रमहरू कुन कुन हुन् ?

⇒ जिल्लाका विभिन्न गाउँहरुमा गरिएका कवितागोष्ठी, कलैयामा गरिएका बहुभाषिक कवितागोष्ठी, मदनमणि दीक्षित, कृष्णप्रसाद पराजुली, रमेश विकल र केशवप्रसाद उपाध्यायको रथयात्रा, समको शतवार्षिकी समारोह आदि ।

७) यस संस्थाको नाम देवकोटा स्मृति सभा नै राख्नुको कारण के होला ?

⇒ संस्थापन कालका प्रमुख सल्लाहकारद्वय चूडामणि बन्धुको सल्लाहले यो नाम राखिएको हो । प्रतिमा स्थापनापछि महाकवि देवकोटाको नामसँग गाँसेर संस्थाको नामकरण गर्ने चाहना हाम्रो संस्थापकहरुको थियो । बन्धुले स्वतःस्फूर्त रुपमा तत्काल यो नाम सुझाउनु भएको र यो सबैलाई मन परेकोले यही नाम राखिएको हो ।

८) नेपालको लोकतान्त्रिक आन्दोलनमा यस संस्थाको कस्तो भूमिका रह्यो ?

⇒ संस्थागत रुपमा कुनै भूमिका रहेको सम्झना मलाई छैन । व्यक्तिगतरुपमा कसैकसैको कुनै न कुनै भूमिका रहेको हुन सक्छ ।

९) २०६३ सालको तराई आन्दोलनले बाराको नेपाली साहित्य र यस संस्थाको गतिविधिमाथि कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ?

⇒ साह्रै नकारात्मक प्रभाव पारेको अनुभव मसँग छ । त्यस आन्दोलनले देवकोटाको प्रतिमालाई ध्वस्त पारेको र यस संस्थालाई छिन्नभिन्न पारी यसको अस्तित्वलाई नै नामेट पारेको मैले थाहा पाएको छु ।

१०) वि.सं. २०६४ यता देवकोटा स्मृति सभाले कुनै पनि साहित्यिक कार्यक्रम, गतिविधि र नवीकरण समेत गरेको छैन ? यस बारे के भन्नुहुन्छ ?

⇒ त्यतिखेर अध्यक्षलाई सोध्नु बेस होला । आफू अलग भइसकेको र काठमाडौं बस्ने गरेको अनि शारीरिक अशक्तताले कलैया आउ-जाउ गर्न पनि नसक्ने अवस्थामा पुगेकाले यी यावत् कुरा मलाई राम्ररी थाहा छैन ।

११) देवकोटा स्मृति सभालाई पुनः सञ्चालन सक्रिय एवं पुनर्जिवन दिन स्थानीय साहित्यि स्रष्टा, साहित्यानुरागी, प्रशासन र नागरिक समाजबाट कस्तो अपेक्षा गर्नुभएको छ ?

⇒ जन्मदाता भएको नाताले सबै मिलेर देवकोटाको प्रतिमाको पुनर्निर्माण र देवकोटा स्मृति सभाको पुनर्जीवन भइदिए हुन्थ्यो भन्ने चाहना गर्छु । त्यसका लागि समाज र साहित्यसेवीसँग प्रार्थना पनि गर्दछु ।

१२) देवकोटा स्मृति सभाले गरेका कामप्रति तपाईंको कुनै गुनासो छ ?

⇒ छैन, बरु गौरवबोध छ ।

१३) यस्तो साहित्यिक, सामाजिक संस्थालाई कसरी जीवन्त राख्न कसले कस्तो भूमिका निर्वाह गर्नुपर्छ ?

⇒ त्यस संस्थाको स्थापना स्थानीय साहित्यद्वय, बुद्धिजीवी, कानुन व्यवसायी, समाजसेवी, नगरपञ्चायत, जिल्ला पञ्चायत, स्थानीय प्रशासन र सर्वसामान्य जनतासमेतको सहयोग र सद्भावबाट भएकाले त्यसको पुनःस्थापन देवकोटाको भग्न प्रतिमास्थल र मूर्तिको मर्मतसम्भार यावत् कार्य पूरै स्थानीय समुदायको सहयोग लिएर गर्नुपर्छ भन्ने मलाई लाग्छ । परिवर्तित राष्ट्रिय परिप्रेक्ष्यमा त्यसको विधानमा पनि आवश्यक संशोधन गर्नुपर्छ भन्ने म ठान्दछु ।

१४) देवकोटा स्मृति सभाबाट सम्मानित, अभिनन्दित प्रमुख स्रष्टाहरू को को हुन् ?

⇒ ..........

१५) देवकोटा स्मृति सभाको स्थापना, सञ्चालन र कार्यक्रममा तपाईको दुःख वा सुखको अविस्मरणीय क्षणलाई कसरी सम्झनुहुन्छ ?

⇒ केही हर्ष, केही विषाद र केही व्यथा-वेदनाका साथ म यावत् सन्दर्भको स्मरण गर्छु । स्थापना समारोहको आयोजनाको लागि व्यवस्था गर्दा मैले दस दिन जति स्लिपिङ ट्याब्लेट खाएको कुरा भन्न चाहन्छु । त्यस अवसरमा निर्मोही व्यास अस्वस्थ भएकाले मैले अनेक भूमिका खेल्नुपरेको निकै नरमाइलो अनुभव गर्नुपरेको कुरा पनि तपाईंलाई थाहा दिन चाहन्छु ।

हस्ताक्षर :

नाम थर : केशवप्रसाद उपाध्याय घिमिरे

पद : प्राध्यापक

विषय : नेपाली

मिति : २०७०।१।१५

## सहप्राध्यापक डाक्टर निर्मोही व्याससँग लिइएको अन्तर्वार्ताको नमुना - ख

१) देवकोटा स्मृति सभाले के-के काम गरेको छ ?

⇒ देवकोटा स्मृति सभाले आफ्नो स्थापना कालदेयिख नै महाकवि देवकोटाको जयन्तीका दिनलाई आफ्नो प्रमुख पर्वका रुपमा लिएर दिवङ्गत विभिन्न साहित्यिक विभूतिहरुको जयन्ती मनाउने विशिष्ट स्रष्टाहरुको रथयात्रा, अभिनन्दन सम्मान गर्ने, तिनलाई देवकोटा स्वर्ण- रजत पदक प्रदान गर्ने, प्रतिवर्ष देवकोटा विषयक व्याख्यानको आयोजना गर्ने र प्रति दस वर्षमा ती व्याख्यानहरुको सङ्ग्रह ग्रन्थाकारमा प्रकाशित गर्ने, बेला बेला वृहत् साहित्यिक गोष्ठी गर्ने, स्थानीय सुन्दर स्रष्टाहरुका ग्रन्थ प्रकाशन गर्ने, नेपाली भाषाका साथै स्थानीय भाषाका स्रष्टाहरुको पनि सृजनात्मक विकासका लागि प्रोत्साहन प्रशिक्षणका कार्यक्रम गर्ने आदि अनेक उल्लेखनीय क्रियाकलाप नियमित रुपले गर्दै आएको हो ।

२) देवकोटा स्मृति सभाले साहित्यको कुन क्षेत्रमा बढी योगदान दिएको छ ?

⇒ साहित्यको कुनै एक क्षेत्र विशेषमा नभएर सबै क्षेत्रमा समान रुपले उल्लेखनीय रुपमा योगदान दिएको छ ।

३) देवकोटा स्मृति सभाले राष्ट्रिय-स्तरका को-को स्रष्टाहरूसँग भेटघाट गरेको छ ?

⇒ यो संस्था आफैं राष्ट्रियस्तरको साहित्यिक-वाङ्मयिक संस्था भएको हुनाले यसको राष्ट्रियस्तरका, असङ्ख्य स्रष्टाहरुसँग निकट सम्बन्ध रहेको छ । नाम उल्लेख गरेर साध्य नै छैन । उदाहरणको लागि मदनमणि दीक्षित, ईश्वर बराल, दौलत विक्रम विष्ट, ध.च. गोतामे, श्यामप्रसाद, तारानाथ शर्मा, चूडामणि बन्धु, गोविन्द भट्ट, आनन्ददेव भट्ट, रमेश विकल, बालकृष्ण पोखरेल, सुन्दर झा शास्त्री, राजेन्द्र सुवेदी, कृष्णप्रसाद पराजुली, घटराज भट्टराई, भीम विराग, प्रेमविनोद नन्दन आदि ।

४) देवकोटा स्मृति सभाले आयोजना गरेको कार्यक्रममा मन, वचन र कर्मले अविस्मरणीय सहयोग गर्ने व्यक्तिलाई सम्झनु पर्दा क-कसलाई सम्झनुहुन्छ ?

⇒ प्रा. राजेन्द्र सुवेदी, पुरुषोत्तम पौडेल आदि ।

५) देवकोटा स्मृतिसभाको साहित्यिक गतिविधिबाट प्रेरित भई बनेका साहित्यिक स्रष्टाहरू को-को हुन् ?

⇒ अमर त्यागी, अच्युत खनाल, राम पराजुली, जुनु छेत्री, राम खनाल, पृथ्वीराज पाण्डे, रामप्रसाद अधिकारी आदि ।

६) देवकोटा स्मृति सभाले आयोजना गरेको अविस्मरणीय कार्यक्रमहरू कुन कुन हुन् ?

⇒ मदनमणि दीक्षित, तारानाथ शर्मा, श्यामप्रसाद, भीम विराग, प्रेमविनोद नन्दन, केशवप्रसाद उपाध्याय आदिका विभिन्न मितिमा गरिएका रथयात्रा-अभिनन्दन, महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रहको प्रकाशन आदि ।

७) यस संस्थाको नाम देवकोटा स्मृति सभा नै राख्नुको कारण के होला ?

⇒ यो संस्था कलैयाको देवकोटा चोकमा महाकवि देवकोटाको प्रतिमा स्थापना गरेको लगत्तै उनकै नाउँमा स्थापित भएको हो । देवकोटा नेपाली भाषा साहित्यका र सिङ्गो नेपाल राष्ट्रका नै पनि सर्वोच्च प्रतिमा भएकाले पनि उनकै नाउँमा यस संस्थाको नाउँ राखिएको हो ।

८) नेपालको लोकतान्त्रिक आन्दोलनमा यस संस्थाको कस्तो भूमिका रह्यो ?

⇒ देवकोटा स्मृतिसभा राजनैतिक क्रियाकलापसित पटक्कै सरोकार नभएको विशुद्ध साहित्यिक संस्था भएको हुनाले कुनै पनि राजनैतिक आन्दोलनमा यसको कुनै संलग्नता रहेन ।

९) २०६३ सालको तराई आन्दोलनले बाराको नेपाली साहित्य र यस संस्थाको गतिविधिमाथि कस्तो प्रभाव पारेको ठान्नुहुन्छ ?

⇒ सम्पूर्ण रुपमा ध्वस्त भएको ठान्दछु ।

१०) वि.सं. २०६४ यता देवकोटा स्मृति सभाले कुनै पनि साहित्यिक कार्यक्रम, गतिविधि र नवीकरण समेत गरेको छैन ? यस बारे के भन्नुहुन्छ ?

⇒ २०६३ माघ १३ गते शनिबारका दिन स्थानीय देवकोटा चोकमा रहेको महाकविको प्रतिमा ध्वस्त पारिएपछि त्यसबाट दुःखित भएर लगत्तै देवकोटा स्मृति सभाको प्रमुख पदाधिकारीहरुले कलैया, बाराको भूमिलाई नै सदाको निम्ति परित्याग गरी काठमाडौंतिर बसाइँ सरेका हुँदा यस्तो भएको हो र परिस्थितिगत दृष्टिले यो नितान्त स्वाभाविक कुरा हो ।

११) देवकोटा स्मृति सभालाई पुनः सञ्चालन सक्रिय एवं पुनर्जिवन दिन स्थानीय साहित्यि स्रष्टा, साहित्यानुरागी, प्रशासन र नागरिक समाजबाट कस्तो अपेक्षा गर्नुभएको छ ?

⇒ कलैयामा बसोबास गरिरहेका साहित्यकार र साहित्यप्रेमीहरुको र अरु सबै पक्षको पनि सत्प्रयासमा देवकोटा चोकमा महाकविको प्रतिमाको पुनर्स्थापना होस्, साथै देवकोटा स्मृति सभाले समेत पुनर्जीवन र प्रतिष्ठा पाओस् भन्ने कामना गर्दछु ।

१२) देवकोटा स्मृति सभाले गरेका कामप्रति तपाईंको कुनै गुनासो छ ?

⇒ यस संस्थाले स्थापनाकालदेखि २०६३ सालसम्म सञ्चालन गरेका कुनै पनि कामप्रति विल्कुलै गुनासो छैन बरु अपार गौरव छ । गर्व गर्ने ठाउँमा के को गुनासो गर्ने ?

१३) यस्तो साहित्यिक, सामाजिक संस्थालाईं कसरी जीवन्त राख्न कसले कस्तो भूमिका निर्वाह गर्नुपर्छ ?

⇒ देवकोटा स्मृति सभाका २०६३ सम्मका पदाधिकारीहरुले जस्तै समर्पित भएर अबका पदाधिकारीहरु पनि लाग्नुपर्छ र स्थानीय सबै पक्षको मन जितेर यसको गुमेको गरिमा र प्रतिष्ठाको पुनर्स्थापना गर्नुपर्छ ।

१४) देवकोटा स्मृति सभाबाट सम्मानित, अभिनन्दित प्रमुख स्रष्टाहरू को को हुन् ?

⇒ यसको उत्तर माथि नै परिसकेको छ ।

१५) देवकोटा स्मृति सभाको स्थापना, सञ्चालन र कार्यक्रममा तपाईको दुःख वा सुखको अविस्मरणीय क्षणलाई कसरी सम्झनुहुन्छ ?

⇒ यस सन्दर्भमा मैले दुःख र पीडाका क्षणहरुसित नै बढी सामना गर्नुपर्‍यो तर पनि पटक्कै निराश नभई यथावत् सक्रिय रहेर सफलता प्राप्त गरेको हुँदा कठोर सङ्घर्ष र ती दुःख-कष्टका क्षणहरुलाई आज सम्झँदा ती मेरो जीवनकै अविस्मरणीय र स्वर्णीम अध्याय हुन् भन्ने गर्व र आनन्दको अनुभूति हुन्छ । देवकोटाको प्रतिमा ध्वस्त पारिएको खबर पाउँदाको क्षण चाहिँ उसै गरी कहिल्यै नपुरिने हृदयको घाउका रुपमा रहेको छ मेरो निम्ति ।

हस्ताक्षर :

नाम थर : निर्मोही व्यास

पद : पूर्व अध्यक्ष (देवकोटा स्मृति सभा, कलैया)

मिति : २०७०।६।१

# परिशिष्ट - तीन

## व्यक्तिवृत्त - क

**देवकोटा स्मृति सभाको स्थापना, विकास र विस्तारमा अहम् भूमिका खेली राष्ट्रियस्तरमा नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान दिनुभएका प्रा.डा. केशवप्रसाद उपाध्याय घिमिरेको व्यक्तिगत विवरण अध्ययनका लागि समावेश गरिएको छ :**

बोलाउने नाम : डा. केशवप्रसाद उपाध्याय
जन्मको नाम : घनराज
थर : घिमिरे
जन्मस्थान : मकवानपुर गढी, चण्डिनी
निवासस्थान : पहिले :कलैया, भवानीपुर-४, बारा
हाल : केशवाश्रम, ९२ अलौकिक मार्ग, सरस्वतीनगर, चावहिल, काठमाडौं-६, फोन- ४८२२३८३
जन्ममिति : २ जनवरी १९३३ (सं. १९९० पौष-पूर्णिमा, १७ गते)
जन्मवार : रवि
जन्मराशि : मिथुन
जन्मलग्न : मेष
पिताको नाम : तीर्थराज उपाध्याय
माताको नाम : प्रेमकुमारी
पत्नीको नाम : गोमादेवी
विवाह मिति : सं. २००७ माघ २० गते
सन्तान : तीन- छोरी : प्रतिमा,
छोरा : प्रणय, सञ्जयकुमार
अक्षरारम्भ : चार वर्ष पुगेपछि
शैक्षिक योग्यता : इ. १९४८ मा प्रथमा (द्वितीय श्रेणी)
इ. १९५१ मा मध्यमा (प्रथम श्रेणी)
इ. १९५४ मा साहित्य शास्त्री (द्वितीय श्रेणी)
इ. १९५८ मा साहित्याचार्य (द्वितीय श्रेणी- प्राइभेट)
सं. २०१६ मा एस.एल.सी. (प्रथम श्रेणी- प्राइभेट)
सं. २०२४ मा नेपालीमा एम.ए. (प्रथम श्रेणी- प्राइभेट)
सं. २०४३ मा विद्यावारिधि (पी.एच.डी.)
तालिम : प्रारम्भिक शिक्षण प्रवीण, सं. २०१२
स्काउट : कोमल पद
पेशा : शिक्षण
सेवा :

*(क) शैक्षिक सेवा*

- प्राथमिक संस्कृत पाठशाला, मकवानपुर, प्रधानाध्यापक, सं. २०११
- प्राथमिक पाठशाला, पकडी, कपिलवस्तु, प्रधानाध्यापक, सं. २०१२
- जनता मिडिल स्कुल, बुढगाईं, बारा, सहायक शिक्षक, सं. २०१२-२०१५
- प्राथमिक पाठशाला, बलुवा, सरुअट्ठा, रौतहट, प्रधानाध्यापक, सं. २०१५-२०१६
- प्राथमिक पाठशाला, ब्रह्मपुरी, बारा, प्रधानाध्यापक, सं. २०१६-२०१७
- श्री ३ चन्द्र मा.वि. कलैया, बारा, स. शिक्षक, सं. २०१७-२०१८
- श्री महेन्द्र विन्देश्वरी क्याम्पस, राजविराज, उपप्राध्यापक, सं. २०१८-२०३४
- श्री ठाकुरराम क्याम्पस, वीरगंज, प्राध्यापक, सं. २०३४-२०४९
- श्री रामराजा (मोहन विक्रम शाह) क्याम्पस कलैया, बारा, सं. २०४८-२०४९
- श्री पद्मकन्या क्याम्पस, बागबजार, काठमाडौं, प्राध्यापक, सं. २०४९-२०५३
- श्री रत्नराज्य बहुमुखी क्याम्पस, सं. २०५३
- श्री त्रि चन्द्र बहुमुखी क्याम्पस, सं. २०५३

*(ख) सामाजिक सेवा*

१. भवानीपुर - कलैयामा सं. २०१३ मा जनसुधार नामक पुस्तकालयको स्थापना गरी सचिवका रूपमा सेवा गरेको ।
२. केसो अनिरुद्धवती बालिका विद्यालय, राजविराजको सहयोग समितिको सदस्यका रूपमा सेवा गरेको, सं. २०२९ ।
३. विश्वशान्ति समिति तथा नेपाल सोभियत मैत्री संघ राजविराजको सदस्यका रूपमा सेवा गरेको, सं. २०२९ ।
४. नेपाल बाल संगठन सप्तरी जिल्ला कार्य समितिको सदस्यको रूपमा सेवा गरेको, सं. २०२९ ।
५. रामराजा (मोहन विक्रम शाह) क्याम्पस, कलैयाको स्थापना गर्ने तदर्थ समितिको सदस्य भएर सेवा गरेको, सं. २०३७ ।
६. नेपाल अन्धा कल्याण संघ, समुदायमा आधारित पुनःस्थापना, परियोजना, कलैयाको सदस्य भएर सेवा गरेको, सं. २०४५-२०४९ ।

*(ग) रङ्गकर्म सम्बन्धी सेवा*

१. सं. २०१० मा सरस्वती पूजाका अवसरमा आफूले पढ्दै गरेको सिद्धेश्वर संस्कृत विद्यालयमा दाजु-भाइको प्रेम र स्वावलम्बन विषयको एक कथाको संस्कृतमा नाट्य रूपान्तर गरी आफ्नै निर्देशनमा आफै पनि एक पात्र भएर मञ्चन कार्य गरेको ।
२. सं. २०१० मा आफ्नो गाउँ (कलैया, भवानीपुर) मा आफ्नै बूढो मावलीको घरको सडक तर्फको ओसारामा मञ्च बनाएर प्रेमचन्द्रको एक हास्यकथाको नेपालीमा नाट्य रूपान्तर गरी फागुका अवसरमा आफैले पनि अभिनय गरेर देखाएको ।
३. सं. २०३१ मा आफ्नै गाउँमा दशैंका अवसरमा केटाहरूलाई केटी बनाएर सडकमा नै 'ससुराली' को प्रदर्शन गरेको ।

४. सं. २०१४ मा जनता मिडिल स्कुल, बुढगाईं, बारामा सरस्वती पूजाका अवसरमा प्रधानाध्यापक माधव गौतमका निर्देशनमा भोजपुरी भाषाको 'तनि तनि तनि जाड़ लागे रे धनियाँ आगि सुल्गा दे' भन्ने लोकगीतको एकल अभिनय प्रस्तुत गरेको ।

५. सं. २०१५ मा कलैयामा 'भक्त भानुभक्त' नाटकको मञ्चनमा सहयोग गर्नाका साथै शशिनाथको भूमिका खेलेको ।

६. सं. २०२० मा राजविराजमा 'अमर सिंह' को हिन्दीमा रूपान्तरण गरी महेन्द्र विन्देश्वरी क्याम्पसमा मञ्चन गराएको र त्यसमा शान्तिदूतको अभिनय गरेको ।

*(घ) साहित्यिक सेवा*

१. सं. २०१८ देखि सं. २०३४ सम्म राजविराजमा समय-समयमा साहित्यिक कार्यक्रमको सञ्चालन गरेको र त्यहाँ शनिवार-शनिवार 'साहित्यिक सन्ध्या' को आयोजनाको श्रीगणेश गरेको ।

२. सं. २०३५-२०४६ सम्म नेपाली विभागका तत्त्वावधानमा ठाकुरराम क्याम्पस, वीरगंजमा साहित्यिक कार्यक्रमको सञ्चालन गर्ने गरेको ।

३. सं. २०४४ मा कलैयामा बारा साहित्य परिषद्को स्थापना गराएको र त्यसको सल्लाहकार भएको ।

४. सं. २०४६ मा कलैयामा आफ्नो संयोजकत्वमा 'महाकवि देवकोटा प्रतिमा स्थापना समिति' को गठन गरी सं. २०४८ मा महाकविका प्रतिमाको स्थापना गराएको ।

५. सं. २०४४ मा वीरगंजमा नारायणी वाङ्मय प्रतिष्ठानको स्थापनामा सहयोगीको भूमिका खेलेको र त्यसको कार्यकारिणीको सदस्य रहेको र सं. २०४६ मा त्यस प्रतिष्ठानको अध्यक्ष भएर एक वर्ष सेवा गरेको ।

६. सं. २०४५ मा शिक्षा तथा संस्कृति मन्त्रालयद्वारा 'राष्ट्रिय पुस्तक विकास समिति' को सदस्य मनोनीत भएको ।

७. सं. २०४८ मा कलैयामा 'देवकोटा स्मृति-सभा' को स्थापना गरेको र सं. २०५२ सम्म त्यसको अध्यक्षका रूपमा कार्य सञ्चालन गरेको अनि सं. २०५२ देखि त्यसको प्रमुख संरक्षक रहेको ।

८. सं. २०४९ देखि गुणराज स्मारक गुठीको सदस्यका रूपमा कार्यरत रहेको ।

९. सं. २०५६ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको प्रज्ञा-परिषद्को सदस्य भएको ।

१०. सं. २०५७ देखि नेपाल बाल-साहित्य समाजको आजीवन सदस्य ।

*(ङ) कार्यपत्र प्रस्तुति*

१. प्रथम अनिवार्य नेपाली अभिमुखीकरण गोष्ठीमा नेपाली नाट्यशिक्षणबारे ।

२. सं. २०५३ मा रत्नराज्य क्याम्पसमा स्नातकोत्तर कक्षामा नाट्यशिक्षणबारे ।

३. बालसाहित्य समाजले भरतपुर चितवनमा आयोजित गरेको बालसाहित्य सम्मेलनमा बालसाहित्यबारे ।

४. सं. २०५६ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा विभिन्न रङ्गसंस्थाहरूसँग मिलेर गरिएको गोष्ठीमा रङ्गकर्मीहरूसँग मिलेर तयार पारिएको नेपाली रङ्गकर्मको आगत र अनागतबारे ।

५. सं. २०५८ मा स्नातकोत्तर नेपाली विभाग, नर्थ बङ्गाल युनिभर्सिटीले नेपाली समालोचनाको शताब्दीका अवसरमा आयोजित गरेको गोष्ठीमा नेपाली समालोचनाको ऐतिहासिक विकासक्रमबारे ।

*(च) व्याख्यान प्रस्तुति*

१. सं. २०४० मा देवघाटमा गुणराज स्मारक व्याख्यानमालाअन्तर्गत महाकवि गुणराजको महाकाव्यात्मक योगदानका विषयमा ।

२. सं. २०५० मा झपट पुरस्कार समारोहका अवसरमा नाट्य मातृकाका विषयमा ।

३. सं. २०५७ मा रूद्रराज पुरस्कार समारोहमा सरदार रूद्रराज पाण्डेको योगदानका विषयमा ।

४. सं. २०५९ मा सम शतवार्षिकीका अवसरमा ने.रा.प्र.प्र. र देवकोटा स्मृति-सभाको संयुक्त आयोजनामा कलैयामा भएको समारोहमा समको प्रयोगशील कवित्वका विषयमा ।

विशेष उपाधि : विद्यावारिधि
पाएको पद : प्राध्यापक
पाएको पदक : महेन्द्र विद्याभूषण (क, ख)

*पाएको पुरस्कार*

१. त्रि.वि. शिक्षा दिवस पुरस्कार, सं. २०३३
२. सैन्यध्वज नन्दकुमारी विद्वत्वृत्ति पुरस्कार, सं. २०४४
३. झपट पुरस्कार, सं. २०५०
४. मदन पुरस्कार, सं. २०५५
५. रुद्रराज पुरस्कार, सं. २०५७
६ भारती खरेल पुरस्कार,.
७. महाकवि देवकोटा पुरस्कार (नेपाली वाङ्मय प्रतिष्ठान), सं. २०६३
८. डवली पुरस्कार, सं. २०६५
९. भीमनिधि तिवारी साहित्य पुरस्कार, सं. २०६६
१०. महाकवि देवकोटा पुरस्कार, सं. २०६८, संस्कृति मन्त्रालय, नेपाल सरकार

*पाएको सम्मानपत्र*

१. दीर्घ शैक्षिक सेवाका निमित्त सं. २०४४ मा नेपाल प्राध्यापक संघ एकाइ समिति, ठाकुरराम ब. क्याम्पस, वीरगंजबाट र सं. २०४९ मा नेपाल प्राध्यापक संघ एकाइ समिति, पद्मकन्या क्याम्पसबाट सम्मानपत्र पाएको ।

२. सं. २०५० मा षष्ठीपूर्तिका अवसरमा मकवानपुरमा जन्मेको प्रतिभाका नाताले हेटौंडा नगरपालिकाद्वारा हेटौंडामा सम्मानित ।
३. सं. २०५३ मा झरना साहित्यिक परिवार तथा हाम्रो सृजनशील समाजद्वारा संयुक्त रूपमा छतिवन गाविस ( मकवानपुर) मा सम्मानित-अभिनन्दित भएको ।
४. सं. २०५३ चैत्रमा बूढानीलकण्ठ मा.वि.द्वारा सम्मानित-अभिनन्दित भएको ।
५. सं. २०५६ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सदस्य भएकोमा देवकोटा स्मृति-सभा, कलैयाद्वारा सम्मानित ।
६. स. २०५७ मा निजगढ साहित्य परिषद् बाराद्वारा रथयात्रासहित अभिनन्दित ।
७. सं. २०६० मा सप्ततिपूर्तिका अवसरमा देवकोटा स्मृति-सभा, कलैया बाराद्वारा रथयात्रासहित अभिनन्दित ।
८. सं. २०६१ मा बालकृष्ण सम फाउण्डेशनद्वारा बालकृष्ण सम सम्मान ।
९. सं. २०६२ मा ब्रुकफिल्ड इन्टरनेशनल कलेजद्वारा सम्मानित ।
१०. सं. २०६६ मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकीका अवसरमा महाकवि देवकोटा शताब्दी सम्मान ।
११. सं. २०६६ मा मार्भलस इङ्गलिस बोर्डिङ्ग स्कुलद्वारा सम्मानित ।
१२. सं. २०६८ मा साहित्य सन्ध्याको स्थापनामा पुऱ्याएको योगदानको कदर स्वरूप साहित्य सन्ध्या सम्मान ।

***आफूले स्थापित गरेका पुरस्कार***

१. सबभन्दा बढी अङ्क ल्याएर नेपाली विषयमा स्नातकोत्तर उत्तीर्ण गर्ने पद्मकन्या क्याम्पस (बागबजार, काठमाडौं) की कुनै एक छात्राले प्रतिवर्ष पाउने गरी आफ्ना पितामह-पितामहीका स्मृतिमा २०५२ मा प्रेमचन्द्र-देवकुमारी स्मृति पुरस्कारको स्थापना गरेको ।
२. कलैया, बाराका कुनै एक छात्र वा छात्राले पाउने गरी आफ्ना पितामाताका स्मृतिमा सं. २०५२ मा तीर्थराज-प्रेमकुमारी पुरस्कार स्थापना गरी सञ्चालनको अभिभारा देवकोटा स्मृति-सभा (कलैया) लाई दिएको ।

***हालसम्म प्रकाशित पुस्तक***

१. हिन्दी नेपाली शिक्षक, रत्नपुस्तक भण्डार, काठमाडौं, सं. २०१९ ।
२. साहित्य प्रकाश, साझा प्रकाशन, काठमाडौं, सं. २०३० ।
३. रिमाल : व्यक्ति र कृति, साझा प्रकाशन, काठमाडौं, सं. २०३२ ।
४. प्राथमिक कालीन कवि र काव्यप्रवृत्ति, साझा प्रकाशन, काठमाडौं, सं. २०३२ ।
५. केही रचना केही विवेचना, रत्नपुस्तक भण्डार, काठमाडौं, सं. २०३२ ।
६. तरुण-तपसीको पुनर्मूल्याङ्कन, भानु प्रकाशन, काठमाडौं, सं. २०३४ ।
७. पूर्वीय साहित्य सिद्धान्त, त्रि.वि.पा.वि.केन्द्र, काठमाडौं, सं. २०३६ ।
८. बालकृष्ण समको दुःखान्त नाट्य चेतना (विद्यावारिधि शोध प्रबन्ध), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, सं. २०४५ ।
९. नाटक र रङ्गमञ्च, रुमु प्रकाशन, सं. २०५२ ।
१०. बकैंयाका तीरमा तीन मूर्ति, स्वयं, काठमाडौं, सं. २०५२ ।
११. पाश्चात्य दुःखान्त नाटकको सृजन परम्परा, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, सं. २०५५ ।
१२. प्रशान्ति निलयम्मा तीन दिन (संस्मरण), श्री शिक्षा सदन, सं. २०५२ ।
१३. नाटकको अध्ययन, साझा प्रकाशन, सं. २०५६ ।
१४. मन्थन, साझा प्रकाशन, सं. २०५९ ।
१५. नेपाली नाटक तथा रङ्गमञ्च : उद्भव र विकास, विद्यार्थी पुस्तक भण्डार, सं. २०५९ ।
१६. दुःखान्त नाट्य चिन्तन, वाणी प्रकाशन, सं. २०६० ।
१७. मेरो सृष्टि : मेरो दृष्टि, गोमादेवी उपाध्याय, सं. २०६० ।
१८. नेपाली नाटक र नाटककार, साझा प्रकाशन, सं. २०६१ ।
१९. नेपाली एकाङ्की र एकाङ्कीकार (एकाङ्कीको विश्लेषणात्मक इतिहास), साझा प्रकाशन, सं. २०६७ ।

***सम्पादित पुस्तक***

१. तीन कविका तीन काव्य, साझा प्रकाशन, सं. २०५६ ।
२. समका तीन नाटक, साझा प्रकाशन, सं. २०५९ ।

***सहसम्पादित पुस्तक***

१. एकाङ्की संग्रह भाग १, २, ३, साझा प्रकाशन, सं. २०४७ ।
२. समका एकाङ्की, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, सं. २०५९ ।

***डा. उपाध्यायका विचार उनकै शब्दमा***

म मूलतः शिक्षा र साहित्यका क्षेत्रसित सम्बन्धित छु । मेरो विचारमा शिक्षा मानव जीवनको आधारभूत आवश्यकता हो र यसले मान्छेलाई ज्ञान र सीप सिकाएर आत्मनिर्भर तुल्याउन सक्नुपर्छ भने देशभक्त, चरित्रवान् र अनुशासित, दक्ष नागरिक तयार पार्ने लक्ष्य लिनुपर्छ ।

मेरो विचारमा साहित्य मान्छेमा अन्तर्निहित सृजन र चिन्तनको अभिवृत्तिको प्रकाशन हो र यसले सत्य, शिव एवं सुन्दरको भावनाले भरिएको अभिव्यक्तिद्वारा मानवीय मनको संस्कार गर्नुपर्छ। । साहित्यले प्रतिगामी र यथास्थितिवादी विचारको नभएर अग्रगामी विचारको सम्प्रेषणद्वारा मानवतावादी मूल्यको संस्मरण गर्ने भाव कलात्मक रूपमा व्यक्त गर्नुपर्छ ।

## व्यक्तिवृत्त-ख

**देवकोटा स्मृति सभाको स्थापना, विकास र विस्तारमा अहम् भूमिका खेली राष्ट्रियस्तरमा नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान दिनुभएका सहप्रा.डा. निर्मोही व्यासको व्यक्तिगत विवरण अध्ययनका लागि समावेश गरिएको छ :**

१. साहित्यिक नाम : निर्मोही व्यास

२. औपचारिक नाम : वेदव्यास उपाध्याय न्यौपाने

३. जन्म मिति : वि.सं. २००९ साल भदौ ४ गते (इ.स. १९५२) अगस्त १९)

४ जन्मस्थान : कलैया नगरपालिका, वडा नं. २, भवानीपुर, जिल्ला– बारा

५. पिता-माताको नाम : स्व. नरनाथ उपाध्याय न्यौपाने/श्रीमती भगवतीदेवी न्यौपाने

६. शिक्षा : नेपाली विषयमा एम.ए.,पीएच.डी., (त्रिभुवन विश्वविद्यालय)

७. व्यवसाय : प्राध्यापन

८. पद : सहप्राध्यापक

९ कार्यरत संस्था : त्रि.वि., अनुसन्धान महाशाखा, कीर्तिपुर, काठमाडौँ

१०. पूर्व सेवाविवरण : - अध्यापन :

१. जनता हाई स्कूल, उमजन, बारा

२. जय किसान हाई इङ्लिस स्कूल, धरहरी बजार, रौतहट

३. रामचरित्र हाई स्कूल, चिउँटाहा, बारा

४. सिद्धेश्वर संस्कृत माध्यमिक विद्यालय, कलैया भवानीपुर, बारा

५. दुर्गा माध्यमिक विद्यालय, कलैया, बरेवा, बारा

(बारा र रौतहट जिल्लाका उपर्युक्त पाँचवटा माध्यमिक विद्यालयहरूमा (०२९/५/१ देखि २०४३/८/२५सम्म गरी जम्मा १४ वर्ष ३ महिना २५ दिन ।)

**प्राध्यापन :**

क) रामराजा मो. वि. शाह बहुमुखी (प्राइभेट क्याम्पस), कलैया, बारा (२०३८/९/१० देखि २०५२/२/३० सम्म) ।

ख) त्रि.वि.सेवामा प्रवेश : मिति २०४३ । ८ । २६ मा (ठाकुरराम बहुमुखी क्याम्पस, वीरगन्ज),

ग) त्रि.वि.हालसम्मको अटुट सेवा अवधि : सत्ताईस वर्ष

घ) यसबीच ललित कला क्याम्पस, भोटाहिटी, काठमाडौँ मा समेत केही समय प्राध्यापन गरेको

ङ) विभिन्न विद्यालय र महाविद्यालयमा समेत गरी हालसम्मको जम्मा शिक्षण सेवा अवधि : एकचालिस वर्ष चार महिना ।

११. स्थायी ठेगाना : गा.वि.स. इमाडोल, वडा न.२, जिल्ला– ललितपुर

१२. सम्पर्क सूत्र : मो.नं. :– ९८४१८२५०६९, आवास :– ०१-५२००४८०

इमेल :–vyas2066@gmail.com/vyasnirmohi@gmail.com

१३. सृजन आरम्भ : वि.सं. २०१७ सालमा कविता-रचनाबाट ।

**१४. साहित्य सृजनाको प्रेरणा-स्रोत :** प्रत्यक्ष स्रोत कोही पनि होइन, अप्रत्यक्ष स्रोत चाहिँ घरपरिवारको काव्यात्मक र साङ्गीतिक वातावरण, स्थानीय प्रकृति, विद्यलयीय शिक्षाका संस्कृत र नेपालीका पाठ्यपुस्तक र गुरुहरूका पठनपाठन शैली आदि सबै ।

**१५. प्रथम प्रकाशित रचना :** 'सम्झना' नियात्रा, सगरमाथा, नेपाली छात्रसङ्घ पञ्चपुरी हरिद्वार (भारत) को मुखपत्र, इ. १९७० अप्रिल ।

**१६. प्रकाशित पुस्तकहरू :**

**(कविता-काव्य)**

(क) बेहुली अन्माएको घर (कविता-सङ्ग्रह), कलैया : श्रीमती कल्पना, २०३३ ।

(ख) सरिता (काव्य), कलैया : साहित्य समिति बारा, २०३६ ।

(ग) बोधिवृक्षको छायामा (कवितासङ्ग्रह), काठमाडौँ : गेहनाथ ढुङ्गाना/श्रीमती शीला ढुङ्गाना, २०६९ ।

**(आख्यान)**

(क) एलबमका पानाहरू (उपन्यास), काठमाडौँ : साझा प्रकाशन, २०४३ ।

(ख) स्वयम्भूका आँखाहरू (कथा-सङ्ग्रह), काठमाडौँ : शृङ्खला प्रकाशन, २०४७ ।

**(यात्रासाहित्य)**

(क) नौ पाइला (नियात्रा-सङ्ग्रह), काठमाडौँ : नेपाल राजकीयप्रज्ञा प्रतिष्ठान, २०४६ ।

(ख) ठोरीको एलबम (नियात्रा-सङ्ग्रह), कलैया : सुनील अधिकारी, २०४८ ।

(ग) झलझली आँखामा (नियात्रा-सङ्ग्रह), काठमाडौँ : साझा प्रकाशन, २०५१ ।

(घ) सेरोफेरो सबै मेरो (नियात्रा-सङ्ग्रह), वीरगन्ज : प्रतीक प्रकाशन, २०६१ ।

**(संस्मरण)**

(क) सम्भवामि युगे युगे (संस्मरण-सङ्ग्रह), वीरगन्ज : प्रतीक प्रकाशन, २०५३ ।

(ख) साँचेको सम्झना (संस्मरण-सङ्ग्रह), काठमाडौँ : साझा प्रकाशन, २०६८ ।

साथै विभिन्न पत्रपत्रिकामा लेख, समालोचना, कविता, गीत, कथा, निबन्ध, संस्मरण र नियात्रा गरी थुप्रै फुटकर रचनाहरूको प्रकाशन ।

**प्रकाशोन्मुख कृति**

(क) याात्रासाहित्य : सैद्धान्तिक विवेचन (सैद्धान्तिक समालोचना) (प्रेसमा)

(ख) चलचित्रहरूमा म (संस्मरण तथा नियात्रासङ्ग्रह)

**१७. सम्पादन :**

क) प्रधानसम्पादक, भारती, सिद्धेश्वर संस्कृत माध्यमिक विद्यालय, कलैया, बाराको मुखपत्र, वर्ष-१, अङ्क-१, २०३६ साउन ।

ख)  सम्पादक, प्रतिनिधि, साहित्यिक सङ्कलन, पूर्णाङ्क १ देखि ४ सम्म (२०३६-२०३७), साहित्य समिति बारा, कलैया, बारा ।

ग)  संयुक्त सम्पादन, महाकवि देवकोटा स्मारक व्याख्यानमाला, कलैया : देवकोटा स्मृतिसभा, २०५९ ।

**१८. पुरस्कार/ सम्मान :**

(क) देवकोटा स्मृति-पुरस्कार (२०३५)

(ख) उत्तम पुरस्कार (२०४६)

(ग) केवलपुरे साहित्य प्रतिभा पुरस्कार (२०५३)

(घ) यती फाइनान्स पुरस्कार (२०६२)

(ङ) बारा उद्योग वाणिज्य सङ्घ साहित्यिक व्यक्तित्व पुरस्कार (२०६३)

(च) नेपाल विद्याभूषण पदक 'क' श्रेणी (२०६८)

(छ) त्रिभुवन विश्वविद्यालय दीर्घ सेवा पदक (२०६९)

(ज) 'प्रतीक' रजत जयन्ती सम्मान (२०६९)

(झ) त्रिमूर्ति पुरस्कार (२०६९)

(ञ) सैनध्वज नन्दकुमारी विद्वत्पुरस्कार (२०६९)

त्यस्तै अन्य विभिन्न साहित्यिक एवं सामाजिक संस्थाहरूबाट सम्मानित तथा त्रि.वि.अन्तर्गत नेपाली केन्द्रीय विभागका साथै विभिन्न क्याम्पसका स्नातकोत्तर तहका अनेक शोधार्थीहरूबाट निर्मोही व्यासको जीवनी, व्यक्तित्व र कृतित्व विषयक एवं विधापरक र कृतिपरक शोधकार्य सम्पन्न । साथै त्रि.वि.द्वारा स्नातक तहको पाठ्यक्रम नियात्रारचना समाविष्ट ।

**१९. संस्थागत संलग्नताः**

(क) संस्थापक सचिव, साहित्य समिति बारा, कलैया, २०३६ ।

(ख) संस्थापक सचिव, बारा साहित्य परिषद्, कलैया, २०४४ ।

(ग) सचिव, महाकवि देवकोटा प्रतिमा-स्थापना समिति, कलैया बारा, २०४६ । ३ । ४ देखि २०४८ । ७ । २५ सम्म ।


(घ) अध्यक्ष, देवकोटा स्मृति सभा कलैयामा सभाको स्थापनाकाल २०४८ । ८ । २८ देखि क्रमशः कार्यकारिणी समितिको सदस्य, सचिव, महासचिव हुँदै अध्यक्ष पदमा २०५३-२०५४ तथा २०५७–२०७० जेठ.... गतेसम्म रही सेवा गरेको ।

**२० रुचि :** अध्ययन, सृजन, भ्रमण र गायन ।

**२१. भ्रमण :** नेपालको मेचीदेखि महाकालीसम्मका ५१ जिल्लाका विविध भाग र भारतका विभिन्न प्रान्त ।


# परिशिष्ट - चार

## बारा जिल्लाको नक्सा



# परिशिष्ट - पाँच

## देवकोटा स्मृति सभाको प्रथम साधारण सभाको प्रतिलिपि



साधारण-सभा

आज मिति २०४८ मार्ग २८ गते श्री इन्चन्द्र मा.वि. कलैयामा महाकवि देवकोटा प्रतिमा स्थापना समितिका संयोजक डा० केशव उपाध्यायका आह्वानमा निजकै सभापतित्वमा समितिका सदस्य र महाकविका प्रतिमास्थलको निर्माणकालदेखि उनका प्रतिमाको स्थापना तथा त्यसको अनावरण समारोहसम्मका चरणहरुमा विभिन्न रूपले सहयोग गर्ने लेखक एवं देवकोटाप्रेमी साहित्यानुरागीहरुको एक महत्त्वपूर्ण सभा संपन्न भयो। यो सभामा निम्नलिखित विषयहरुमा निम्नलिखित निर्णय लियो।

उपस्थिती

| क्र.सं. नाम | हस्ताक्षर |
|---|---|
| १. मुकुन्द आचार्य | मुकुन्द |
| २. निर्मोही व्यास | निर्मोही व्यास |
| ३. अच्युत खनाल | अच्युत खनाल |
| ४. ललित कुमार नेपाल | |
| ५. हृषिकेश लोहनी | |
| ६. बाबु नन्द साहु | |
| ७. दुर्गालाल प्रधान | |
| ८. विवेकानन्द | |
| ९. अमर श्रेष्ठ | |
| १०. निर्मल कुमार अर्याल | |
| ११. वैकुण्ठ सिग्देल | सिग्देल |
| १२ पृथ्वीराज पाण्डे | |
| १३. नारायण थापा | |
| १४ भाईराजा शाह | |
| १५ कुलप्रसाद पौड्याल | |
| १६ अन्जु घिमिरे | |

१७ उमा अर्याल — उमा अर्याल

१८. नरेन्द्र लाल श्रेष्ठ —

१९. कमोद कुमार उपाध्याय

२०. डा. केशव उपाध्याय — केशव उपाध्याय

२१ पुजा घीमीरे — पुजा घिमीरे

२२ उज्वल भै मैरे — उज्वल भै मैरे

२३ सुजित कुमार अर्याल

[redacted]

प्रस्ताव र निर्णय

१. महाकविका प्रतिमाको स्थापना कार्य र अनावरण समारोह – समेत श्री २०४८ कार्तिक ४५ गते सम्पन्न भइसकेकाले म. दे. प्र. स्था. स. को कार्यकारिणीले सल्लाहकार डा० चूडामणि बन्धुको सल्लाहका आधारमा गरेको निर्णयअनुसार म. दे. प्र. स्था. स. को विघटन गरी उक्त समितिले अँगालेको उद्देश्य र लक्ष्य – अनुरूपका भावी कार्यक्रमहरूको सञ्चालनका लागि देवकोटा – स्मृति सभा गठन गर्ने

संयोजकद्वारा प्रस्तुत गरेको र म.दे.प्र.स्मा.स.का सदस्यहरुले विभिन्न व्यक्तिहरुसँग सल्लाह गरी तर्जुमा गरेको विधानको विषयमा छलफल गरी सामान्य संशोधनसहित सो विधान सर्वसम्मतिबाट पारित गरियो। सोको मूल र प्रमाणित प्रति तल लेखिएबमोजिम छ।

प्रतिलिपि

देवकोटा स्मृति सभा
विधान
(सं. २०४८)

प्रस्तावना

मानवीय सभ्यता र संस्कृतिको निर्माण तथा विकासमा भाषा र साहित्यको प्रमुख भूमिका हुन्छ। साहित्यले भाषाका माध्यमबाट जीवन र जगतको चित्र प्रस्तुत गर्दछ। यसले मानिसका मनको संस्कार गरी समाजलाई भावनात्मक एकताको सूत्रमा गाँस्छ र राष्ट्रिय भावनाका साथै मानवीय भावनाको पनि पोषण गर्दछ। यसै कारण प्रत्येक राष्ट्र र समाजले साहित्यलाई अमूल्य सम्पत्ति मानी यसको संरक्षण र सम्वर्द्धन गर्ने गरेको देखिन्छ।

प्राचीन सभ्यता र संस्कृतिको धनी नेपाल अधिराज्यको संवैधानिक मान्यता प्राप्त राष्ट्रभाषा नेपालीको लेख्य साहित्यको इतिहास त्यति पुरानो नभए पनि उपलब्ध प्रमाणको आधारमा भन्दा सो लगभग चार सय वर्षको देखिन्छ। अनुसन्धान गर्दै जाँदा सो इतिहास अझै पुरानो देखिने सम्भावना छ। अहिलेसम्मको अनुसन्धानबाट नेपालीको प्राचीनतम अभिलेख सं. १०३८ को दामुपालको दुल्लुको भूमिलेख हो भन्ने देखिन्छ। जे होस्, यस भाषाले श्री ५ पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरण अभियानभन्दा निकै पूर्वदेखि नै भिन्न भिन्न भाषा

बेलनेहरूका बीच सम्पर्क भाषाको सफल भूमिका खेल्दै नेपाली जनजीवनको चित्रण गरेर राष्ट्रिय एकता र सद्भावको सुदृढीकरणमा महत्वपूर्ण योगदान दिँदै आएको छ। नेपाली भाषा विदेशी मुलुकहरूमा पनि पुगेको छ र यो विश्वका प्रमुख देशका सञ्चार माध्यमहरूले प्रयोग गर्ने अन्तर्राष्ट्रिय मान्यताप्राप्त भाषा हुन पुगेको छ। यसले गर्दा यस भाषाको दायित्व बढेको छ र देशको प्रत्येक क्षेत्रबाट यसका विकासमा सहयोग आवश्यक हुन गएको छ। नेपालमा अनेक थरी राष्ट्रिय भाषा छन्, ती पनि हाम्रा राष्ट्रिय सम्पत्ति हुन्। तसर्थ सम्बन्धित क्षेत्रको राष्ट्रिय भाषाको विकास र उत्थानमा पनि हामीले ध्यान पुर्‍याउनु आवश्यक भइसकेको छ।

यिनै कुराहरूलाई हृदयङ्गम गरी नारायणी अञ्चल अन्तर्गत रहेको बारा जिल्लाको सदरमुकाम कलैयामा नेपाली काव्यजगतका सर्वोच्च प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रतिमा स्थापित गर्ने र उनका महान् व्यक्तित्वलाई माध्यम बनाएर यस जिल्लामा भाषिक, साहित्यिक तथा सांस्कृतिक चेतना जगाई भाषा साहित्यका क्षेत्रमा साको योगदान दिने हेतुले सं. २०४६ साल आषाढ ४ गतेका दिन श्री ३ चन्द्र माध्यमिक विद्यालयमा तत्कालीन प्र.जि.अ. श्री कान्त रेग्मीका सभापतित्वमा भएको स्थानीय साहित्यकार एवं साहित्यानुरागीका भेलामा डा. केशव उपाध्यायका संयोजकत्वमा महाकवि देवकोटा प्रतिमा स्थापना समितिको गठन भएको थियो। पर्सि वर्ष (सं. २०४८) लक्ष्मीपूजाका पवित्र दिनमा महाकविका प्रतिमाको स्थापना कार्य र कार्तिक २५ गते अनावरण समारोह समेत सम्पन्न भइसकेको छ। यस अवस्थामा मिति सं. २०४८ मार्ग २८ गते शनिवारका दिन श्री ३ चन्द्र मा. वि. कलैयामा डा. केशव उपाध्यायको सभापतित्वमा भएको महाकवि देवकोटा प्रतिमा स्थापना समितिका सदस्यहरूका साथै अन्य आमन्त्रित साहित्यानुरागीहरूको सभामा

केस्प

उक्त समितिलाई विघटित गरी त्यसले अंगालेको उद्देश्य (आर्थिक साहित्यिक एवं सांस्कृतिक चेतना जगाई भाषा र साहित्यका क्षेत्रमा योगदान दिने) र भावनालाई साकार पार्दै लानर यसले लिएका सम्पूर्ण दायित्वहरूलाई वहन गर्न देवकोटा स्मृति सभा नाम गरेको विशुद्ध साहित्यिक संस्था खडा गरी यस लाई जिल्ला कार्यालयमा दर्ता समेत गराउने निर्णय भएकाले उक्त प्रयोजनका लागि सर्वसम्मतिका आधारमा साधारण सभाबाट पारित भएको विधान निम्न लिखित रूपमा प्रस्तुत छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

यस संस्थाको संक्षिप्त नाम दे.स्मृ.स. रहेको छ र यसको प्रारम्भ सं. २०४८ देखि भएको हो।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा प्रयुक्त निम्नलिखित पद वा पदावलीको निम्न लिखित अर्थ बुझ्नुपर्दछ।

(क) 'संस्था' भन्नाले देवकोटा स्मृतिसभा भन्ने बुझ्नुपर्दछ,
(ख) 'सभा' भन्नाले देवकोटा स्मृतिसभा भन्ने जान्नुपर्दछ,
(ग) 'का.का.स' भन्नाले कार्यकारिणी समिति भन्ने बुझ्नुपर्दछ,
(घ) 'राष्ट्रियता' भन्नाले नेपालको राष्ट्रियता भन्ने सम्झनुपर्दछ,
(ङ) 'स्थानीय' भन्नाले कलैया नगर पालिकाका साथै बारा जिल्ला भन्ने पनि बुझ्नुपर्दछ,
(च) 'बाह्य' भन्नाले बारा जिल्ला भन्दा बाहिरको भन्ने बुझ्नुपर्दछ,
(छ) 'राष्ट्रभाषा' भन्नाले नेपाली भाषा भन्ने सम्झनु पर्दछ,
(ज) 'जिल्ला' भन्नाले बारा जिल्ला भन्ने जान्नुपर्दछ।

३. संस्थाको छाप

यस संस्थाको 'देवकोटा स्मृति सभा, कलैया बारा सं. २०४८ अङ्कित एक छाप छ र त्यो अण्डाकार छ।

४. संस्थाको कार्यालय

केस्प

३- संविधान अनुसार स्मृति सभा को केन्द्रीय गठनकार्य निम्नलिखित व्यक्तिहरूको समावेश गरी पूरा गरियो।-

(१) डा. केशव उपाध्याय –
(२) श्री विवेकानन्द गौतम –
(३) ,, अमर त्यागी –
(४) ,, निर्मोहि व्यास –
(५) ,, अच्युत रमनाल –
(६) ,, ललित कुमार नेपाल –
(७) ,, ऋषिकेश लोहनी –
✓(८) ,, बाबुनन्द साहु –
(९) ,, सुरेश लामिछाने –
✓(१०) ,, निर्मल कुमार अर्याल –
✓(११) ,, बैकुण्ठ खिउदेल –
✓(१२) ,, पृथ्वी राज पाण्डे –
✓(१३) ,, नारायण थापा –
✓(१४) ,, जाईराजा शाह –
✓(१५) ,, कुलराज पौडेल –
✓(१६) ,, अन्जु घिमिरे –
(१७) ,, उमा अर्याल –
✓(१८) ,, नरेन्द्र लाल श्रेष्ठ –
✓(१९) ,, सुजित कुमार अर्याल –
(२०) ,, कमोद कुमार उपाध्याय –
(२१) ,, मुकुन्द आचार्य –
✓(२२) ,, प्र.अ. श्री ३ चन्द्र मा.वि. कलैया – पदेन
✓(२३) ,, ,, श्री सिद्धेश्वर सं. मा.वि. कलैया – ,,
✓(२४) ,, अध्यक्ष जनहित पुस्तकालय कलैया-७ – ,,
✓(२५) ,, ,, गुराँस क्लब कलैया – ,,
(२६) ,, सुनील अधिकारी –
✓(२७) ,, विनोद तिमल्सिना –

(२८) श्री विष्णु गौतम -
(२९) ,, विन्दा खाहनी - रोवर्ट -
(३०) ,, सुन्दर थापा -
(३१) ,, सुशील पौडेल -

४. उक्त विधान अनुसार दे. स. स. का कार्य कारिणीको गठनकार्य निम्न लिखित व्यक्तिहरुको समावेश गरी पूरा गरियो ।

(१) डा. केशव उपाध्याय - अध्यक्ष,
(२) श्री विवेकानन्द गौतम - उपा-ध्यक्ष,
(३) ,, हरिराम ओखाने - महा-सचिव,
(४) ,, कमोद कुमार उपाध्याय - सचिव,
(५) ,, अमर जोगी — सह-सचिव,
(६) ,, सुरेश लामिछाने - कोषाध्यक्ष,
(७) ,, निर्मोहि व्यास - सदस्य,
(८) ,, मुकुन्द आचार्य - ,,
(९) ,, अच्युत रवनाल - ,,
(१०) ,, ललित कुमार नेपाल - ,,
(११) ,, सुनील अधिकारी - ,,
(१२) श्रीमति उमा अर्याल - ,,
(१३) श्री हृषिकेश लोहनी - ,,

# परिशिष्ट - छ

## अभिनन्दन र सम्मान-पत्रको प्रतिलिपि

देवकोटा स्मृति-सभा

कलैया

(२०४८)

समादरणीय सुप्रसिद्ध साहित्यकार कृष्णप्रसाद पराजुलीज्यूमा

श्रद्धाका साथ समर्पित

**अभिनन्दन-पत्र**

हे अनवरत साहित्यसृजनमा समर्पित स्रष्टा !

यहाँले चार दशकदेखि गीत, कविता, कथा, संस्मरण जस्ता साहित्यिक विधाहरूमा निरन्तर रूपले हृदय एवं आस्वाद्य रचनाहरूको सृजन तथा समालोचनामूलक साहित्यिक इतिहास-लेखनका माध्यमबाट नेपाली साहित्यको श्रीवृद्धि निम्ति गर्नु भएको महत्त्वपूर्ण योगदानप्रति हामी गौरवान्वित छौं !

हे वरिष्ठ वैयाकरण व्यक्तित्व !

लामो समयदेखि प्राध्यापनरत यहाँले व्याकरणको पठनपाठनमा व्याप्त अन्योलको वातावरणलाई हृदयंगम गरी 'राम्रो रचना मीठो नेपाली' जस्तो गुण सरल, सुबोध र महत्त्वपूर्ण व्याकरणग्रन्थको प्रणयन गर्नुभयो, त्यसले नेपाली भाषा र व्याकरणका शिक्षक, विद्यार्थी तथा साधारण जिज्ञासुहरूलाई समेत [illegible] गुन लगाएको छ, त्यो ग्रन्थ प्रकाशनकालदेखि अद्यपर्यन्त उत्तिकै उपयोगी एवं लोकप्रिय रहेको कुरा स्मरण गर्दै यहाँले शैक्षिक दृष्टिले नै भाषा सम्बन्धी विभिन्न कृतिहरूसमेत दिएर पुऱ्याउनु भएको उल्लेखनीय योगदानको हामी हार्दिक सराहना गर्दछौं !

हे कुशल संगठक !

यहाँले सृजन र लेखनका अतिरिक्त विभिन्न साहित्यिक संघसंस्था एवं पुरस्कारहरूको स्थापना र तिनको सञ्चालनमा समेत सक्रिय रही नेपाली वाङ्मयको समग्र विकासका निम्ति गर्दै आउनु भएको सेवा प्रशंसनीय र प्रेरणादायी रहेको हामी मान्दछौं !

हे बाल साहित्यका विशिष्ट सर्जक !

आफ्नो साहित्यिक यात्राको प्रारम्भदेखि नै बालसाहित्यको सृजनलाई समेत निरन्तरता दिँदै यहाँले बालबालिकाको मानसिक स्तर उठाउने दिशामा प्रदान गर्नु भएको देनलाई हामी अमूल्य ठान्दछौं, र सुस्वास्थ्य, चिरजीवन र अनवरत सृजनको मंगल-कामनासहित यहाँलाई विशिष्ट बालसाहित्यकारका रूपमा हार्दिक अभिनन्दन गर्दै यो सम्मान-पत्र अर्पित गर्दछौं !

मुख्य संरक्षक | अध्यक्ष | सचिव

---

देवकोटा स्मृति-सभा

कलैया

(२०४८)

**बधाइ-पत्र**

समादरणीय साहित्यसेवी एवं प्राज्ञ प्रा.डा.केशव प्रसाद उपाध्यायज्यू,
संस्थापक तथा मुख्य संरक्षक, देवकोटा स्मृति सभा, कलैया

यहाँले नेपाली भाषा साहित्यको सुदीर्घ अध्यापन, गहकिलो समालोचना-लेखन र देवकोटा स्मृति-सभा लगायत अन्य पनि थुप्रै साहित्यिक संघसंस्थाको स्थापना एवं तिनको सरक्षण र संबर्धन गरी नेपाली वाङ्मयको उन्नयनका निम्ति अथक रूपले पुऱ्याउनु भएको उल्लेखनीय योगदानको कदर स्वरूप यहाँ नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य पदमा नियुक्त हुनुभएकोमा तथा आफ्नो 'दुःखान्त नाटकको सृजन परम्परा' नामक अनुसन्धानमूलक समालोचना-ग्रन्थका लागि २०५५ सालको मदन पुरस्कारद्वारा सम्मानित हुनुभएकोमा हामी गौरवान्वित छौं र हार्दिक प्रसन्नता अभिव्यक्त गर्दै सुस्वास्थ्य, दीर्घजीवन र चिरसृजनको हार्दिक कामनासहित यहाँलाई यो बधाइ-पत्र सादर समर्पित गर्दछौं ।

अध्यक्ष | सचिव

दिनाङ्क २५ मंसीर २०५६

# सम्मान–पत्र

## समादरणीय साहित्यसेवी भाग्यनाथ गुप्ता

बीरगञ्ज

**हे भोजपुरीका साधक !**

यहाँले धेरै वर्षदेखि तराईको एक लोकप्रिय र प्रमुख भाषा रहिआएको भोजपुरीको अनवरत र अथक सेवा गर्दै आउनु भएको तथ्य हामी सबैका लागि सुपरिचित छ र प्रशंसनीय एवं उदाहरणीय छ । हामी यहाँको राष्ट्रिय भाषा भोजपुरी प्रतिको समर्पण भाव र सृजनात्मकताको कदर गर्दै यहाँको हार्दिक अभिनन्दन गर्दछौं ।

**हे सरस्वती पुत्र !**

लामो समयदेखि शिक्षाका क्षेत्रमा संलग्न रही उल्लेखनोय सेवा दिनाका साथै यहाँले राजनीतिक क्षेत्रमा पनि आफ्नो सेवा दिदै आउनुभएको छ र वहाँ यस क्षेत्रमा एक प्रखर बौद्धिक व्यक्तित्वका रूपमा प्रतिष्ठित हुनुहुन्छ । यस भेगका भोजपुरी भाषाको समुन्नतिका लागि यहाँले गर्दै आउनु भएको योगदान सदैव स्मरणीय रहनेछ । भाषा, संस्कृति, साहित्यका फाँटमा आगामी दिनहरुमा पनि यहाँबाट नित्य नवीन सृजनात्मक प्रयास भइनैरहनेछ भन्ने आशा एवं विश्वास यस स्मृति सभाले लिएको छ । यो सभा यहाँको सुस्वास्थ्य दीर्घायु, अनवरत सृजन तथा सर्वाङ्गीण समुन्नतिको हार्दिक मंगलमय कामना गर्दछ ।

सचिव | प्रमुख अतिथि | अध्यक्ष

दिनाङ्क :- २०५५ आश्विन ३१ गते

**देवकोटा स्मृति सभा**

कलैया, बारा

# परिशिष्ट - सात

## पत्रपत्रिकामा देवकोटा स्मृति सभा

देवकोटा स्मृति सभाले गरेका कार्यक्रम र गतिविधिको समाचार प्रतिलिपि :-

❖ वर्ष १७ ❖ २०६० माघ ०४ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ

### कलैयालाई साहित्यिक नागरीको झझल्को दिंदै डा. उपाध्यायलाई रथयात्रासहित सम्मान

प्र.स. कलैया, ३ माघ/

कलैयालाई साहित्यिक नगरीको झझल्को दिंदै कलैया नगरका ८ संस्थाले कलैयामा ६० वर्ष बिताएका नेपालका वरिष्ठ समालोचक साहित्यकार एवं प्राज्ञ डा. केशवप्रसाद उपाध्यायलाई सम्मान एवं अभिनन्दन गरेका छन् । सो अवसरमा डा. उपाध्यायकी अर्धाङ्गिनी गोमादेवीलाई पनि सम्मानित गरियो । शनिवार देवकोटा स्मृति-सभा बाराको आयोजनामा उपाध्याय दम्पत्तिलाई रथारूढ गराई सिंदुर जात्रा गराउँदै नगरपरिक्रमा गराइएको थियो ।

वि.सं. १९९० मा मकवानपुर गढी चण्डिनीमा जन्मेका डा. उपाध्यायलाई देवकोटा स्मृति-सभाको १२ औं वार्षिकोत्सव एवं सप्ततिपूर्त्तिको अवसरमा सम्मानित गरिएको हो । हजारौं नरनारी सामेल उक्त शोभायात्रामा "साहित्यकारहरूको अभिनन्दन गरौं", "साहित्यकारहरू देशका अनमोल गहना हुन्" भन्ने नारा लगाइएको थियो ।

डा. उपाध्याय ७० वर्ष पूरा गरी ७१ औं वर्षमा प्रवेश गर्नुभएको अवसरमा यसरी सम्मानित गरिएको हो । डा. उपाध्यायलाई कलैयास्थित सिद्धेश्वर संस्कृत माविको प्राङ्गणमा आयोजित एक सभामा सम्मानित गरियो । उहाँलाई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्राज्ञ डा. तुलसी भट्टराईले वैदिक मन्त्रोच्चार गरी दोसल्ला ओढाई सम्मानित गर्नुभयो ।

सो अवसरमा देवकोटा स्मृति-सभा कलैया, गजलगुँड परिवार, सिद्धेश्वर संस्कृत मावि, नेपाल सृजनशील महिला समूह, रामराजा मोहन विक्रम शाह क्याम्पस, शहीद मुखलाल प्रतिष्ठान, नेपाल भोजपुरी प्रतिष्ठान र भवानीपुर टोलबासीले डा. केशव उपाध्यायलाई सम्मानित गर्दै अभिनन्दनपत्र पाठ गरेका थिए । कार्यक्रममा डा. उपाध्यायकी धर्मपत्नी गोमा देवीलाई पनि सम्मानित गरिएको थियो ।

उक्त कार्यक्रममा देवकोटा व्याख्यानमाला अन्तर्गत डा. विष्णुराज आत्रेयले ११ औं व्याख्यान प्रस्तुत गर्नुभयो ।

देवकोटा स्मृतिसभाका अध्यक्ष निर्मोही व्यासको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा डा. उपाध्यायद्वारा लिखित "मेरो सष्टि मेरो दृष्टि" नामक [illegible] सर्वजीतलाल साहले गर्नुभयो ।

वि.सं. २०१८ सालदेखि साहित्यिक जीवन आरम्भ गर्नुभएका डा. उपाध्यायका १७ वटा कृति प्रकाशित भइसकेका छन् । डा. उपाध्याय वि.सं. २०३३ सालको दीक्षा दिवस पुरस्कार, २०४४ को सैन्यध्वज नन्दकुमारी विद्वत्वृत्ति पुरस्कार, २०५० को झपट परस्कार, वि.सं. २०५५ को मदन पुरस्कार र वि.सं. २०५७ को रूद्रराज पुरस्कारबाट पुरस्कृत भइसक्नुभएको छ । सो अवसरमा विभिन्न साहित्यकारहरूले सम्बोधन गर्नुभयो ।

डा. उपाध्यायको विचारमा साहित्य मान्छेमा अन्तर्निहित सृजना र चिन्तनको अभिवक्तिको प्रकाशन हो । सत्य, शिव

महालक्ष्मी

---

देवकोटा स्मृति सभाद्वारा

### छैठौं व्याख्यानमाला आयोजित

[illegible]गंज, पुस २० गते/ बारा जिल्लाको [illegible]रमुकाम कलैयामा आज देवकोटा स्मृति [illegible]भाद्वारा छैठौं व्याख्यानमाला अन्तर्गत [illegible]हाकवी देवकोटाको भाषिक व्यक्तित्वउपर [illegible]राद् व्याख्या प्रस्तुत गरियो ।

भाषाशास्त्री प्राध्यापक बालकृष्ण [illegible]खरेलबाट महाकवी देवकोटाको 'चम्पा' [illegible]मक उपन्यासमा आधारित व्याख्यान [illegible]स्तुत गरिएको थियो । स्मृतिसभाका सभापति वेदव्यास उपाध्यायको अध्यक्षताम[illegible] सम्पन्न उक्त कार्यक्रममा साहित्यकारह[illegible] अच्युत खनालले स्वागत मन्तव्य प्रक[illegible] गर्नुभएको थियो भने अमर, त्यागी[illegible] उद्घोषणाको दायित्व निर्वाह गर्नुभए[illegible]को थियो ।

दुई चरणमा सम्पन्न सो समारोहको दोस्रो कार्यविधिलाई

(बाँकी अन्तिम पातामा)

### छैठौं व्याख्यानमाला.....

प्रा.डा. केशवप्रसाद उपाध्यायको अध्यक्षता प्राप्त भएको थियो । डा. केशवप्रसाद उपाध्यायद्वारा आफ्ना मातापिताको नाममा प्रायोजित गरिएको श्री ३ चन्द्र मा.वि. का एस.एल सी. परीक्षार्थी मध्ये नेपाली विषयमा सर्वाधिक अंक प्राप्त गर्ने विद्यार्थीलाई प्रदान गरिने 'तीर्थराज प्रेम कुमारी नगद पुरस्कार यस पटक कुन्दन पौडेललाई प्रदान गरिएको जानकारी प्राप्त हुन आएको छ ।

सोही कार्यक्रममा साहित्यकार निर्मोही व्यास रचित 'सम्भवामि युगेयुगे' र भोजपुरी साहित्य सर्जक गोपाल 'अश्क' को 'नइहर के चुनरी' नामक पुस्तकको लोकार्पण भाषाशास्त्री प्रा. बालकृष्ण पोखरेलले गर्नुभयो । **'सम्भवामि युगेयुगे'** कृतिउपर विश्वम्भर शर्मा, घनश्याम भट्टराई तथा घनश्याम न्यौपाने 'परिश्रमी' ले टिप्पणी गर्नुभएको थियो भने **'नइहर के चुनरी'** उपर चन्द्रकिशोर झाले टिप्पणी गर्नुभएको थियो । समारोहको अवसान देवकोटा स्मृतिसभाका अध्यक्ष वेदव्यास उपाध्यायको धन्यवाद ज्ञापनबाट भएको थियो ।

---

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक

### १२३ औं लेखनाथ जयन्तीको अवसरमा साहित्यिक कार्यक्रम
### देवकोटा स्मृतिसभाद्वारा पुरस्कार एवं सम्मान प्रदान

प्स, कलैया, पुस २२

देवकोटा स्मृति सभा बाराको आयोजनामा १ सय २३ औं लेखनाथ जयन्ती भव्यतापूर्वक कलैयामा शनिवार मनाइयो ।

साहित्य अनुरागी, साहित्यकार, शिक्षक, विद्यार्थीगरी करिब पाँच सय व्यक्ति सम्मिलित शोभायात्रा बिहान निकालिएको थियो ।

शोभायात्राका सहभागीले साहित्यकारको सम्मान गरौंलगायत नारा लगाएका छन् ।

कलैया-४ देवकोटा चोकस्थित महाकवि लक्ष्मीप्रसाद देवकोटाको मूर्तिमा फूलमाला अर्पण गरी उक्त शोभायात्रा निकालिएको थियो ।

शोभायात्रा कलैयास्थित एभरेस्ट लजको सभाकक्ष पुगी समारोहमा परिणत भएको थियो ।

उक्त समारोहका प्रमुख अतिथि नेपालका मूर्धन्य साहित्यकार एवम् नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति मदनमणि दीक्षितलाई समारोहबीच दोसल्ला ओढाई सम्मान गरियो ।

प्राज्ञ श्री दीक्षितले उक्त अवसरमा प्राध्यापक घनश्याम कडेल, डा. राजेन्द्र विमल एवं प्राध्यापक डा. गोविन्दराज भट्टराईलाई सम्मानित गर्नुभयो । सम्मानित व्यक्तिहरूलाई पुरस्कार, कदरपत्र प्रदान गरिएको थियो । उक्त समारोहमा कडेल, विमल एवं भट्टराईलाई २०६१, २०६२, २०६३ को देवकोटा व्याख्यानमाला पुरस्कार प्रदान गरिएको थियो । पुरस्कार राशि पाँच हजार एक रुपियाँको छ ।

उक्त अवसरमा मुकुन्द आचार्यद्वारा लिखित 'प्रश्न सोझा, जवाफ बाङ्गा' सुशील मुडभरीद्वारा लिखित प्रतिभा र प्रसङ्गका नामक पुस्तक श्री दीक्षितले विमोचन गर्नुभयो ।

देवकोटा स्मृतिसभा बाराका अध्यक्ष निर्मोही व्यासको अध्यक्षतामा सम्पन्न उक्त समारोहको सञ्चालन रामकृष्ण कापलेले गर्नुभएको थियो एवं आमन्त्रितजनलाई अमर त्यागीले स्वागत गर्नुभएको थियो ।

उक्त अवसरमा तीन दर्जन साहित्यकारले रचना वाचन गरेका थिए ।

# बारा बासीलाई कोटिकोटि नमस्कार

## –आनन्ददेव भट्ट

नेपालका टी० भी०, रेडियो नेपाल, गोरखापत्र, द राइजिङ्ग नेपाल र अन्य सबै दैनिक तथा साप्ताहिक समाचार माध्यमबाट धेरैजसो नेपालीहरूलाई थाहा भैसकेको सुखद समाचार के हो भने यही २०४८ साल कार्तिक २५ गते सोमवारका दिन नेपालको, नारायणी अञ्चल, बारा जिल्लाको सदर मुकाम कलैयाको बीच बजारमा नेपाली साहित्यका महाकवि स्वर्गीय श्री लक्ष्मी प्रसाद देवकोटाको अर्धकदको प्रतिभाको अनावरण गरियो। यो कार्य नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका वर्तमान उपकुलपति, श्री डा० केशव बरालज्यूबाट सुसम्पन्न गराइएको थियो। यस समारोहका अध्यक्ष, महाकवि देवकोटाका प्रतिभाको अनावरण समावरण समारोह समितिका प्रमुख प्राध्यापक, डा० केशव प्रसाद उपाध्याय हुनुहुन्थ्यो। यस समारोहका मुख्य तीन अंश थिए: १) प्रभात फेरी २) प्रतिभा अनावरण समारोह र ३) त्यसै अन्तर्गतको कवि सम्मेलन।

प्रभात फेरीको शोभा यात्रा बिहान ८.३० बजे शुरू भयो। यसमा डा० चूडामणि बन्धु, स्थानीय अनेक गण्यमान्य व्यक्तिहरू, शिक्षक, बुद्धिजीवि, पत्रकार, कानून वेत्ता, भोजपुरीका वरिष्ठ कविवर श्री दीपनारायण मिश्र, निर्मोही व्यास, रमेश गोर्खाली, बसन्त नेपाल (भू. पू. अध्यक्ष गुराँस क्लब); मुकुन्द आचार्य, नरेन्द्र श्रेष्ठ, ऋषिकेश लोहनी, ऋषिराम न्यौपाने (चापागाउँ, पाटन) विनोद मिश्र, आर० आर० चौलागाईं, केशव श्रेष्ठ (दुवै हेटौंडा), प्रेम विनोद नन्दन र हरिहर खनाल (दुवै चितवन) तथा स्थानीय साहित्यकार, साहू महर्जन, महिला वर्ग र विद्यार्थीहरूको बडो भव्य सहभागिता थियो। प्रतिभास्थलबाट निस्केको जुलुसले बजार घुमी श्री त्रिचन्द्र हाई स्कूलको आगनमा आम सभाको रूप लियो। जुलुसको अगाडि देवकोटाका तीन फोटा स्थानीय बाहन गोरू गाँडामा शोभायमान पारिएको थिए र त्यसपछि भाषा, साहित्य, संस्कृति, राष्ट्रियता र साहित्य सेवाका सम्मानमा अनेक सुरम्य एवं गरिमायुक्त नाराहरूको जयघोष भैरहेको थियो।

आमसभाको प्रतिक्षामा १०.३० को घाम तापी बसेको श्रोता वर्ग डा. ईश्वर बराल र श्री धनुषचन्द्र गौतम (सदस्य सचिव, ने० रा० प्र० प्र०) जीपमा वीरगंजबाट आइपुग्नु भएको देखि आश्वस्त र खुशी देखियो। डा० केशव उपाध्यायको अध्यक्षतामा प्रथम सभा शुरू भयो। डा० बराल आजको मुख्य अतिथि हुनुहुन्थ्यो। आजको देवकोटा प्रवचन मालाको पहिलो व्याख्यान दिनु हुने प्राध्यापक, श्री चूडामणि बन्धु मुख्य व्याख्यान कर्ता हुनुहुन्थ्यो। अनि कविवर श्री दीपनारायण मिश्र लगायत केही मुख्य लेखकहरूलाई मञ्चमा आसन ग्रहण गर्न अनुरोध गरेपछि मुख्य अतिथिद्वारा महाकविका प्रतिभाको अनावरण एवं माल्यार्पणको कार्यक्रम सम्पन्न भयो। विभिन्न जिल्लाबाट आउँनु भएका अतिथि लेखकहरूले पनि माल्यार्पण गर्नु भो र केही समूह फोटाहरू पनि खिचिए। सो कार्य सम्पन्न गर्ने मञ्चका तथा श्रोतागण सबै प्रतिभास्थल पुगेका थिए र पछि पुनः सबैले आ–आफ्नो स्थान ग्रहण गरे।

सभाको पहिलो कार्यक्रम अन्तर्गत सर्वप्रथम श्री मोतीलाल गुप्त (प्रधान अध्यापक श्री त्रिचन्द्र मा० वि० कलैया तथा समारोह समितिका सदस्य) ज्यूले स्वागत भाषण गर्दै उहाँ देवकोटाको विद्यार्थी हुन पाएकोमा गर्भ व्यक्त गर्नु भयो। अनि मुनामदनको एक अंशको साँस्कृतिक प्रस्तुतिपछि सचिव (श्री निर्मोही व्यास) र कोषाध्यक्ष (बसन्त नेपाल) को प्रतिवेदन पाठपछि डा. बन्धुको देवकोटा बारेको व्याख्यान भयो। ५० पृष्ठ लामो लेखको सारसंक्षेप उहाँले ५० मिनेटमा सुनाउनु भो र 'महाकवि देवकोटाका कवितामा सामाजिक राजनैतिक चेतना' बारे अति सुन्दर, विशद र सरल किसिमबाट सत्य तथ्यको उद्घाटन गर्नुभो।

त्यसपछि समारोह समितिका संयोजक प्रा० केशव उपाध्यायले मुख्य अतिथि डा० बरालज्यूलाई अर्नी ओढाएर सम्मान गर्नु भो। अनि [illegible] अतिथिज्यूले डा० बन्धु र कविवर दीपनारायण मिश्रलाई उहाँको भोजपुरी साहित्य साधनाको निम्ति अर्नी ओढाई सम्मान चढाउनु भो। उपर्ना पं. मिश्रले भोजपुरीमा अति सुन्दर भावोद्गार व्यक्त गर्दै स्व. देवकोटामा हार्दिक श्रद्धाञ्जली चढाउनु भयो।

त्यसपछि मन्तव्य व्यक्त गर्ने कार्यक्रम अन्तर्गत मुख्य अतिथि डा० बरालज्यूबाट र सर्व श्री धनुषचन्द्र गौतम, बसन्त नेपाल, रमेश गोर्खाली मथुरामान श्रेष्ठ अध्यक्ष, नारायणी बाङमय परिषद र आनन्ददेव भट्टबाट देवकोटा र साहित्यबारे आ–आफ्ना विचारहरू व्यक्त गरिए। श्री ऋषिकेश लोहनीको उद्घोषण ज्ञान आकर्षक लाग्दथ्यो।

सभापतिको मन्तव्य एवं सभा बिर्सजनपछि भोजनको कार्यक्रम सम्पन्न भयो। आज स्व. देवकोटाको सम्मानमा यो बृहद कार्यक्रमको आयोजना गरिएकाले यहाँ उपस्थित अतिथि एवं श्रोता वर्ग सम्पूर्णले यस भोजन समारोहमा सहभागिता देखाए।

भोजन पश्चात शुरू भएको कवि

(बाँकी ७ पेजमा)

# देवकोटा स्मृतिसभाको साधारणसभा सम्पन्न

प्रस, वीरगंज, २५ जेठ/

देवकोटा स्मृतिसभाको साधारणसभा आज कलैयामा सम्पन्न भएको छ। श्री रामराजा मोहन विक्रम शाह बहुमुखी क्याम्पस कलैयामा आयोजित साधारणसभामा प्रमुख अतिथि प्रतीक दैनिकका प्रधान सम्पादक जगदीशप्रसाद शर्माले देवकोटा स्मृतिसभालाई क्रियाशील बनाउन सुझाव दिए। उनले लामो गरिमामय इतिहास बोकेको देवकोटा स्मृतिसभा निष्क्रिय रहेको भन्दै नवगठित कार्यसमितिलाई सक्रिय पार्न सुझाव दिए।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष ध्रुव गर्तौलाको अध्यक्षतामा सम्पन्न साधारणसभामा क्याम्पस प्रमुख नन्दनकुमार साह, जनहित पुस्तकालयका अध्यक्ष सुरेश मोदक, गोपाल सेवा समितिका अध्यक्ष जङ्गबहादुर यादव, [illegible] सर्भिस कमिटीका अध्यक्ष पवन [illegible], नेपाल-भारत मैत्री सङ्घका अध्यक्ष हरिलाल अग्रवाल, भोजपुरी विकास मञ्चका अध्यक्ष विक्रम साह, महिला शान्ति समूहकी कोषाध्यक्ष लक्ष्मी वाग्ले, हृदयनारायण चौधरीलगायतले मन्तव्य व्यक्त गरेका थिए। साधारणसभा उद्घाटन समारोहमा सलीम समदर्शी, कृष्णहरिप्रसाद नेपाल, सुशील पौडेल, गोपाल काफ्ले, कविराज सुवेदी, हरि अग्रवाल, मधुसुदन चौधरी, मायामितु न्यौपाने, चन्द्रप्रकाश सुवेदी, हृदयनारायण चौधरी, पूर्णचन्द्र पाण्डेलगायतले आ-आफ्नो रचना वाचन गरेका थिए। साधारणसभाको सञ्चालन पण्डित छविरमण सुवेदीले गरेका थिए।

साधारणसभाले सुशील मुडभरीको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ। नवगठित कार्यसमितिको उपाध्यक्ष चन्द्रप्रकाश सुवेदी, महासचिव प. छविरमण सुवेंदी, सचिव राजकिशोर सहनी, कोषाध्यक्ष पशुपति न्यौपाने र सहसचिवमा अप्सरा पुडासैनी छन्। यसैगरी संरक्षकहरूमा प्राध्यापक डा. केशव उपाध्याय र निर्मोही व्यास छन्। आशुकवि लक्ष्मीप्रसाद देवकोटाको तस्वीरमा माल्यार्पण गरी उद्घाटन गरिएको साधारणसभामा श्री सिद्धेश्वर संस्कृत माविका ब्राह्मण बटुकहरूले स्वस्ति वाचन गरेका थिए।

# छात्रवृत्ति वितरण

प्रस, वीरगंज, २५ जेठ/

श्री नेपाल रेडक्रस प्रावि मुडली फूलवरियाको अभिभावक भेला सम्पन्न भएको छ। भेलामा विद्यालयमा अध्ययरत १८९ जना विद्यार्थीलाई छात्रवृत्तिवापत जनही रु. ४ सयका दरले रकम वितरण गरिएको विद्यालयका प्रधानाध्यापक अब्बास मियाँले बताए। भेलामा सहभागी अभिभावकहरूले छात्रवृत्ति रकमबाट शैक्षिक सामग्रीहरू खरिद गर्ने बताए।

# साहित्यकारको रथारोहण



बारा/देवकोटा स्मृति सभा बाराले नेपाली साहित्यका चार विशिष्ट साहित्यकारहरूको रथारोहणसहित सातजनालाई अभिनन्दन गरेको छ।

शनिवार कलैयामा आयोजित एक विशेष समारोहबीच डा. तारानाथ शर्मा, श्यामप्रसाद शर्मा, भीम विराग र प्रेमविनोद नन्दनलाई रथारोहण गराई कलैया नगरपरिक्रमा गराइयो। साथै धनुषचन्द्र गोतामे, गोविन्द भट्ट र दौलतविक्रम विष्टसहित तारानाथ, श्यामप्रसाद, भीम विराग र प्रेमविनोदलाई फूलमाला, दोसल्ला र कदरपत्रद्वारा सम्मानित गरियो। निर्मोही व्यासको सभापतित्वमा आयोजित व्याख्यानमाला समारोहमा महाकवि देवकोटा स्मारक व्याख्यान संग्रहको डा. तारानाथ शर्माले विमोचन गर्नुभयो।

त्यस्तै तीर्थराज-प्रेमकुमारी स्मृति पुरस्कार-२०५७ र २०५८ क्रमशः अनुराधाकुमारी र सञ्जयकुमार कुशवाहालाई प्रदान गरियो। प्राज्ञ डा. केशवप्रसाद उपाध्यायद्वारा आफ्ना स्व. मातापिताको स्मृतिमा स्थापित उक्त पुरस्कारको राशि सात सय रुपैयाँ रहेको छ। सम्मानपश्चात् डा. शर्माले संसारका विकसित राष्ट्रहरूमा विद्वानहरूको कदर गरिने परम्परा रहेको चर्चा गर्नुहुँदै नेपाली प्रतिभा सरकारीस्तरबाटै अपहेलित हुनुपरेको आरोप लगाउनुभयो। मुलुकको पहिचान दिन सफल *सिम्रौनगढ* यत्रतत्र छरिएर क्रमशः लुप्त हुनु नेपाल र नेपालीका लागि ज्यादै दुःखद् विषय भएको पनि शर्माले चर्चा गर्नुभयो।

मोफसलमा क्रियाशील राष्ट्रियस्तरको साहित्यिक संस्था देवकोटा स्मृतिसभाको वार्षिकोत्सव तथा ९२ औं देवकोटाजयन्तीको उपलक्ष्यमा आयोजित रथारोहण सम्भवतः नारायणी अञ्चलमै पहिलो विशेष साहित्यिक कार्यक्रम हो। उक्त साहित्यिक समारोहमा बारा, पर्सा, मकवानपुर, चितवन र रौतहट जिल्ला तथा देशका विभिन्न भागका गरी करिब दुई सय साहित्यप्रेमीको जमघट रहेको आयोजक संस्थाका सचिव अमर त्यागीले बताउनुभयो।

● वीरेन्द्र साह

## देवकोटा स्मृति सभाको नवौं वार्षिक सभा सम्पन्न

# गजल त्रैमासिक मूर्च्छनाको विमोचन

प्र.स. कलैया, ९ पुस

देवकोटा स्मृति सभा कलैयाको नवौं वार्षिक सभा विशेष कार्यक्रमका साथ हिजो कलैयामा सम्पन्न भयो। स्थानीय एभरेस्ट होटलमा बारा, पर्सा, रौतहट र मकवानपुरसमेतका गरी सैकडौं कवि विद्वानहरूको जमघट रहेको सो समारोहको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा. तुलसी भट्टराईले उद्घाटन गर्नुहुँदै देवकोटा स्मृति सभा कलैयालाई प्रतिष्ठानद्वारा नियमित सहयोग गरिने वचनबद्धता जाहेर गर्दै बाराको माटोले जन्माएका विद्वान् मित्रहरू यो मुलुकके गौरव बन्न सफल भएका छन् भन्नुभयो।

सचिव डा. भट्टराईले कवि मात्र सन्ने सुनाउनेगरी मात्रै विद्वानहरूले कलम नचलाई नियमितता ल्याउनुपर्ने कुरामा जोड दिनुभयो।

अर्का अतिथि गजल व्याख्याता विद्वान् ज्ञानुवाकर पौडेलले गजल साहित्य परम्परामा नवाँधिनुपर्ने बताउनुहुँदै 'आप भी क्या कमाल करते हैं' नामक हिन्दी गजल प्रस्तुत गरी सहभागी सबैलाई झुमाउनुभयो।

सभा अध्यक्ष कामोदप्रसाद उपाध्यायको सभापतित्व, युवा साहित्यकार अमर त्यागीको संचालन तथा निर्मोही व्यासले स्वागत भाषण गर्नुभएको सो समारोहमा कविहरू शीतल गिरी, संजयकुमार साह, महमद इसहाक हुसेन, दीपक पाठक, आशारामप्रसाद आत्मा, जुनु क्षेत्री, रामकृष्ण काफ्ले, रामप्रसाद साह, सुरेश वाग्ले, मकुन्द आचार्य, ऋषिकेश लोहनी, माधव गौतम,

(बाँकी अन्तिम पानामा)

### निर्मोही व्यास तथा..........

आयोजना गरेको बालकविता प्रतियोगितामा सुमी साह प्रथम, प्रीति शर्मा द्वितीय तथा सुमित्रा अर्याल तृतीय भएका थिए भने वीरेन्द्र कुमार गुप्ताले प्रोत्साहन स्थान प्राप्त गरेका थिए।

यसै समारोहमा विभिन्न कवि तथा कथाकारहरूद्वारा नेपाली, भोजपुरी, बंगाली तथा मारवाडी भाषामा कविता तथा कथा वाचन गरिएको थियो। कविता वाचन गर्नेहरूमा- पुरुषोत्तम शर्मा, सोहन थापा, श्रीराम पराजुली, धर्मेन्द्र भट्टराई, शान्त बस्नेत, पं. दीपनारायण मिश्र, अच्युत खनाल, अमर त्यागी, विनोद तिमिल्सिना, राम कुमार श्रेष्ठ, रमेशमोहन अधिकारी, पूर्णचन्द्र पाण्डेय, हरिलाल अग्रवाल आदि हुनुहुन्थ्यो।

स्मृति सभाका अमर त्यागीले स्वागत भाषणा गर्नुभएको उक्त कार्यक्रममा ऋषिकेष लोहनीले उद्घोषण गर्नु भएको थियो।

### रथमा परिक्रमा

कलैयास्थित समाचारदाताका अनुसार देवकोटा स्मृति सभा कलैयाद्वारा आयोजित साहित्यिक समारोहमा वरिष्ठ साहित्यकार डा. तारानाथ शर्मा, श्यामप्रसाद शर्मा, भीम विराग र प्रेमविनोद नन्दनको रथ परिक्रमा गरिनुका साथै सम्मानित गरियो।

उहाँहरुलाई वरिष्ठ समालोचक तथा प्राज्ञ डा. केशवप्रसाद उपाध्यायले दोसल्ला ओढाउनुभएको थियो। यस्तै धनुषचन्द्र गौतम, गोविन्द भट्ट एवम् दौलतविक्रम विष्टलाई सम्मान एवं प्रशंसा पत्रद्वारा सम्मानित गर्यो।

समारोहमा देवकोटा स्मृतिसभा कलैयाद्वारा वार्षिक रुपमा प्रदान गरिँदै आएको देवकोटा सम्मानबाट राजव (जनार्दन पुडासैनी) लाई पुरस्कृत गरिएको छ।

परिकार हाम्रो
तृप्ति र सन्तुष्टिमा राम्रो
Kanchha Sweets
आदर्शनगर, बीरगंज। फोन नं-

प्रतीक
PRATEEK DAILY
वर्ष १० २०५३ कार्तिक २४ शनिवार ॥ मृत भस्म नवन्दैमा फिल्को भेकन बल्नु छ॥ १९९६ नोभेम्बर ९

## देवकोटा स्मृति सभा कलैयाद्वारा

# निर्मोही व्यास तथा मकुन्द आचार्य अभिनन्दित

कलैया, २३ कार्तिक/

८८ औं महाकवि देवकोटा जयन्तीका अवसरमा आयोजित प्रतिभा सम्मान समारोहमा नेपाली साहित्यका निबन्धकारद्वय निर्मोही व्यास एवं मुकुन्द आचार्यलाई देवकोटा स्मृतिसभा कलैयाले अभिनन्दन गर्यो।

नेपाली साहित्यका वरिष्ठ समालोचक प्रा. डा. केशवप्रसाद उपाध्यायको प्रमुख आतिथ्य एवं स्मृति सभाका अध्यक्ष कामोदप्रसाद उपाध्यायको सभापतित्वमा सम्पन्न उक्त प्रतिभा सम्मान समारोहमा नारायणी अञ्चलका विभिन्न साहित्यकारहरूको उपस्थिति रहेको थियो।

प्रमुख अतिथि प्रा. डा. उपाध्यायद्वारा निर्मोही व्यासलाई अभिनन्दन गरिएको मानपत्रमा- "हे महाकवि देवकोटाका अनन्यभक्त। यस क्षेत्रलाई कर्मभूमि तुल्याई भाषा र साहित्यका शिक्षणमा संलग्न रहनाका साथै दुई दशकभन्दा बढी समयदेखि नेपाली साहित्यका विविध विधामा उत्कृष्ट योगदान गरेर राष्ट्रिय प्रतिभाका रूपमा जुन प्रतिष्ठा अर्पित गर्नुभएको छ त्यसबाट बारा जिल्ला गौरवान्वित भएको छ" भनी उल्लेख



निर्मोही व्यास

गरिएको छ।

त्यस्तै मुकुन्द आचार्यलाई अभिनन्दन गरिएको मानपत्रमा- "हे यशस्वी भाषासेवी। बारा जिल्लालाई कर्मभूमी तुल्याई भाषा र साहित्यको शिक्षणमा संलग्न रहनाका साथै भोजपुरी भाषामा सिर्जनात्मक तथा अनुसन्धानात्मक लेखन, नेपाली व्यंग्य लेखन तथा पत्रकारिता क्षेत्रमा उत्कृष्ट योगदान दिएर राष्ट्रिय प्रतिभाका रूपमा जुन ख्याति आर्जित गर्नुभएको छ, त्यो अभिनन्दनीय छ" भनी उल्लेख



मुकुन्द आचार्य

गरिएको छ।

उक्त समारोहमा डा. उपाध्यायले प्रतिभाद्वय निर्मोही व्यास तथा मुकुन्द आचार्यलाई दोसल्ला पनि ओढाउनु भएको थियो। उक्त समारोहमा समालोचकद्वय रमेश गोर्खाली तथा माधव काफ्लेले व्यास तथा आचार्यका व्यक्तित्व एवं कृतित्व बारे चर्चा गर्नु भएको थियो।

स्मरणीय रहोस्, मानित प्रतिभाद्वयको 'प्रतीक' सँग अक्षुण्ण सम्बन्ध रहेको छ।

देवकोटा स्मृति सभाले यसअघि पं. दीपनारायण मिश्र, मदनमणि दीक्षित, सुन्दर झा शास्त्री, रमेश विकल तथा सलिम समदर्शीलाई प्रतिभा सम्मान गरिसकेको छ।

यसै समारोहमा स्मृतिसभाले

(बाँकी अन्तिम पानामा)

### ...धन्य साहित्यकारहरूको......

महाकवि देवकोटा व्याख्यान सङ्ग्रहको विमोचन गर्नुभयो। सो अवसरमा अभिनन्दित व्यक्तिको व्यक्तित्व एवं कृतित्वको बारेमा मन्तव्य व्यक्त गरिएको थियो।


डा. तारानाथ शर्माको बारेमा ... सुवेदी, गोविन्द भट्टका बारेमा डा. राजेन्द्र अधिकारी, धनुष चन्द्र गोतामेका बारेमा रमेश भट्टराई, श्यामप्रसाद उपाध्यायको बारेमा डा. घनश्याम न्यौपाने 'परिश्रमी', भीम विरागको बारेमा रमेश गोर्खाली, राजवको बारेमा शारदा अधिकारीले आफ्नो भनाइ राख्नुभयो।

सो कार्यक्रम निर्मोही व्यासको सभापतित्व एवं डा. घनश्याम न्यौपाने परिश्रमी र अमर त्यागीको सञ्चालनमा सम्पन्न भएको थियो।

# परिशिष्ट - आठ

## बारा जिल्लाको पहिलो पुस्तकालयको पहिलो बैठकको प्रतिलिपि

यस शोधार्थीले खोज गरेअनुसार बारा जिल्लामा पुस्तकालय स्थापनाको लागि वि.सं. २००३ सालमा पहिलो. प्रयास भएको थियो । यो प्रतिलिपि यस शोधग्रन्थमा अनुपयोगी जस्तो देखिए तापनि दस्तावेजका रूपमा रहने भएकाले यस शोधमा प्रतिलिपि राखिएको छ ।



आज शुभसम्वत् २००३ साल माघ ४ गते तदनुसार १७ जनवरी १९४[illegible] के दिन. श्रीमहावीर [illegible] कलैया मे लाइब्रेरी स्थापना के एक छोटी बैठक हुई. जिसमें तत्काल अस्थायीरूपसे कार्यसम्पादन के लिए सर्व सम्मति से प्रस्ताव पास हुआ, तापश्चात् इस कार्यको विस्तृत रूपसे तबतक [illegible] न बढ़ाया जाय जबतक हमारे दयालु विद्याप्रेमी श्री ५ महाराज पद्म प्रभु के पास स्वीकृ[ति] के लिए. लिटर (विन्तीपत्र) भेजकर मंजूरी न लिया जाय. । जो तबतक. पुस्तकाल[य] का तबतक संचालन के लिए. मेम्बर के नाम जो अस्थायीही होंगे. चुने जाएँगे

पुस्तकालय के : कार्यकारिणी है :
अस्थायी मेम्बर : —

१. - अध्यक्ष श्री ठाकुर प्रसाद गुप्ता ...
२. - सिक्रेटरी — जानकी प्रसाद श्रेष्ठ —
३. - उप सिक्रेटरी — शम्भुलाल श्रेष्ठ —
४. - प्रधान संरक्षक — रा. द्वारकानाथ श्रेष्ठ.
५. ,, ,, काशीलाल श्रेष्ठ.
६. ,, ,, मुकुन्द[illegible] जोशी —
७ ,, ,, गोरखबहादुर सिंह —
८ संरक्षक — मन मोहन प्रसाद मिश्र —
९. ,, इन्द्रजीत प्रसाद साहु कानु
१० ,, विष्णुबहादुर —
११ ,, केशव प्रसाद उपाध्याय —

सदस्य गण : —
रक्षापाल शर्मा

# परिशिष्ट - नौ

## पुनर्गठित कार्यसमितिलाई शुभकामनाको प्रतिलिपि

**'देवकोटा स्मृति सभा', कलैयाको पुनर्गठित कार्य समितिलाई हार्दिक शुभ कामना**

नेपालको मध्य तराईको दक्षिणी सीमान्तमा अवस्थित बारा जिल्लाको ऐतिहासिक भूमिमा भाषिक साहित्यिक एवं सांस्कृतिक जनजागरण ल्याउने उद्देश्यले कलैया भवानीपुर निवासी नेपाली वाङ्मयका विशिष्ट साधक श्रद्धेय प्रा.डा.केशवप्रसाद उपाध्यायज्यूको सत्प्रेरणाबाट निर्मोही व्यासको व्यक्तिगत आयोजनमा २०३५ साल कार्तिक १४ गते लक्ष्मीपूजाका दिन कलैयास्थित सिद्धेश्वर संस्कृत विद्यालयको प्राङ्गणमा पहिलोपल्ट नेपाली साहित्यका विराट् प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्ती भव्य रूपले मनाइएको थियो । त्यसै बेलादेखि जिल्लाको सदरमुकाम कलैयानगरमा देवकोटाजयन्ती मनाउने कार्यले परम्पराका रूपमा निरन्तरता पाउन थालेको हो । उक्त समयदेखि नै कलैयामा महाकविको प्रतिमा स्थापना गर्ने स्वप्न देख्न थालिएको र त्यसका निम्ति स्थान चयन गर्ने सन्दर्भमा विचार विमर्श गर्दै जाँदा महाकविले २०१५/२०१६ तिर कलैयामा आई प्रवचन दिएको स्थान श्री ३ चन्द्र हाई स्कुलको प्राङ्गणअघिल्तिर पूर्वोत्तर दिशामा अवस्थित महत्त्वपूर्ण चोकलाई उपयुक्त ठहऱ्याई डा.उपाध्याय र निर्मोही व्यासको अग्रसरता एवं स्थानीय साहित्यकार तथा साहित्यानुरागीहरूको सत्प्रयासमा २०४२ कार्तिकमा देवकोटा जयन्तीको अवसर पारेर औपचारिक समारोह आयोजन गरी त्यस चोकको 'देवकोटाचोक' नामकरण गरिएको हो ।

तदनन्तर उक्त चोकमा २०४८ साल कार्तिक २५ गतेका दिन नेपाली जनताका प्यारा महाकविको अर्धकदको धातुको प्रतिमा स्थापना-कार्य सम्पन्न भएको हो । साथै त्यसको एक महिनापछि मङ्सिर २८ गतेका दिन 'देवकोटा स्मृति सभा, कलैया' नामक राष्ट्रिय स्तरको साहित्यिक संस्था स्थापित भएको हो । त्यस संस्थाले स्थापनाकालदेखि नै आफ्नो उद्देश्यअनुरूप कलैया र त्यस वरपरको विस्तृत सेरोफेरोमा देवकोटाजयन्तीका साथै अन्य स्वनामधन्य साहित्यकारहरूको समेत जन्मजयन्ती भव्य रूपले मनाउने, महाकवि देवकोटा सम्बन्धी स्मारक व्याख्यानमाला कार्यक्रम सञ्चालन गरी प्रतिवर्ष देशका मूर्धन्य विद्वान्हरूबाट देवकोटाविषयक लिखित व्याख्यान गर्न लगाउने, उनीहरूलाई नगद पुरस्कार समेतद्वारा पुरस्कृत-सम्मानित गर्ने तथा पुस्तकाकारमा ती व्याख्यानहरूको सङ्ग्रह प्रकाशित गर्ने, नेपाली भाषा-साहित्यका समेत स्वदेशभित्रका अनेक मूर्धन्य र विशिष्ट वाङ्मयसेवीहरूलाई रथयात्रासहित अभिनन्दन, सम्मान गर्ने, 'देवकोटा स्मृति स्वर्णपदक', ले विभूषित गर्ने,त्यस्तै नेपाली भाषा-साहित्यका साथै स्थानीय भोजपुरी, थारू, मैथिली आदि विविध भाषासाहित्यमा उल्लेख्य रूपमा योगदान पुऱ्याएका अनेक स्रष्टाहरूलाई पुरस्कार, अभिनन्दन,र 'देवकोटा स्मृति रजतपदक' द्वारा सम्मान गर्ने, समयसमयमा विशेष साहित्यिक भेलाको आयोजना गर्ने तथा देवकोटा सम्बन्धी पुस्तक-पत्रिकाका साथै स्थानीय स्रष्टाहरूका समेत विभिन्न विधाका पुस्तकहरू प्रकाशित गर्ने आदि अनेक वाङ्मयिक गतिविधिहरूको सञ्चालन गर्दै आएको हो ।

कालान्तरमा देशको विषम राजनैतिक-सामाजिक परिस्थितिबाट उत्पन्न अनेक विकृति र विसङ्गतिका कारणले वि.सं.२०६३ साल माघ १३ गतेका दिन असामाजिक तत्वहरूबाट महाकविको उक्त सुन्दर

ग्रातमा ध्वस्त पारिएपछि उब्जेको अत्यन्त असहज र प्रतिकूल वातावरण तथा देवकोटा स्मृति सभाका सञ्चालक साहित्यकार एवं साहित्यानुरागीसमूहमा उब्जाएको चरम नै र खिन्नताका कारणले राष्ट्रमै प्रतिष्ठित र गौरवयोग्य उक्त संस्था विगत छ-सात वर्षदेखि अस्तव्य छिन्नभिन्न भई मृतप्रायः अवस्थामा रहन बाध्य भयो ।

अहिले नवपुस्ताका कतिपय स्थानीय साहित्यकार र साहित्यानुरागीहरूको सक्रियतामा श्री सु मुडभरीज्यूको अध्यक्षतामा यसको पुनर्गठन भएको र अब यसले पुनर्जीवन पाउने आशाको स भएको सुखद समाचार पाउँदा आफू त्यस संस्थामा क्रमशः संस्थापकसदस्य, सचिव, महासचिव लामो अवधिसम्म अध्यक्ष समेत रहेको एक वाङ्मयसेवीका नाताले मलाई अपार हर्षानुभूति भएको छ लामो समयको तिक्ततापूर्ण रिक्ततापछि देवकोटा स्मृति सभाले पुनजीर्वन पाउन लागेको यस माङ्गलि अवसरमा यसको पुनर्गठित कार्यकारिणी समितिका पदाधिकारी मित्रहरूमा हार्दिक बधाई ज्ञा गर्दछु । साथै उक्त संस्थाले आफ्नो गौरवमय परम्परालाई क्षतिपूर्तिसहित अघि बढा लैजान सकोस्, साथै स्थानीय देवकोटाचोकमा महाकविको प्रतिमाको पुनर्स्थापना गर्ने पुनीत कार्य निम्ति अग्रसरतातर्फ पनि यसको ध्यान जान सकोस् र त्यसमा उहाँहरूलाई सफलता पनि प्रा होस् भन्ने आशा-अपेक्षासहित देवकोटा स्मृति सभाको यस पुनर्गठित कार्यकारिणी समिति कार्यकालको पूर्ण सफलताको हार्दिक कामना गर्दछु ।

२२ जेठ २०७०

*निर्मोही व्यास*
सरस्वतीनगर, काठमाडौं
(निवर्तमान अध्यक्ष
देवकोटा स्मृति सभा
कलैया, बारा)